हाम्रो बगनासकाली

फिचर सङ्ग्रह

२०७९

प्रकाशक

बगनासकाली पत्रकार समूह

बगनासकाली, पाल्पा

हाम्रो बगनासकाली

फिचर सङ्ग्रह

२०७९



प्रकाशक

बगनासकाली पत्रकार समूह

बगनासकाली, पाल्पा

हाम्रो बगनासकाली वर्ष २ अंक २ का लागि

संरक्षक

सरस्वती दर्लामी चिदी

हरिप्रसाद पाठक

विष्णु घर्ती

दीपक ढुंगाना

सम्पादक

यज्ञमूर्ति तिमिल्सिना

सहसम्पादक

नेत्र गैरे

दयाराज न्यौपाने

प्रकाशक

बगनासकाली पत्रकार समूह

बगनासकाली, पाल्पा

सहयोगः

बगनासकाली गाउँपालिका

पाल्पा, २०७९ असोज

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

चितुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

०४ आश्विन २०७५

शुभकामना ।

सञ्चारमाध्यममार्फत स्थानीय समुदायलाई सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउने अभियानमा अग्रसर बगनासकाली पत्रकार समूहले बगनासकालीको कला संस्कृति समावेश गरी फिचर संग्रह प्रकाशन गर्न गइरहेको जानकारी प्राप्त गर्दा गाउँपालिका परिवारलाई अत्यन्त खुसी लागेको छ। बगनासकालीलाई केन्द्र बनाएर गाउँपालिकासँगको सहकार्यमा बगनासकाली पत्रकार समूहले स्थापनाकालदेखि सम्पादन गर्दै आएका कार्यक्रमहरू समग्र पालिकाका नागरिकको उन्नति र प्रगतिको मार्गमा केन्द्रित रहेका छन् भन्नेमा हामी विश्वस्त छौं।

समूहले प्रकाशन गर्न लागेको फिचर संग्रहमा स्थानीय तहमार्फत जनतालाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने विषयमा खोजमूलक लेख रचनाहरू प्रकाशन होऊन्। जसले स्थानीय तहलाई आफ्नो भूमिका र कर्तव्यका विषयमा सजग गराउन सकोस्। सामाजिक सशक्तिकरण, कृषि, पर्यटन, सांस्कृतिक अधिकार, कला संस्कृति र सम्पदा लगायतका क्षेत्रका सम्भाव्यता र भएका कार्यक्रमहरू पुस्तकमार्फत अभिलेखीकरणका लागि पुस्तक प्रकाशन गर्ने बगनासकालीका पत्रकारहरूको साझा सत्प्रयास र जाँगरको प्रशंसा गर्दछु।

समाज विकासका लागि राज्यको चौथो अङ्ग सञ्चारमाध्यम अनुशासित, कर्तव्यनिष्ठ बन्नु आवश्यक छ भन्ने मान्यतालाई अनुसरण गर्दै संस्थागत एवम् गाउँपालिकाको विकासको लागि चिन्तित पत्रकारहरूलाई आफ्नो क्षेत्रमा अझ उन्नति र प्रगतिको मार्गमा अग्रसर हुने प्रेरणा मिलोस्। आगामी दिनमा पनि समूहमार्फत यस्तै सिर्जनशील कार्यक्रमहरू निरन्तर अगाडि बढिरहून् भन्ने कामनासहित बगनासकाली पत्रकार समूहको थप प्रगतिको कामना गर्दछु।

सरस्वती दर्लामी चिदी

अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

चितुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

०४ आश्विन २०७५

शुभकामना ।

बगनासकाली गाउँपालिका सञ्चारको उर्वर थलो हो। बगनासकालीको चौतर्फी विकासका लागि बगनासकालीमा संगठित बगनासकाली पत्रकार समूहले यहाँको कला, संस्कृति सम्भाव्यता समावेश गरी फिचर संग्रह प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

फिचर संग्रह प्रकाशन भई अभिलेखीकरण हुनु आफैमा राम्रो पक्ष हो। प्रकाशित फिचर संग्रहबाट त्यसको प्रभावकारिता र महत्त्व दर्शाउन सकेमा यसको सार्थक औचित्य रहन्छ। गाउँपालिकास्तरमा पत्रकारिताको क्षेत्रमा क्रियाशील संस्थाले समुदायका आम नागरिकको विषय उजागर गर्न सकेमा प्रकाशित पुस्तकले थप सार्थकता पाउनेछ। पत्रकार समुहमार्फत गाउँपालिकासँगको सहकार्यमा यस अघि भएका कार्यक्रमहरूको प्रशंसा गर्दछु। साथै आगामी दिनमा यो समूहमार्फत अझ रचनात्मक कार्यक्रमहरू हुने अपेक्षासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा, बगनासकाली गाउँपालिका आफ्नो क्षमताले सकेसम्म सञ्चार क्षेत्रको लागि प्रतिवद्ध रहेको तथ्य प्रष्ट पार्दछु। गाउँपालिकाको कला, संस्कृति, पर्यटनको विषय समावेश गरी प्रकाशित फिचर संग्रह बगनासकालीका लागि साच्चिकै समृद्धिको आधार बन्न सकोस्, यही शुभकामना दिन चाहन्छु।

हरिप्रसाद पाठक

उपाध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

चितुङ्धारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

०४ आश्विन २०७९

शुभकामना ।

सुन्दर, शान्त तथा सभ्य बगनासकाली गाउँपालिकामा अवस्थित उच्च पहिचानका रुपमा स्थापित भइसकेका यहाँका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुका अतिरिक्त अल्पसंख्यक कुमाल र बोटे समुदायका संस्कार, संस्कृति र होमस्टेको समग्र झल्को दिनेगरी बगनासकाली पत्रकार समूहले बडो मेहनतपूर्वक हाम्रो बगनासकाली नामक फिचर संग्रह २०७९ तयार गरी प्रकाशन गर्न लागेको शुभ समाचारले अत्यन्तै पुलकित तुल्याएको छ।

यस सत्कार्यले बगनासकाली गाउँपालिकाको उल्लिखित विषयका बारेमा बुझ्न, खोज अनुसन्धान तथा अध्ययन गर्नेहरुको लागि महत्वपूर्ण सन्दर्भ सामग्री हो भने जनप्रतिनिधिहरुको लागि समृद्ध बगनासकाली बनाउँदै दीगो विकासमा लम्कनको लागि मार्गदर्शन समेत हो।

वर्तमान समयमा कुनै पनि विषय वा क्षेत्रको अभिलेखीकरण गर्ने र आम जनमानसमा ल्याउने काम नै महत्वपूर्ण विषय हो। यसका लागि पत्रकार मित्रहरुको परिश्रम औधी नै रहेको पाइन्छ। समसामयिक विषयलाई आत्मसाथ गर्दै यस फिचर संग्रहको तयारीमा संलग्न रहनुहुने सम्पूर्ण पत्रकारहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

विष्णु घर्ती

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

पर्यटन सम्भावनासहितको 'हाम्रो बगनासकाली'

स्थानीय तह कार्यान्वयनसँगै बगनासकालीका पत्रकारहरुले सम्भवत मुलुकमै पहिलो स्थानीय तह स्तरीय पत्रकार समूह गठन गरे। पाल्पामा क्रियाशील पत्रकारहरुमध्ये अधिकांश बगनासकालीकै नागरिक भएकोले पनि यो कार्य सहज भयो। यो समूहले गाउँपालिकासँग सहकार्य गर्दै पालिकालाई संचार क्षेत्रमा सहयोगीको रुपमा समन्वय गरिरहेको छ। पालिकाले पनि यहाँका पत्रकारहरुको क्षमता विकासका लागि हरेक वर्ष रकम बिनियोजन गर्दै आएको छ। त्यसैको फलस्वरुप आज तपाईंको हातमा हाम्रो बगनासकालीको दोस्रो अंक ल्याउन सफल भएका हौं।

पहिलो चरणमा स्थानीय तह कार्यान्वयन पश्चात भएको निर्वाचन पछि यो समूहले २०७५ सालमा गाउँपालिका अर्न्तगतका बिभिन्न विषयहरुलाई समेटेर हाम्रो बगनासकालीको पहिलो अंक प्रकाशन गरेको थियो। जसमा बगनासकालीका २५ जना पत्रकारहरुले कलम चलाउनुभएको थियो। बगनासकाली गाउँपालिकाको आफैमा पनि धार्मिक तथा साँस्कृतिक महत्व छ। यो पालिका भित्र रहेका धार्मिक, साँस्कृतिक स्थलहरु, पालिकाभित्र बसोवास गर्ने विभिन्न जातिका मानिसहरुको संस्कार शैली र मुल्यमान्यता फरक फरक छन्। पर्यटन, कृषि, पशुपालनमा बगनासकालीको अपार सम्भावना छ। खासगरि धार्मिक तथा साँस्कृतिक पहिचानहरुको संरक्षण, सम्बर्धन र इतिहासको लेखन महत्वपूर्ण विषय हो भन्ने ठानेर यसपटक सबै लेखन हामीले पालिका अर्न्तगतका धार्मिक साँस्कृतिक पहिचान, पर्यटन, साहित्य, संचार, कला संस्कृति र कलाकारिता विषय केन्द्रित बनाएका छौं। पालिका अर्न्तगत रहेका र हराउँदै गरेका खोजमूलक विषयहरु यसमा समेटिएका छन्।

यो पुस्तक आफैमा पूर्ण नभएपनि पुस्तकले महत्त्वपूर्ण विषयहरुलाई गहिरो गरि उठाएको छ। यो पुस्तकमा समेटिएका विषय वस्तुहरुको उठान, सामाग्री संकलन र लेखनमा साथीहरुले धेरै मिहिनेत गर्नुभएको छ। गाउँमा बसेर, प्रविधिको असहज हुँदा हुंदै पनि साथीहरुले जुन मिहिनेत र प्रयत्न गर्नुभयो त्यो प्रंशसा योग्य छ। साथीहरुको मिहिनेतको प्रतिफल स्वरुप यो पुस्तक बगनासकाली र बगनासकाली सुहाउँदो बनेको छ भन्ने मैले अपेक्षा राखेको छु। यस अङ्कमा समेट्न नसकेका विषयहरुलाई हामीले अर्को वर्षका प्रकाशन अङ्कहरुमा अवश्यपनि समेट्ने छौं। त्यस्तै यो पुस्तक सम्पादनको क्रममा सुझाव सल्लाह प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदी, उपाध्यक्ष हरिप्रसाद पाठक, प्रवक्ता टीका बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, समूहका अध्यक्ष दीपक ढुंगाना सहित सहयोगी सबैलाई धन्यवाद दिन चाहन्छु। सम्पादन मण्डलमा रही काम गर्नुहुने नेत्र गैरे र दयाराज न्यौपाने, भाषा सम्पादनमा सहयोग गर्नुहुने धातानन्द शर्मा गैरेसहित सहयोगी सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अध्यक्षको कलमबाट

बगनासकाली पत्रकार समूह बगनासकाली पत्रकारहरुको साझा संस्था हो। स्थानीय तहको कार्यान्वयनसँगै २०७४ सालमा गठन भई यो समूह निरन्तर क्रियाशील रहेको छ। बगनासकाली पत्रकार समूहले समूहमा आवद्ध ३५ जना बढी पत्रकारहरुको क्षमता विकास लगायत बिभिन्न कार्यक्रमहरु गर्दै आएको छ। गाउँपालिकासँग सहकार्य गर्दै गाउँपालिका र पत्रकारहरुबीचको सहकार्यमा पालिका अर्न्तगत भएका विकास योजना र कार्यक्रमहरुको प्रचारप्रसारका लागि पत्रकार समूह र यस समूहमा आवद्ध पत्रकारहरुको महत्वपूर्ण भूमिका छ।

बगनासकाली गाउँपालिकामा धेरै पत्रकारहरु क्रियाशील छन्। नेपाल पत्रकार महासंघ पाल्पा शाखामा हालसम्मका ६ जना अध्यक्ष मध्ये ३ जना अध्यक्ष बगनासकालीले नै पाएको छ। त्यस्तै महासंघका सदस्य तथा क्रियाशील पत्रकार मध्ये पनि बगनासकालीका धेरै पत्रकार छन्। स्थानीय मिडियाको सफल संचालनसहित निरन्तरता र अन्य मिडियाहरुमा पनि यहाँका पत्रकारहरुको सक्रियता महत्वपूर्ण छ। त्यस्तै यो समूहमा आवद्ध पत्रकारहरुको समयसापेक्ष नेतृत्व विकास गर्दै उनीहरुलाई पत्रकारिता क्षेत्रमा टिकाउन र बिकाउनुका साथै नवप्रवेशीहरुलाई पत्रकारिता र यसको मर्म बुझाउँदै अगाडि बढाउनु यो समूहको मुल मर्म हुनेछ।

बगनासकाली पत्रकार समूहले बगनासकाली गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० मा पत्रकार समूहका लागि पत्रकारहरुको क्षमता बिकास शीर्षकमा बिनियोजित रकमबाट हामीले यो पुस्तक तपाईंहरु सामु ल्याएका छौं। स्वासगरि बगनासकाली गाउँपालिका भित्र रहेका धार्मिक तथा साँस्कृतिक महत्व, इतिहास र सम्भावना विशेष रही यही क्रियाशील पत्रकारहरुले लेखनवृत्तिको रुपमा यो पुस्तकमा प्रकाशित सामाग्रीहरु तयार पार्नुभएको हो। स्वासमा यो पुस्तकमा हामीले महत्व हुँदा हुँदै पनि स्थान नपाएका विषयहरुलाई बढी महत्व दिएका छौ। अल्पसङ्ख्यक जाति बोटे कुमालको जन्मदेखि मृत्युसंस्कार, बिभिन्न मठमन्दिरहरुको चिनारी र महत्व, होमस्टे र सम्भावना, यहाँ हुँदै आएका कीर्तन र पुजाआजा लगायतका विषयहरुलाई खोजमुलक रुपमा प्रस्तुत गरेका छौं। यो पुस्तक 'हाम्रो बगनासकाली' बगनासकाली गाउँपालिकाका लागि एउटा महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएका छौं। अन्त्यमा बगनासकाली पत्रकार समूहलाई अझ गतिशील र मर्यादित बनाउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछौं।

दीपक ढुंगाना
अध्यक्ष
बगनासकाली पत्रकार समूह

विषय सूची

क्र.सं	विषय	लेखक	पेज. नं
१	खानीछापका मठ मन्दिरः धार्मिक तथा साँस्कृतिक महत्व	कमल अधिकारी	१-६
२	ऐतिहासिक महत्वसहितको घिउसीबासको सिद्धबाबा मन्दिर	कमलराज तिमिल्सेना	७-१०
३	राम्दी सिद्ध गुफाः धार्मिक तथा पर्यटकीय गन्तव्य	कमल गैरे	११-१४
४	अन्नपूर्णेश्वर र खानीगाउँका मठमन्दिर	गोपाल बस्याल	१५-२२
५	समुदायको भलो सोचेर समाजपूजा अनि भजनकीर्तन	गोविन्द भट्टराई	२३-२६
६	उत्तरवाहिनी कालीगण्डकीको महिमा रानीमहलदेखि राम्दीसम्म	गोमबहादुर क्षेत्री	२७-३६
७	पोखराथोकको लालपाटी पहिले र अहिले	गणेश नेपाली	३७-३९
८	विशिष्ट महत्व बोकेका पोखराथोकका मठमन्दिरहरू	झपेन्द्र गहिरे	४०-४३
९	चिर्तुङधाराका धार्मिक तथा साँस्कृतिक स्थलहरू	तुलबहादुर गाहा	४४-४६
१०	टाँकीचउरे मगरी पञ्चे बाजाः संस्कृति संरक्षणसँगै आर्थिक टेवा	देव पचभैया	४७-४९
११	चिर्तुङ्धाराको माघे सङ्क्रान्ति मेला पहिले र अहिले	दीपक ढुंगाना	५०-५३
१२	बराङ्दीमा फागु संरक्षणको पहल	दयाराज न्यौपाने	५४-५७
१३	झाँकृस्थान गुफा मन्दिर एक परिचय	धातानन्द शर्मा गैरे	५८-६४
१४	सुनादीको भजन, भरेक्टुङ्को झ्याउरे	नेत्रप्रसाद गैरे	६५-६८
१५	आस्था र बिश्वासको केन्द्रः बगनास देवीथान र कोटघर	विष्णुप्रसाद घिमिरे	६९-७३
१६	चिर्तुङ्धाराका कुमाल जातिः जन्मदेखि मृत्यु संस्कार सम्म	विष्णुप्रसाद पाण्डे	७४-८१

विषय सूची

१७	दर्लममहाकाली र ऐतिहासिक रथयात्रा	भगवान भण्डारी	८२-८६
१८	५२ वर्षदेखि अखण्ड हरेकीर्तन	भोजराज तिमिल्सिना	८७-९०
१९	बगनासकालीमा ग्रामीण पर्यटनः सम्भावना र चुनौती	भोजराज भट्टराई	९१-९८
२०	बगनासकालीमा साहित्य	मन गहिरे	९९-१०४
२१	दर्पुक र दैलातुङका बोटे जातिः जन्मदेखि मृत्यु संस्कारसम्म	यज्ञमूर्ति तिमिल्सिना	१०५-११०
२२	पोखराथोकका कुमाल जातिः जन्मदेखि मृत्यु संस्कारसम्म	रनबहादुर कुमाल	१११-११५
२३	यम्घाको धारापानी सिद्धगुफा र देउता निस्किएको ठाउँ	शिव बस्याल	११६-११९
२४	पर्यटकीय गन्तव्यःमालारानी	संगीता आचार्य	१२०-१२३
२५	बगनासकालीले जन्माएका कलाकार	सुमन गैरे	१२४-१२८
२६	पर्यटकको गन्तव्य शिवासन धाम र शिवालय मन्दिर	सुशील बस्याल	१२९-१३२
२७	नायरनमतलेसका मठमन्दिर तथा धार्मिक साँस्कृतिक महत्व	ज्ञानु न्यौपाने	१३३-१४०

कमल अधिकारी

खानीछापका मठ मन्दिर: धार्मिक तथा साँस्कृतिक महत्व

लुम्बिनी प्रदेश अर्न्तगतको पाल्पा जिल्लाको उत्तर खण्डमा अवस्थित छ बगनासकाली गाउँपालिका । यो पालिकाभित्रका नौ वटा वडामध्येको वडा नं. ४ हो खानीछाप । अधिकांश मगर समुदायको बसोबास रहेको यो वडा कालीगण्डकी नदीसँगको सीमानासँगै माथागढी, गाउँपालिका र केही भाग सिद्धार्थ राजमार्गसंग पनि जोडिएको छ । समुद्री सतहदेखि कम उचाईमा रहेको राम्दी हुँदै खानीछापको डाँडासम्म यो वडाले छोएको छ ।

भौगोलिक हिसाबले पहाडी भूभाग रहे पनि धार्मिक पर्यटन, ऐतिहासिक, साँस्कृतिक मात्रै हैन यो वडामा पुरातात्त्विक महत्व पनि उत्तिकै रहेको छ । शिला शालिग्राम पाइने उत्तरबाहिनी कालीगण्डकी नदीको शिरमा रहेका यो वडाका हरेक गाउँ र टोलहरूमा स्थापना गरिएका विभिन्न मठ मन्दिरले पनि यो वडाको महत्व थपेको छ । धेरै मगर समुदायको बासोबास रहे पनि यहाँका समुदायले स्थापना गरेका मठ मन्दिर र पूजा आजाको छुट्टै महत्व रहेको छ । तर उचित न्यवस्थापन र प्रचार अभावले यहाँका महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल अहिलेसम्म पनि ओझेलमा रहेका छन् ।

मठ मन्दिर स्थापना र यसको महत्व

जनजाति अर्न्तगत (मगर) समुदायको धेरै बसोबास भएका खानीछाप भित्र करिव एक दर्जन मठ मनिदर स्थापना गरि हालसम्म पूजाआजा हुँदै आएको । सुरूमा फरक

फरक महत्व र धारणाका आधारमा निर्माण गरिएका मन्दिरहरू अहिले नित्य पूजा र औपचारिकतामा सीमित भएका छन् । पछिल्लो समय विभिन्न कारणले गाउँमा बस्नेहरू कम हुँदै गएको र नयाँ पुस्ताले पुराना मठ मन्दिर संरक्षणको खासै पहल नगर्दा नित्य पूजा र औपचारिक रूपमा मात्रै मन्दिर सञ्चालन भएका छन् ।

खानीछापभित्र रहेका यी हुन मुख्य मन्दिरहरुः

१) नवदुर्गा भगवती मन्दिर गुडुवाखोला

नवदुर्गा मन्दिर स्थानीयको पहलमा वि.स. २०४६ साल साउन ३ गते विधिवत रूपमा स्थापना भएको थियो । यो मन्दिरमा हरेक वर्ष वडा दशैं र चैते दशैमा पूजा आजा हुँदै आएको छ । यसका साथै स्थानीयको पहलमा स्थापना भएको नवदुर्गा मन्दिर स्थापनाका दिनमा २४ घण्टे अखण्ड हरे कीर्तन समेत हुँदै आएको थियो । तर पछिल्लो समय १२ घण्टा हुँदै हाल औपचारिक रूपमा मात्रै स्थापना दिवसमा पूजा आराधना हुने गरेको स्थानीय कुलप्रसाद अर्यालले बताउनुभयो । नवदुर्गासँगै कालिकाको मन्दिर पनि रहेको हुँदा दुर्गा मन्दिरको पूजा गर्दा स्थानीयले कालिकालाई बलिसहितको पूजा हुने गरेको उहाँले बताउनुभयो । यो मन्दिरमा दशैंमा गुडुवाखोला र लुङ्दीका स्थानीयले सामूहिक रूपमा टीका लगाएर पर्व पनि मनाउदै आएका छन् । दुर्गा र कालिका मन्दिरमा रोट, पञ्चबलि र अन्य पूजाहरू पनिसमयमा हुने गरेको छ । कालिका मन्दिरमा केही समयअघि स्थानीय युवा कृष्ण अर्यालको पहलमा नयाँ मूर्ति पनि स्थापना गरिएको छ ।

२) गुरू वशिष्ठ सिद्ध, जलभाक्री मन्दिर तीनछाँगा

गुरू वशिष्ठ ऋषिले तपश्या गरेको तीन झरनाको फेदमा रहेको यो मन्दिरमा हरेक वर्षको बैशाख १ गते पूजा आजा हुँदै आएको छ । साविकको वडा नं. १ का तीनछाँगा, गुडुवाखोला र तिखुमसँगै लुहुङ्दीका स्थानीयले यो मन्दिरमा पूजा गर्ने गरेका छन् । स्थापनाको इतिहास नभेटिए पनि यहाँका जानकारले परापूर्व कालदेखि नै यो मन्दिरमा पूजा गर्दै आएको पाइन्छ । धार्मिक मात्र नभएर पुरातात्विक महत्वसमेत बोकेको यो ठाउँको संरक्षण र प्रचार हुन नसक्दा भने ओझेलमा पर्दै गएको तीनछाँगाका स्थानीय भाजबहादुर चर्तीले बताउनुभयो ।

३) दुर्गा भगवती कालिका मन्दिर मलेङ

मलेङमा रहेको दुर्गा भगवतीको मन्दिर वि. स. २०५३ सालतिर स्थापना भएको थियो । साविक मलेङ गाविस वडा नं. २ र ८ का स्थानीयले स्थापना दुर्गा पूजा र

दशैं मनाउनका लागि यो मन्दिरको स्थापना गरेको स्थानीय पोषकान्त तिमिल्सिनाले बताउनुभयो । स्थापना कालदेखि नै दैनिक नित्य पूजाको अलावा बडा दशैंमा श्रीमद् भागवत कथा वाचन र चैते दशैंमा विशेष पूजा हुँदै आएको तिमिल्सिनाले बताउनुभयो । यो मन्दिरमा खासगरी दशैमा गाउँभरिका मानिस जम्मा भएर पूजा गरी टीका लगाउने प्रचलन पनि रहेको छ । अन्य समयमासमेत यो मन्दिरमा भाकल अनुसारको पूजा हुँदै आएको स्थानीयको भनाई छ ।

४) शिवालय मन्दिर मलेङ

मलेङस्थित दुर्गा भगवतीको मन्दिरसँगै शिवालय मन्दिर स्थापना गरिएको छ । अमेरिकामा बस्दै आउनुभएकी निशा न्यौपानेको आर्थिक सहयोगमा करिव एक दशक अघि मन्दिर निर्माण भएको हो । यो मन्दिरमा काशिराम न्यौपानेले शिवको मूर्ति सहयोग गर्नुभएको छ । यो मन्दिरमा नित्य पूजा नभएपनि हरेक वर्ष शिवरात्रीमा भने पूजा हुँदै आएको स्थानीय पण्डित समेत रहनुभएका पोषकान्त तिमिल्सिनाले बताउनुभयो । स्थापना भएदेखि नै वर्षभरि पूजा गर्नेतर्फ भने समुदायले पनि चासो नदिएको उहाँको भनाइ छ ।

५) राम हनुमान मन्दिर राम्दी

सिद्धार्थ राजमार्ग बन्ने क्रममा स्थापना भएको मन्दिर हो राम मन्दिर । राजमार्ग निर्माणका बेला तेजी साहेब नाम गरेका व्यक्तिको पहलमा यो मन्दिर स्थापना भएको थियो र राजमार्ग बनाउन तेजी स्वयम् बस्न निर्माण गरिएको भवनमा पछि राम, लक्ष्मण, सीता, र हनुमानको मूर्ति स्थापना गरेर यो मनिदर बनेको पाइन्छ । जानकारहरूका अनुसार यो मन्दिरमा विवाह, व्रतबन्ध लगायतका कार्य हुने र हरेक वर्ष राम नवमीका दिन विषेश पूजा पनि हुँदै आएको । मन्दिरसंगै २/३ रोपनी गुठीको जग्गा समेत रहेको भएपनि पछि भोगचलन गर्नेहरूले सो जग्गाको बिक्री गरेको स्थानीयले बताएका छन् ।

६) क्षेत्रपाल मन्दिर मलेङ

मलेङको बस्याल टोलमा क्षेत्रपालको मन्दिर रहेको छ । खासगरी बस्यालहरूले पूजारी भएर परापूर्व कालदेखि नै पूजाआजा गर्दै आएको किम्वदन्ती रहेको छ । पछि अंगाहाखोलाबाट भाकल पुरा भएको खुसीमा २०६२/०६३ सालतिर नयाँ मन्दिर बनाई पूजा हुँदै आएको स्थानीय गणेश बस्यालले बताउनुभयो । यो मन्दिरमा हरेक वर्ष चैते दशैंमा सेतो पाठो बली दिएर पूजा हुने गरेको बस्यालले बताउनुभयो । क्षेत्रपाल भगवानलाई भाकल गरेमा मनोकाक्षा पुरा हुने हुँदा अन्य समयमा पनि भाकल अनुसार

पूजा भने हुँदै आएको पनि बस्यालले बताउनुभयो । खासगरी साविकको २ नं. वडाका बस्यालसँगै न्यौपाने र अधिकारीहरूले पूजा गर्ने यो मन्दिरमा साविक ९ नं. वडाका कही स्थानीयले पनि पूजा गर्दै आएका छन् । यो मन्दिरको व्यवस्थापन भक्तजनको भेटीबाटै हुने गरेको छ ।

७) कालिका, मण्डली, जलेसी मन्दिर

खानीछापमा बसोबास गर्ने स्थानीयले यो मन्दिर स्थापना गरेका हुन् । स्थापनाको पुरानो इतिहास नभए पनि यो मन्दिरमा हरेक वर्ष मंसिर र बैशाख पुर्णिमामा भेजा पूजा हुने गरेको छ । अन्य समयमा भाकल गर्ने र पूर्णिमामा बलिसहितको पूजा हुने गरेको स्थानीयले बताएका छन् ।

८) कालिका मन्दिर पित्लुङ्गछाप

पित्लुङ्गछापका स्थानीयले पूजा गर्नका लागि यो मन्दिर स्थापना भएको हो । खासगरी मगर समुदायले पूर्णिमा पूजा गर्नका लागि स्थापना भएको यो मन्दिरमा भाकल अनुसार अन्य समयमा पनि पूजा हुने गरेको स्थानीयले बताएका छन् । यो क्षेत्रको पुरानो मानिने यो मन्दिरमा गरेका भाकलहरू पुरा हुने विश्वासका साथ स्थानीयसँगै बाहिरबाट पनि भक्तजन आउने गरेका छन् ।

९) कालिका र शिव मन्दिर महछाप

साविकको महछाप गाविसको वडा नं ७ मा दुईवटा मन्दिर रहेका छन् । यहाँ रहेका कालिका मन्दिरमा मंसिर र बैशाख पूर्णिमामा भेजा पूजा गर्ने प्रचलन रहेको छ । मगर समुदायको महत्वपूर्ण पूजा अर्न्तगत मानिने भेजा पूजाका अलवा यो मन्दिरमा भाकल अनुसार अन्य समयमा पनि पूजा हुने गरेको छ तर नित्य पूजा भने हुने गरेको छैन् । यस्तै सोही वडामा रहेको शिवको मन्दिरमा हरेक वर्ष शिवरात्रिमा विधिवत पूजा हुने गरेको स्थानीयले बताएका छन् । भगवान शिवको पूजा गरी पर्व मनाउने प्रचलन रहे पनि अन्य बेलामा भने खासै पूजा नहुने स्थानीयले बताए ।

१०) चण्डीदेवी कालिका मन्दिर, भैरव खाणदेवी कालीनाग भालेबास

भालेबासमा बसोबास गर्ने मगर समुदायले स्थापना गरेको यो मन्दिरमा भेजा पूजाका साथै अन्य पूजा हुने गरेको छ । स्थानीयले मनोकांक्षा पुरा हुने भएपछि कालीनाग र खाँणदेवीको मन्दिर स्थापना गरेर यो स्थानमा पूजा गर्ने गरेका छन् । यसका साथै यही मन्दिरमा भैरव बाबाको प्रतिमूर्ति स्थापना गरेर भाकल अनुसार पूजा हुँदै आएको पाइन्छ ।

११) चण्डीदेवी मन्दिर तिखुम

तिखुमका मगर समुदायले भाकल अनुसार पूजा गर्न यो मन्दिर स्थापना गरेका हुन् । यो मन्दिरमा पनि अन्य मन्दिरमा जस्तै मंसिर र बैशाखे पूर्णिमामा भेजा पूजा हुने गर्दछ । पूर्णिमाको दिन बलि चढाएर पूजा गरी मनोकांक्षा पुरा हुने र वस्तुभाउ तथा अन्नबालीको उत्पादन पनि वृद्धि हुने मान्यताका आधारमा यो मन्दिरमा पनि पूजा गर्दै आएको स्थानीयले बताएका छन् ।

१२) भैरव र रम्भा मन्दिर मलेङ

वि.स. २०४५ सालतिर भैरवनाथ जान नसक्ने मानिसलाई सहजताका लागि भैरव मन्दिरको स्थापना गरिएको हो । यो मन्दिरमा रोट पूजादेखि भाकल अनुसारको पूजा गर्ने प्रचलन रहेको स्थानीय पोषकान्त तिमिल्सिनाले बताउनुभयो । यस्तै रम्भादेवी मन्दिर जान नसक्ने र भाकल अनुसारको पूजा गर्नका लागि पनि स्थानीयले रम्भादेवी मन्दिर स्थापना गरेका छन् । मलेङको धारादीमा स्थापना गरिएको मन्दिरमा रम्भादेवीको पूजा गर्ने प्रचलन रहेको छ । खासगरी भैरवस्थान मन्दिर जान नसक्ने भक्तजनका लागि दिशा पारेर पूजा गर्नका लागि यी दुई मन्दिरले टेवा पुगेको स्थानीयले बताएका छन् । यस्तै मलेङमै भयरस्थान मन्दिर समेत रहेको छ । यो मन्दिरमा स्थानीयले दूध धार दिने र पूजा आजा गर्ने गरेका छन् ।

प्रचार र संरक्षणको खाँचो

विगतमा मन्दिर स्थापना गर्दा हुने पूजाआजा र अन्य धार्मिक कार्यमा भने पछिल्लो समय केही कमि आएको छ । धार्मिक आस्था र विश्वासका केन्द्र मानेर स्थापना गरिएको मठ मन्दिरमा पछिल्लो समय गाउँमा मानिसको बसोबास गर्नेहरू पातलिएसंगै धार्मिक कार्य पनि औपचारिकतामा मात्रै सीमित भएको छ ।

देश संघीय संचरनामा गएपछि साविकका ९ वटै वडालाई जोडेर बनेको हो खानीछाप वडाभित्रका अधिकांश मन्दिरमा हुने खर्च र व्यवस्थापन स्थानीयले उठाएको भेटी र सहयोगबाटै संचालन हुँदै आएको छ । गाउँ नजिकको सरकार आएपनि यस्ता महत्त्व बोकेका आस्थाका केन्द्रको स्तरउन्नति र खर्चै व्यवस्थापनमा सरकारले चासो नदिएको स्थानीयको गुनासो छ ।

समग्रमा हेर्दा उत्तरमा दर्लम महाकालीको तीव्र विकाससँगै पश्चिममा रामनदीधाममा रहेको सिद्धगुफामा धार्मिक पर्यटकहरूको वृद्धि भएको पाइन्छ । तर खानीछाप भित्रका

मठ मन्दिरसँगै गुडुवाखोलामा रहेको गुरू वशिष्ठ ऋषिको तपोभूमि, तीनछाँगाको झरना भने अहिलेसम्म पनि ओझेलमा परेको छ । हरेक वर्ष तीनै तहका सरकारले धार्मिक पर्यटन, ऐतिहासिक सम्पदा संरक्षण लगायतका शीर्षकमा ठूलो मात्रामा बजेट विनियोजन गरेका छन् । तर पहाड र तराईलाई जोड्ने सिद्धार्थ राजमार्गको काखैमा रहेको यो वडाका सम्पदाहरू भने लोप हुने अवस्थामा पुगेका छन् ।

स्थानीय तहमा नयाँ जनप्रतिनिधले एक कार्यकाल सकेर दोस्रो कार्यकालका लागि निर्वाचन पनि भइसकेको छ । तर स्थानीयको जीविकासँग जोडिएका सम्पदा संरक्षण र धार्मिक आस्थाको केन्द्रमा नेताको ध्यान पुग्न नसक्नु दुःखद् रहेको पाका पुस्ताको भनाई छ । अहिले लुम्बिनी प्रदेश सरकारले पर्यटन प्रवर्धनका लागि कर्मचारीलाई भ्रमण विदाको समेत ब्यवस्था गरेको छ । यसरी सरकारी क्षेत्रबाट हुने कार्यमा यस्ता महत्त्वपूर्ण र ओझेलमा परेको क्षेत्रको प्रचार र विकास गर्न वडा, पालिका र जिल्ला मात्रै नभई राष्ट्रिय रूपमा यसको महत्त्व बढेर स्थानीयको आयस्रोत बढाउन पनि टेवा पुग्ने हुँदा यसतर्फ ध्यान दिन सरोकावालालाई स्थानीयले अनुरोध गरेका छन् ।

- कोषाध्यक्ष बगनासकाली पत्रकार समूह

कमलराज तिमिल्सेना

ऐतिहासिक महत्वसहितको घिउसीबासको सिद्धबाबा मन्दिर

बगनासकाली गाउँपालिका-८ बराङ्दी घिउसीबासमा रहेको सिद्धबाबा मन्दिरको आफ्नै बेग्लै धार्मिक एवम् ऐतिहासिक पहिचान छ । यो मन्दिर अहिले सिद्धबाबा धामकै रूपमा विकसित हुँदै गएको छ । जसका कारण यहाँ पुग्ने धार्मिक पर्यटकहरूको संख्या पनि बढ्दै गएको छ ।

ऐतिहासिक किंवदन्ती

श्री सिद्धबाबा मन्दिर तथा वातावरण संस्कृति संरक्षण समितिको रूपमा समेत परिचित यो मन्दिरको आफ्नै महत्वपूर्ण किंवदन्ती रहेको मन्दिरका जानकार एवम् बराङ्दीका निवर्तमान वडाअध्यक्ष गणेशप्रसाद बस्यालले बताउनुभयो ।

किंवदन्ती अनुसार करिव ३ सय बर्ष अगाडि यो ठाउँमा ठूलो सिमल र चिलाउनीको रूख थियो । चिलाउनीलाई मगर भाषामा घिङ्सी भन्ने गरिन्छ । घिङ्सी शब्द परिमार्जित हुँदै घिउसीबास भएको हो । अहिले यो ठाउँलाई नै घिउसीबासको नामले चिनिन्छ ।

त्यतिबेला गाउँमा गाई बस्तुमा पड्के ब्यथा देखिएपछि स्थानीय गोठालाहरूले यहाँ जिउँदै कुखुराको चल्ला छोडिदिएर बानसकन्नी, शिकारी झाँक्रीको पनि धार दिने गर्थे । करिव १ सय वर्ष अगाडि गाउँलेहरूले गाई वस्तु चराउन लैजाने क्रममा गाई वस्तु हराएपछि स्थानीय जयमङ्गल बस्याल नामका ब्यक्ति लामा हल्लिने क्रममा म सिद्ध हुँ, मेरो हेरचाह गर्नू, दूधधार दिनू भनेर गाई वस्तु लगेर आफूले बयालाघारी भन्ने ठाउँमा लुकाइदिएको बताएको र गोठालाहरूले खोज्दै जाँदा लामाले भनेकै ठाउँमा गाई वस्तु फेला परे । त्यसपछि निरन्तर दूध धार हुदै आएको छ । यहाँ स्थानीय मगर समुदायले दूधधार दिने, कुखुराको चल्ला छोड्ने कार्यको सुरूवात गरेका थिए ।

आजभन्दा करिव १ सय ५० वर्ष अघि राधाकृष्ण बस्यालको नेतृत्वमा तयार पारिएको घण्ट अहिले पनि मन्दिरमा राखिएको छ । मुख्य रूपमा धार्मिक ठाउँ भनेर चिनिने ठूलो सिमलको रूख यहाँ अहिले पनि जस्ताको तस्तै छ । आजभन्दा करिव ६०/७० वर्ष पहिले उक्त सिमलको रूखलाई बिचमा पारेर रूद्रलाल बस्यालको नेतृत्वमा मन्दिर स्थापना गरिएको निवर्तमान वडाध्यक्ष बस्यालले बताउनुभयो ।

पछि त्यो मन्दिर संरक्षण नहुँदा भत्किएपछि २०३५/०३६ सालतिर डिल्लीराम बस्याल, डिल्लीराम गैरे र गणेशप्रसाद बस्यालको नेतृत्वमा सबै समुदायहरूसँग चन्दा संकलन गरि सिमलका अगाडिपट्टिको सानो मन्दिर निर्माण गर्नुभएको हो ।

मन्दिर निर्माणको इतिहासदेखि वर्तमानसम्म

२०५६/०५७ सालतिर यस क्षेत्रका सम्पूर्ण बुद्धिजीवीहरूको पटक पटकको भेला बसी छलफल पश्चात आफैमा शिवलिंग स्वरूपको उक्त स्थानमा मन्दिर, यज्ञशाला, हमनकुण्ड बनाउने निर्णय गरि गणेश बस्यालको नेत्तृत्वमा तदर्थ समिति र डिल्लीराम गैरेको नेतृत्वमा आर्थिक समिति बनाई पाल्पा रूपन्देही, लगायत बिभिन्न ठाउँहरूबाट आर्थिक संकलन गरि माथि उल्लेखित मन्दिरहरू स्थापना गरिएको थियो । सोही बेला भन्यरूपमा मन्दिरको प्राणप्रतिष्ठा समेत गरिएको थियो ।

स्याङ्जा चापाकोटका एक साधु बाबा घुम्दै मन्दिरमा आएर यो शिवलिंग स्वरूप स्थानमा १०८ पिपली रोप्नुपर्छ । तपाईंहरूले खाल्टा खन्ने र बिरूवा रोप्ने भए बिरूवा म आफैले ल्याउछु भनेपछि सबै समुदाय मिलेर पिपली लगाई हुमराज गैरे र लक्ष्मणप्रसाद घिमिरेको नेतृत्वमा चैत महिनामा पिपली लगाई सबै समुदायले खडेरी भरि पानी बोकेर बिरूवा बचाउने कार्य गरेका थिए । अहिले यहाँ १०८ पिपलीको जल खानका लागि बिशेषगरि साउन महिनामा धर्मावलम्बीहरूको बिशेष भीड लाग्ने गर्दछ ।

मन्दिरका लागि धेरैले जग्गादान समेत गर्नुभएको छ । टिमुरे निवासी गुञ्जेश्वरी बस्यालले २ रोपनी, घिउसीबास निवासी मोतिलाल बस्यालले १ रोपनी, घिउसीबास निवासी रिखीराम बस्यालले करिव १ रोपनी र घिउसीबास निर्वासी चुरामणि बस्यालले १० आना मन्दिर परिसरकै जग्गा मन्दिरलाई उपलब्ध गराउनुभएको छ । पुनः मोतिलाल बस्याल ख को नेतृत्वमा संचालक समिति गठन गरियो । उक्त समितिले मन्दिरलाई २०६५ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेको छ । मोतिलाल बस्याल नेतृत्वको समितिले लगातार १७ वर्ष समितिमा रहेर काम अगाडि बढायो । हाल ओमकारको रूपमा रहेको १०८ शिवलिंग निर्माण गर्न मोतिलाल बस्यालकै नेतृत्वमा समिति गठन गरि तत्कालीन गाविस, जिविस र बिभिन्न मन्त्रालयहरूसँग आर्थिक सयोग जुटाउने र स्थानीय समुदायहरूसँग पुनः चन्दा संकलन गरि ओमकारेश्वर १०८ शिवलिंग स्थापना गर्ने कार्य सम्पन्न भएको हो ।

शिवलिङ्ग स्थापना पश्चात युवराज गैरेको नेतृत्वमा बनेको समितिले तत्कालीन रक्षामन्त्री भिम रावललाई ल्याई १०८ शिवलिङ्गको उद्घाटन गराउने र शतरूद्री अनुष्ठान कार्य सम्पन्न गराएको थियो । पुनः मोतिलाल बस्यालकै नेतृत्वमा गठन भएको समितिले मन्दिरको सचिवालय निर्माण, चर्पी निर्माण, सूर्य नारायणको मूर्ति निर्माण गराउने कार्य गरेको थियो । मोतिलाल बस्यालकै नेतृत्वमा रहेको समितिले ढाबखोला निवासी ठानेश्वर बस्यालको छोरा पुरूषोत्तम बस्यालले लक्ष्मी नारायणको मन्दिर स्थापना गराउनुभएको थियो । त्यसै ग्वासिङ निवासी माधव बस्यालले जटाधारी सिद्धबाबाको मन्दिर स्थापना गर्नुभएको थियो भने लाहुरेखण्ड कृष्ण बस्यालले गणेशको मूर्ति स्थापना गर्नुभएको थियो ।

२ वर्षको कार्यकाल रहने यो मन्दिरको समितिमा फेरिएका हरेक अध्यक्षहरूको समयमा नवीनतम कार्यहरू भएका छन् । यसअघि एकदेव कोइरालाको नेतृत्वमा रहेको समितिले मन्दिरको प्रचारप्रचार तथा प्रवर्धनका लागि काम गरेको थियो ।

हाल यो मन्दिरको अध्यक्षको रूपमा स्थानीय समाजसेवी मोहन अर्याल रहनुभएको छ । उहाँले यो मन्दिरलाई धार्मिक पर्यटकहरूको गन्तब्यको रूपमा थप विकास गर्ने गरि लागिपरेको बताउनुभयो । हालै १०८ शिवलिङ्गमाथि प्रदेश सरकारको सहयोगमा ट्रस्ट राख्ने कार्य भएको उहाँले बताउनुभयो ।

अक्षयकोष, आजीवन सदस्यता, मुष्ठीदान, विभिन्न भक्तजनहरूबाट मन्दिरमा चढाईएका भेटी, विभिन्न निकायहरूबाट प्राप्त सहयोग तथा योजना यो मन्दिरको

आम्दानीको स्रोतको रूपमा रहेको छ । मन्दिरमा हाल पुजारी राखी बिहान, साँझ पुजा आराधाना हुँदै आएको छ ।

यो मन्दिरमा शिवरात्री, बैशाख महिनाका प्रत्येक शनिवार, साउन महिनाको प्रत्येक सोमवार, जनैपूर्णिमा, कृष्णजन्माष्टमीमा विशेष मेला लाग्दछ भने यसै मन्दिरमा स्वस्थानी व्रतकथा पनि श्रवण गरिने भएकोले स्वस्थानीको समयमा पनि दर्शनार्थीहरू बढी आउने गर्दछन् । साँझको समयमा स्वस्थानीसँगै भजनकीर्तन हुने गर्दछ ।

यस मन्दिरमा मंसिर महिनाको पञ्चमी/पूर्णिमामा हरेक वर्ष दूधधार दिने प्रचलन रहेको छ । मन्दिर समितिले हरेक बर्ष लेखापरीक्षण गराई मन्दिरलाई जिल्ला प्रशासन कार्यालयमा नवीकरण गराउँदै आएको छ । मन्दिरको कोषमा हाल १५ लाखभन्दा बढी रकम रहेको छ । यो क्षेत्र धार्मिक हिसावले मात्र नभई पर्यटकीय हिसावले पनि निकै महत्वपूर्ण रहेकोले यसको उचित प्रचार प्रसार एवम् प्रवर्धन गर्नु आवश्यक रहेको मन्दिरका पूर्व अध्यक्ष एवम् बराङ्दीका वडाध्यक्ष मोतिलाल बस्याललले बताउनुभयो ।

- सल्लाहकार नेपाल पत्रकार महासंघ, पाल्पा



कमल गैरे

राम्दी सिद्ध गुफा: धार्मिक तथा पर्यटकीय गन्तव्य

नेपालका मुख्य हिमनदी मध्ये कालीगण्डकी पनि पर्दछ। दामोदरकुण्डबाट आउने गण्डकी र मुक्तिनाथबाट उत्पत्ति भएको कागखोला कागबेनी भन्ने स्थानमा भेट भएपछि यसलाई कालीगण्डकी भनिन्छ । पाल्पाको राम्दीदेखि देवघाटसम्म एक ठाउँमा कालीगण्डकी उत्तर दिशातर्फ बगेकोले यसलाई उत्तरवाहिनी नदीको रूपमा पनि चिनिन्छ। धार्मिक मुल्य मान्यता अनुसार उत्तरवाहिनीको आफ्नै बेग्लै महत्व रहेको छ। कालीगण्डकी, शालग्रामी नदी, कालीनदी र काली जस्ता नामबाट पनि परिचित छ। शालग्राम यस कालीगण्डकीमा मात्र पाइने भएकोले यसलाई शालग्रामी नदी वा चक्रनदीको रूपमा पनि चिनिन्छ ।

यसै कालीगण्डकी अर्न्तगत राम्दी क्षेत्रको आफ्नै बेग्लै पहिचान छ। रामनदी धाममा खासगरि एकादशी र माघे सङ्क्रान्तिको समयमा विशेष मेला लाग्ने गर्दछ। एकादशीको बेला यहाँ स्याङ्जा लगायतका जिल्लाहरूबाट किसानले सुन्तला ल्याई बेच्ने गर्छन्। माघे सङ्क्रान्तिमा सखरखण्ड, तरूललगायत डालो, सुपोलगायतका वस्तुहरू पनि यहाँ बिक्री वितरण हुन्छन् । यो समयमा यहाँ धेरै तीर्थालुहरू जाने गर्दछन् । यो ठाउँ घाटको रूपमा परिचित छ।

यो नदीसँगै रहेको २०२८ सालमा भारत सरकारको सहयोगमा निर्मित पुल भारतको वंगालको हावडा पुल जस्तै गुम्वज आकारमा रहेको छ । यो पुलले पनि पर्यटकहरूको मन जितेको छ । यो पुल ९३ मिटर लामो रहेको छ । यसले सबैको

मनलाई लोभ्याउने सेल्फी पुलको रुपमा सबैको आकर्षणको केन्द्र बनेको छ । यो पुलको बीच भागमा उभिएर उत्तर दक्षिण हेर्दा कालीगण्डकीको निलो जलको दृश्य, सुमधुर वेग, त्यसको वरपर न्यवस्थित तटहरु, अग्ला हाँचा पहाडहरुले बनेको दृश्यले सबैको मन लोभ्याउने गर्दछ । यही पुललाई बिषय बनाएर धेरै चर्चित नेपाली गीतहरू पनि रचिएका छन् ।

रामनदी र सिद्धगुफा

रामनदीधाम तथा यहाँ अवस्थित सिद्धगुफाको छुट्टै महत्व रहेको छ । पौराणिक कथन अनुसार यस गुफा भित्र सत्य युगमा कपिलमुनिले, त्रेता युगमा हनुमान, रामचन्द्र र सीताले र द्वापर युगमा बलरामले तपस्या गर्नुभएको धार्मिक विद्वानहरुको भनाइ छ ।

कलीयुगमा पाल्पा राज्यका राजा मणिमुकुन्द सेनको पालामा सुनवीर माझीले तपस्या गरेको र तपस्या गर्दागर्दै गुफा भित्रबाट बाहिर नआई अलप भएको भन्ने कुरा बगनासकाली-५ सुनादीका अग्रजहरू बताउनुहुन्छ। किंवदन्ती अनुसार वि.सं १८६५ मा स्थायी घर छेर्लुङ रहेका सुनवीरका बाबु आमाको मृत्युपछि तानसेन नजिकैको गोर्खेकोट भन्ने गाउँमा मावली बस्दै आएका केशव भट्टराईले पाल्पाका राजा मणिमुकुन्द सेनलाई घोडाको बच्चो दिएवापत राजाले राम्दी क्षेत्रको सुनादी भन्ने ठाउँको जग्गा उनलाई दिएछन् । सुनादी गाउँमै भट्टराईले पशुपालन गर्ने योजना बनाएपछि राजाले गोठ बनाउन समेत सघाई सुनवीर माझी गोठालो राखिदिएछन् ।

गोठालो भने रातको समयमा नजिकैको बगनास गाउँमा भजन गाउन जाँदो रहेछ । यो कुरा थाहा पाएपछि केशवले गोठमा निरीक्षण गर्न गएछन् । उनले गाइगोठमा बाघहरुले गाइभैंसीलाई पहरा दिइराखेको देखेछन् । बिहानपख गोठालो फिलिलि उडेर आएछ । त्यसपछि भट्टराईले गोठालोलाई गाली गर्दा म सिद्ध हुँ भनी तलतिर गएर त्यही गुफाभित्र पसेछ र त्यहीँ अलप भएछ । पछि गाउँलेहरुले सोही स्थानमा पुजाआजा गर्न थालेछन् । त्यसैको आधारमा सुनसिद्ध अर्थात सुनगुफा नाम रहेको

किंवदन्तीमा पाइन्छ । यसै किंवदन्तीका आधारमा आसपासका गाउँ दर्लमडाँडा, खानीछाप, पिपलडाँडा, यम्घा, चापपानीलगायत स्याङजा जिल्लाका मालुङ्गा, कृष्ण गण्डकी गाउँपालिका क्षेत्रका साथै गुल्मी, अर्घाखाँची जिल्लाका किसानहरूले गाई भैंसीको दूध ल्याएर चढाउने गर्दछन् । यसरी दूध चढाउँदा गाई भैंसी निरन्तर ब्याउँछन् भन्ने जन विश्वास रहँदै आएको पाइन्छ ।

यस सुनसिद्धगुफासित जेडिएको अर्को ऐतिहासिक किंवदन्ती पनि छ । वि.सं. १९६५ सालमा गुफा नजिकैबाट कालीगण्डकी पार गर्ने झोलुङ्गे पुल निर्माणको क्रममा गुफादेखि तल रहेको बगैंचामा चुना पकाउन थालेछन् । चुना पकाउँदा चुना नपाकेपछि ठेकेदारले धामीलाई देखाएछन् । धामीलाई झाँक आयो र सिद्ध उत्रिएर भनेछन्, म सिद्ध हुँ । पहिले गुफासम्म जाने बाटो बनाइदे अनि बल्ल तेरो चुना पाक्छ । धामीले भने अनुसार ठेकेदारले बाटो बनाइदिएपछि मात्र चुना पाकेछ । त्यही पहाड कोपेर बनाइएको बाटो गुफा मन्दिर जाने बाटोको रुपमा अहिलेसम्म रहेको छ ।

यसरी सिद्धको शक्ति रहेछ भन्ने कुरा घटनाक्रमहरुबाट जनमानसमा प्रभाव पर्न थाल्यो । गुफामा जाने बाटो बनिसकेपछि सन्त महात्माहरु आएर बस्न थाले जसले गर्दा भक्तजनहरुको उपस्थिति बाक्लो हुँदै गयो । २०१० सालमा खण्डेश्वर बाबा भन्ने साधु यहाँ आए, उनले एउटा हात सँधै माथि उठाएर राख्थे यसरी उनले एउटा हात सिद्धलाई चढाए । उनको देहान्तपछि तारा पुरी, टिकाराम अधिकारी, नरभुपाललगायतका महात्माहरुले मन्दिरको पुजापाठलाई निरन्तरता दिए । त्यसपछिका क्रममा हाल मोहनीलाल बाबा र विष्णु प्रसाद बस्यालबाट पुजाआजा चलिरहेको छ ।

यहाँ सुनौली बुटवलबाट पोखरा हिँडेका र पोखराबाट बुटवल सुनौली हिँडेका साधु सन्त र धर्मात्माहरू पसेर सिद्धगुफाको दर्शन गरि फर्कने गर्दछन् । यस मन्दिरभित्र प्रवेश गर्दा करिब ५ मिटर लम्बाइ र ४ मिटर चौडाइ रहेको गोमनसाँपको आकृतीजस्तै गुफाको बनोट देखिन्छ । त्यसका बीचबीचमा सर्पका बच्चाहरुको आकृति, गणेश भगवान, शिव पार्वती र सिद्धको प्राकृतिक स्वरुपका साथै पानीको सानो तलाउ, तलाउमा माछा देख्न सकिन्छ । यसै मन्दिर भागमा अखण्ड दीप जलिरहेको छ भने सिद्धबाबाको बायाँ भागबाट पश्चिम उत्तरको भागमा करिब २ मिटरको गोलाईको सुरुङ्ग देखिन्छ । यस गुफामा झण्डै १०० वर्षभन्दा अघिदेखि निरन्तर अखण्ड धुनी बल्दै आएको मन्दिरका व्यवस्थापन समितिका अध्यक्ष ठानेश्वर भट्टराईले बताउनुभयो ।

मन्दिरलाई संस्थागत बनाई दिगो विकासका लागि वि.सं. २०६८ सालमा जिल्(ला प्रशासन कार्यालय पाल्पामा श्री सिद्धगुफा धार्मिक पर्यटकीय क्षेत्र विकासको नाममा दर्ता भई विभिन्न किसिमका भौतिक कार्यहरु गर्दै आएको छ । विगतको तुलनामा भौतिक रुपमा सुधार भएको मन्दिरमा भक्तहरुको आस्था बढ्दै गएको पाइन्छ । दैनिक रुपमा हुने पुजापाठ, रुद्री, अखण्ड दीपप्रज्वलन जस्ता कार्यहरुले भक्तजनहरुलाई थप आकर्षित बनाएको छ । यस मन्दिरमा हरिबोधिनी एकादशी, शि(वरात्री, माघे सङ्क्रान्ति, साउन महिनाको सोमबार, बैशाखे सङ्क्रान्ति साथै अन्य विशेष दिनहरुमा दर्शनार्थीहरुको घुइँचो लाग्ने गर्दछ ।

बगनासकाली गाउँपालिका ५ दर्लमडाँडाका वडाध्यक्ष ओमप्रकाश गैरेले राम्दी सिद्धगुफासहित दर्लमडाँडामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान हुने गरि वडाले निकालेको प्रोफाइलमा पनि समेटेको र धार्मिक वृत्तचित्र पनि बनाई प्रचारप्रसार गर्दै आएको बताउनुभयो । उहाँले आगामी दिनमा पनि धार्मिक तथा साँस्कृतिक पहिचानको प्रचारप्रसारसहित प्रवर्धनका लागि स्थानीय सरकारको तर्फबाट राम्रो भूमिका रहने बताउनुभयो ।

सन्दर्भ सामग्री:

हाम्रो बगनासकाली वर्ष १ अंक १
दर्लमडाँडाको चिनारी २०७८

-सदस्य बगनासकाली पत्रकार समूह

गोपाल बस्याल

अन्नपूर्णेश्वर र खानीगाउँका मठमन्दिर

पाल्पाको बगनासकाली गाउँपालिका वडा नम्बर ७ खानीगाउँ धार्मिक सम्पदाहरुका हिसाबले धनी छ । यहाँका मन्दिरहरुले धार्मिक आस्थाका अतिरिक्त ऐतिहासिक महत्त्वसमेत बोकेका छन् । खानीगाउँको सामाजिक-आर्थिक संरचना, शैक्षिक चेतना र गरिबीको कारण यिनीहरुको खोजी, संरक्षण, जीर्णोद्धार र प्रचारप्रसार हुन सकेको छैन । यद्यपि पछिल्ला वर्षहरुमा यहाँका युवाहरु शैक्षिक र राजनैतिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्न थालेका कारण खानीगाउँको नाम चर्चामा आउन थालेको छ । यो शैक्षिक र राजनैतिक चेतनाको विकाससँगै यहाँका सम्पदाहरुको रेखदेख र प्रचारप्रसारमासमेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । यी सम्पदाहरुको महत्त्वबारे जानकारी भयो भने तानसेनबाट नजिक रहेको, छिमेकमा रहेको महामृत्युञ्जय शिवालय, सिद्धबाबाधाम, दर्लम महाकाली दर्शन गर्न जाने मानिसहरुसमेतलाई खानीगाउँमा आकर्षित गरी धार्मिक पर्यटनको विकास गर्न सकिन्छ । तसर्थ खानीगाउँका केही महत्त्वपूर्ण धार्मिक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरुको चिनारी, महत्त्वको जानकारी दिनुका साथै यिनीहरुको संरक्षण र विकासका लागि पहल गरिएला भन्ने अपेक्षाकासाथ प्रस्तुत लेख तयार गरिएको हो ।

१. खानीगाउँका धार्मिक एवम् ऐतिहासिक सम्पदाहरू

क. नदी सभ्यता :

हिन्दु तथा बौद्धमार्गीहरुको पवित्र तीर्थस्थल मुक्तिनाथबाट प्रवाहित हुँदै बगेकी, शालीग्राम बोकेकी, पौराणिक मिथकअनुसार शाली नदी भनिने, कालीगण्डकीको उत्तरवाहिनी क्षेत्र खानीगाउँतटमा पर्ने भएकोले मानिसहरु गङ्गा स्नान गर्न, गङ्गा किनारमा पुजापाठ गर्न, रानीघाट र दैलातुङ्घाटमा दाहसँस्कारका लागि जाने गर्दछन् । विशेषगरी एकादशी, बैशाख सङ्क्रान्ति, माघे औंशी, साउने सङ्क्रान्ति र सोमबारहरुमा गंगा स्नान गरी गंगा जल घरघरमा लगी अरु दिनमासमेत पवित्र मानी जल मिसाई स्नान गर्ने चलन छ । नदीमा तोरण तार्ने, एकाह गर्ने, श्राद्ध गर्ने जस्ता संस्कारजन्य कार्य पनि नदी तटमा गरिन्छ । धार्मिक अनुष्ठान गर्ने क्रममा गङ्गा स्नान गर्ने, जल र बालुवाको उपयोग गर्ने गरिएको स्थानीय पदम बस्यालले बताउनुभयो । यसरी धार्मिक महत्त्वका कार्य गरिने नदी यसका साथै नदीजन्य पदार्थको निकासी र बिक्रिका माध्यमबाट स्थानीय तहले आम्दानीको स्रोतका रूपमा उपयोग गर्न पनि सक्दछ ।

ख. अन्नपूर्णेश्वर महादेव मन्दिर :

तानसेनदेखि १५ किलोमिटर टाढा, बस जिपमा जान सकिने पाल्पामै सबैभन्दा पुराना मध्येको एक अन्नपूर्णेश्वर महादेव मन्दिर बि. सं. १८६१ मा निर्माण भएको अभिलेखबाट थाहा हुन्छ । खानीगाउँको उत्तर कालीगण्डकी तटमा रहेको दैलातुङ फाँटको पुच्छारमा अवस्थित यो मन्दिर प्यागोडा शैलीमा निर्मित छ । ४० मुरी खेत र ४० मुरी पाखोबारी गुठी रहेको छ । यस मन्दिरमा गुठीयार भाइहरुबाट दैनिक बिहान साँझ पुजा गरिन्छ । यस मन्दिरमा स्थापना कालका शिव-शिवलिङ्ग), गणेश, विष्णु, दुर्गा र सूर्य गरी पाञ्चायन देवताहरु छन् । यो मन्दिरको जीर्णोद्धार गेटअप पाल्पाको पहलमा बि. सं. २०६६ सालमा पुरातत्व विभागबाट गरिएको थियो । गुठीयारहरुको पहलमा कहिलेकाहीँ शिवरात्रीका दिन विशेष पुजापाठ र भजनकीर्तन गरिएको भए तापनि यहाँ विभिन्न धार्मिक दिन, पर्व र अवसर पारेर धार्मिक कार्य, अनुष्ठान र गतिविधि सञ्चालन गर्न सक्ने हो भने यो मन्दिर धार्मिक आस्था राख्नेहरुका लागि पवित्र गन्तब्य बन्न सक्दछ । यसैक्रममा बि. सं. २०७८ चैत्रमा एक हप्ते भागवतगीता ज्ञान महायज्ञ सम्पन्न भएको छ । यज्ञबाट बचत भएको रकम र संघीय सरकारको अनुदानबाट मन्दिर परिसरमा पौवा निर्माण गर्ने गरी कार्य अगाडि बढेको मन्दिर संरक्षण समितिका अध्यक्ष गुणानिधि वश्यालले बताउनु भएको छ ।

ग. सागरदेवी मन्दिर :

अन्नपूर्णेश्वर महादेव मन्दिरको करिव एक किलोमिटर पश्चिम कालीगण्डकी नदीतटमा अवस्थित सागरदेवी मन्दिर कहिलेदेखि स्थापना भै पुजाआजा सुरु भयो भन्ने कुनै प्रमाणिक आधार भेटिँदैन । यहाँका बुढापाका मानिसहरुसमेत पहिलेदेखि नै यो मन्दिर रहेको बताउँछन् । दैलातुङ् घाट सञ्चालनका लागि यहाँका बोटेहरुलाई वि. सं. १८३२ मा राणाहरुले स्वीकृति दिएका थिए । यस घाटबाट स्याङजा, बागलुङ र पर्वतसमेतका मानिसहरु बुटवलतर्फबाट आउनेजाने गरेको ती ठाउँका मानिसहरु बताउँछन् । यो घाटको डुङ्गा लाग्ने ठाउँमा ढिकमा सागरदेवीको मन्दिर रहेकोले बटुवाहरुले वा बटुवाहरुका लागि स्थानीय मानिसहरुले यो मन्दिर बनाएको हुनु पर्दछ । त्यस्तै यस मन्दिरमा खुँडा राखिएको हुनाले यो मन्दिर पहिलेका राजाले बनाएको पनि हुनसक्छ । यो खुँडा एकपटक स्थानीय बासिन्दाले घरमा लगेछन् । त्यसपछि उनको घरमा अनिष्ट भएको हुनाले उनले फेरि मन्दिरमै लगेर राखेका थिए । स्थानीयहरुले यस घटनाबाट पनि देवीको शक्ति छ भन्ने विश्वास गर्दछन् । यहाँ मगर, बोटे र बाहुनहरु समेतले पुजा गर्ने, भाकलअनुसारको पुजा गर्ने, बलि दिने, पञ्चबलि लैजाने गर्दछन् । यहाँ नित्य पुजा हुँदैन तर चण्डी पूर्णिमाका दिनमा यहाँ बलि दिने, पुजा गर्ने गरी विशेष दिनका रूपमा मनाइन्छ । अन्य समयमा आ-आफ्नो भाकल अनुसारका अनुष्ठान गरिन्छ ।

घ. गणेशस्थान :

दोबाटो-दैलातुङ मोटरबाटोको टाँडिबिसौनी खण्डमा बाटो छेउमा गणेश भगवानको मुखाकृति भएको प्राचीन शिला छ । परापूर्वकालदेखि नै यहाँ भाकल अनुसार पुजा गर्ने गरिन्छ । स्थानीय मानिसहरुका साथै खानीगाउँ, बराङ्दी, यम्घाका मानिसहरु सँगै रहेको सिद्धस्थान र गणेशस्थानमा दूध चढाउने गर्दछन् । यस्तै नयाँ अन्न चढाउने, नारायण पुजा, रूद्री लगाउने पनि गर्दछन् । गंगा स्नान गरी गणेशस्थानको दर्शन गर्ने चलन छ । स्थानीय युवाहरुको सक्रियतामा वि. सं. २०३८ सालमा टिन लगाई मन्दिर निर्माण गरी रातभर कीर्तन गरिएको थियो । सामान्य पानीमा ७-८ जनाले ओत लागेर पुजा गर्न मिल्ने अवस्था छ । मानिसहरु भाकल गर्ने र पूरा हुने विश्वासका साथ गणेशको पुजा गर्दछन् । नजिकमा वस्ती र पसल नभएका कारण पुजा गर्न जानेले सबै सामान लिएर जानुपर्ने हुन्छ ।

ङ. खाँड अर्थात् खड्ग देवीस्थान :

खाँडदेवी वा देवीस्थानका नामले चिनिने खड्ग देवीस्थान खानीगाउँ मैदानबारीको उत्तरमा रहेको अग्लो चुलीमा रहेको छ । वडा कार्यालयदेखि करिव एक किलोमिटर टाढा रहेको यो मन्दिर स्याङ्जाको आलमदेवी मन्दिरजस्तै छाना नभएको र पर्खालले घेरिएको छ । आलम देवीमा जस्तै यहाँ पनि सेतिपातिको रुखको फेंदमा शिलाहरु राखिएका छन् । करिव दुई दर्जन खुँडा, तरबार, खुकुरी, त्रिशुलजस्ता हतियार राखिएका छन् । पर्खालसमेत जीर्ण भैसकेको छ । मन्दिरको स्वरूप आलमदेवी, बगनासदेवी जस्तै खुला छ । खाँडदेवीमा छाना नलगाउने चलन रहेको समाजसेवी प्रेम बहादुर मिधुनले बताउनु भयो । प्रेम बहादुरका अनुसार देवीको शक्तिका कारण हतियार सुरक्षित छन् । एकपटक हतियारमा शान लगाउनका लागि लैजाँदै गर्दा भरिया अगाडि बढ्नै सकेन र पछाडि फर्कियो । त्यसपछि मानिसहरुलाई देवीको शक्तिमाथि विश्वास लाग्यो । यहाँ दशैं अष्टमी र चैते दशैंमा विशेष पुजासहित बलि दिने गरिन्छ । भाकल गर्नेहरुले साइत जुराई अन्य समयमा समेत पुजा गर्ने, वली दिने, पञ्चबलि दिने गर्दछन् । देवीथानसम्म जाने मोटरबाटोको ट्रयाकसम्म खोलिएको भए पनि नियमित बाटो र मन्दिरको जीर्णोद्धार गर्ने हो भने खाँडदेवी खानीगाउँ मात्र नभै उत्तरी पाल्पाको आकर्षक गन्तब्य बन्दछ । यसको प्रबर्द्धनका लागि मन्दिर संरक्षण समिति निर्माण गरी योजनावद्ध कार्य गर्नु आवश्यक छ ।

च. चण्डीस्थान :

चण्डीस्थान परापूर्वकालदेखि चलिआएको मन्दिर क्षेत्र हो । यस ठाउँको महत्त्व पानी माग्ने परम्परासँग सम्बन्धित छ । लामो खडेरी परेका समयमा चण्डीस्थानमा बाजागाजासहित पानी माग्ने गरिन्थ्यो । जति ठूलो खडेरी परेका समयमा पनि चण्डीस्थानमा पानी मागेपछि वर्षा हुन्थ्यो र हुन्छ भन्ने विश्वास स्थानीयको छ । त्यसैगरी यहाँ चण्डीपूर्णिमाका दिन बलिसहित पुजा हुन्छ । मगर पुजारी रहने यस मन्दिरमा बाहुनहरु समेतले पुजा लगाउने गर्दछन् । तीजका दिन यो मन्दिर वरपर महिलाहरु जम्मा भै नाचगान गर्ने गर्दछन् । पहिला सानो खरको छानाको मन्दिर रहेकोमा पछि टीनको छाना राखी मन्दिर बनाइएको र हालै सिमेन्ट मन्दिर निर्माण भएको छ । वडा कार्यालय जाने मोटरबाटोमै र गौंडामा यो मन्दिर रहेकोले वरपर रहेको सरकारी जमीनमा बगैंचा र मन्दिरको सौन्दर्यकरण गर्न सकियो भने यहाँ मानिसहरु विश्राम गर्ने र शीतल प्राकृतिक अनुभवबाट शान्ति प्राप्त गर्न सक्दछन् ।

छ. झाँक्रि गुफा मन्दिर :

खानीगाउँ वडा कार्यालयदेखि करिव ३ किलोमिटर पश्चिम मोटरबाटोको छेउमा कल्लाबारीमा झाँक्रि गुफा मन्दिर रहेको छ । परापूर्वकालदेखि रहेको झाँक्रि गुफामा स्थानीय नरभूपाल गैरेले मन्दिर निर्माण गरेका छन् । यहाँ सात्विक पुजा गरिन्छ । बाहुन, मगर, क्षेत्री सबैको सहभागितामा वर्षेनी फागुन ८ गते कीर्तन गरिन्छ । स्थानीयहरुले दूध धार दिने, नयाँ अन्न चढाउने, भाकल अनुसार पुजाआजा गर्ने चलन छ । यहाँ विवाह, ब्रतबन्ध, एकाहा पनि गर्ने गरिन्छ ।

ज. झाँक्रिदेवी पञ्चेश्वर महादेव मन्दिरः

वडा कार्यालयदेखि करिव दुई किलोमिटर पश्चिम झाँक्रिस्थानमा सडकदेखि पाँच मिनेट जति उकालो हिँडाइमा वा बाइकमा पुग्न सकिने ठाउँमा झाँक्रिदेवी पञ्चेश्वर महादेव मन्दिर बनाइएको छ । स्थानीय तिलक प्रसाद भट्टराईले आफ्नै बारीमा फेला पार्नुभएको पृथ्वी आकारको शिवलिङ्ग घरमा ल्याई पुजा गर्नु भएछ । एकदिन मध्यान्हमा उहाँलाई मन्दिर निर्माण गरी शिवलिङ्ग प्रतिस्थापन गर्ने आदेश भगवानले दिनु भएछ । त्यसपछि उहाँले मन्दिर स्थापनाको पहल सुरु गर्नु भएछ र मन्दिर बनेको छ । अहिले साँझ बिहान नियमित पुजा भैरहन्छ । कमजोर आर्थिक अवस्था रहेका भट्टराईले आफूले चार रोपनी जग्गा मन्दिरका लागि छुट्ट्याएको र सबैको सहयोगबाट मन्दिर निर्माण कार्य भइरहेको बताउनु हुन्छ । कतिपय मानिसहरुले शिवलिङ्ग किन्न मागेको वा अन्य शिवालयधाममा लगी राख्न मागेको भए तापनि आफ्नै ठाउँमा उत्पति भएको भगवानस्वरूप अरुलाई दिन नसकेर मन्दिर निर्माण गरी संरक्षण गरेको उहाँले बताउनु भयो । भगवानको संरक्षणमा लाग्न थालेपछि आफू र परिवारलाई राम्रो भएको खुशी ब्यक्त गर्दै श्रद्धालुहरुको आवतजावत र भक्तिभावबाट पक्कै सबैलाई कल्याण हुने उहाँको विश्वास छ ।

झ. सत्यवती :

खानीगाउँको नाच्नेडाँडाको तल चण्डीस्थानको पश्चिम खरबारीमा रहेको गुफामा सत्यवती देवीको प्रतिमा स्वरूपको शिला छ । स्थानीय किंवदन्ति अनुसार गुल्मीको सत्यवतीबाट हिँडेकी देवी यहाँ आई बास बसेकी र यहाँबाट अलप भै कोलडाँडा सत्यवतीमा उत्पत्ति भएकी हुन् भन्ने भनाइ छ । गुफामा काली रह नामक पानीको कुण्ड छ । किम्बदन्ती अनुसार नाच्नेडाँडामा रहेको कुण्डमा भैंसीको छाला धोएपछि जल त्यहाँ सुकेर तल काली रहमा उत्पति भएको मानिन्छ । मानिसहरु सत्यवतीप्रति आस्था राख्दछन् । यदि चण्डीस्थानदेखि तेर्सोबाटोको स्तर उन्नति गरी गुफा अवलोकन र सत्यवती देवीको

दर्शन गर्न जाने चलनलाई ब्यापक बनाउन सकियो भने यो खानीगाउँमा मानिसहरुको आवागमन बढाउन महत्त्वपूर्ण स्थान हुन सक्दछ ।

ञ. देउराली :

पालिकाको वडा नं. ७ र ८ को सिमानामा पर्ने देउरालीमा रहेको मन्दिर समयसमयमा पुनःनिर्माण हुँदै आएको छ । यहाँ पहिले चौपारी र पिपलको रुख थियो । खानीगाउँको भागमा देउराली मन्दिर थियो भने बराङ्दीतिर ठाँटी थियो । यही चौपारीमा भारी बिसाएर बटुवाहरु थकाइ मार्थे । तर वरपरका घरवालाहरुले पिपलको हाँगा काटेर ठुटो मात्र राखेका थिए । त्यो पनि मोटरबाटोको विकाससँगै उखेलियो । तर मन्दिर भने अलिअलि ठाउँसारी गर्दै बनाउँदै गरिएको छ । यहाँ तीजका दिन विशेष जमघट भै नाचगान गर्ने गरिन्छ । ऋषिपञ्चमीका दिन महिलाहरु ऋषिको पुजा गर्ने र नाचगान रमाइलो गर्ने गर्छन् । दुई वडाको सङ्गम, सानो बजार र चारैतिर गाउँमा जाने बाटो भएको देउराली र यसको वीचमा मन्दिरले शोभा बढाएको छ ।

ट. बुढा बराजु :

खानीगाउँ मगर जातिको बाहुल्यता भएको ठाउँ हो । यसकारण मगर जाति विशेषमा बुढा बराजुको विशेष महत्त्व छ । नेवारडाँडा ठाँटीनजिकै बराजुको मन्दिर छ । सामान्य खर र आजकल टिनको छाना भएको बराजुको मन्दिरमा चण्डि पूर्णिमामा बलि दिने चलन छ । बराजुको थान वरपर रुखहरु काटिँदैन । यस्तै पुजाआजाका क्रममा कुनै कमजोरी भएमा वा रुखहरु काटिएमा बाघले आक्रमण गर्ने गरेको घटनाहरु स्थानीय बासिन्दाले ब्यक्त गर्दछन् । अर्को बराजुको थान कल्लाबारीमा रहेको छ । त्यहाँ पनि सालका ठूलाठूला रुखहरु छन् । यी रुखहरुको हाँगाविँगासमेत काटिँदैन।

२. धार्मिक सम्पदाहरुको प्रबर्द्धन

धार्मिक सम्पदाहरुमा नियमित धार्मिक गतिविधिहरु सञ्चालन हुनसक्ने हो भने संरक्षण पनि भैरहन्छ । तसर्थ खानीगाउँमा रहेका यी सम्पदाहरुको अलगअलग महत्त्व भएकोले सोहीअनुसारका गतिविधि सञ्चालन गर्नु आवश्यक देखिन्छ । निर्माण, जीर्णोद्धार, संरक्षण र अन्य गतिविधिहरु साथसाथै सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि निम्न अनुसारका कार्य गर्नु आवश्यक छ ।

क. बगनासकाली गाउँपालिका वडा नं. ७ कार्यसमिति वा स्थानीय बासिन्दाको पहलमा नजिकको धार्मिक सम्पदाको संरक्षण समिति निर्माण गर्ने र सबै क्रियाकलापको पहल र जिम्मेवारी यी समितिहरुले लिनुपर्दछ ।

ख. सम्पदासम्मको पहुँचका सन्दर्भमा सत्यवतीसम्मको बाटो बनाउनु पर्ने देखिन्छ । गणेशस्थान, खड्गदेवी, सागरदेवीसम्म जाने सामान्य बाटो भए तापनि त्यहाँ पुग्ने बाटोमा सिँढी बनाउन सकियो भने आवतजावत गर्न सजिलो हुने थियो । सबै धार्मिक स्थानहरुको प्रचारात्मक कार्य गर्नुपर्ने देखिन्छ । यसका लागि गतिविधि अनुसार माइकिङ् गर्ने, नजिकमा बाटो देखाउने होर्डिङबोड राख्ने, सम्पदाको महत्त्व चिनाउने गरी चिनारी बोर्ड राख्ने गर्न सकिन्छ । वडाभित्र रहेका यी धार्मिक महत्त्वका स्थानहरुका बारेमा गाउँपालिका वडा कार्यालयले पुस्तिका प्रकाशन गर्नु उपयुक्त देखिन्छ ।

ग. सम्पदा अनुसारका गतिविधिलाई प्राथमिकताकासाथ सम्पन्न गर्नु आवश्यक छ। उदाहरणका लागि अन्नपूर्णेश्वर महादेव मन्दिरमा शिवरात्री मेला र शिवसँग सम्बन्धित पर्वहरुमा विशेष पुजाआजा आयोजना गर्न सकिन्छ । यस्तै गणेश चतुर्थीमा गणेशस्थान, कार्तिक पूर्णिमामा सत्यवती मेला, चण्डी पूर्णिमामा चण्डीस्थान र सागरदेवी, अष्टमी र चैते दशैंमा खड्गदेवीस्थान, झाँक्रि गुफा स्थानको वार्षिक कीर्तनलाई विशेष सामाजिक समारोहका रूपमा ब्यापक प्रचार गरी मनाउन सकिन्छ । चण्डीस्थानमा पानी बोलाउने परम्परालाई विशेष आयोजना गरी मनाउन सकिन्छ । देउरालीमा वार्षिक कीर्तन आयोजना गरी दुवै वडाका साथै छिमेकी वडाका बासिन्दालाई सहभागी गराउन सकिन्छ ।

घ. बैशाख सङ्क्रान्तिको दैलातुङ्को छाङ्टुङ् मेला र कार्तिक ठूलो एकादशीको रानीघाट मेलालाई पुनर्स्थापित गर्ने हो भने नदी सभ्यताको महत्त्व बढ्नुका साथै नजिकका मन्दिरहरुमा चहलपहल बढाउन सकिन्छ ।

ङ. धार्मिक सम्पदाहरुका संरचना नयाँ निर्माण र पुराना जीर्णोद्धार गर्नुपर्ने छन् । अन्नपूर्णेश्वर मन्दिर परिसरमा पौवा निर्माण, रानीघाट र दैलातुङ घाटमा ठाँटी वा क्रियापुत्री घर निर्माण, सागरदेवीमा ठाँटी निर्माण, गणेशस्थानमा मर्मत, सत्यवतीमा जाने बाटो र पौवा निर्माण, लुम्पेकी र बाजेका थानको पुनःनिर्माण गर्नु आवश्यक देखिन्छ ।

च. धार्मिक सम्पदाहरुको महत्त्व, संरक्षण र प्रबर्द्धनका लागि मानिसहरुमा धार्मिक आस्था हुनु र गतिविधिमा संलग्न हुनु आवश्यक हुन्छ । आजकल मानिसहरु सामान्य पुजापाठ वा दर्शनका लागि मात्र धार्मिक बन्दैनन् । धार्मिक अनुष्ठानका अतिरिक्त धार्मिक संस्थाहरुलाई सामाजिक कार्यका लागि उपयोग गर्नु आवश्यक बनेको छ । उदाहरणका लागि मानिसहरुका संस्कार, रितीरिवाज र उत्सव आयोजना गर्ने स्थल देवालयहरु हुनसक्छन् । मठमन्दिरमा बाजागाजाका सामग्री हुने र स्थानीय मानिसहरु जम्मा भएर भजन कीर्तन गाउने, नाचगान गर्ने, प्रवचन गर्ने, समयसन्दर्भ अनुसारका सत्सङ्ग गर्ने जस्ता सामाजिक कार्यमा धार्मिक संस्थालाई अघि सार्नु पर्दछ ।

प्रस्तुत सामग्रीका सूचना स्रोतहरू

१. गुणानिधि वश्याल, दैलातुङ

२. पदम वश्याल, दैलातुङ

३. गुणाखर वश्याल, दैलातुङ

४. उमापति खराल, दैलातुङ

५. पं. चुरामणि भट्टराई, मौवाखरक

६. पं. हरिशंकर वश्याल, साविक झाँक्रिस्थान

७. प्रेम बहादुर मिधुन, मैदानबारी

८. वडासचिव हरिप्रसाद वश्याल

९. तिलकप्रसाद भट्टराई, झाँक्रिस्थान

१०. धातानन्द गैरे, कल्लाबारी

- पूर्व उपाध्यक्ष नेपाल पत्रकार महासंघ, पाल्पा

गोविन्द भट्टराई

समुदायको भलो सोचेर समाजपूजा अनि भजनकीर्तन

बहुजातीय, बहुसांस्कृतिक अनि वहुधार्मिक विशेषतायुक्त नेपाली समाजमा जन्मदेखि मृत्युसम्म जोडिएका अनेकन कर्महरू छन् । झट्ट हेर्दा अन्धविश्वाससँग जोडिए झैँ लाग्ने तर साझाभाव सामुदायिक भलोमा जोडिने कर्महरू पाल्पा बगनासकालीका गाउँसमाजमा पनि प्रशस्त रहेका छन् । छोटो समय अनि स्थानाभावका कारण सबै गाउँका सबैकुरा केलाउन सकिएन बरू मूलतः बगनासकाली-१, चिर्तुङधारा, घोरबन्दा निवासी कुमाल समुदायसँग जोडिएको चण्डीपूजा, समाज (समस्या) पूजा र सोही वडाको सन्ढापमा समुदाय जुटेर सुरू गरिएको भजन, कीर्तनबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । यहाँ भन्नैपर्ने कुरा के हो भने चण्डी पूजा पाल्पाका मगर समुदायले धुमधामसँग गर्दछन् त्यसबारे अलग्गै अध्ययन आवश्यक छ ।

बगनासकाली गाउँपालिका वडा नं १ चिर्तुङधारास्थित घोरबन्दाको कुमालगाउँमा करिव ६० घरकुरिया कुमाल समुदायको बस्ती रहेको छ । माटोको भाँडा बनाउन नामुद कुमाल पुर्खाका सन्तानले अचेल मौलिक सीप बिर्सिए, प्रायः लोप भयो माटोको भाँडा बनाउने पेसा । कुमाल बस्तीमै प्लास्टिकका सामानहरू प्रयोग गरेको देखिन्छ । यो पाटो यही छाडौँ, लागौँ सांस्कृतिक कर्म संरक्षण पक्षतर्फ । बगनासकाली-१, कुमालगाउँमा स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा वा राजनीतिक रूपमा सचेत व्यक्तिहरूको नाम लिँदा

जीराबहादुर कुमाल, सूर्य कुमाल, बाघवीर कुमाल, छविलाल कुमाल, केहरसिंह कुमाल, धनबहादुर कुमाल, हिक्मत कुमाल, जीतबहादुर कुमाल, भीमबहादुर कुमाल, खेमानसिंह कुमाल, गोविन्द कुमाल, थमन कुमाल, प्रेम कुमाल, सुमन कुमाल, भक्तबहादुर कुमाल, उषा कुमाललगायतको नाम आउने गर्दछ । बाघवीर, सूर्य केही वर्षयता काठमाडौंमा रहनुभएको छ ।

घोरबन्दामा पहिले माटोको भाँडा बनाउने, केही बिक्री गर्ने केही गाउँगाउँमा पुऱ्याएर अन्न र सामानसँग साट्ने (इष्ट जाने), माछा मार्ने, ज्याला मजदुरीका काम गर्ने चलन थियो । पछिल्लो समयको कुरा गर्दा गाउँमा भएका मध्ये अधिकांश कुमाल समुदायका महिला पुरूष परिवारको भरणपोषण र जीवन निर्वाहका लागि ज्याला, मजदुरीमा भर परेका भेटिन्छन् । केही युनाइटेड मिसन अस्पताल र स्थानीय शैक्षिक संस्थामा कार्यरत छन् । पछिल्लो समय फाटफुट रूपमा अन्य क्षेत्रमा समेत यहाँका कुमाल समुदाय प्रवेश गर्दैछन् । घोरबन्दाका कुमाल समुदायले परापूर्वकालदेखि गाउँकै कुलोमुनि (अहिले कुलो बन्द भयो) चण्डी पूजा गर्दै आएको जीराबहादुर कुमाल सम्झनुहुन्छ । पछिल्लो समय सामुदायिक भवननेर पैसा उठाएर मन्दिर बनाइएको छ । जीराबहादुर कुमालका अनुसार-"हरेक वर्ष चैत्र/वैशाखमा चण्डी पूजा गरिन्छ त्यसपछि सन्ढापस्थित स्वामीडाँडामा समाज (समस्या समाधानका लागि हुनाले समस्या पूजा पनि भन्ने गरेको) पूजा गर्ने चलन चलिआएको छ ।"

चण्डी पूजामा पहिलेपहिले प्रायः सबै घरबाट कुखुराको भालेपोथी ल्याइन्थ्यो अचेल यो चलन कम भएको छ । कुखुरा नसक्नेले अण्डा ल्याउछन् । यहाँ ल्याएको कुखुराको टाउको पूजास्थलमा छाडेर मुढ घरमै लाने गरिन्छ । जाँड, रोट, फलफूलसमेत ल्याइन्थ्यो चण्डीपूजामा । पूजामा अचेल ३५-४० घरकुरिया हुने गरेका छन् । तारापति, बलवीर, खड्गबहादुरलगायतले पुजेरीको काम गर्नुहुन्थ्यो । अचेल चित्रबहादुरले पहिले

भँै कन्ये केटा राखेर पूजा गर्नुहुन्छ । दैवीप्रकोपबाट समुदायलाई बचाउन तथा रोगब्याध नलागोस् भनेर यो पूजा गर्ने गरिएको छविलाल कुमालको बुझाइ छ ।

जीराबहादुर कुमालले आफू सानो छँदा सन्ढाप स्वामीडाँडामा वरको रूखछेउ सामूहिक रूपमा बोका, भालेपोथी कुखुरा (२ जोडी) बलि चढाएर त्यहीँ पकाएर प्रसादको रूपमा सबैले खाने गरेको सन्दर्भ सम्झनुभयो । सगुनको रूपमा घरपाला रक्सीसमेत चढाइन्थ्यो स्वामीडाँडामा । कुमाल समुदायबाहेक घोरबन्दाबाट मगर र सन्ढापबाट बाहुन तथा अन्य समुदायका गाउँलेहरूसमेत समाज पूजामा सहभागी हुन्थे । पूजामा सबै घरबाट १ माना चामल, धजा, भेटी (स्वेच्छिक) लाने गरिन्थ्यो । बलिका लागि साझा रूपमा खर्च जुटाइन्थ्यो अर्थात् जति लागेको छ बराबर हिसाब गरेर उठाइन्थ्यो ।

उतिबेला तारापति, बलवीर, सेमनलगायतले कन्ये केटा २ जना राखेर स्वा(मीडाँडामा पुजेरी बनेर पूजा गर्नुहुन्थ्यो भने अचेल मानबहादुरले पूजा गर्नुहुन्छ । पहिले २ सय बढी घरबाट पूजामा सामेल हुन्थे भने अचेल ५५-६० घर पुग्ने गरेका उषा कुमालले बताउनुभयो । सामान्यत दिन हेराएर (बिहीबारबाहेक) जेठ महिनामा स्वामीडाँडामा पूजा गर्ने चलन छ । डिंगाबाच्छा, खेती राम्रो होस् अर्थात् सबैको हितखातिर समाज पूजा गरिने गरेको धनबहादुर कुमालले बताउनुभयो । यहाँको पूजा खडेरीको बेला हुने हुँदा उक्त अवसरमा पानीसमेत माग्ने गरिन्छ । पूजाका असल पक्षहरू जोगाउनुपर्ने तर तडकभडक गर्न नहुने जीरा बहादुरको ठम्याइ छ ।

सन्ढापमा भजन-कीर्तन

साविक चिर्तुङधारा गाउँ विकास समिति हुँदा वडा ७ अन्तर्गत माथि कुमाल समुदाय र तल सन्ढापमा बाहुन, मगर समुदायको बस्ती रहेको यो गाउँ सांस्कृतिक हिसाबले विविधतायुक्त रहेको छ । सन्ढापमा सामुदायिक हित र मेलमिलापको उद्देश्यसहित आलोपालो भजनकीर्तन कार्यक्रम गर्ने गरेको किसान समुहका अध्यक्ष शोभाखर बस्यालले बताउनुभयो ।

ठुला एकादशीका दिन केशव पाण्डेको घरमा भएको कार्यक्रममा आलोपालो भजनकीर्तनको प्रस्ताव केशव पाण्डेले राख्नुभएको थियो । निरन्तरताका लागि सुरूमा युवा सुदीप पाण्डेले सक्रियता देखाएको लक्ष्मीप्रसाद न्यौपानेले बताउनुभयो । जसको घरमा भजनकीर्तन आयोजना गरिन्छ त्यसदिन भक्तालुहरूलाई सामान्य प्रसादको ब्यवस्था त्यही घरवालाले गर्ने गरेको स्थानीय राधिका बस्यालले बताउनुभयो । स्थानीय धनी बस्यालका अनुसार आरती गर्दा अर्पेको स्वेच्छिक भेटी संगालेर आवश्यक वाद्यवादन सामग्री जोड्न

सुरू गरिएको छ । सुदीप पाण्डेले समुहको नाम श्री राधेश्याम कीर्तन मण्डली राखिएको तथा केही वाद्यवादनका सामान जुटाइएको बताउनुभयो ।

सन्ढापको राधेश्याम कीर्तन मण्डलीले सामुदायिक भवन परिसर मूलबाटामा शिव मन्दिर बनाएर त्यहीँ नै स्थायी रूपमा भजनकीर्तन गर्ने सौँच समेत बनाएको स्थानीय निर्मला भट्टराईले बताउनुभयो । शिव मन्दिरमा सबै खालको धार्मिक कार्जे (कर्म) गर्न मिल्ने स्थानीय सुशीला न्यौपानेको बुझाइ रहेछ ।

सबैको हितका लागि भएको काम हुनाले सबै घरबाट सक्दो सहयोग हुने विश्वास स्थानीय पुतली गाहाको रहेको छ । पुरानो घर सन्ढाप भएकाले हाल आफू तानसेन-६, चालिसेमा बस्ने भए पनि कार्यक्रम आयोजना गरेको देवीदत्त बस्यालले प्रष्ट पार्नुभयो । अन्धविश्वास त्याग्दै जानुपर्ने तर सामूहिक हितका लागि गरिने कर्मलाई निरन्तरता दिनुपर्ने समाजसेवी मुक्ति बस्यालको बुझाइ छ । यस्तो कार्यक्रमले आपसमा भाइचारा र सहयोगीपनको विकास हुने हुँदा निरन्तरता दिनुपर्ने स्थानीय नेत्रप्रसाद पाण्डेको भनाइ रहेको छ । स्वेच्छिक रूपमा जो कोहीले भजनकीर्तनको आयोजनाका लागि प्रस्ताव राख्नसक्ने र सामूहिक भलो चिताएर गरिने भएकाले जो कोहीले सहयोग गर्नसक्ने पूर्व जनप्रतिनिधि शिव भट्टराईले बताउनुभयो ।

- पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ, पाल्पा

गोमबहादुर क्षेत्री

उत्तरवाहिनी कालीगण्डकीको महिमा रानीमहलदेखि राम्दीसम्म

१. विषय प्रवेश

नेपाल जलश्रोतको हिसाबले ब्राजिलपछिको विश्वकै दोश्रो धनी मुलुक हो । यहाँ ६ हजारभन्दा बढी खोलानदी, तालतलैया र झरनाहरु रहेका छन् । मुलुकका प्रमुख नदीहरु कर्णाली, गण्डकी र कोशी यहाँका प्रमुख जलश्रोतका भण्डारहरु हुन् । तीमध्येमा गण्डकी एक प्रमुख नदी मध्येकै एक हो । यसलाई अर्को सजिलो भाषामा सप्तगण्डकी भनिने गरिन्छ यसको मतलव हो यस नदीमा अन्य सात सहायक नदीहरु मिसिन आएर यो नदी तयार हुने हुनाले सप्तगण्डकी भनिन्छ भने यसलाई कालीगण्डकी वा 'कृष्णगण्डकी' भनेर पनि चिनिन्छ । कृष्णको अर्थ कालो भएको र कालीगण्डकीमा धेरैजसो समय कालो जल प्रवाहित हुने भन्ने अर्थमा कालीगण्डकी (कृष्णगण्डकी) नामाकरण गरिएको हो । त्यसबाहेक पाल्पाको राम्दीदेखि देवघाटसम्म एक ठाउँमा यो नदी दक्षिण दिशा नलागी उत्तर दिशातर्फ मोडिएकोले यसलाई 'उत्तरवाहिनी नदी समेत भनिएको पाइन्छ । त्यसै गरी शालग्राम पाइने हुनाले शालग्रामी नदी, कालीनदी र छोटकरीमा काली इत्यादि जस्ता नामबाट पनि जनमानसमा चिनिन्छ ।

कालीगण्डकी नदी नेपालका प्रमुख हिमनदी मध्ये कालीगण्डकी पनि एक भइकन हिन्दुहरुको पवित्र तीर्थस्थल हो । कालीगण्डकी नदीको उत्पत्ति दामोदरकुण्ड क्षेत्र अर्थात् तिब्बतको न्ह्युविन हिमालको ग्लेसियर क्षेत्रलाई मानिन्छ तत्पश्चात मुस्ताङ जिल्लामा प्रवेश गरी नारायणी नदीको प्रमुख शाखाको रुपमा भूमिका निभाएको देखिन्छ ।

२. कालीगण्डकीको मह□व

धार्मिक, सांस्कृतिक महत्त्व बोकेको कालीगण्डकी नदीको महिमालाई मध्येनजर गरी विश्व सम्पदा सूचीमा राख्नका लागि युनेस्कोसँग समन्वय भइरहेको पनि छ । त्यसैले सो क्षेत्रका मानिसहरुको सभ्यता, आस्था, भावना शालिग्राम इत्यादिसित जोडिएकाले पनि अझ विशेष महत्त्वपूर्ण रहेको छ । कालीगण्डकीको महत्त्वलाई विभिन्न पाटाहरुबाट केलाएर यसरी हेर्न सकिन्छ : -

२.१ धार्मिक तथा पौराणिक मह□व

धार्मिक तथा पौराणिक ग्रन्थहरुमा पनि नदीको चर्चा हुनुले यस नदीको महत्त्व झल्किन आउँछ । त्यसै गरी मुहानदेखि समुद्रमा मिसिने बेलासम्म यस नदीका किनार र वरिपरिको पर्यावरणमा विभिन्न बस्ती, फाँट, जङ्गल इत्यादि जेजे पर्छन् तिनले खास अर्थ राखेका हुन्छन् । विश्वमा धेरैजसो मानव सभ्यताको विकास यस्ता ठूल्ठूला नदीहरुको किनारबाटै भएको उदाहरण भेटिन्छ । मानव सभ्यताको उत्पत्ति इशा पूर्व ४००० वर्षभन्दा पहिलेदेखि नै भएको मानिन्छ जस्तै- इजिप्ट, भारत, मेसोपेटामिया, चीन आदि क्षेत्रहरुमा सुरूआती सभ्यताहरुको विकास हुन थालेको मानिन्छ । समयको विभिन्न कालखण्डमा आएका उतार चढाव र विकसित भएका सभ्यताहरु समयको गतिसँगै यस्ता मानव सभ्यताहरु उदाएर पुनः अस्ताउन पुगेका उदाहरणहरु छन् । तिनैको नमूना हुन् पाँचौं र पन्ध्रौं शताब्दीसम्मको युग किनकि यस समयमा पुराना मानव सभ्यताको पतन भई नयाँ मानव सभ्यताको उत्थान भएको देखिन्छ । जस्तै- सिन्धु घाँटी (उपत्यका) को सभ्यता, ह्वाङ्हो नदीको चिनियाँ सभ्यता, नाइल नदी किनारको मिश्रको सभ्यता अनि नेपालको उदाहरण हो कालीगण्डकी नदीको किनारमा विकसित भएको वैदिक सभ्यता । महाभारतकालीन समयमा यस क्षेत्र वरपरको सभ्यता पनि निकै विकसित हुन पुगेको थियो ।

विभिन्न पौराणिक ग्रन्थहरुमा उल्लेख भए बमोजिम कालीगण्डकीको तटीय क्षेत्रहरुमा रहेका विभिन्न तीर्थस्थलहरु ऋषिमुनि वा महर्षिहरुका आश्रमस्थल, धाम, घाट र मानववस्तीहरुका कारण यहाँको सभ्यता वैदिक कालमा चरम उत्कर्षमा पुग्ने गरी

विकसित भएको पाइन्छ । यस नदीमा पाइने शालिग्रामकै कारण भारतलगायत अन्य विभिन्न ऋषिमुनिहरुले यस क्षेत्रमा आई कठोर तपस्या र योग साधना गरेका पौराणिक कथन र किंवदन्तिका उदाहरणहरु सुनिन्छन् ।

कालीगण्डकी नदीको जल स्पर्श गरेमा मात्र पनि मानव शरीर पवित्र हुन्छ भने लोकविश्वास रही आएकोछ । त्यसैले पनि यहाँ स्नान, दान, तप, तर्पण, श्राद्ध आदि जस्ता कार्य गरेर मोक्षको द्वार खुला हुन्छ भन्ने मान्यता छ । धार्मिक हिसाबले पनि वैशाखे सङ्क्रान्ति, जनैपूर्णिमा, श्रावण महिनाको सोमबार, एकादशी तिथि, माघे सङ्क्रान्ति, सूर्यग्रहण तथा चन्द्रग्रहण लागेका समयमा तथा जुनसुकै यज्ञयज्ञादि गर्दा कालीगण्डकी स्नान गर्दा यहाँको जल अनिवार्य मानिन्छ । यस नदीमा स्नानले मात्र पनि अश्वमेघ यज्ञ गरे बराबर पुण्य मिल्दछ भन्ने चलन छ । त्यसै गरी धार्मिक मान्यता अनुसार उत्तरवाहिनी भएको स्थलमा दानपूजा गर्नाले अन्य गङ्गामा गरेको दानपूजा गर्दाभन्दा धेरै गुणा पुण्य वा वाञ्छित फल मिल्दछ भन्ने लोकमान्यता रही आएको छ । उत्तरवाहिनी भागिरथी गङ्गा र उत्तरवाहिनी कालीगण्डकीको यसर्थमा पनि विशेष महत्त्व रही आएको छ ।

नेपालको सन्दर्भमा कालीगण्डकी र यसको किनार तथा सेरोफेरोको पर्यावरणमा विकसित हुँदै आएको सभ्यतालाई वैदिक कालदेखि अहिलेसम्म विशेष अर्थमा लिइने गरेको पाइन्छ । त्यसमाथि नेपालका अन्य नदीहरुको तुलनामा मात्रै होइन, विश्वकै नदीहरुमाझ कालीगण्डकीको विरासत छुट्टै र विशिष्ट खालको रहेको छ । ऋषिमुनिहरुले सिद्धि र मुक्ति प्राप्तिका लागि र विज्ञहरुले पारिस्थितिक प्रणालीको उपयोगिता, पर्यावरण तथा जैविक विविधताका लागि कालीगण्डकीको महिमालाई विशेष अर्थमा लिने गरेको पाइन्छ । स्थानीयहरुका निम्ति पनि जनजीविकाका सवालहरु मात्र नभई जन्मदेखि मृत्युसम्मको संस्कारहरु सबै कालीगण्डकीसँग सम्बन्धित रहेका छन् ।

कालीगण्डकीलाई सामान्यतया कृष्णगण्डकी पनि भन्ने गरिन्छ । कृष्णको अर्थ 'कालो' भएको र कालीगण्डकीमा धेरैजसो समय कालो जल प्रवाहित हुने भएकाले यस नदीलाई कालीगण्डकी (कृष्णगण्डकी) भनिएको हो । त्यसै गरी स्कन्दपुराणमा समेत

'शालग्राम समिपेतु क्रोशमात्रं समन्ततः ।

कीटोद्रपि म्रियते याति वैकुण्ठभवनम् धुवम् ।।'

अर्थात् जहाँ-जहाँ कालीगण्डकी बहेकी छन्, त्यसको एक-एक कोषसम्म मर्ने किटपताङ्गादि समेत वैकुण्ठ जान्छन् भनेर वर्णन गरिएको छ । त्यसै गरी प्रयाग, कुरूक्षेत्र

तथा नैमिषारण्य नदीमा गएर सयौँपटक स्नान गरेर पाइने फल कालीगण्डकीमा एकैपटक स्नान गरेर प्राप्त हुन्छ भन्ने कुरा समेत स्कन्दपुराणमा स्पष्टसँग बताइएको छ ।

यसरी कालीगण्डकीका वैविध्य (धार्मिक, सांस्कृतिक, भौगर्भिक, जैविक, प्राकृतिक, जनजिविका) लाई आममानिसका बीच परिचित गराउन, महिमा बुझ्न र यसले भुक्तान गर्दै आएको भयावह सङ्कट र समस्याहरुलाई जनसाधारणसम्म पुर्याई तिनको नकारात्मक असरबाट जोगाउनका लागि विगतमा विभिन्न क्षेत्रहरुबाट थुप्रै किसिमका सचेतनामूलक अभियानहरु समेत सञ्चालन गरिँदै आएको थियो/छ ।

'कालीगण्डकी' को महिमा वर्णन गर्दै राष्ट्रकवि माधवप्रसाद घिमिरे लेख्नु हुन्छः -

माछापुच्छे गिरिशिखरको पारमा मुक्तिक्षेत्र
बल्छन् बत्ती झलमल जहाँ भुलभुले मूलभित्र
तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिब्य धाम
काली गङ्गा ! भनन कसरी कुँद्दछ्यौ शालिग्राम ।

'यै कोल्टामा जडभरतले हो तपस्या गरेको
पानी भर्दा सुरयुवतिको स्वर्ण-पुष्पी झरेको
छोएजस्तै अभय भगवान् विष्णुका पाइलाले
बाँधेका छन् अमरपुरका शिल्प मेरा शिलाले ।

गर्दागर्दै परिश्रम जसै देश यो लस्त होला
हेर्दाहेर्दै चरम गिरिमा सूर्य जो अस्त होला
त्यै लालिकासित पलक यो ढालूँला शान्तिसाथ
काली तिम्रा बगरबगरै आउँला मुक्तिनाथ ।

अथवा शालिग्राम कुँद्ने कालीगण्डकीको भुल्भुले पानी बग्ने मूलसँगै मुक्ति क्षेत्र जहाँ ज्योतिको दिब्य धाम रहेको छ । भरतको तपोभूमि यही नदी तटका साथै पानी भर्दा स्वर्ण पुष्पी झरेको यस धर्तीमा काली तिम्रो बगरै बगर मुक्ति क्षेत्र आई पलक ढालूँला भन्ने चाहना कविको रहेको देखिन्छ ।

२.२ आर्थिक महत्व

कालीगण्डकीको धार्मिक तथा पौराणिक महत्त्व त आफ्नो ठाउँमा छँदैछ ।

त्यसबाहेक यसमा अन्य प्रसस्त सम्भावनाहरु पनि प्रचुर मात्रामा रहेका छन् । जस्तै यहाँ परम्परागत हिसाबले डुङ्गा चलाएर तथा साँखर थापेर माछा समातेर गुजारा चलाउँदै आएका थिए । जीव हत्याको हिसाबले अहिले यसरी माछा मार्ने कुरा निषेध गरिए पनि नदीका विभिन्न पाटाहरुसित यहाँको जनजीवन जोडिएको छ ।

त्यसै गरी मत्स्यपालन र अन्य नदीजन्य पदार्थको उपयोग र ठूल्ठूला क्षमताका विद्युत उत्पादन गरी आर्थिक रूपले पनि प्रशस्त लाभ लिन सकिने क्षेत्रहरु छन् । स्याङ्जाको मिर्मीमा अवस्थित मुलुककै ठूलो कालीगण्डकी ए परियोजना जस्तै अन्य परियोजना बगनासकाली गाउँपालिकाभित्रको कालीगण्डकी नदिमा सञ्चालन गरेर ठूलो आर्थिक उपार्जन लिन सकिन्छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, समन्वय र प्रयास जरुरी पर्दछ ।

२.३ पर्यटकीय महत्त्व अर्थात् जल विहार वा र्‍याफ्टिङ

कालीगण्डकीमा समयानुकूल अत्याधुनिक डुङ्गा, किस्टीहरु चलाएर वा र्‍याफ्टिङ्बाट साहसिक पर्यटनको गन्तब्यस्थलका रुपमा विकास गरी विदेशी पर्यटकहरुलाई भित्र्याउन सकिन्छ । त्यसका लागि विभिन्न जलविहारका आकर्षणको केन्द्रबिन्दु बनाउनेतर्फ सोंच बनाइनु जरूरी छ ।कालीगण्डकीमा मिर्मी क्षेत्रमा बन्न गएको तलाउमा स्टिमर चलाएर घुम्न सकिए जस्तै बगनासकालीको रानीमहलदेखि राम्दीसम्मको क्षेत्रमा किस्टी वा अत्याधुनिक किसिमका डुङ्गाहरु वा साना खालका जहाज चलाएर र्‍याफ्टिङ अथवा जलयात्रा गर्न सकिने प्रयाप्त सम्भावनाहरु रहेका छन् जुन यस क्षेत्रका लागि ठूलो आर्थिक उपार्जनको स्रोत पनि हुन सक्छ । नियमित जलयात्रा सञ्चालन गरेको खण्डमा तल्लो तटिय क्षेत्रका नागरिकहरुले आर्थिक लाभ लिनसक्ने र कालीगण्डकीलाई बेग्लै पर्यटकीय गन्तब्यका रूपमा विकास गर्ने, नियमित जलयात्रा गरी रोजगारीबाट आयआर्जन बढाउन, विश्वभर यस कालीगण्डकीलाई चिनाउन, नदी र जीवनको महत्त्व बढ्दै जाने कुरालाई नकार्न सकिँदैन ।

२.४ सांस्कृतिक महत्त्व

तीर्थस्थल, धामका रूपमा विकसित विभिन्न तिथि, पर्व र उत्सवहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन सकिन्छ । बैशाखे सङ्क्रान्ति तथा माघे सङ्क्रान्तिमा रानीघाट, छान्टुङ् (दैलातुङ्) मा लाग्ने परम्परागत मेलालाई ब्यवस्थित गरी पहिले जस्तै परम्परागत सोरठी, मारुनी नचाउने, विभिन्न खेलकुदको आयोजना गर्ने, स्नान गर्ने ठाउँको रूपमा विकसित गर्दै लैजान सकिन्छ ।

२.५. अन्त्येष्ठी कर्म गरिने घाटको रूपमा

महाश्मसानको लागि पनि कालीगण्डकी निकै उपयुक्त ठानिन्छ । किनभने यस नदीका किनारहरुमा परम्परागत रूपमा विभिन्न घाटहरु जस्तो रानीघाट, कोलबगर, दैलातुङ्ग, दर्पुक, मचेटा तथा राम्दी लगायतका घाटहरु चलाइँदै आएको पाइन्छ । यी घाटहरुमा गरिने अन्त्येष्ठी कर्मको छुट्टै धार्मिक संस्कारगत तथा परम्परागत मान्यता उच्च रहने मानिन्छ ।

यी परम्परागत घाटहरुलाई दाउरा वा विद्युतीय सुविधाका कुराहरुलाई मध्येनजर गरी आधुनिक घाट वा विद्युतीय शवदाहन गृहका रूपमा विकसित गरी सुविधा लिन सकिन्छ । कालीगण्डकीको धार्मिक बाहेक सांस्कृतिक, ऐतिहासिक, आर्थिक तथा पर्यटकीय दृष्टिकोणले पनि छुट्टै विशेष महत्त्व रहेको देखिन्छ ।

ठाउँ परिवेश र भौगोलिक क्षेत्र अनुसार आ-आफ्ना पायकका घाटहरु सजिलो र लोकप्रिय हुन्छ । घाटका लागि नदीको बसेको किनार, दाउराको उपलब्धता, सडक तथा सामान्य खाजानास्ताको सुविधा भएको होटल भएको ठाउँलाई मान्न सकिन्छ । यसरी हेर्दा रानीघाट र राम्दीको घाटलाई अझ ब्यवस्थित गरी विद्युतीय शवदाहन गृहको रूपमा विकसित गर्न सक्ने हो भने यी घाटले बगनासकालीबाहेक स्याङ्जा र पाल्पाका धेरै क्षेत्रको लोकप्रिय घाटको रूपमा विकसित गर्न सकिन्छ ।

२.६ शालिग्राम पाइने एक मात्र नदी

हाम्रा कतिपय नदीहरु उत्तरको तिब्बतबाट सुरू भई नेपालको भूगोल हुँदै भारतको गंगामा पुगेर मिसिन्छन् भने कालीगण्डकीको विशेषता यस्तो छ कि जुन नेपालबाट सुरू भई देवघाटमा पुगी त्रिशुली नदीमा विलय हुन गई नारायणीको नाममा त्रिवेणी भैसालोटन हुँदै सीमापार पुग्दछ अनि भारतमा गङ्गा नामले चिनिदै कालान्तरमा गङ्गा सागरमा गएर मिसिन्छ । कालीगण्डकीको बालुवामा सुन भेटिन्छ । सुन र शालिग्राम खोज्नेहरुको संख्या कहिले पनि कम हुँदैन कालीगण्डकी नदीमा ।

श्रीस्वस्थानी व्रतकथामा पतिव्रता वृन्दाले श्राप दिएकीले भगवान् विष्णु कालान्तरमा शालिग्राम बन्नु परेको कुरा उल्लेख भएकाले शालिग्रामलाई हिन्दू धर्मावलम्बीहरुले भगवानको अवतारको रूपमा आस्था र विश्वास राख्ने गरेको पाइन्छ । यसरी शालिग्रामको विशेष महिमा रहेकाले यसको नित्य पूजा गर्नाले पनि करोडौँ यज्ञको फल मिल्ने धार्मिक विश्वास अद्यापि रही आएको छ । औसतका ढुङ्गाभन्दा वजन बढी अर्थात् गह्रौँ वजन भएका भित्रीभागमा सुन लगायत धातु रहेको र भगवान् विष्णुको

हतियार सुदर्शन चक्रको आकार बनेको ढुङ्गा शालिग्राम हो । चार रङमा पाइने शालिग्राम मध्ये कालोको महत्त्व भएकाले दैनिक पुजा गर्ने चलन छ ।

मुक्तिनाथबाट निस्किने १ सय ८ धाराको पानी (मुस्ताङ जिल्लामा प्रख्यात मात्र होइन यसको पानी देवघाटसम्म आइपुग्दा) मुस्ताङ म्याग्दी, बाग्लुङ, पर्वत, स्याङजा, गुल्मी, पाल्पा, तनहुँ, नवलपरासी इत्यादि जिल्लाहरुका भूगोल हुँदै देवघाटसम्म आइपुग्दा विविध तवरबाट कालीगण्डकी लोकप्रिय रहेको पाइन्छ । कालीगण्डकीको पानी र यसले कुँदेर बनाएको शालिग्रामको महत्त्व नेपालमा मात्र होइन भारतीय हिन्दु धर्मावलम्बीहरु समेत आकर्षित हुने गरेका छन् ।

२.७ अन्य विविध महत्त्वहरू

कालीगण्डकीका अग्ला अग्ला गल्छी भएका स्थानमा अग्ला र लामा झोलुङ्गेपुलहरु, यान्त्रिकपुल, बञ्जीपुल, जीपलाइन केबलकार आदिजस्ता साहसिक पर्यटकीय आर्कषणका संरचना निर्माण गरी आन्तरिक तथा विदेशी पर्यटकहरुलाई आकर्षण गर्न सकिने र कालीगण्डकीमा हुने जलयात्रा एक अर्को रोमाञ्चक पर्यटकीय गन्तब्यका रूपमा स्थापित गर्न सकिने सम्भावना छ । जलयात्राबाहेक कालीगण्डकीको तिरैतिरको यात्रालाई नेपालको धार्मिक पर्यटनको लागि विशाल सम्भावनाको रूपमा लिन सकिन्छ । किनभने त्रिवेणी धामतिरबाट अर्थात् तराईको प्रचण्ड गर्मीबाट सुरू हुने यात्राको उद्देश्य मोक्ष प्राप्ति मात्र नभई गर्मी छलिने समेत हुन्छ । कालीगण्डकी करिडोरको बाटो खोल्नाले यसका लागि अझ सहजता प्रदान गरेको मात्र छैन कि नदिबाट सिर्जित सभ्यता र अन्य पर्यटकीय केन्द्रहरु, होम स्टे लगायतका अन्य थुप्रै सुविधाहरुको विकास हुन सकेमा सुनमा सुगन्ध हुने देखिन्छ ।

३. कालीगण्डकीका चुनौतीहरू

१. कालीगण्डकी सभ्यता मानव सभ्यतासँग जोडिएको र आफ्नो परिचय र पहिचान नासिँदै गइरहेको चिन्ता जनसमुदायमा ब्याप्त भइरहेको छ । विगतमा कालिगण्डकीको विविध महत्त्वलाई नासिन नदिई सुरक्षित गरिराख्नका लागि 'सेभ कालीगण्डकी' अभियान समेत चलाइसकिएको छ । 'सेभ कालीगण्डकी' अभियानले तत्कालिन समयमा निकै तरङ्ग उत्पन्न मात्र गरेको थिएन विश्वको ध्यानाकर्षण गर्न सफलता पाएकोसमेत थियो ।

२. कालीगण्डकी नदीका निश्चित क्षेत्रहरुमा चलेको गैरकानुनी दोहनबाट यसको

सभ्यतामा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पर्ने तथा महिमा नासिने अवस्था सिर्जना भएको देखिन्छ । नदिको दोहनबाटै हाम्रो धर्मसंस्कृति मेटिने मात्र नभई पहिचान र सभ्यता समेत मेटिदै नजाला भन्न सकिँदैन । अभियानले कालीगण्डकीको महिमा, पहिचान र सम्पदाप्रतिको दायित्त्वबोध समेत गराएको देखिन्छ । अभियानले मानव सभ्यता, सम्पदा र पहिचानको लडाइँमाथि विजय हासिल गराएको छ । खासमा कालीगण्डकी नदी मानव सभ्यता र पहिचानसँग जोडिएको छ । आज हामी यस कालीगण्डकी क्षेत्रका मानिसहरु जुन अस्तित्वमा बाँचिरहेका छौँ/छन् ती सबै कुराहरुको पारिस्थितिक नदी प्रणाली चलेको भनेकै 'कालीगण्डकी नदी' हुनुले हो । यदि कालीगण्डकी नदी नभएको भए यस क्षेत्रमा अहिलेको अवस्थाको मानव सभ्यता निश्चय नै रहँदैनथ्यो ।

३. गाउँघरमा अहिले पनि जिवित रहेका परम्पराहरु जस्तो कि हरेक खाले धार्मिक शुभकार्य र विविध गतिविधिका लागि कालीगण्डकी नदीको जल र शालिग्राम अनिवार्य छ। ती बिना कुनै पनि पूजाआजा चल्दैचल्दैन भन्दा हुन्छ । हिन्दु धर्मावलम्बीहरुले शालिग्रामलाई भगवान विष्णुको अवतारको रूपमा पुज्ने गर्दछन् । कालीगण्डकी नदीको अस्तित्त्वलाई नजोगाइ मास्दै जाने हो भने अहिलेसम्म विकसित भएका सारा संस्कृति, पहिचान र सभ्यता बिस्तारै हामीबाट विलीन भएर जानेछन् ।

४. जलाधार क्षेत्र तथा पारिस्थितिक प्रणालीको निरन्तरता : एउटा महत्त्वपूर्ण कुरा कालीगण्डकी नदी हिमाल, पहाड, तराईको जलाधार क्षेत्र पनि हो । किनकि कालीगण्डकी नदी नहुने हो भनेदेखि सोक्षेत्र वरपरका बस्ती, जङ्गल, फाँट र गुम्बजका क्षेत्रहरु सबै सुख्खा हुन गई पर्यावरणमा नकारात्मक असर पर्नेछ । थुप्रै मुल, खोला, ताल, पोखरीहरु बिस्तारै बिस्तारै सुख्खा हुनेछन् । थुप्रै जलचर जीवजन्तु र प्राणीहरुको अस्तित्व संकटमा पर्नेछ । कालीगण्डकी तटीय क्षेत्र सुख्खा, मरूभूमि जस्तो बलौटे र बञ्जर क्षेत्रमा परिणत हुनेछन् ।

५. नदीको अनधिकृत दोहन, ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्य तथा असीमित उत्खननका कारण थुप्रै बस्तीहरु डुबानमा पर्ने, नदीको बहाव परिवर्तन हुने, बस्तीहरु जोखिममा पर्दै जाने अवस्थामा छन् । अनधिकृत उत्खननकै कारण कतिपय क्षेत्र कुरूप र बन्जर बनिरहेको मात्र छैन कि धेरै बस्तीहरुमा जोखिम

थपिँदै र बढ्दै गइरहेको समेत छ । धेरै धार्मिक तीर्थस्थल, मठमन्दिर, पुल र घाटहरु दोहनकै कारण धरापमा परेर, विस्थापित हुने अवस्थामा पुगेकाले भोलिका निम्ति निम्त्याउने चुनौती र खतराहरु अकल्पनीय छन् । जस्तो कि यस्तै अवस्था रहिरहेमा अबका १२/१५ वर्षमै कालीगण्डकी नदी गहिरो गल्छीमा परिणत नहोला भन्न सकिँदैन । यसरी गल्छी बन्न पुगेमा ठूल्ठूला माछा लगायत सामुहिक जीवहरु बहँदैबहँदै आउने सम्भावना टर्छ र जैविक विविधतामा नकारात्मक असर पर्न सक्छ । त्यसै गरी यस क्षेत्रको सभ्यता, संस्कृति पुरै लोप भएर जान सक्ने खतरा बढ्दै जान्छ । त्यसका साथै सेती नदीजस्तो खौँच बन्यो भने धार्मिक तवरले स्नान, मेला, उत्सव, घाट लगायतका कुराहरुको सुविधा सब खोसिएर सभ्यता, धर्म संस्कृति लोप हुने अवस्था नआउला भन्न सकिँदैन ।

६. अहिले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा निकाल्न हिउँद बर्खा नै डोजर र एक्साभेटर (ठूला मेसिन) चलाइन्छ । यी कार्य पूरै अनधिकृत छन् । नेपालको कानुन अनुसार असार- साउन- भदौसम्म नदीमा डोजर लगाउन पाइदैन । त्यसै गरी गिट्टी, बालुवा निकाल्नु पर्यो भने पर्यावरणीय मूल्याङ्कन गरी निकाल्न सके जोखिम कम हुने अवस्था बनाउन सकिन्थ्यो ।

७. कालीगण्डकी र डाइभर्सन योजना - नेपाल सरकारबाट राष्ट्रिय गौरवको योजनाको नाम दिई स्याङ्जाको गल्याङ - १ मालुङ्गा र पाल्पाको रम्भा गाउँपालिकाको पिपलडाँडामा बाँध बाँधेर कालीगण्डकीको पानीलाई २७ किलोमिटर लामो सुरूङ्बाट दोभानस्थित तिनाउ नदीमा खसाउने र त्यहाँबाट पुनः ७ किलोमिटर लामो सुरूङ्बाट बुटवलको बेलवाससम्म पुऱ्याउने गरी निर्माण कार्यका लागि प्रस्ताव गरिएको तथा त्यसको पहिलो सुरूङ्को अन्तिम विन्दुमा पर्ने दोभानमा ५४ मेघावाट र दोस्रो सुरूङ्को अन्तिम विन्दुबाट ७२ मेघावाट बिजुली उत्पादन गर्ने लक्ष्ययुक्त योजना रहे पनि कालीगण्डकीको धार्मिक, पौराणिक तथा सांस्कृतिक लगायत विविध महिमा घट्न नदिनका लागि सेभ कालीगण्डकी अभियान समेत सञ्चालन भए जसका कारण यसको महत्त्वमाथि प्रहार हुन पाएको छैन ।

४. समापन

यसरी विविध महत्त्व बोकेको नेपाली जनजीवनको सभ्यता, संस्कृति, धार्मिक, पौराणिक तथा परम्परागत मान्यता र इतिहास, आर्थिक, पर्यटकीय आधारहरु बोकेको नदीको अस्तित्त्व विभिन्न कोणबाट खतरामा आइसकेको हुँदा ती सबै कुराहरुबाट जोगाई विभिन्न सबल पक्षहरुबाट यसको महत्त्व जोगाउँदै आर्थिक समृद्धिको ढोका खोल्न सकिन्छ । यसरी कालीगण्डकीमा हामीहरुका धेरै जीवन संस्कार कर्म चल्ने हुँदा वास्तवमा सारा नेपालीकै गौरव पनि हो । उसलाई विविध पक्षबाट जोगाइ विश्व सम्पदा सूचीमा राखिने पहल भएकाले यसको विविध पक्षका महत्त्व विश्व सामु ल्याई अन्तर्राष्ट्रिय रुपमा पहिचान, अस्तित्त्व र गौरवको विषय बनाइनु जरूरी छ ।

सन्दर्भ सामग्री सूची

१. काली गण्डकी सेरोफेरो र मुक्तिनाथ दर्शन - केबि मसाल - २०६८ फागुन २ ब्लग राप्ती समाचार डट कम

२. कालीगण्डकी बचाउ अभियानमा माधव घिमिरेको 'कालीगण्डकी' कविता (२०१५) थाहाखबर २०७८ असोज ३

३. कालीगण्डकीः पौराणिक महत्त्व, पर्यटनको आधार,दोहन र डाइभर्सन - आदर्श सञ्चार -हिरालाल रेग्मी

४. श्रीमद्भागवत् महापुराण (२०७३), पञ्चमस्कन्ध, गोरखपुरः गीताप्रेस ।

५. नेपालका केही नदी र तिनका उदगम स्थलहरु - युट्युब

विभिन्न समाचार, पत्रपत्रिका र विकिपिडियाबाट प्राप्त जानकारी, तस्विर तथा सामग्रीहरु ।

- लेखक तथा साहित्यकार



गणेश नेपाली

पोखराथोकको लालपाटी पहिले र अहिले

बगनासकाली गाउँपालिका विविध कला र सँस्कृतिको धनी मानिन्छ । यहाँ देशभरी नै चिनिएका विभिन्न पर्यटकीय स्थल र चर्चित ठाउँहरू अवस्थित छन् । ती लोकप्रिय ठाउँ मध्ये लालपाटी पनि एक हो ।

बगनासकाली गाउँपालिका वडा नं २ पोखराथोकमा पर्ने लालपाटी माँडी फाँटको काखमा सजिएर रहेको छ । पूर्वी सीमामा भैँसीपुर र भलुवा डाँडा । पश्चिम सीमामा गोर्सत टोल रहेको छ । जहाँ दुवै क्षेत्रमा कुमाल जनजातिहरूको बाक्लो बस्ती छ । दुई बाक्लो बस्तीको बीचमा रहेको एउटा (डाँडा) थुम्को नै लालपाटी हो । लालपाटी ठूलो क्षेत्रमा फैलिए पनि जम्मा सात घरको मात्र बसाई छ ।

अहिले तीन घर ब्राह्मण, तीन घर मगर र एक घर नेवार मात्र छन् । केही घर नेवारहरू ब्यापारको लागि बसाइ सरेर बाहिर गएको स्थानीय नुरबहादुर बगालेले बताउनुभयो । यहाँका सबै भन्दा पुराना न्यक्ति समेत रहनुभएका बगालेले भन्नुभयो "पहिले बटौलीबाट नुन, तेल र खाद्य बस्तु डोकोमा बोकेर आउने डोके बटुवाहरू यहीँ बास बस्थे । पाल्पा पूर्वी भेगका ताँहु, सर्देवा, रामपुर र पूर्वखोलाका सबै यहीँ बाटो भएर हिँड्थे ।

स्याङ्जा, पर्वत, पोखरा जाने पनि डोको भरी सामान बोकेर आउँथे । यहाँ एउटा ठूलो पाटी चौतारी थियो । साँझ घाम डुब्ने बेलैबाट यहीँ पाटीमा बास बस्ने भएरै लालपाटी भनिएको बुढापाकाहरूको मुखबाट सुनेको बगालेले बताउनुभयो ।

यहाँका बासिन्दाको अहिलेको मुख्य पेशा कृषि नै हो । खेती योग्य जमिन भएकाले पनि धान, मकै र गहुँ मुख्य रूपमा लगाउँछन् । कतिले अहिले तरकारी खेती पनि गर्छन् । प्राय सबैको पाँच देखि दश रोपनी सम्म खेत र बारीहरू छन् । खेतहरू हरियाली देखिए पनि बारीहरू बाँझा देखिन थालेका छन् ।

यहाँ पढ्नका लागि टोलमै विगतमा जनता प्राथमिक विद्यालय भएता पनि विद्यार्थी कम भएकाले तीन/चार वर्ष अगाडि माथिल्लो टोलमा सारेर लगेको सीता न्यौपाने बताउनुहुन्छ । अहिले भएका बालबालिकाहरू दमकडा र सराइ पुग्छन् पढ्नका लागि ।

यहीँ लालपाटीमा वर्षौंदेखि गोबिन्दबहादुर सारूले सानो किराना पसल राख्नुभएको छ । बा ले पहिलै देखि चलाएको पसल अहिले आफुले बा को बिडो धानेको उहाँको भनाइ छ । घरहरू थोरै भएकाले न्यापार त्यति हुँदैन । त्यै पनि सबैलाई सुबिधा भएको छ । माडी फाँटका खेतमा काम गर्न झर्नेहरूलाई पनि सजिलो भएको छ । उहाँ टोलमा सक्रिय हुने मान्छे भित्र पर्नुहुन्छ । टोलमा हुने समस्या र सुखदुःखमा सधै उहाँ अगाडि सर्नुहुन्छ । टोलका समस्या लिएर वडा र पालिका पनि धेरै पटक पुग्नुभएको छ। गाउँकै विभिन्न योजनामा बसेर पनि काम गरिरहनु भएको छ।

लालपाटीको फागु

लालपाटीको मुख्य बिशेषता फागु पूर्णिमामा हुने मेला हो । यहाँ प्रत्येक बर्ष फागु पूर्णिमाका दिन पाल्पा लगायत विभिन्न जिल्लाबाट पनि मान्छेहरू जम्मा हुन्छन । एकदिन मात्र हुने मेलामा चारैतिरबाट युवायुवतीहरू जम्मा भएर रङ्ग दलेर र नाचेर रमाइलो गर्दछन् । मेलाका दिन न्यापार गर्न तानसेन र वरिपरिबाट खिच्रीमिच्री सामान बोकेर न्यापारी ओइरिन्छन् । स्थानीय गोबिन्द सारू भन्नुहुन्छ,"रमाइलो गर्न मेलामा माथागडी, डाँडाडुम, सपाङ्गदी र चिर्तुङ्गधारा बाट झाम्रे,ठूलो नाँच र रौराहरू लिएर आउथे । अचेल अलि कम भएको छ । न्यापार गर्नेहरू पनि विभिन्न सर-समान सहित आउथे । केटाकेटीलाई खुशी पार्ने सामान र खानपिनका सामान मेलामा बढी हुन्थे । यो दुई बर्ष कोरोनाको कारणले मत्थर भयो । आगामी दिनमा न्यवस्थित गर्नेछौ ।"

लालपाटी मेलामा रमाईलो संगसंगै भक्तिभाव र शिव आराधनाको आस्थाले पनि मान्छे उपस्थित हुन्छन् । यहाँ सानो पोखरीको दह थियो । शिवजीको मन्दिर, ठूलो स्वामीको रूख अहिले सबै जीर्ण भैसके । स्वामीको ठूलो रूख पनि तीन बर्ष अगाडि ढल्यो । धेरै कुरामा ब्यवस्थापन गर्न पर्ने सारूको भनाइ छ ।

गत बर्ष वडाको बजेटबाट होलीकाको मन्दिर स्थापना गरिएको छ जुन आधा काम मात्र सकिएर रोकिएको अधुरो छ । यसै बर्ष बजेट परे पूरा गर्ने स्थानीयको योजना छ । एकैदिन लाग्ने मेलामा थुप्रै मान्छेहरू जम्मा हुन्छन् । ब्यापारीहरू पनि धेरै आउछन् । ब्यापारबाट निस्केका फोहर ब्यस्थापन गर्न स्थानीय थोरै भएकाले गाह्रो हुन्छ । परापूर्वदेखि नै चलेको यो मेला चलाउने कुनै संघ संस्था छैनन् । क्लबहरू पनि छैनन् । त्यसरी नै वडाले पनि नसघाउने भएकाले ब्यवस्थापनमा अझै गाह्रो भएको स्थानीय चुरामणि न्यौपानेले बताउनुभयो ।

त्यसरी नै लालपाटीको तल्लो बस्ती र खेतहरूमा भेल र खहरे पसेर सताइरहन्छ । यस्ता समस्याहरू समाधान हुन सके राम्रो हुने थियो । परापूर्वकाल देखि नै चलि आएको होली पर्वको जगेर्ना र स्थानीय लालपाटीको विकासमा टेवा पुऱ्याउन सके बगनासकालीको एउटा पुरानो ऐतिहासिक धरोहरलाई सबैको सामु चिनाइरहन सकिने छ ।

- लेखक तथा साहित्यकार

झपेन्द्र गहिरे

विशिष्ट महत्व बोकेका पोखराथोकका मठमन्दिरहरू

पाल्पा जिल्ला मठमन्दिर, देवीदेवताका कलाकृति र धार्मिक, सांस्कृतिक केन्द्रको धरोहर हो । जसका कारण पाल्पा जिल्लालाई धार्मिक क्षेत्रका रुपमा पनि गणना गरिन्छ । प्रमुख चार धाममध्येकै एक रुरुक्षेत्र रीडिको ऋषिकेशव मन्दिर, सर्वाधिक चर्चामा आएका भैरवस्थानको भैरव मन्दिर, सिद्धबाबाको मन्दिर, नेपाली राष्ट्रियतासँग जोडिएको तानसेनको भगवती मन्दिर, नारायण मन्दिर, रम्भाको रम्भापानी, रामपुर रामघाटको लक्ष्मीनारायण मन्दिर, सीताकुण्ड, पश्चिम पाल्पा मुभुङ्को कालिका मन्दिर, बराङ्दीको शिवालय, दर्लम महाकाली लगायत दर्जन बढी मठमन्दिर रहेको पाल्पा जिल्ला धार्मिक, सांस्कृतिक क्षेत्रका रुपमा चर्चित छ भन्दा अन्यथा नहोला । तर यहाँ भने बगनासकाली गाउँपालिका वडा नं. २ पोखराथोकस्थित मठमन्दिर र कलाकृतिको बारेमा चर्चा गर्न खोजिएको छ ।

तानसेन सदरमुकामदेखि १४ कि.मी. दूरीमा रहेको माडी क्षेत्रका रुपमा गणना गरिने पोखराथोक जनसंख्या र भूगोलका हिसाबले सानो क्षेत्र भए तापनि धार्मिक र सांस्कृतिक क्षेत्रका रुपमा परम्परादेखि नै लिने गरिएको छ । पोखराथोकमा साविक ७ नम्बर वडाको रञ्जिका देवी मन्दिर, जसलाई प्रमुख मन्दिरका रुपमा हेरिने गरिन्छ । यसै गरी अन्य महत्वपूर्ण र चर्चित मन्दिरहरुमा साविक वडा नं. २ अमराईको शिव पार्वती मन्दिर, साविक वडा नं. १ नौविसेको जन शिवालय मन्दिर, साविक ८ छतिवनको हरिकला मन्दिर, कालिका मन्दिर रहेका छन् । यी मन्दिर बाहेक पनि स्थानीय तहबाट

पुजिँदै र मानिँदै आएका अन्य मन्दिरहरुमा देउराली मन्दिर, ढड्यानको भिमसेन मन्दिर, गोफेकको चण्डीस्थान मन्दिर समेत ठूलै संख्यामा यहाँ रहेका मठमन्दिर, नित्य गरिने पूजा आराधनाले पनि यहाँको धर्म संस्कृतिलाई प्रष्टसँग झल्काउन सक्दछ । जसका कारण यस क्षेत्रलाई धार्मिक दृष्टिले अब्बल क्षेत्रका रुपमा लिइने गरेको छ । आ-आफ्ना जातीय संस्कृतिका कुलायन, गुठपूजा पनि यहाँको संस्कृतिको अर्को नयाँ पाटो हो भन्न सकिन्छ । तर पनि केही मठमन्दिर जुन परम्परादेखि धार्मिक आस्था र विश्वासका साथ स्थापित छन् । तिनको यहाँ सामान्य चर्चा गर्न खोजिएको छ ।

(क) रञ्जिका देवी मन्दिर

यो मन्दिर पुरानो र चर्चित मन्दिर मानिन्छ । वि.सं. १९५८ सालमा स्थापित यसको आफ्नै गरिमा र महत्त्वरहेको छ । सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्डको पोखराथोक बस स्टपदेखि तीनसय मिटरको दूरीमा रहेको देवीस्थानको रञ्जिका मन्दिर निर्माणमा रोचक पक्ष पनि रहेको छ । यहाँ बसोबास गर्दै आएका नेपाल थर वंशजका त्रिलोचन नेपाल धार्मिक प्रवृत्तिका व्यक्ति जो देवीका भक्त पनि थिए रे । उनलाई एक दिन सपनामा देवी प्रकट भई म शक्तिकी कुञ्ज देवी हुँ । म फलानो स्थानको रुखमुनी रहेकी छु । यहाँको सबै दुःख कष्ट मोचन गर्न मैले भनेको स्थानमा गई मलाई खोज्नु भनेपछि पण्डित त्रिलोचन नेपाल विहान सबेरै उठी स्नान गरी सपनामा भनिए अनुसारको स्थानमा गई जमिन उत्खनन् गरिँदा देवीको शिला प्राप्त भएछ । सपनाको कुरा विपनामै सार्थक भएपछि उनले शिलाको पूजापाठ गरी एउटा भव्य मन्दिर निर्माण गर्ने सोंच बनाएछन् । जुन सबैका लागि पायक पर्ने र धार्मिक दृष्टिले पनि उपयुक्त स्थान हुन आवश्यक देखियो । जसको बारेमा सबैसँग सरसल्लाह गर्दा हालको देवीस्थानलाई उपयुक्त स्थान मानियो तर जग्गा स्थानीय झवाली वंशजहरुको रहेछ । पण्डित नेपालले उक्त जग्गा किन्न माग्दा झवालीहरुले देवीका लागि जग्गा विक्री नगर्ने तर सबैका लागि हुने गरी जग्गा दान दिन तयार भए, जग्गा दान गरे । जसअनुसार मन्दिर निर्माण भई झवालीहरुबाट तत्कालीन समयमा नित्य पूजापाठ थालियो । निरन्तर पूजापाठ हुँदै रहेका पुजेरीलाई गुठीको समेत व्यवस्था गरियो ।

२०७२ सालसम्म यही मन्दिरमा नित्य पूजा आराधना गर्ने अन्य धार्मिक कार्य गर्न थालियो । पुरानो मन्दिर बढी जीर्ण भएका कारण २०७२ सालमा मन्दिर रहेकै स्थानमा पुनः निर्माण गरी नयाँ बनाउने योजना अनुसार मन्दिर निर्माण सम्पन्न अवस्थामा आइपुगेको छ । यद्यपि सोचिए अनुसारको पौवा, फूलबारी र अन्य केही काम पूरा भइसकको भने छैन । यसको निर्माणमा सरकारी र संस्थागत रुपमा करिब नौ लाख

र अन्य इच्छुक व्यक्तिहरुको चन्दा र निर्माण सामग्रीबाट प्रारम्भ गरिएको बताइन्छ । पछिल्ला दिनमा यो मन्दिरमा विवाह, ब्रतबन्ध र अन्य धार्मिक अनुष्ठानहरु समेत गराइने योजना रहेको छ ।

(ख) अमराई शिव पार्वती मन्दिर

पोखराथोक साविक २ अमराईका उत्साहित युवाहरुको पहलमा स्थानीयहरुको धार्मिक भावना अनुसार मन्दिर स्थापनाको प्रयास गरिएको हो । २०५३ सालमा शुरु गरिएको मन्दिर निर्माणमा आर्थिक कठिनाइले केही ढिला हुन गयो । वडा कार्यालयको चार लाख, सांसद सोमप्रसाद पाण्डेको ५० हजार र स्थानीय चन्दादाता आदिबाट नयाँ स्वरुपको मन्दिर निर्माण प्रारम्भ भएको छ । सम्पन्न हुने अवस्थामा आइपुगे पनि केही आर्थिक कारणले पूर्ण हुन नसकेको मन्दिर व्यवस्थापकहरुको भनाइ रहेको छ । जेहोस्, यो क्षेत्रका जनताहरुका लागि विशेष महत्वको यो मन्दिरमा शिवरात्री, कृष्ण जन्माष्टमी, जनैपूर्णिमामा मेला लाग्ने, भजनकीर्तन गर्ने गरिन्छ । यसलाई पनि पोखराथोकवासी र आसपासका क्षेत्रका जनताले महत्वपूर्ण मन्दिरका रुपमा लिने गर्दछन् ।

(ग) नैबिसे स्थित जन शिवालय

खासगरी पोखराथोकको तल्लो भाग साविक वडा नं. १, ३, ४ र ५ का लागि आवश्यक मानिएको यो मन्दिर २०४८ सालमा स्थापना भएको बताइन्छ । स्थापनाका हिसाबले पुरानो नभए तापनि महत्वका हिसाबले जन शिवालय मन्दिर चर्चित मन्दिरका रुपमा पर्दछ । कृष्णबहादुर राना, उदय थापा, टुलबहादुर, लालबहादुर, टुकसिं कुँवरको विशेष जोडमा स्थापित यो मन्दिर स्थापना गर्दाको अवस्था पनि रोचक नै छ । माडी फाँटमाथिको खुला चौर जहाँ शुरुका दिनमा मरेका डिँगावाच्छा फाल्ने स्थल बनेको रहेछ । खेतमा धान-पराल गर्न जानेहरुका दृष्टिमा यसको व्यवस्थापन कसरी होला भन्ने चिन्ताको विषय बनेछ । माथि उल्लेख गरिएका व्यक्तिहरुको भेला बसेछ । यो सार्वजनिक जग्गा फोहर नफाल भनेर कसैले टेर्ने रहेनछन् । उनीहरुले जुक्ति निकालेछन्, यहाँ एउटा सुन्दर मन्दिर बनाउने हो भने फोहर फाल्न, मरेका चौपाया आदि फाल्न पनि रोकिने र मगर र कुमाल आदिवासीको संख्या अधिक रहेको यो क्षेत्र हराभरा पनि हुने, मन्दिरमा पूजा आराधना पनि गर्न पाइने निक्यौंल पछि २०४८ सालमा मन्दिर स्थापना थालियो ।

मन्दिर निर्माणका लागि वडाले ४० हजार विनियोजन गरेछ । भव्य यो मन्दिर निर्माण गर्न ठूलै बजेट चाहिएछ । स्थानीयको माग अनुसार माननीय मन्त्री वीरबहादुर

रानाको पहलमा रु. ३५ लाखबाट मन्दिर निर्माण सम्पन्न भयो । तर डि.पी.आर. गरी थालिएको काम वाल उद्यान र अन्य धार्मिक प्रतिष्ठान आदिका लागि बजेटका कारण अपुरो रहेको उनीहरुको भनाइ रहेको छ । नित्य पूजा आराधना गरिने उक्त मन्दिरमा गुठी आदि नहुँदा स्थानीयको चन्दा र दानभेटीबाटै नित्य पूजा चलाइरहेको बताइन्छ । तीज, शिवरात्री आदिमा खचाखच भीड लाग्ने यो स्थान सडक यातायातका कारण पनि रमणीय र आकर्षक बन्दै गएको छ ।

(घ) छतिवनबोटको हरिकला मन्दिर

यो मन्दिर सोचेजति रुपले ब्यवस्थापन हुन सकेको छैन । नयाँ निर्माणले गति पनि लिएको देखिँदैन । तर यसको साइनो सिङ्गो बगनासकालीसँग रहेको छ । बगनासकाली गाउँपालिका बगनास देवी र कालीगण्डकीको नामबाट निर्मित गाउँपालिका हो । बगनासकालीको चापपानीमा पर्ने बगनास देवीका चार बहिनी मध्येकी एउटी बहिनी यो क्षेत्रमा रहेको हुँदा यसको मान्यता पनि रहेको छ । तर निकै पुरानो भए पनि ठ्याक्कै कहिलेदेखि मन्दिर बन्यो, पूजा आराधना थालियो त्यस्तो तथ्याङ्क देखिँदैन । अन्य मन्दिरमा जस्तै बजेट प्राप्त हुन सके मर्मत सम्भार गर्ने सोंच छतिवनवासीहरुको रहेको छ । पशु चौपायामा रोगब्याधी लाग्न नदिने र चिर्को पर्नबाट यस क्षेत्रमा रोक्ने हरिकला मन्दिरकी देवीको विशेषता मानिन्छ । साविक वडा नं. ८ र ९ का जनताको विशेष महत्त्व र पायक पर्ने यो मन्दिर निर्माण हुनुपर्ने र ब्यवस्थापन गुठी आदि आवश्यक रहेको भनाइ उनीहरुको रहेको छ । यस बाहेक कालिका मन्दिर पनि अस्तित्वको खोजीमा रहेको छ ।

यसरी यस वडामा धार्मिक विश्वास र क्रियाकलापले सबैको मन जित्न सफल भए तापनि कतिपय क्षेत्रमा आर्थिक समस्या देखिन्छ । स्थानीय वडा, पालिका, प्रदेश सरकारको ध्यान जान र यस्ता अमूल्य निधिको मर्मतसम्भार गर्न आवश्यक देखिन्छ । धर्म भनेको विश्वास हो, जसले आत्मसन्तुष्टि त दिन्छ नै । मानिसलाई अनुशासनमा राख्ने, मनोरञ्जन दिनेसमेत भएकाले पनि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ । कतिपय लोक संस्कृति लोप हुने अवस्थामा छन् भने पूजा, आ-आफ्ना कुलायन, डहर पूजा, नेवार-झगा आदिको संस्कृति अनुसारको पूजाआजा सबैको संरक्षणको आवश्यकता छ र यिनैको पर्खाइमा रहेका छन् यहाँका यी अमूल्य निधिहरु । अन्य मठमन्दिरको पनि क्रमशः चर्चा-परिचर्चा गर्दै जानेछु ।

- पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ पाल्पा

तुल बहादुर गाहा

चिर्तुङधाराका धार्मिक तथा साँस्कृतिक स्थलहरू

हाम्रो समाजमा परापूर्वदेखि विभिन्न देवदेवीहरूको पूजापाठ गरिँदै आइरहेको पाइन्छ । यस्तो पूजापाठले एक आपसमा शान्ति मेलमिलाप, सद्भाव र सहिष्णुता बढाउने गरेको पाइन्छ । बगनासकाली गाउँपालिकामा मगर समुदायका न्यक्तिहरूबाट गरिने संस्कार संस्कृति झल्किने उदाहरणीय समुदाय भित्र रहेको जानकारहरू बताउँछन् । मगर समाजमा कुनै न कुनै अवसरमा महिनै पिच्छे हन्यालो, श्याममाई, भीमसेन, वनस्पति, कुलायन, भूतप्रेत, समीक्षा (बारना), वुध बराजु, पूर्बेलीलाई कुखुरा, बंगुर, बोकाको बलि दिने चलन रहेको पाइन्छ । साथै यहाँ बसोवास गर्ने सबै जातजातिहरूले पनि आफ्नै संस्कार र मान्यता अनुसर पुजाआजा गर्दै आएका छन् । यस आलेखमा बगनासकाली १ चिर्तुङधारा भित्रका गाँउ टोलका मठ मन्दिरहरू बारे संक्षिप्त जानकारी दिने प्रयास गरिएको छ ।

चण्डीथान

यहाँका गाउँटोलटोलमा आ-आफ्नो जातजाती अनुसार पक्की चण्डीथान स्थापना गरिएका छन् । वैशाख पूर्णिमा बलि पुजा नगरिने हुदाँ अघिपछि चण्डीपूजा गरिन्छ । वैशाख पूर्णिमालाई विशेष महत्त्वका पर्वको रूपमा मनाउने चलन रहेको पाइन्छ ।

सन्तोक वौद्ध गुम्बा

चिर्तुङधारामा अवस्थित नेपाल मगर संघौ सन्तोक वौद्ध गुम्बा २०५२ सालमा स्थापना भएको अभिलेखमा उल्लेख रहेको पाइन्छ । हाल यस मन्दिर संरक्षक(अध्यक्ष) रूपमा चन्द्रदेवी चिदी रहनु भएको छ । वौद्ध गुम्बाले एक रोपनी जगामा तारजालीले घेरिएर रहेको छ । तारजालीभित्र दुईवटा ठूला ठूला वर र पिपल छन । साथै मन्दिरको सेरोफेरोमा ठूलाठूला समी, आँप, लाकुरी, सिमल छन् भने श्री दीप प्राथमिक बिद्यालय.पनि रहेकोछ । यस मन्दिरमा पुग्न सजिलो ढलान पक्की बाटो गत आ.व.२०७८/०७९ को १ नम्बर वडा कार्यालयबाट विनियोजित २ लाख बजेटबाट बाटो निमार्ण गरि मन्दिरसम्म पुग्न सहज भएको छ । मन्दिर भित्र ३ वटा ठूलो सानो गरी गौतम वुद्धको प्रतिमूर्ति स्थापना गरिएको छ । मन्दिरको गजुर एक फुटको छ, हरेक वर्षको वैशाख पूर्णिमाको दिनमा पूजाआजा गर्न घुँइचो लाग्ने गर्दछ ।

गणेश मन्दिर

राईडांडा, घ्याङसिडांडा, बर्भा गणेश मन्दिर छ । प्रत्येक मंगलबारको दिन स्थानीय बासिन्दा दर्शन आराधना गर्न घुँइचो लाग्ने गर्दछ । राईडाँडाको गणेश मन्दिर स्व.चन्द्र बहादुर श्रेष्ठले स्थापना गरेको अभिलेखमा पाइन्छ । सिद्धार्थ राजमार्ग छेउमा रहेको यस मन्दिरमा सवारी चालक र यात्रुहरूले समेत दर्शन गर्दछन्, मनोकांक्षा पुगोस् भनेर मनमनमा कामना गर्ने गरेको पाइन्छ ।

कालिका देवी मन्दिर (पिप्ले)

वि.स.२०५८ सालमा स्थापना भएको कालिका देवी(पिप्ले) लाई पिपल, रूद्राक्ष, समीले घेरिएको छ । रू.५२,३५५। रूपैँयाको लागतमा निर्माण र रू.१२,०००। बराबरको मूर्ति दण्डपाणि न्यौपानेबाट भएको हो । कृष्णलाल न्यौपाने, कृष्ण प्रसाद पाण्डेय र सूर्य प्रसाद पाण्डेयले मन्दिरको कर्मकाण्ड गर्दै आउनुभएको छ । मन्दिरको परिसर नजिक पौवाको चौडाई ५ मिटर लम्बाइ ३० मिटर रहेको छ । मन्दिरभित्र श्रीकृष्ण, दुर्गामाई, कालिकादेवी महादेव, गणेश छन् भने बाहिर सातवटा घण्ट, भक्तजनको लागि ट्रष्ट छन् । मनोकांक्षाको लागि वर भाकल माग्दछन् गर्दछन् । चैत दशैं र विजयादशमीद दिन भक्(त्तजनहरूको घुँइचो लाग्ने गर्दछ । मन्दिरको परिसरमा पिप्ले आमा समूहको भवन छ ।

भैरव मन्दिर(चिलाङ्दी)

चिलाङदीमा अवस्थित पाल्पाको रिब्दिकोटमा रहेको भैरब मन्दिरको शाखाको रूपमा वि.स.२०४३ सालमा लेप्टेन सा.मान बहादुर रानाको सक्रियतामा स्थापना भएको हो । मन्दिरभित्र शिवजी माइदेवी, गणेश, कालिका, भैरवको प्रतिमूर्ति रहेका छन् र हरेक दिन खुल्ला रहने गर्दछ । भित्र बाहिर ध्वजा लिङ्गोको थुप्रो, ठडिएको छ । मभ्कौलादेखि साना साना १० वटा घण्टहरू र त्रिशुल मुण्डिएको थुप्रो, ठडिएको छ । यो मन्दिर स्थापना भएको पहिलो पटक स्थानिय जीतबहादुर रानाले आफ्नो वर पूरा भएकोमा भाकल (पञ्चबलि) दिएका थिए ।

मन्दिरको परिसरमा लाकुरी, बाँस, सल्ला, चिलाउने, बेलौती इत्यादिले घेरिएको छ । चिलाङदी भंज्याङ् मोटरबाटोबाट भैरव मन्दिर जाने बाटो सिँढी ढलान १ लाख ५० हजारले १२५ मिटर निर्माण भएको संरक्षक मान बहादुर रानाले बताउनुभयो । मंसिर, पुस, माघ र वैशाखमा वर माग्न र पञ्चबलि दिन वीरकोट, ताहुँ, चापपानी लगायत विभिन्न ठाउँबाट आउने गरेको यमबहादुर अधिकारीले बताउनुभयो ।

शिव मन्दिर(भलुवाचौर)

बाहिर पशुपतिको बाहनभित्र शिवलिङ्ग नाग सहित रहेको छ । मन्दिर २०६३ तिर ढाई रोपनी जग्गामा स्थापना भएको छ । मन्दिरको अगाडि ५ किलोको घण्ट र अरू सानातिना ५ वटा छ । वरको रूख र सामुदायिक वन, महिला समूह भवन र ट्रष्टले घेरेको छ ।

त्यसैगरि चिर्तुङधारामा अन्य विशिष्ट महत्त्व बोकेका मन्दिर, गुम्बा र चर्च छन् । पिप्ले कालिका मन्दिर पिप्लेको पनि आफ्नै बिशिष्ट पहिचान रहेको छ । त्यस्तै लक्ष्मी नारायण मन्दिर धाङसिङडाँडाको पनि पुरानो इतिहास छ । भिमसेन मन्दिर बगनास, गणेश मन्दिर बगनासको पनि आफ्नो बेग्लै पहिचान र आस्था रहेको छ । शिव मन्दिर बर्भा, चण्डीयानी मन्दिर माडी, गोरखनाथ मन्दिर गावुटुङ, कालिका मन्दिर गावुटुङ गणेश मन्दिर राईडाँडा पनि चिर्तुङधारा भित्र विशेष महत्त्व रहेका मठमन्दिर हुन् । यी मठमन्(दरहरूमा विभिन्न समयमा पूजाआजा तथा मेला हुने गर्दछन् । यसबाहेक अन्य धेरै मठमन्दिर र धार्मिक तथा साँस्कृतिक स्थलहरू यहाँ रहेका छन् । जसको आफ्नो बेग्लै पहिचानसमेत रहेका छन् । साथै चिर्तुङधारामा क्रिश्चियन धर्मालम्बीहरूको चर्च पनि रहेको छ ।

- सदस्य बगनासकाली पत्रकार समूह

देव पचभैया

टाँकीचउरे मगरी पञ्चे बाजा: संस्कृति संरक्षणसँगै आर्थिक टेवा

बिवाह बर्तबन्ध जात्रा लगायतका शुभकार्यहरूमा पञ्चे बाजा बजाइन्छ । पहिलेदेखि दमाई समुदायले मात्र बाजा बजाउने गरेकोमा अहिले अरू जातिका युवाहरूले पनि ब्यवसायिक रूपमा बाजा बजाउन थालेका छन् । धादिङ जिल्लामा ब्राह्मण बाजा नाम दिएर ब्राम्हण समुदाय नै पञ्जेबाजा बजाएर हिँड्छन् । यस्तै महिलाहरूको पनि पञ्चेबाजा समूह विभिन्न ठाउँमा छ । बगनासकालीको वडा नं. ७ टाकीचौरका मगर जातिका युवाहरूले पनि ब्यवसायिक रूपमा पञ्चेबाजा बजाउदै आएका छन् ।

पञ्चे बाजा (पञ्चबाजा, पञ्चैबाजा) अथवा पाँच बाजाहरुको समुहको रूपमा लिइन्छ । पञ्चेबाजामा दमाहा, भ्याली, ट्याम्को, ढोलकी र सहनाई पर्दछन् । पञ्चे बाजा, नेपाली धार्मिक एवम् साँस्कृतिक बाजाको रूमपा परिचित छ । यो बाजा खासगरि विवाह, व्रतवन्ध, चाडवाड जात्रा संस्कृति आदिमा बजाउने गरिन्छ । पाल्पामा रोपाइजात्रा, भगवतीजात्रालगायत विभिन्न जात्राहरूमा पनि पञ्चेबाजा बजाउने गरिन्छ ।

पहिलेदेखि दमाइ समुदायले यो बाजा बजाउँदै आएका छन् । अहिले पनि उनीहरूले पञ्जेबाजा बजाउँछन् । तर पछिल्लो समय देशका विभिन्न स्थानहरूमा अन्य जातिका युवा र महिलाहरूले पनि यो बाजा ब्यवसायिक रूपमा बजाउन थालेका छन् ।

बगनासकालीमा पञ्चेबाजा

पहिले मनोरञ्जनका उपाय कम थिए । बिवाह, भोजभतेर, धार्मिक सांस्कृतिक कार्यक्रम अनि मेला

पर्वहरूमा पञ्चे बाजाकै खोजी बढी हुन्थ्यो त्यसैले पनि हरेक दिनजसो डाँडापाखाहरूमा पञ्चेबाजा घन्केका आवाज सुनिन्थ्यो ।

अहिलेको बगनासकाली गाउँपालिका पहिलेदेखि नै पञ्चेबाजाको लागि चर्चित ठाउँ हो । उ वेलादेखिनै पहिलो रोजाईमा पर्थ्यो, खानीगाउँले र यम्घेली बाजा । दमाइ अर्थात परियार जातिले बजाउने खानीगाउँ, चापपानी, नायर, यम्घाका बाजा अहिले पनि उत्तिकै चर्चामा छन् । एकै ठाउँबाट समूह नपुगे छिमेकी गाउँमा बाजा बजाउनेहरू थपिएर बनेको टोली बाजा बजाउन अहिले पनि हिँड्छन् । यहाँका पञ्चे बाजा, जिल्लामा मात्रै हैन, देशैभरि चल्तीका थिए । अहिले पनि यी बाजाहरूको महत्व उस्तै छ । खुब बज्ने बाजा, नयाँ नयाँ धुन निकाल्न सक्ने अनि निकै रमाईला कलाकार नाउँले कहलिएका यी बाजाहरू अहिले पनि बिवाह, व्रतबन्ध तथा अन्य शुभकार्यहरूमा घन्किरहन्छन् । तानसेनको भगवती जात्रा लगायत अन्य जात्रा संस्कृतिमा पनि यहाँका बाजा अझै पनि उस्तै गरि बज्छन् ।

टाँकीचउरको रानीमहल पञ्चेबाजा समूह

रानीमहल पन्चेबाजा समुह बगनासकाली गाउँपालीका ७ टांकीचउरमा झण्डै १२ वर्ष पहिले देखि मगर जातिका युवाहरूले ल्याएको पञ्चेबाजा समुह हो । यो समुह मार्फत बजाइने पन्चेबाजाले संस्कृति संरक्षण संगै एकातिर युवाहरूलाई आर्थिक रूपमा फाईदा भएको छ भने अर्कोतिर उठेको केही पैसा समुहको कोषमा राख्दा गाउँलाई चाहिने आवश्यक सरसामान किन्नका लागि पनि सहयोग मिलेको छ ।

समुहका अध्यक्ष खड्क बहादुर थापाले बाजा बजाउन जाँदा आएको पैसाको केही रकम कोषमा राखिएको बताउनुभयो । त्यही पैसाबाट गाउँका आवश्यकताहरू त्रिपाल, भाँडाकुडा, फर्निचर जोडिएको थापाले बताउनुभयो । युवाहरू खेल्ने भलिबल, महिला समुहका पहिरन, पानीका धारा, गाउँका बाटा मर्मत तथा अन्य आवश्यकीय कार्यका लागि पनि सोही समूहको रकम सहयोगी बनेको अध्यक्ष थापाले बताउनुभयो । "गाउँमा आइपर्ने साना तिना काम गर्न समस्या छैन, हामीले कोषकै रकम खर्चिएका छौँ ।"

बाजा बनाउन जाँदा टाढा, नजिक र दिनका हिसावले पारिश्रम लिने गरेको समुहका नेता बल बहादुर थापाले बताउनुभयो । उहाँले यसरी बाजा बजाउन हिँड्दा एकातिर बेरोजगार युवाहरूलाई केही न केही भएपनि आर्थिक सहयोग मिलेको र अर्कोतर्फ कला संस्कृतिको संरक्षण र साथीभाइमा पनि सहकार्यको अभ्यास बढेको उहाँले बताउनुभयो ।

बिवाह, व्रतबन्ध लगायत पुजाआजा तथा शुभकार्यको लगन रहेको सिजनमा त भ्याइ नभ्याइ हुन्छ धेरै तिरबाट तपाईहरूनै आउनुपर्छ भनेर भन्नुहुन्छ बलबहादुरले

भन्नुभयो-"कहिले काँही त गाउँमा भएको समूहले नपुगेर छिमेकीलाई समेत बोलाएर बाजा बजाउन जान्छौं ।" आफूहरू बाजा बजाउनका लागि पाल्पा जिल्लाका बिभिन्न स्थानसँगै स्याङ्जा, रूपन्देहीसहित धेरै स्थानहरूमा पुगिसकेको उहाँले बताउनुभयो ।

यसरी गाउँले युवाहरूले व्यवसायिक रूपमा बाजा बजाउन थालेमा स्थानीय बुद्धिजीवीहरू पनि खुशी छन् । दमाहा, सहनाई, नरसिँहा, ढोलक, ट्याम्को, झ्यालीलगायतका बाजालाई मिलाएर गीतको तालमा बजाईने बाजा धेरै पछि मात्रै मगर जातिका युवाहरूले बजाउन थालेको र यो खुशीको बिषय भएको खानीगाउँ आधारभूत, बिद्यालय कल्लाबारीका प्रअ नल बहादुर साठीघरेले बताउनुभयो ।

उहाँका अनुसार मगरहरूले पूजा आजा, बिहे भोजभतेर हुँदा पन्चे बाजा बजाउन लगाएर रमाइलो गर्ने चलन हो । "विस्तारै बाजा पाउनै समस्या भएपछि चलिआएको संस्कृति जोगाउन मगरहरूले आफै पञ्चेबाजा बजाउन शुरू गरेका हुन् ।" उहाँले भन्नुभयो । मगरी गीत सालैजो, झ्याउरे गीतका गायक समेत रहनुभएका साठीघरेले भन्नुभयो "यसले एकातिर संस्कृति जोगियो, अर्कोतिर युवाहरूलाई रोजगारी प्राप्त भएको छ । यो असाध्यै राम्रो कार्य हो ।" पञ्चे बाजाको समुह थर्पिँदै गएपछि चाहिएको बेला बाजा खोज्न र बजाउन पनि सजिलो भएको स्थानीयको अनुभव छ । कल्लाबारीका चन्द्र बहादुर क्षेत्रीले यहाँ पञ्चेबाजा समूह बनेपछि बाजा बजाउनकै लागि टाढाटाढाबाट धेरै खर्च गरेर बाजा समूह ल्याउनुपर्ने समस्या हटेको बताउनुभयो । उहाँले भन्नुभयो-"गाउँकै भाइ भतिजाहरूले यसरी बाजा बजाउँदा खुबै रमाइलो लाग्छ ।"

पञ्चे बाजामा हरेक बाजाका आ-आफ्नै ताल र स्वर भएजस्तै पुजाआजा र बिहे व्रतबन्धमा बजाउने ताल र धुन पनि फरक हुन्छ । पुराना र अनुभवी दमाइ जातिका बाजा बजाउने व्यक्तिहरूले मात्रै बजाउन जान्ने ती तालहरू भर्खरै शुरू गरेका मगरहरूलाई निकै गाह्रो भएको उनीहरूको अनुभव छ । रानीमहल मगरी बाजाका सदस्य मान बहादुर थापाले भन्नुभयो, "ती ताल र धुनका बारेमा हामीलाई तालिमको आवश्यकता छ ।" उहाँले बाजा भित्र पनि विभिन्न सुर र ताल हुने, पुजा संस्कृति अनुसार बाजाको धुन र ताल फरक हुने गरेकोले अनुभवी व्यक्तिहरूबाट नयाँ पुस्ताका युवालाई यसबारे ज्ञान, सीप हस्तान्तराण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

एकताका हराउनै लागेको पञ्चेबाजा फेरि घन्किन थालेको छ । पहिलेदेखि नै बाजा बजाउँदै आएका दमाई समुदाय र पछि आकर्षित भएका अरू समुदायले यसको संरक्षणमा योगदान पुऱ्याएका छन् । यसबाट स्थानीय समुदाय खुशी छन् ।

- केन्द्रीय परिषद् सदस्य नेपाल पत्रकार महासंघ पाल्पा

दीपक ढुंगाना

चिर्तुङधाराको माघे सङ्क्रान्ति मेला पहिले र अहिले

चिर्तुङ्धाराको परिचय

बगनासकाली गाउँपालिका वडा न ं१ चिर्तुङधाराको आफ्नै बेग्लै इतिहास र पहिचान छ । झट्ट सुन्दा पानीको धाराको नाम चिर्तुङ भन्ने बुझिन्छ । ठुलै बस्तीको बीचमा रहेको खानेपानीको धारा जहाँ झण्डै एकसय भन्दा बढी घरले दिनहुँ भाँडोमा पानी बोकेर उपभोग गर्दथे । अहिले पनि यस क्षेत्र कै चिसो, मिठो र तिख्खर पानी भनिन्छ र यो धाराको नजिकबाट हिड्ने प्रायः जो कोहीले पनि प्यासै नलागेपनि मिठो पानी भनेर पिउने गर्दछन् । यहि गाउँको नाम चलेको मिठो पानिको धाराको नामबाट तत्कालीन गाउँ पञ्चायतको नाम चिर्तुङधारा गाउँ पञ्चायत राखिएको इतिहास छ ।

देशमा शासन ब्यवस्था परिवर्तन सँगै त्यसैलाई चिर्तुङधारा गाँउ विकास समिति हाल बगनासकाली गाउंपालिका वडा नं १ चिर्तुङधाराको रूपमा रहेको छ । यो धारा सिद्दार्थ राजमार्गको बर्तुङ्देखि आर्यभञ्ज्याङको बीचमा खोरबारी देखि दक्षिण तर्फ एक किलोमिटर तल पक्की बाटोको छेउमै पर्दछ । जहाँ पूर्व वीर प्राथमिक बिद्यालयको जीर्ण भवन, सन्तोक बौद्ध गुम्बा र स्थानीय क्लवको कार्यालय रहेको छ ।

त्यसै ठाउँमा भलिवल खेल मैदानसंगै ठूलो सिमलको बोट र स्वामीको बोटका जराको कुनाबाट मुल निक्लिएको सफा कञ्चन पानीमा बाहिरी फोहर नपसोस् भनेर मुलमा टिनको छाप्रोले ढाकिएको छ । त्यहाँ एकै पटकमा धेरै जनाले पानी पिउन, भाँडा थाप्न र नुहाउन मिल्ने गरि एउटै मुलको पानीलाई पाँचवटा धारा बनाएर ब्यवस्थित पारिएको धारालाई चिर्तुङधारा भनिन्छ । स्थानीयका अनुसार जतिसुकै ठूलो खडेरी परे पनि अहिलेसम्म यो पानीको मुल सुकेको छैन । अहिले हामीले देख्दा पनि वर्षामा मुलको पानी ठुलो भएर पानी बग्ने खोल्सी परेको पनि छैन, बगेको सबै पानी नजिकैको खेती पातीमा प्रयोग हुन्छ ।

यस धाराको नाम चिर्तुङधारा कसरी भएछ भन्ने कुरामा दुईवटा तर्क छन् । धाराको नजिकै बिचबाट चर्केर आधा फुटेको ठुलो ढुङ्गो थियो रे आकाश गर्जिदा चट्याङ् परेर त्यो ढुङ्गो फुटेको हो । यसरी धारा नजिकै चट्याङ् परेको हुनाले चट्याङ् परेको ठाउँ नजिकको धारालाई मगर भाषामा चिर-टुङ-धारा भन्न थालिएकोमा पछि बिस्तारै अपभ्रंश भई चिर्तुङ्धारा हुन गएको भन्ने रहेको छ ।

त्यस्तै गरेर चिर्तुङधारा नाम रहनुको अर्को तर्क पहिले पहिले फागुमा गाउँभरिका टोल भाइ सबै मिलेर ट्याम्को, ढोलकी, मादल, मजुराको तालमा फागु गीत गाउँदै घरघरमा नाच्दै हिँड्दा ती घरहरुबाट धान, मकै लगायतका अन्न फाउवारेलाई दिने चलन थियो । यसरी अत्यन्तै रमाईलो गरि उठाएको अन्न सबै मिलेर फागुखाने भन्दै सबै मिलेर भोज खाने गरिन्थ्यो । यसरी घरघरमा नाचगान गरि रमाइलोसँग मनाउने पर्वलाई फागु पर्व भनिन्छ ।

फागु पूर्णिमा भन्दा तीन दिनअघि गाउँको धाराको नजिकै तिनै फागु खेल्ने समूह मिलेर बर्षेनी चिर पोल्ने नाच्ने रमाइलो गर्ने गर्दथे । चिर पोल्ने ठाउँ नजिकैको धारा भएकोले (चिर- टुङ-धारा-मगरी भाषामा टुङ भनेको नजिकै) यसरी त्यस धाराको नाम चिर्तुङधारा रहन गएको हो भन्ने पनि गरिन्छ ।

चिर्तुङधाराको माघे सङ्क्रान्ति मेला

यस धाराको सेरोफेरोमा मगर जातिको मात्र बसोबास रहेको छ । यहाँका मगर जातिले ठूलो पर्वको रुपमा धुमधामसँग माघे सङ्क्रान्ति पर्व मनाउने चलन छ । आफ्ना आफन्त चेलीबेटी, इष्टमित्र, साथीभाईहरुलाई घरमा बोलाएर रोटी, बटुक, मासु ,जाँड रक्सी लगायतका विभिन्न परिकारहरु बनाएर खुवाउने, खाने र साँझ त्यहीँ चिर्तुङधारामा गएर गाउँको लोक संस्कृति अनुसार नाच्ने, गाउने, रमाइलो गर्ने चलन थियो ।

यो मेला स्थलको रमाइलो स्मरण गर्दै स्थानीय समाजसेवी जोग बहादुर दिशा मगरले भन्नुभयो-"माघे सङ्क्रान्तिमा चिर्तुङधारामा हजारौं मान्छेको जमघट हुन्थ्यो । तानसेन, नायर हटिया, बगनासका नेवार जातिले किराना र फेन्सी कपडाका दुकान राख्थे । हुम्ला जुम्ला बाट राडी, पाखी, कम्मल बेच्न ल्याउँथे । स्थानीयले जाँड, रक्सी बटुक, मासु चिउरा को दुकान थाप्थे । गाउँलेहरुले हरिया टपरीमा तरुल, सकरखन्ड, पिँडालु उसिनेर बेच्न राख्थे ।" मेलामा चारै दिशाका मनिसहरु जम्मा हुन्थे । खानीछाप, दाङ्सिङा, धैरेनी, सराई, गाबुटुङ, चिलाङ्दी, घोरबन्दा लगायतका ठाउँका सहभागीहरुले आ-आफ्नै समूह बनाएर ठाउँठाउँमा गुरुप्प, भुरुप्प भएर डम्फु, मादल बजाउँदै सालैजो, भ्याउरे गीत गाएर नाच्दै तीन दिन तीन रात बिताउँदाको रमाइलो क्षण उहाँले बताउँदै गर्दा सुनीरहुँ, सुनिरहुँ जस्तो र हामीले पनि त्यो समयमा सहभागी हुन पाएको भए भन्ने कल्पना मात्र गर्न सकिन्छ ।'' उहाँले भन्नुभयो ।

झण्डै साठी बर्ष अगाडिको उतिबेलाको चिर्तुङधाराको मेलाको सम्झना गर्दै जोग बहादुरले भन्नुभयो, "शब्दमा बर्णन नै गर्न सकिँदैन, अत्तिनै रमाइलो हुन्थ्यो । डम्फु मादलको आवाजले गाउँनै रम्थ्यो । तरूनी तन्नेरीहरु दोहोरी गीत गाएर उधुमै मच्चाउथे । यहीँ मेलास्थलबाट उमेर पुगेकाहरु भागी बिबाह गर्थे ।"

गाबुटुङका ९६ बर्षिय बुवा बुद्धिबल सारुले आफ्ना बाबु बाजेले पनि चिर्तुङधाराको माघे सङ्क्रान्ति मेलामा गएको कुरा गरेको स्मरण गर्दै घरबाट धान लगेर चिउरा साटेर ल्याएको, आफ्नो घरको अन्नसँग सुपो, डालो त्यहीँ मेलाबाट साटेको र मेलाका रमाइला ती क्षण सुनाउनुभयो ।

समय परिवर्तन सँगै मेलाको स्वरुप पनि परिवर्तन हुँदै गएको छ । आवश्यक सामानहरु खरिद बिक्रीको लागि ब्यवस्थित बजार, मनोरञ्जनको लागि रेडियो, टिभी हुँदै हात हातमा मोबाइल इन्टरनेटले त्यति बेलाको जस्तो मेलाको आवश्यकता हराउँदै गएको छ । अहिले स्थानीयले यहाँको मेलालाई समय अनुसार परिवर्तन गर्दै लगेका छन् । माघे सङ्क्रान्तिमा चेलीबेटी इष्टमित्र बोलाएर मीठा मीठा परिकार खुवाउने चलन यथावत छ । रातभरि नाच्ने गाउनेमा कम हुँदै गएपछि स्थानीय युवा क्लबले माघे सङ्क्रान्तिको चिर्तुङधारा मेलालाई निरन्तरता दिन आ.व.२०४८/४९ तिरबाट खुल्ला भलिबल खेल प्रतियोगिताको आयोजना गर्न थालेको छ ।

उक्त प्रतियोगितामा पाल्पासहित कुस्मा, बाग्लुङ गुल्मी लगायतका ठाउँबाट हरेक वर्ष २० देखि ४०/४५ समूह प्रतियोगितामा सहभागी हुँदै आएका छन् । माघे

सङ्क्रान्तिको दिनबाट खेल सुरु गरिन्छ । दिनभरि खेलको मनोरञ्जन लिन सयौं जना आउने गर्दछन् । दिनभर खेल हेर्ने राति ११/१२ बजे सम्म डेक बजाएर नाच्ने रमाइलो गर्ने गरिन्छ । पुराना पाका पुस्ताका कुरा सुन्दा सयौं वर्ष पहिलेदेखि चिर्तुङधारामा माघे सङ्क्रान्ति मेला सुरु भएको कुरा थाहा पाउन सकिन्छ । उति बेला माघे सङ्क्रान्तिमा वर्षभरि आफूलाई आवश्यक सामान लिने र आफूसँग भएको सामान दिने वस्तु विनिमय, आवश्यक सामानको साटासाट गरिने स्थल, वर्षको एकपटक रमाइलो गर्ने भेटघाट हुने थलोबाट सुरु भएको भेला समय र आवश्यकता अनुसार परिवर्तन हुँदै जाँदा माघे सङ्क्रान्ति मेला हुन गयो । त्यही मेला आज प्रतियोगितात्मक खेल खेलेर, हेरेर मनोरञ्जन लिने खुल्ला भलिबल खेल प्रतियोगितामा रुपान्तरण भएको छ ।

अहिलेको अवस्थामा यस्ता पुराना शैलीका नाचगान धेरै कम भइसकेको छ । यस्तो हुनुमा युवाहरु पलायन हुनु, पुस्ता हस्तान्तरण नहुनु, बसाइसराइ, मिश्रित समुदायको बसोबास हुनु, आधुनिकीकरणको प्रभाव रहेको पाइन्छ । पुस्ता हस्तान्तरण गर्दै नयाँ पुस्तालाई सिकाउनु, त्यसको निरन्तरता र अभ्यास आवश्यक रहेको स्थानीय बुढापाकाहरूको भनाइ छ । पुराना र संरक्षण गर्नु पर्ने संस्कार संस्कृतिहरूको संरक्षण सम्बर्धन र प्रचारप्रसारमा स्थानीय सरकारको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ ।

- अध्यक्ष बगनासकाली पत्रकार समूह

दयाराज न्यौपाने

बराङ्दीमा फागु संरक्षणको पहल

फागुन शुक्ल पक्षको एकादशीदेखि फागुन शुक्ल पूर्णिमासम्म मनाइने (होली) फागु पर्वको अवसरमा बगनासकाली-८ बराङ्दीमा अहिले पनि पुरानै शैलीबाट फागु खेल्ने परम्परा अहिले पनि कायमै छ । यहाँका युवा र बुढापाका मिलेर २०७० सालदेखि हरेक वर्ष सामूहिक रूपमा फागु खेल्दै आएका छन् ।

फागुको ऐतिहासिक महत्त्व

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो फागु पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरुपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पूतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई ब्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पाइन्छ । यो पर्वको अवसरमा फागु गाउँने र नाच्ने मात्रै नभई अविरजात्रा गरि रमाइलो गर्ने प्रचलन पनि छ ।

बराङ्दीमै स्थानीय बेद युवा समूहले हरेक वर्ष फागुकै अवसरमा विभिन्न साँस्कृतिक कार्यक्रम पनि गर्दै आएको छ । उक्त कार्यक्रममा पनि यो समूहले फागु गीत तथा नाच हरेक वर्ष प्रस्तुत गर्दै आएको छ ।

राम्रो तरिकाले तयार पारिएका रङ् र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङ्को प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्त्व पनि छ ।

बराङ्दीको फागु

पहिला पहिला भगवानका काम र धर्मका रूपमा भएका कामलाई गीतको रूपमा उतारेर गाइने गरेको तर हिजो आज धेरै जसोले गीत सगै संस्कृति बिँसदै गएको भन्दै बराङ्दीमा फागु संरक्षण समिति नै बनाई धर्म र संस्कृतिको संरक्षण गर्ने उदेश्य तथा नयाँ पुस्तालाई समेत सहभागी गराई २०७० सालदेखि फागु खेल खेल्न फागुको संरक्षणमा लागेको धर्म संस्कृति संरक्षण सम्वर्द्धन समिति बराङ्दीका अध्यक्ष कालीदास घिमिरेले बताउनुभयो । "बगनासकी बगनासदेवी, दर्लम माहाकाली, घिउसीवास सिद्धबाबा, शिवासनका शिवजी रक्षा गरन हो रक्षा गरन, हाम्रो संस्कृतिको रक्षा गरन । ब्रम्हा, बिष्णु महेश्वर ३३ कोटी देवले रक्षा गरन हो रक्षा गरन हाम्रो धर्म संस्कृतिको रक्षा गरन । लुम्बिनीका गौतम बुद्ध, शान्ति अग्रदुत रक्षा गरन हो रक्षा गरन ।" लगायतका गीतमा शान्ति क्षेत्र नेपालको रक्षा गरन जस्ता ठाडो लयवद्ध भाकामा मादल, खँजडी र मजुरा बजाउदै घरघरमा पुगि घरभेटीलाई समेत सँगै नचाउँदै पैसा र आर्शिवाद लिँदै सद्भाव र भाइचारा दर्शाउँदै आएको उहाँले बताउनुभयो ।

फागु अर्थात् फागुन महिनाको पूर्णिमा तिथिमा होलिका दहन गरिन्छ । त्यसको अर्को दिन बिहानै उठेर होलिकोत्सव मनाइने कुरा हिन्दू शास्त्रमा उल्लेख भएको पाइन्छ । फागु, होली, फागु पूर्णिमा अनेक नामले यो पर्व चिनिन्छ । चाडपर्वले हामीलाई आराम

मनोरञ्जन निरोगिता, शान्ति, सन्तोष र आनन्द प्रदान गर्दछन् साथै हाम्रै शास्त्रीय मान्यता अनुरुप मर्यादित रुपमा समाजमा चल्नुपर्ने कुरामा अग्रसर गराइरहेका हुन्छन् ।

फागु टोली घरघरमा पुगि संगै फागुनाचको अन्त्यमा थाली वा सुपामा चामल पैसा फूल राखेर अबिर लगाइदिँदै घरबेटीले आशिर्वाद दिने प्रचलन छ । फागु टोलीले समेत खेली सगै आशिर्वादको रूपमा गीत गाउने, नाच्ने प्रचलन रहेको छ ।

एकातिर घरघरमा पुगेर बाजाको तालमा खेलिने पर्व हो भने यिनै स्थानमा केही फरक तरिकाले सभा ,फागुपर्व बिषेश कार्यक्रममा रङ्ग भरेका पिचकारी अनि स-साना बेलुनका साथमा मज्जा लिन्छन् । फेरि पिचकारी बजारमा किन्न पाउने मात्र नभई गाँउघरमा बाँस बारेर बनाइएका पिचकारीहरू अथवा प्रयोग गरिसकेका पुराना प्लास्टिकका बोतलबाट बनाइएका पिचकारीहरू पनि प्रयोग गरेर रमाईलो गर्नेसमेत गर्दछन् ।

बराङ्दीका स्थानीय ६० वर्षीय जेष्ठ नागारिक यज्ञप्रसाद घिमिरेले समयअनुसार आएका नयाँ-नयाँ प्रविधिको उपयोग गर्दै फागु पर्व मनाउन सकिने बताउनुहुन्छ । २००१ साल तिर आफू ६ बर्षको उमेर हुँदा खेलेको स्मरण गदै उसाह र जोशका साथ सहभागी भए पनि अहिले भने यो पर्व लोप हुन थालेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । "१ सुकी पैसा दिँदा समेत हौसला मिल्थ्यो सँगै बसेर घरमुलीलाईसमेत सँगै नचाएर रमाइलो गर्ने घरमुलीलेसमेत सद्भाव जनाउने चलन थियो । तर यो परम्परा बिस्तारै हरायो ।" उहाँले भन्नुभयो ।

बगनासकाली गाउपालिका-८, खोर्सेखोलाका ७५ वर्षीय कृष्ण प्रसाद घिमिरेले २०५७/५८ सालसम्म गाउँमा केही मात्रामा भएपनि फागु खेल खेल्ने टोली समुह रहेपनि अहिले गाउँमा फाट्ट फुट् मात्रै रहेको बताउनुभयो । केही वर्ष पहिलासम्म विद्यालयलाई स्तरोन्नती गर्नेलाई समेत घरघरमा गई फागु खेल खेल्दै आर्थिक सहयोग लिने गरेको सम्झँदै हरेक प्रक्रियामा फागु पर्वको ज्यादै महत्त्व रहेको उहाँले बताउनुभयो ।

"कदमको डाली बसी बोल मैना हो, बोल मैना दोपहर ढली सक्यो बोल मैना । वल्लो डाडो शिखरे, पल्लो डाडो मृगे फागु खेलन हो फागु खेलन हो संगी ।" जस्ता गीत गाउदै घरघरमा गई नाच गान गदै अवीर र अन्य रङ्गहरू लगाई माया र भाईचारा दर्शाउदै खेलिने खेलमा युवाको चासो भने कम भएको धर्म संस्कृति संरक्षण सम्वर्द्धन समितिका कोषाध्यक्ष यज्ञप्रसाद न्यौपानेले बताउनुभयो ।

सानै उमेर देखि नै फागु खेल खेल्ने गरेको बताउँदै बराङ्दीदेखि खानीगाउँ, यम्घा, चापपानीलगायतका ठाउँमा पुगेर खेलिने यो खेल हिजो आज भने युवाहरूको चासो कम भएको बताउँदै सबै पुराना कुरा बिर्सेर मोवाइल टेलिभिजन मै सीमित हुँदा परम्परा हराउन थालेको न्यौपानेको भनाई छ । तैपनि आफूहरूले फागु संरक्षणका लागि सक्दो पहल गरेको उहाँले बताउनुभयो ।

के छ स्थानीय सरकारको प्रोत्साहन ?

बगनासकाली गाउँपालिकाले स्थानीय कला संस्कृतिको संरक्षण तथा सम्बर्धनका लागि महत्त्वपूर्ण भुमिका निर्वाह गर्दै आएको छ । बगनासकाली गाउँपालिकाका अध्यक्ष सरस्वती चिदीले कला संस्कृतिको संरक्षणमा गाउँ कार्यपालिका लागि परेको बताउनुभयो । उहाँले स्थानीय सरकारले पहिचानको रूपमा फागु खेललाई प्रोत्साहान गर्ने समेत बताउनुभयो ।

बगनासकाली गाउँपालिकाका उपाध्यक्ष हरि प्रसाद पाठकले धर्म संस्कृति जगेर्ना गर्न पालिका योजनाका साथ लागेको बताउनुभयो । "कला र संस्कृतिको धनी गाउँपालिकाको गरिमा जोगाईराख्न गाउँपालिका र सम्पूर्ण पक्ष एक भएर लाग्नुपर्छ ।" उहाँले भन्नुभयो ।

- सदस्य बगनासकाली पत्रकार समूह

धातानन्द शर्मा गैरे

झाँकृस्थान गुफा मन्दिर एक परिचय

परिचयः

बगनासकाली गाउँपालिका वडा नं. ७ भित्र प्रवल धार्मिक आस्था बोकेका अनेकन् धार्मिक मठमन्दिरहरू मध्ये झाँकृदेवको गुफा पनि एउटा हो। यो गुफाभित्र झाँकृदेउताको निवास छ भन्ने जनविश्वास रहिआएको छ। यस भेगका बाहुन, क्षेत्री र मगरहरूको साझा देउताका रूपमा कैयौं पुस्तादेखि आस्थाको धरोहर बनेर रहेको देखिन्छ यो गुफा। मन्दिर र मूर्तिविनाको यो धार्मिक स्थललाई हेर्दा नेपालको सुदूर पश्चिमी पहाडी भेगमा मानिने मस्टो देवताको झल्को दिन्छ यो झाँकृस्थान गुफाले। मन्दिरको प्रसिद्धि मन्दिरको छाना, भित्ता, मूर्ति आदिले होइन त्यससंग जोडिएको प्रबल धार्मिक आस्थाले हुन्छ भन्ने बलियो उदाहरण बनेको छ यो झाँकृस्थान गुफा मन्दिर।

गुफाको मुखनेर केही मान्छे बसेर सजिलै धार्मिक अनुष्ठानका कार्यहरू गर्न सकिन्छ। गुफाभित्र अँध्यारो छ। भित्रभित्र, तलतल हुँदै कति परसम्म पुगेको छ गुफा आजसम्म कसैले भेउ पाउन सकेको छैन। आँट गरेर भित्र अलि परैसम्म जाने हिम्मत पनि जो कोहीले गर्न सक्दैन।

अवस्थिति र पहुँच:

यो गुफा साविकको खानीगाउँ गा.वि.स. वडा नं. ९ को रातेपहार भन्ने पहरोको फेंदीको पश्चिमपट्टि पूर्वाभिमुख भएर रहेको छ। गुफाको मुख केही फराकिलो छ। अहिलेको वडा कार्यालयबाट लगभग ३ किलोमिटरको दूरीमा अवस्थित यो गुफा खानीगाउँ कल्लाबारी रानीमहल सडकखण्डको छेउमै पर्ने भएकोले सडक मार्गबाट सजिलै यहाँ पुग्न सकिन्छ। सडकदेखि मात्र २० मिटर जति माथि यो गुफा रहेको छ। मोटर बाटो नबन्दासम्म बडो कठिनाइले गुफासम्म जानुपर्थ्यो भने मोटरबाटो बनेपछि धेरै सजिलो भएको छ। मन्दिरसम्म पुग्न पक्की सिँढीको पनि निर्माण भएको छ।

पूजा प्रचलन:

मन्दिर वरपरका गाउँलेहरू झाँकृदेउतासँग केही भाकल गर्ने र सो पूर्ण भएपछि भाकल अनुसारको पुजा अनुष्ठान त्यहीँ गुफामै गएर सम्पन्न गर्दछन्। नयाँ अन्न न्वागी झाँकृदेवलाई अर्पण गरेपछि मात्रै गाउँलेहरूले आफूले ग्रहण गर्दछन्। गाउँघरमा भैंसी ब्याएर एघार दिनमा चोखिएपछि झाँकृ देउतालाई दूध चढाएर मात्रै भैंसी ब्याएको घरमा खीर पकाउने प्रचलन अद्यापि छँदैछ। भाकलबाहेक स्वतस्फुर्तरूपमै पनि नारायण पुजा, एकाह सप्ताह, ब्रतबन्ध, बिहे जस्ता कर्महरू यहाँ सम्पन्न गरिन्छन्। गुफामा नियमितरूपमा पुजा आराधनाको न्यवस्था भने हुन सकेको छैन।

हाल यहाँ अवस्थित खानीगाउँ आधारभूत विद्यालय कल्लाबारीको नाम प्रारम्भमा श्री झाँकृदेवी प्राथमिक विद्यालयको नामबाट स्थापना भएको थियो। सुरूमा सरकारी अनुमति प्राप्त पत्रमा पनि सोही नाम उल्लेख भएको पत्र अहिले पनि देख्न सकिन्छ। पछि विद्यालयको नाममा बैंक खाता खोल्ने क्रममा कर्मचारीले नाम बिगारिदिँदा फरक नाम हुन गएको प्रसङ्ग बताउनु हुन्छ पूर्व प्रधानाध्यापक यमलाल गैरे। यसबाट विगतदेखि नै झाँकृदेउताको गुफाको प्रसिद्धि सहजै अनुमान गर्न सकिन्छ।

गुफाका झाँकृ देउताको ख्याती बढ्नुको कारण मध्येको एउटा रोचक तथ्य बताउनुहुन्छ पूर्व प्रधानाध्यापक यमलाल गैरे, उहाँका अनुसार कल्लाबारी गाउँ तल खोलापारिको वन गौचरनको रूपमा कल्लाबारीका गाउँलेले भोगचलन गर्दै आइरहेकोमा बौघागुम्हाका गाउँलेबाट सो वन फँडानी गर्ने, आवादी गर्ने गर्न थालेपछि गौचरनको रूपमा हकभोग कायम गरिपाउँ भनि जिल्ला अदालत पाल्पामा गाउँलेले उजुर गरेछन्। तर जिल्ला अदालतबाट सो मुद्दामा गाउँलेको हार भएछ। पछि सबै गाउँलेले पैसा उठाएर

अञ्चल अदालत बुटवलमा पुनरावेदन दिए। मुद्दा जितेमा झाँकृ देउताको गुफामा भब्य कीर्तन गर्ने भाकल पनि गरे। पछि अञ्चल अदालतबाट गाउँलेले सो मुद्दा जितेछन्। झाँकृदेउताले गौचरनको रक्षा गरी गाउँलेलाई गुन लगाएको प्रवल विश्वासमा भाकल अनुसार सारा गाउँलेहरू जुटेर भब्यरूपमा २४ घण्टाको अखण्ड हरिकीर्तन सम्पन्न गरे। यो २०२४ सालको घटना हो। त्यस उपरान्त अनवरतरूपमा आजपर्यन्त प्रत्येक वर्ष फागुनको ८ गतेका दिन गाउँलेहरू जुटेर हरिकीर्तन सम्पन्न गर्ने प्रचलन छ। सुरूका केही वर्ष २४ घण्टाकै हरिकीर्तन गर्ने गरिएको भएपनि पछि रातको समयमा कीर्तनमा आएका चेलीहरूमाथि बाटो ढुकेर केही उच्छृङ्खल ब्यक्तिहरूबाट हातपातको प्रयत्न भएपछि कीर्तन अवधिलाई २४ घण्टाबाट घटाएर १२ घण्टा बनाइयो। अहिले पनि दिनको समयमा १२ घण्टामात्र अखण्ड हरिकीर्तन गरिन्छ।

अहिले गाउँबाट धेरै ब्यक्तिहरू बसाइ सरेर तराई बस्न गएका छन्। तरपनि झाँकृस्थान गुफामा हरिकीर्तन गर्ने बेला तराई बसाइ गएकाहरू पनि हरिकीर्तनलगायत अन्य पुजाआजामा सहभागी हुन आउँछन्। यसले गाउँमा छुट्टै रौनक ल्याउने गरेकोछ। टाढा बस्न गएका गाउँले दाजुभाइहरूलाई कीर्तनका बेला एक ठाउँमा मिलन गराएर एक आपसमा माया, आत्मीयता प्रगाढ बनाउन, घनिष्ठता बढाउन मह□वपूर्ण भूमिका खेलेको छ यो झाँकृ देउताको गुफा मन्दिर, झाँकृको थान।

गुफामा सामूहिक कीर्तनलगायतका पुजा आदि सम्पन्न गर्न एउटा झाँकृस्थान गुफा मन्दिर ब्यवस्थापन समिति पनि गठन भएको छ। त्यही समितिले सामूहिक रूपमा गरिने पुजा, कीर्तनको ब्यवस्था मिलाउने कामको अगुवाई गर्दछ। अरू सबै गाउँलेहरू यसमा सक्रियरूपमा सहभागी भई भब्यरूपमा अनुष्ठान सम्पन्न गर्दछन्। कीर्तन कार्यमा प्रारम्भदेखि नै पण्डित स्व. डासुराम घिमिरेले ठुलो आस्था र रूचिपूर्वक सहभागिता जनाएर धेरै वर्षसम्म गाउँलेलाई साथ र प्रेरणा दिएको कुरा स्मरण गर्छन् गाउँलेहरू।

किंवदन्ती:

कहिलेदेखि झाँकृ देउताप्रति मानिसहरूको आस्था, विश्वास सुरू भयो यकिनका साथ भन्न सकिँदैन। तरपनि जहिलेदेखि छाप, कल्लाबारी, बसुवाखोला, झाँकृस्थान गाउँहरूमा मानिसहरूको बसोबास सुरू भयो त्यो बेलादेखि नै गुफाका झाँकृदेउताप्रति जनविश्वास रहि आएको चर्चा गर्छन् बुढापाकाहरू। यस गुफा मन्दिरसँग जोडिएका अनेकौं रोचक किंवदन्तीहरू छन्। पूर्व प्रधानाध्यापक यमलाल गैरे, बसुवाखोला माथिल्लारका कोशलराज गैरे, हाल मणिग्राम बसाइ गर्दै आउनुभएका गिरीप्रसाद गैरे र

तल्ला गाउँका हिमलाल गैरेका अनुसार केही रोचक किंवदन्तिहरू यसप्रकार छन्ः-

क. गुफाको सुरूङ्ग भित्रभित्रै नदीसम्म पुगेको छ। गुफामा पर पुगे पछि नदी सुसाएको जस्तो आवाज सुनिन्छ।

ख. झाँकृदेउताले आफूले रोजेको मान्छेलाई गुफाभित्र लैजान्छन्। उसलाई सिद्धि प्रदान गरी फर्काउँछन्। (विगतमा गाउँका एक, दुई जना व्यक्ति केही दिन हराएको र गुफा आसपास भेटिएको भन्ने प्रसङ्ग सुनाउँछन् बुढापाकाहरू)

ग. रातीको समयमा गुफाभित्रबाट बाजा बजाएको जस्तो आवाज सुनिन्छ। (२०२ ट मङ्सिर महिनामा गाउँका नरभूपाल गैरेले एकाह सप्ताह यही गुफामा सम्पन्न गर्नुभो। अघिल्लो दिन पूर्वाङ्गको काम सकि यही गुफामै मुख्य पण्डित छेर्लुङ्गका तुलसीराम बन्जाडे, खानीगाउँका पण्डित डासुराम घिमिरे, सप्ताह आयोजक नरभूपाल गैरे र उहाँका छोरा गिरीप्रसाद गैरे त्यो रात त्यहीँ गुफामै सुत्दा राती चारै जनाले बाजा बजेको आवाज सुन्नुभएको भन्ने आधारमा सो प्रसङ्ग यहाँ उल्लेख गरिएको हो। तीमध्ये पण्डित तुलसीराम बन्जाडे, डासुराम घिमिरे र सप्ताह आयोजक नरभूपाल गैरे दिवंगत भइसक्नु भएको छ। गिरीप्रसाद गैरेले आफू किशोर अवस्थाको उमेरमा प्राप्त गरेको त्यो अलौकिक र रोचक अनुभव अहिले पनि सुनाउनु हुन्छ "हरेक मान्छेका आ-आफ्ना ईष्ट देवता हुन्छन्। मैले किशोरावस्थामा यहाँ एक दिन रात बिताउँदा जे अनुभव गरें त्यसको अमिट छाप अझै मेरो मन मस्तिष्कमा छ। मेरो ईष्ट देवता यही गुफाका झाँकृदेवता हो" गिरीप्रसाद गैरे झाँकृदेउताप्रतिको गहिरो आस्था र विश्वास प्रकट गर्दै भन्नुहुन्छ।

गुफा बाहिर प्रचण्ड गर्मी हुँदा पनि गुफाको मुखमा बस्दा गुफा भित्रबाट आउने चिसो हावाले जाडो भएको अनुभव गर्छन् त्यहाँ धार्मिक अनुष्ठान गर्नेहरू।

गुफामा निर्माण तथा सुधारका कामः

स्थानीय समाजसेवी नरभूपाल गैरेले निजी खर्चमा गुफाबाहिर टिनको छानोसहितको धार्मिक अनुष्ठान गर्न मिल्ने संरचना निर्माण गरिदिनुभएको छ। अलि तलबाट पर्खाल उठाएर गुफाको अगाडि सानो समथर प्राङ्गण पनि निर्माण भएको छ। यसले अलि धेरै संख्यामा उपस्थित श्रद्धालुहरूलाई बसाइ व्यवस्थापनका साथै प्रसाद, भोजन बनाउने केही ठाउँ मिलेको छ। वडा नं. ७ को रू एक लाखको बजेटबाट तल सडकदेखि गुफासम्म सिँढीको निर्माण भएको छ। यसले भक्तजनलाई गुफासम्म आउन

जान सजिलो भएको छ। हालै मात्र लुम्बिनी प्रदेश सरकारकबाट यहाँ अत्यावश्यक संरचना बनाउन रू ५ लाख बजेट विनियोजन भएको छ। मन्दिर व्यवस्थापन समितिले सो बजेट र गाउँलेहरूको सरसहयोगबाट एउटा भवन निर्माण गर्ने निर्णय गरेको छ। निर्णय अनुसार भवन निर्माण गर्न सके यसले श्रद्धालुहरूलाई टाढा टाढाबाट यहाँ आएर धार्मिक अनुष्ठान सम्पन्न गर्न धेरै सजिलो हुने विश्वास लिइएको छ।

निष्कर्ष:

यो झाँकृदेउता गुफा मन्दिरले धार्मिक पर्यटनको प्रचुर सम्भावना बोकेको भएपनि राज्यको दृष्टि यहाँ पुग्न सकेको देखिँदैन। प्रकृतिले आफै रचना गरेको र रहस्यै रहस्यले भरिएको यो गुफा मन्दिरको यथोचित प्रचारप्रसार हुनुपर्ने देखिन्छ। बिजुली, पानी, शौचालयको अभावमा धार्मिक अनुष्ठानमा निकै बाधा पुगेको श्रद्धालुहरू बताउँछन्। यी सबै प्रबन्ध भएको सुविधासम्पन्न भवनको यहाँ तत्काल खाँचो रहेको देखिन्छ। हाल प्रदेश सरकारबाट रू ५ लाख बजेट विनियोजन भएको भए पनि यहाँ आवश्यक पर्ने भवन संरचना बनाउन उक्त बजेट अत्यन्त न्यून छ। स्थानीय सरकारको पहलमा आवश्यक बजेटको व्यवस्था भई मन्दिरमा आधुनिक सुविधाको प्रवन्ध मिलाउन सके बगनासकाली गाउँपालिकामा धार्मिक पर्यटनलाई यसले राम्रो टेवा दिन सक्ने बलियो सम्भावना देखिन्छ।

झाँकृस्थान गुफा मन्दिर बाहेक पनि कल्लाबारी सेरो फेरोमा अन्य महत्त्वपूर्ण केही मन्दिरहरू छन् जुन यसप्रकार छन् :-

क. बराजु मन्दिर (थान)

झाँकृस्थान गुफा मन्दिरको नजिकै उत्तर पश्चिम दिशामा गोख वन किनारमा कल्लाबारी मगर टोलको सिरानमा बराजु बाजे बज्यै र भरियालाई पुजा दिइने बराजु थान (मन्दिर) रहेको छ। प्रकृति पुजारी जनजाति मगर समुदायले मात्र पुजा आराधना गर्ने यो मन्दिरमा वर्षको दुई पटक असार र मङ्सिर महिनामा धुप, दूध धार र बलि (सुँगुरको पाठी र कुखुराको भालेपोथी) दिने चलन धेरै पहिलेदेखि नै चल्दै आएको पाइन्छ। पुजा दिन कहिलेदेखि कसले सुरू

गर्‍यो सो यकिन नभएपनि हालसम्म कल्लाबारी, टाँकीचउर, उर्लेनी र दैलातुङ्गका मगर घर कुरियाहरूले सामूहिक र व्यक्तिगतरूपमा पुजा दिँदै आएका छन्। यो मन्दिर आज भन्दा करिब २५ वर्ष पहिले खरको छानो रहेको थियो भने हाल टिनको छानो भएको कच्ची मन्दिर बनाइएको छ।

पाका पुस्ताको भनाइ अनुसार बराजु बाजेलाई कुखुराको भाले, बज्यैलाई कुखुराको पोथी र बाजे बज्यैको भरिया (वाहन) बाघलाई कुखुराको भालेको सामूहिक पुजा र बलि चढाइँदै आएको र व्यक्तिगतरूपमा पनि कुखुराको भाले पोथी चढाउने चलन रहेको छ। पुजा नदिएमा र पुजामा चोखी निष्ठा नमिलेमा बाघ रिसाएर कराउँदै हिँड्ने र वस्तुभाउ खाइदिने भन्ने विश्वास गरिन्छ। पुजाको प्रसाद घरभित्र लान नहुने र पुरूषले मात्र प्रसाद खान हुने भन्ने चलन भएकाले महिलाहरू मन्दिरमा नजाने र प्रसाद पनि नखाने भन्नुहुन्छ स्थानीय विद्यालयका प्रधानाध्यापक नलबहादुर साठीघरे । मन्दिर आसपास क्षेत्रको घाँस दाउरा र रूखसमेत काट्न नहुने विश्वास रहेकाले ठूला बोट विरूवा हुर्किएर मन्दिरलाई पुरै ढाकेको अवस्थामा यो मन्दिर रहेको छ।

ख. **शिवालय**

गुफा मन्दिरको पूर्वतर्फ कल्लाबारीको माथिल्लो गाउँको बीचमा देवाधिदेव महादेवको मन्दिर रहेको छ। गुफा मन्दिरबाट यहाँ पुग्न मात्र ५ मिनटको पैदल यात्रा तय गर्नु पर्छ। यो मन्दिर गाउँलेहरूकै चन्दा सहयोगबाट बनेको हो। मन्दिर निर्माणका लागि माथिल्लो गाउँकै समाजसेवी स्व. छविलाल गैरेले जग्गा प्रदान गर्नुभएको हो। मन्दिरमा मूर्ति निर्माणको सम्पूर्ण खर्च कल्लाबारी माथिल्लो गाउँकै बासिन्दा हाल रूपन्देही मणिग्राम निवासी गिरीप्रसाद गैरेले योगदान गर्नुभएको हो। मन्दिरमा मूर्तिको प्राणप्रतिस्ठामा पूर्व प्रधानाध्यापक यमलाल गैरेको योगदान रहेको छ।

यो मन्दिरमा हरेक वर्ष महाशिवरात्रीका दिन आराध्यदेव भगवान शिवको विशेष पुजाको आयोजना गरिन्छ। गाउँलेहरूकै व्यवस्थापनमा अरू दिन पनि मन्दिरमा नियमितरूपमा पुजाआजा गर्ने व्यवस्था मिलाइएको छ।

ग. बराह मन्दिर

गुफा मन्दिरको दक्षिण पूर्वमा रहेको कल्लाबारीको तल्लो गाउँको बीचमा भगवान विष्णुको बराह रूपको मन्दिर रहेको छ। गुफा मन्दिरबाट मात्र १५ मिनेटको पैदल यात्रामा यहाँ पुग्न सकिन्छ।

बराह मन्दिर कल्लाबारी, बसुवाखोला, बराङ्दी भेगका कौडिन्य गोत्रीय गैरेहरूको कुलदेवता समेत हो। हरेक तीन वर्षमा कुलपुजाको रूपमा बराहको पुजा गरिन्छ। हरेक वर्ष दशैंको अष्टमीका दिन पनि विशेष पुजा गर्ने प्रचलन छ। विशेष पुजाका अवसरमा बोका बलिसमेत प्रदान गरिन्छ। विशेष पुजा बाहेक अरू दिन नित्य पुजाको न्यवस्था मिलाइएको छ। नित्य पुजा सात्विक मात्र हुन्छ। सेरोफेरोका सबै गैरेहरूको आर्थिक, भौतिक सहयोगले मन्दिर निर्माण र पुजा न्यवस्था चलेको छ। मन्दिर निर्माणका लागि स्थानीय समाजसेवी ज्ञानप्रसाद गैरेले जग्गा प्रदान गर्नुभएको हो।

हालसम्म यो बाहेक माथि उल्लेखित मन्दिरको विकासमा राज्यको दृष्टि पर्न सकेको भने देखिँदैन। गाउँपालिका भित्रका धार्मिक, मठ, मन्दिर, गुफा आदिको संरक्षण र विकासमा स्थानीय गाउँलेबाट मात्र नभै राज्स्तरबाटसमेत पहल हुनु जरूरी छ।

- लेखक तथा साहित्यकार

नेत्रप्रसाद गैरे

सुनादीको भजन, भरेक्टुङ्को भ्याउरे

पाल्पा जिल्लामा विविध जातजाति भाषाभाषी र कला संस्कृतिको इतिहास छ । यहाँ हुने प्रचलित ख्याली भजन कीर्तन, भ्याउरे, करूवा, घाटु, सोरठी लाखे, फागु, पञ्चेबाजा, रत्यौली लगायतका नाचगानले पाल्पालीको मौलिकता र पहिचान जोगाएको छ । तर पछिल्लो समय पुराना कला संस्कृति हराउँदै जान लागेकोमा भने पुराना पुस्ताको चिन्ता छ ।

बगनासकाली सेरोफेरोमा

बगनासकाली गाउँपालिका पनि सामाजिक साँस्कृतिक तथा धार्मिक हिसावले विशिष्ट छ । यहाँ प्रमुख बाहुल्यता मगर जातिको रहेता पनि संस्कार संस्कृतिमा तात्विक फरक भने पाइँदैन । समुदायको विकासको लागि सबैको साथ र सहयोग रहेको पाइन्छ । यहीँ मेलमिलापका कारण संस्कृति संरक्षणमा धेरै हदसम्म टेवा पुगेको छ । यस पालिकाको वडा नं. ५ दर्लमडाँडामा संस्कृति संरक्षण र प्रर्वधनमा पाका र युवा पुस्ताको सहकार्य र सुनादीको भजन तथा भरेक्टुङ्को भ्याउरेलाई यस आलेखमा प्रस्तुत गर्न खोजिएको छ ।

दर्लमडाँडा उत्तरी पाल्पाको इतिहास बोकेको नाम हो । पाल्पाली कला संस्कृतिको संरक्षणमा दर्लमडाँडाको पनि भूमिका छ । दर्लमडाँडाकै गेभाठाँटीलाई यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । गेभाठाँटीमा केही वर्ष अघिसम्म तीजको दिन मेला

नै लाग्थ्यो । दर्लमडाँडासहित चापपानी यम्घा बराङ्दी लगायतका क्षेत्रबाट यहाँ धेरै मानिसहरू आउँथे । पछिल्ला वर्षहरूमा भने रौनकता हराउँदै गएको छ ।

सुनादीको भजन

यस्तैगरी ब्राह्मण समुदायका मानिसहरुले पनि संस्कार र संकृतिको संरक्षणमा आफ्नै खालको भूमिका निर्वाह गरेको पाइन्छ । समय समयमा धर्म संस्कृतिको संरक्षणमा गरिने कार्यहरुलाई बचाई राख्न साविक वडा नं. २ सुनादी अग्रस्थानमा रहेको छ । यस ठाउँमा एकै जना भट्टराई बाजेका शाखा सन्तानहरु बसोबास गर्दै आएका छन् । पाल्पाको छेर्लुङ्बाट बि.सं. १८०० साल ताका मणिमुकुन्द सेनका पालामा एक जना भट्टराई बाजे बसाई सरि सुनादीमा आएका थिए । अहिले यहाँ भट्टराईहरूका २८ घर रहेका छन् ।

उनीहरु सुनादीको पहिचान बचाउन र उक्त ठाउँलाई व्यवस्थित गर्न, संस्कार र संस्कृतिको संरक्षण गर्न नयाँ पुस्तालाई संस्कृति संरक्षणमा अगाडि बढाउनका साथै सुनादीको विकास र पहिचानका लागि धार्मिक पर्यटकहरु भित्र्याउने उद्देश्यले ब्राह्मण होमस्टे खोल्ने तयारीमा पनि लागेका छन् । बगनासकाली गाउँकार्यपालिका सदस्य खुमादेवी भट्टराईले रामनदीधाम राम्दी कालीगण्डकीको स्नानपछि सिद्धगुफा, जानकी मन्दिर, राम मन्दिर लगायत देवी देवताको दर्शन गरिसकेपछि सुनादीको होमस्टे बसाइ, फलाहार ग्रहण र भजन कीर्तनमा रमाउने व्यवस्थित होमस्टे चलाउनेबारे छलफल भइरहेको बताउनुभयो । भजन, ख्याली र अन्य कलाको संरक्षणबाट मात्रै संस्कृतिको संरक्षण गर्न सकिने हुँदा यसको संरक्षण र पहिचान जोगाउनु आजको आवश्यकता हो । पुराना कला संस्कृतिको संरक्षणबाट मात्र इतिहास जोगिने र पुस्तान्तरण पनि हुने उहाँले बताउनुभयो ।

२०१८ सालमा भूकम्पको हल्ला सुनिसकेपछि भुकम्पबाट बच्नका लागि गाउँलेहरू एकै ठाउँमा भेला भएर हरेराम गाउन थालिएको र त्यसै समयदेखि सुनादीमा भजन कीर्तनको शुभारम्भ भएको भजन मण्डलीका संयोजक शोभाखर भट्टराईले बताउनुभयो ।

त्यसैबेला "इहलोक भुक्ति, परलोक मुक्ति" बाचुञ्जेल रमाईलो गर्ने भावका साथ भजन कीर्तन गर्न थालिएको हो । यस ठाउँका मानिसहरू कुनै संगीत पाठशालामा नगई गाउँमा गाउँदा गाउँदै भजन कीर्तनमा पोख्त भएको भट्टराइले बताउनुभयो ।

संसार भुट्टै हो, संसार भुट्टै हो,

म भन्ने छुट्टै हो, संसार भुट्टै हो ।

यस्तै यस्तै शब्द समेटिएका भजनका चुट्काहरू गाउँदै, बजाउँदै, नाच्दै, रमाउँदै नयाँ पिढीका युवा युवतीहरु कम्मर मर्काइ मर्काइ नाच्ने गर्छन् ।

खैजेडी, मजुरा, मृदङ्ग र हार्मोनियमको तालमा ताल मिलाई उनीहरू सुन सिद्धगुफा, राम मन्दिर, जानकी मन्दिर र वरपरका गाउँ ठाउँमा भजन कीर्तन गाउने गर्छन् । भजन कीर्तनसँगै बेलाबेलामा माया पिरतीका गीत पनि गाउने गर्छन् । जुन गीतमा दर्शक र श्रोताहरू थप उत्साहित भई नाच्ने गरेका हुन्छन ।

भोली यसैबेला तान्सेन शीत्तलपाटीमा

दिनमा होइन रातीमा ।।

पारि बनपालेमा ठूलो रूख साजै हो ।

भेट भाको आजै हो ।।

माया डराउलीकी चुइँचुइँ रेल चुइँकिँदा ।

बम्बैतिर सुइँकिँदा ।।

भरेक्टुङको झ्याउँरे

दर्लमडाँडामा एउटा मौलिक बिशेषता बोकेको गाउँको रूपमा भरेक्टुङ रहेको छ । खासगरी दशैं, तिहार, तीजका साथै माघेसङ्क्रान्ति, चण्डी पूर्णिमा, मगर दिवस

लगायतमा आफन्तजन पाहुनाहरुलाई बोलाई मीठामीठा परिकार जस्तै सेलरोटी, विशेषतः बारा (बटुक), तरुल लगायतका परिकार बनाई खुवाउने र नाचगान गर्ने प्रचलन अहिले पनि कायमै छ । यहाँ पहिले पहिले ठूलोनाच, सालै जो, है माया, भ्याउरे, कौडा नाच, नाचहरू नाच्ने गर्थे । उ बेला झमन सिं, लछुमन खाम्चा, छविलाल, रेउतीराम बराल लगायतका व्यक्तिहरूले भरकटुङ्को कला संस्कृतिको संरक्षण सम्बर्धनमा महत्वपूर्ण टेवा पुऱ्याएका थिए ।

दर्लमडाँडाका भरेक्टुङ मात्र नभई तल्लो कोलडाँडा, माथिल्लो कोलडाँडा, काशिचौर लगायतका गाउँ टोलमा पनि बेला बेलामा भ्र्याउरे गाउने र नाच्ने गर्छन् । भ्र्याउरे नाचमा बजाइने मादल, डम्फु र मगरी पोशाक साथमा खुट्टामा लगाउने चापको आवाजले दर्शकलाई मनोरञ्जन दिलाउँछ ।

पहिलेका बुढापाकाहरूले

हि टे माओले भान्जी,

आन्च बेला नाको मायाक्च ।

(नेपाली अनुवादः किन होला भाञ्जी जाने बेला तिमी नबोलेको)

यस्तै यस्तै गीत महिला पुरूष बिशेष गरि केटा केटी बसी दोहोरी गाएर केटा पक्षले जितेमा बिवाह समेत गर्ने पुरानो प्रचलन रहेको पाका पुस्ताको भनाई रहेको छ ।

माथि उल्लेखित पुस्ताहरूले दोश्रो पुस्ताका भुवन सिं खाम्चा, फत्त बहादुर, नेत्र बहादुर आले, लोक बहादुर, केश बहादुर बराल, टेक बहादुर, भूमिसरा बराल, मोती खाम्चा, हेमा खाम्चाहरूले भ्र्याउरेको गीत र नाचमा बिशेष दख्खल राख्नुहुन्छ । स्थानीयहरू तिहारका बेला रातको समयमा घर कुरियाका सबै जुटेर नाचगान गरि बटुक, मासु, अचार, रक्सी जम्मा गरि गाउँको कोल (पोखरा) मा जम्मा भै नाच्ने गाउने खाने रमाईलो गर्ने प्रचलन रहेको स्थानीय समाजसेवी इन्द्र बहादुर खाम्चाले बताउनुभयो ।

अहिलेको अवस्थामा यस्ता पुराना शैलीका नाचगान धेरै कम भएको छ । यस्तो हुनुमा युवाहरू पलायन हुनु, पुस्ता हस्तान्तरण नहुनु, बसाइसराइ, मिश्रित समुदायको बसोबास हुनु, आधुनिकीकरणको प्रभाव रहेको खाम्चाको भनाइ छ । पुस्ता हस्तान्तरण गर्दै नयाँ पुस्तालाई सिकाउनु, त्यसको निरन्तरता र अभ्यास आवश्यक रहेको उहाँले बताउनुभयो ।

–सहसचिव बगनासकाली पत्रकार समूह

विष्णु प्रसाद घिमिरे

आस्था र बिश्वासको केन्द्रः बगनास देवीथान र कोटघर

परिचयः

तानसेन नगरदेखि करिव ३ किलोमिटर पूर्वतर्फ उच्च डाँडामा अवस्थित एउटा आर्कषक प्राकृतिक सम्पदाले भरिएको धार्मिक स्थलको बगनास रहेको छ । जुन श्रीनगर डाँडाको पूर्वतर्फ फैलिएको महाभारत पहाडको एक उच्च भूभाग हो । यो उचाइ समुद्री सतहबाट १४ सय ८० मिटर अग्लो स्थानमा रहेको छ ।

बगनासडाँडाको टुप्पोमा रहेको कोटघर तथा देवीथान मन्दिर दुवै महत्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित छन् । यी दुवै स्थानबाट एकैपटक चारैदिशा सहजरूपमा दृश्यावलोकन गर्न सकिन्छ । यहाँबाट लेकवेसीहरूमा पर्ने कालीगण्डकी नदी र गण्डकी बेशीसहित स्याङ्गजाको कारिकोट, आलमदेवी, गुल्मीका रेसुङ्गा, लुम्पेक, हिले पाल्पाका कौडेलेक, रिम्घालेक, रम्भापानी, जन्तिलुङ्ग, रिब्दीकोट, श्रीनगर, तानसेन लगायतका उच्च पहाड तथा समथर मैदानहरू दृश्यावलोकन गर्न सकिन्छ । बगनासडाँडामा खासगरी २ वटा मन्दिरहरू रहेका छन् । बगनासदेवी मन्दिर भनिएपनि यहाँ देवीथान जसलाई चेचीकोट पनि भनिन्छ, त्यस्तै अर्को रहेको छ, कोटघर ।

क) देवीथान (चेचीकोट)

देवीथान मन्दिर बगनासको शिरमा रहेको कोटघरभन्दा करिव ३ सय मिटर उत्तरपश्चिम तर्फ डाँडाको केही रूखको वीचमा पर्खालले घेरिएर खुला रूपमा रहेको छ । यो धार्मिक महत्वको रूपमा रहेको थलो भएकोले यस भेगका बासिन्दाहरूले आफु वा आफ्ना चौपायाहरूमा रोगब्याधि नलागोस् भनेर पूजाआजा गर्ने गर्दछन् भने भाकल गर्ने र पूरा भएपछि पूजाआजा गर्न र बलि चढाउन आउने धार्मिक विश्वास रही आएको छ । सिरानमा रहेको देवीलाई धूपफूल, अक्षता तथा प्रसाद चढाइन्छ, वीचमा रहेको देवीमूर्तिलाई कुखुराको बलि र तल्लो स्थानमा पञ्चबलि चढाउने गरिन्छ। खुला रूपमा रहेका यहाँका देवीमूर्तिहरूलाई प्रायः बाह्रै महिना पूजाआजा गरिने भएपनि दशैंको नवदुर्गाको नौ दिन यहाँ विशेष पूजाआजा हुने गर्दछ भने दशनार्थीहरूको भीड लाग्ने गर्दछ ।

यस क्षेत्रका मानिसहरू नेपाली र भारतीय सेनामा भर्ती हुन जाँदा, रोजगारीको सिलसिलामा देशबाहिर जाँदा वा अन्य शुभकार्यका लागि घरबाट निस्कदा बगनासदेवीसँग आर्शिवाद लिई हिँड्ने गर्छन् । मेरो काम फत्ते होस् फर्केपछि पञ्चबलि दिन्छु भनि देवीसँग भाकल गर्ने र काम फत्ते भई फर्केपछि पञ्चेबाजा सहित धुमधामका साथ पञ्चबलि दिने चलन छ । यस मन्दिरको पुजारी तल्लो गाउँको मगर बस्ती गोपाल्दीका राना मगर रहेका छन् ।

यस क्षेत्रमा हरेक शुभकार्यमा बगनासदेवी सम्झिएर धजा चढाउने प्रचलन रहेको छ । बगनासदेवी पुग्न सम्भव नहुनेहरूले चिलाङ्दी र गोपाल्दी बीचमा खोल्साछेउमा गाडीमा यात्रा गर्नेहरूलेले पनि ओर्लेर बगनासदेवी सम्झेर धजा तथा फुलपाती चढाउने गर्दछन् । पहिले त्यहाँ सामान्य ढुंगाको मूर्ति रहेकोमा अहिले दानपात्र सहितको सानो मन्दिर बनाइएको छ ।

अर्कोतर्फ चापपानीबाट पराजुलीगाउँ हुँदै बगनास निस्कने क्रममा उकालोमा पराजुली गाउँ माथि गुफामा बगनासदेवी सम्झेर धजा फूल अक्षता चढाउने चलन छ । यो पनि पैदलयात्राका क्रममा बाटैमा पर्छ ।

मन्दिरको इतिहास

किंवदन्ती १ -पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेको देवीस्थानको स्थापना कहिले र कसरी भयो भन्ने विषय अनुसन्धानकै विषय बनेको छ । तापनि यसको स्थापना कसरी भयो भन्ने वारे प्रचलित केही किंवदन्तीहरू अनुसार यो गाउँका एकजना बालक

हराएका थिए । लामो समयसम्म पनि ती बालक भेटिएका थिएनन् । पछि गाउँलेहरू मन्दिर रहेको क्षेत्रमा घाँस काट्न जाँदा घुरेको आवाज सुनेपछि हेर्न जाँदा त्यहाँ बालक भेटिएका थिए । बालकले उक्त स्थानमा देवी रहेको बताएपछि गाउँलेहरू मिलेर यो स्थानमा देवीको मूर्ति स्थापना गरेको र त्यसपछि पुजाआजा हुन थालेको किंवदन्ती रहेको छ । त्यस लगत्तै देखी अहिलेसम्म पनि यहाँ नियमित पूजा गर्ने गरिएको छ ।

किंवदन्ती २- बगनासदेवी मन्दिर यहाँका स्थानीय मगर समुदायको कोटघरको रूपमा परिचत छ । खासगरी विभिन्न धर्मग्रन्थहरू पछाडि कोटघरको अवधारणा आएको देखिन्छ । यहाँ निकै समय अगाडि ७०० बगनास भन्ने चलन थियो । स्थानीय तथा ९ नं. वडा कार्यालय चापपानीका सदस्य यमलाल तिमिल्सनाका अनुसार यो क्षेत्रका ७ सय मानिसहरूले भेला भएर पूजाआजा गर्ने भएकोले ७ सय बगनास भनिने गर्थ्यो । यहाँका चापपानी, बराङ्गदी, खानीगाउँ, यम्घा, दर्लम, नायरनमतलेस, चिर्तुङ्धारा, लगायतका विभिन्न स्थानहरूका त्यतिबेला ७ सय घरका मानिसहरू जम्मा भएर बगनासकोटघरमा पूजाआजा गर्ने गर्दथे । अझै यहाँ २ वटा चेचीकोटको अवधारणा समेत रहेको पाइन्छ । तत्कालीन समयमा ठूलो पुजा गर्न बगनास चेचीकोटमा र सानो पुजा दर्लमडाँडाको गरनडाँडामा गर्ने गरेको इतिहास भेटिन्छ । पाल्पा जिल्लामै भैरवस्थान पछिको सबैभन्दा बढी बलि चढ्ने मन्दिरको रूपमा बगनास चेचीकोटलाई लिने गरिन्छ ।

यहाँ करिव एक डेढ फिटको शिलालेख रहेको छ । उक्त शिला विक्रम संवत १९१९ मा श्री तुलाराम रानाले ठूलो घण्टा चढाउँदा लेखिएको थियो । यसबाट मन्दिरको ऐतिहासिक महत्व झल्कने गर्दछ । यहाँ रहेका पाँचवटा मूर्तिहरू मध्ये शिरस्थानमा बाघमा चढेकी देवीको कलात्मक मूर्ति रहेको छ भने अन्य मूर्तिहरू सामान्य रहेका छन् । पञ्चबलि चढाउने श्रद्धालुहरू एवं अन्य भक्तजनहरूले प्रशस्त रूपमा स साना घण्टा, त्रिशुल, लिङ्गो चढाउने गरेकोले यहाँ चढाइएका घण्टहरू मध्ये मिति उल्लेख भएका वि.सं. १९५० को सानो घण्ट रहेको छ । केही दशक पहिलेसम्म एक विशाल घण्ट रहेको थियो । यहाँको धार्मिक तथा ऐतिहासिक महत्वमा यहाँ रहेका प्रस्तरका शिलालेख, मूर्ति, हातहतियार र घण्टहरू नै हुन् ।

ख) बगनास कोटघर (कोन्थोक)

उत्तरपश्चिम हुँदै पूर्वतर्फ फैलिएको बगनास डाँडाको उच्च भूभागमा कोटघर रहेको छ । कोटघरको पश्चिम र पूर्वी भागमा सम्म परेको भूभाग रहेको छ । टिनले छाएको सानो कोटघरमा देवीको मूर्तिसहित प्रशस्त मात्रामा तरवार, खुँडा, खुकुरी, भाला,

रहेका छन् । अहिले कोटघरलाई सिमेन्टको नयाँ निर्माण गरिएको छ । गतवर्षसम्म विक्रम संवत १९२५ मा श्री भरत रानाले चढाएको आधाभाग जमिनमा गाडिएको शिला रहेको थियो भने अहिले यो शिला टुक्रिएको अवस्थामा रहेको छ ।

मन्दिर संरक्षण र सम्वर्द्धनमा बगनासकाली गाउँपालिका र वडा कार्यालयको पहल

बगनासदेवी मन्दिरको संरक्षण, संर्वद्धन र प्रचार प्रसारमा स्थानीयहरू र यहाँको स्थानीय सरकारले पहल गर्दै आएको देखिन्छ । तत्कालीन चापपानी गाविसले स्थानीयहरूको सहयोगमा मन्दिरको गेट, कोटघर लगायतका भौतिक पूर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको स्थानीय समाजसेवी रामलाल श्रेष्ठले बताउनुभयो ।

स्थानीय तहको निर्वाचन २०७४ पछि पनि यहाँको बगनासकाली गाउँपालिकाले चापपानी वडा कार्यालय तथा प्रदेश सरकारको पहलमा विभिन्न योजनाहरू निर्माण र संचालन गरेको छ । यसअघि चापपानी गाविस रहेका बखत पनि मन्दिरको प्रवर्धनका लागि सहयोग रहेको थियो । आफू पालिका अध्यक्ष भएकै बखत चेचीकोट मन्दिरको वरपर तारवार र यहाँ आउने श्रद्धालु भक्तजनहरूको लागि शौचालय निर्माण गरिएको बगनासकाली गाउँपालिकाका निवर्तमान अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो ।

नयाँ मन्दिरमा गाउँपालिका र प्रदेश सरकारको सहयोगमा ७० मिटर कम्पाउण्ड वाल निर्माण, मन्दिर जाने बाटोमा ढुङ्गा छाप्ने र शौचालयको निर्माण गरिएको बगनासकाली ९ नं. वडा कार्यालय चापपानीका वडा अध्यक्ष ठानेश्वर तिमिल्सिनाले बताउनुभयो । मन्दिरका यी संरचना निर्माणका लागि ७ लाख वढीको योजना सम्पन्न भएको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले मन्दिरको विस्तृत डि.पि.आर निर्माण गरेको छ । गाउँपालिकाको पहलमा प्रदेश सरकारबाट क्रमागत रूपमा मन्दिरको संरक्षण तथा विकासका लागि डि.पि.आर. अनुसारका विभिन्न योजनाहरू संचालन भईरहेका बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामीले बताउनुभयो । "हाम्रो गाउँपालिकाको नाम उच्च गराउन समेत मद्दत पुगेको मन्दिरको विकासको लागि गाउँपालिकाले विशेष खालका कार्यक्रमहरू संचालन गर्दै जानेछ ।" अध्यक्ष चिदीले भन्नुभयो ।

उचित प्रचार प्रसारको आवश्यकता

बगनासकाली गाउँपालिका आफैमा धार्मिक पर्यटकीय स्थलहरूको गन्तब्य हो । यो पालिकाको मुख्य आम्दानीको श्रोत समेत बनाउन सकिने धार्मिक पर्यटन ओझेलमा परेको छ । यहाँ बगनासदेवी मन्दिर, दर्लम महाकाली, शिवासन, शिद्धबाबा, रामनदी धाम, राम्दी गुफा जस्ता महत्वपूर्ण धार्मिक स्थलहरू रहेका छन् । यहाँका धार्मिक स्थलहरूमा वर्षेनी लाखौ पर्यटकहरू आउने गर्दछन् । तर बगनासदेवी मन्दिर जस्तै यहाँका सबैजसो मन्दिर, र तिर्थस्थलहरू ओझेलमा परेका छन् ।

बगनासकाली गाउँपालिकाले पालिकाको बजेट र अन्य श्रोतबाट समेत यी र यस्ता धार्मिक स्थलहरूको उचित सम्वर्द्धन र प्रचारप्रसार गर्न सक्ने हो भने यहाँको पर्यटन प्रवर्द्धनमा टेवा मात्रै होइन, यहाँको आर्थिक स्तर उकास्नसमेत मद्दत पुग्ने देखिन्छ ।

- सचिव बगनासकाली पत्रकार समूह

विष्णु प्रसाद पाण्डे

चितुङधाराका कुमाल जातिः जन्मदेखि मृत्यु संस्कारसम्म

नेपाल विविधताको देश हो । नेपालमा १२५ जातजातिको बसोबास रहेको छ भने १२३ भाषा बोल्ने गरिन्छ । सबै जातजातिको आफ्नै मूल्यमान्यता रहेको छ । नेपालमा बसोबास गर्ने पारिवारिक जनजातिहरूमा अति सरल, पारिश्रमिक र पिछडिएका जातिहरूमध्ये कुमाल पनि एक हो । नेपालमा कुमाल जातिलाई अल्पसंख्यक जातिको रूपमा लिईएको छ । अल्पसंख्यक कुमाल जातिहरू बगनासकाली गाउँपालिकाको वडा नं. १ को घोरबन्दा र गोर्सत टोलमा पनि बसोबास गर्दै आएका छन । यस टोलमा बसोबास गर्ने कुमाल समुदायको रितिरिवाज, चालचलन र मुल्यमान्यताको विषयमा यहाँ प्रस्तुत गरिएको छ ।

पहिरन

कुमाल समुदायमा पुरूषहरु सेतो कोराको टोपी, सेतो लँगौटी र तीन हात बराबरको कछाड, टाउकोमा फेटा बाँधी, पछाडि कम्मरमा खुर्पेटो भिरी, गाईवस्तु चराउन, गोरू जोत्न, नदीमा माछा मार्न जान्छन् भने महिलाहरु गुन्यूचोली नाकमा बुलाकी कानमा ढुंग्री र गलामा विभिन्न किसिमका माला पहिरिन्छन र घरायसी कार्यमा न्यस्त रहन्छन । साथै कुमाल समुदायका महिलाहरूले पुरूषहरूले गर्ने कार्यमा सहयोग तथा संगै काम

गर्ने चलन छ । अहिले कुमाल जातिका बालबालिका र युवायुवतीहरु आधुनिक पहिरन लगाउने गर्दछन् ।

मनोरञ्जन

कुमालहरुलाई आफ्नो मन बहलाउनका लागि नाचगान गरी मनोरञ्जन लिने काम गरिन्छ । यस जातिमा विशेषतः झाम्रे नाच, कौरा नाच, मारूनी नाच र हेम्फै नाच प्रसिद्ध छन् । अहिले नयाँ पुस्ताका कुमाल समुदायका ब्यक्तिहरू आधुनिक गीत संगीत, फिल्म, सामाजिक सञ्जालको प्रयोग मार्फत मनोरञ्जन लिने गर्दछन ।

चाडपर्व र पूजा

कुमाल समुदायले माघे सङ्क्रान्ति भब्य रुपमा मनाउने गर्दछन् । घाउ, खटिरा र रोगब्याधि नहोस् भनी मनाइने यस चाड कुमाल समुदायको प्रमुख चाड हो । कुमालहरु हिन्दुधर्म मान्ने हुँदा अन्य हिन्दुधर्म मान्ने जातिहरुले जस्तै चाडपर्व पनि मनाउँदै आएका छन् । कुमाल समुदायमा वर्षको २ पटक कुल पूजा गर्ने चलन छ । यस्तो धार्मिक कार्य वैशाख पूर्णिमा र कात्तिक पूर्णिमामा गरिन्छ । पूजा पितृहरुको नाममा समर्पित हुन्छ ।

धर्म र पूजा

कुमालहरु खोलानालामा माछा मार्ने, खेतीपाती गर्ने र माटोबाट भाँडाकुँडा बनाउने हुँदा पानी र माटोलाई ईश्वरको वरदान मानी पूजा गर्ने चलन छ । प्रकृतिलाई पूजाआजा गर्ने हुँदा यस जातिलाई प्रकृतिपूजक पनि भन्ने गरिन्छ । विभिन्न देवीदेवताको पूजाआजा गर्ने र भाकल गरी बलिसमेत दिने गर्दछन । पितृलाई सम्मान गर्ने, मान्ने भएकोले कुलपूजाको रूपमा पितृपूजा गर्दछन ।

खानपान

ढिँडो, गुन्द्रुक, पिँडालु, तरूल, घुँगी, माछा, गङ्गटो, गिठ्ठा, भ्याकुर, जङ्गली च्याउ, कन्दमूल खान मनपराउने जातिका रूपमा कुमाल जातिलाई चिन्ने गरिन्छ । कुमाल समुदायको चाडपर्व, संस्कार, पूजापाठ आदि कार्यमा जाँडरक्सी अनिवार्य खाना भित्र पर्ने गर्दछ । माछा मासु कुमाल समुदायले प्रमुख खानाको रूपमा लिने गर्दछन । तर अहिले भने कुमालहरूले अन्य जातिहरूले जस्तै खाना खाने गर्दछन ।

भाषा

कुमाल जातिले बोल्ने भाषालाई कुमाले भाषा भनिन्छ । कुमाल भाषा ठाउँअनुसार फरकफरक रहेको छ । आफ्नो परिवार र समुदायमा कुमालहरु प्रायजसो आफ्नै भाषामा बोल्छन् भने अन्य समुदायका व्यक्तिहरुसँग बोल्नुपर्दा नेपाली भाषा नै प्रयोग गर्छन् ।

चितुङ्गधाराका कुमाल जातिले बोल्ने भाषाका केही शब्द यस प्रकार छन ।

नेपाली भाषा	कुमाल भाषा
माछा	मछरी
मान्छे	मन्छे
आकास	सरक
अम्बा	बेलौती
माटो	माटी
हामीलाई	हाँम्रेके
तिमिलाई	तोकइ
मलाई	मोकई
तपाई, हजुर	तोरे, तुहुरे
तपाइँको	तोरेक, तुहुरेक

कुमाल समुदायको पहिचानको काम:

क) माटाका भाँडा निर्माण

कुमालहरु आकर्षक माटाका भाँडा बनाउने गर्दछन । काँचो माटोलाई प्रशोधन गरी हाँडी, पाला, हस्पिटलको ल्याबमा प्रयोग हुने विभिन्न भाडाँ तथा प्लेटहरू, गाग्रो, घ्याम्पो, चिलिम, गमला, देवताहरुको मूर्ति, आदि बनाउँछन् । अहिले बजारमा प्लास्टिकको रङ्गीचङ्गी भाँडाहरू सुपथ मुल्यमा उपलब्ध हुने भएकोले कुमालहरुको यो पेशा दिनप्रतिदिन लोप हुन थालेको छ । चितुङधाराको घोरबन्दामा पनि माटाका भाडाहरू निर्माण गर्ने गरिन्छ ।

ख) माछा मार्ने काम

चिर्तुङधाराका अधिकांश कुमालहरू वर्षायामको समयमा माछा मार्न माँडीफाँट जाने गरेका छन । यहाँका केही घरपरिवारहरू वर्षै भरी माछा मारी जिविकोपार्जन गर्दै आएका छन ।

ग) मिस्त्री काम

चिर्तुङधाराका कुमालहरू निर्माणसँग सम्बन्धित कार्यका लागि दिनहुँ सदरमुकाम तानसेन जाने गर्दछन । नयाँ घर, बाटो, भवन बनाउने कार्यमा जोडिनु यहाँका कुमाल जातिहरूको दिनचर्या बनेको छ ।

घ) जागिर

चिर्तुङधाराका कुमाल समुदायका केही ब्यक्तिहरूले जागिर गर्दै आएका छन । युनाईटेड मिशन अस्पतालमा विभिन्न पदमा काम गर्ने, शिक्षक, नेपाल प्रहरी, भारतीय सेना र वैदेशिक रोजगारमा जागिर गर्नेहरूको संख्या पनि यस समुदायबाट रहेको छ ।

जन्म संस्कार

यस समुदायका महिलाहरू गर्भवती भएदेखि प्रसूति हुने बेलासम्म स्वास्थ्यचौकी, अस्पताल लगी देखाउने चलन थिएन । तर आजकल यो चलन फेरिएको छ । गर्भवती महिलाहरूले नियमित जाँच गराउँदछन् । सुत्केरी हुने बेला सुँडेनी बोलाउने चलन छ । सुत्केरी हुनेका चेलीबेटीहरुले बच्चा जन्मेको थाहा पाएपछि सुत्केरीको घरमा आई घरदैलो लिपपोत गर्ने चलन छ । सुँडेनीले शिशुको सालनाल काट्ने गर्दछन । काटेको सालनाल सुँडेनीले घरनजिकैका बारीमा लगी गाड्ने चलन रहेको छ । त्यसपछि सुत्केरी महिला र बच्चालाई तातोपानीले नुवाइधुवाइ गराई आगो ताप्न लगाइन्छ । सुत्केरी र बच्चालाई नौ दिनका दिन शुद्ध बनाइन्छ । यस दिन सुत्केरी र बच्चा नुवाइधुवाइ गरी बच्चाको नामाकरणका लागि ब्राह्मणको घरमा चामल र भेटी लगी बच्चाको नाम जुराउने चलन भएको चिर्तुङधारा घोरबन्दाकी चन्द्रमाया कुमालले बताउनु भयो ।

छोरा जन्मेको छैठौं दिनमा छैठी नाच्ने प्रचलन रहेको छ साथै इष्टमित्र आफन्तजन बोलाई मिठामिठा परिकार खुवाउने, माछा मासु खुवाउने र रातभरी झाम्रे नाच्ने चलन रहेको छ ।

यो जातिमा छोरी जन्मिए ५ महिनामा र छोरा जन्मिए ६ महिनामा भात खुवाई गर्ने चलन छ । बच्चाहरूलाई चराको ठुँडले भात खुवाई गरे भने छिट्टो बोल्ने विश्वास

रही आएको छ । छोरा जन्मिएको ५ वर्ष पछि ९ वर्षभित्र दिन हेराई साईत जुरेको दिनमा विजोडा वर्षमा छेवार (व्रतबन्ध) गर्ने प्रचलन छ । मुन्डल (व्रतबन्ध) बच्चाको मामाले गर्ने गर्दछन तर मामा नभएमा नजिकको मामा पर्ने कुटुम्बले बाबा आमाले नदख्ने ठाउँमा लगि कपाल खौरने र नयाँ कपडाको सेट उपहार दिने गर्दछन । साथै यस दिन परिवार आफन्तजन तथा इष्टमित्रहरूसंग खुसी साटासाट गर्ने गरेको पाइन्छ ।

विवाह संस्कार

कुमाल समुदायमा आफ्नै मामाको छोरीमाथि हक लाग्ने मान्यता अहिले सम्म रहि आएको छ । आफ्नै जातमा मात्रै विवाह हुनुर्पछ भन्ने मान्यता छ । प्रायः कुमालहरू १५ /१६ बर्षको सानै उमेरमा विवाह गर्ने प्रचलन रही आएको छ । यसलाई अभिभावकले सामान्य रूपमा लिने गरेको देखिन्छ । कुमालहरू प्रायः जसो प्रेमविवाह, मागी विवाह, चोरी विवाह गर्ने गर्दछन ।

मागेर गरिने विवाहमा केटा, केटी र अभिभावक बीचको मञ्जुरीमा गरिदिने विवाहलाई मागी विवाह भनिन्छ । चिर्तुङधारा १, घोरबन्दाकी उषा कुमाल भन्नुहुन्छ, यस्तो खालको विवाहमा केटा पक्षबाट केटीको घरमा विवाहको प्रस्ताव राख्न जान्छन् त्यसपछि केटीको घरको पारिवारिक निर्णय अनुसार छिनोफानो गर्दछन् । केटी दिने छिनो फानो भएपछि विवाहको कार्य अगाडि बढ्छ । केटा तर्फबाट ठेकी लाउन केटाको बाउ र ज्वाइँचेला केटी पक्षकोमा दहीको ठेकीमा हरियो साग (शुभ साइतको संकेत) बोकी केटीपक्षको घरमा गई छलफल गरी विवाहको तिथिमिति तोक्ने चलन छ । त्यसपछि केटी पक्षबाट केटा पक्षसंग बंगुरको मासु, बटुक, चामल र रक्सी, जाँड माग गरिन्छ । तर आजभोलि केही माग गर्दैनन । सामानहरू आफै जानेर ल्याउने चलन छ । सहमतिमा विवाह हुने भएपनि, प्रेम विवाह वा चोरी विवाह भएपनि केटीलाई दुलाहाले आफ्नो घरमा ल्याउने र ३ दिन भित्र केटी पक्षको मा ठेकीमा दही साग झुण्ड्याएर जाने, छलफल गर्ने र ढोगभेटको मिति तय गरिन्छ । केटी पक्षले के माग्ने हो त्यो छलफलबाटै तय गरिन्छ । तर आजभोलि नमाग्ने चलन बढेर गएकोले केटी दुवै पक्षहरूले आफै जानेर दिने चलन छ । दिनै पर्दछ भन्ने अनिवार्य छैन । दुवै पक्षको छलफल अनुसारको तयारी पूरा भए पश्चात निर्धारित मिति अनुसार केटीलाई लिन जन्ती लिएर जाने चलन छ । जन्ती जाँदा दुलहीको आमा (बोई) वा बालाई पाहुर लिएर जाने चलन छ । पहिला बाजा माग्ने चलन पनि थियो । तर अहिले त्यो लोप भइसकेको छ । जन्तीलाई टिका लगाउने अक्षताले पर्सने चलन छ ।

चिर्तुङधाराका कुमाल समुदायको परम्परा अनुसार विवाहको दिन दुलाह पक्षबाट लगेको कुखुराको भाले र पोथी जोडी मिलाएर घर भित्र लगी दुलाहा पक्षका ज्वाइँचेलाले एकैसाथ काटन्े गरिन्छ । एकजनाले एकैसाथ २ कुखुरा काट्न नसकेमा पैसा जरिवाना तिराउने चनल छ । काटेका भाले र पोथी कुखुराको रगत एकैठाउँमा मिसाउने गरिन्छ । यदि रगत एकैठाउँमा घुलमिल भई जम्यो भने दुलाहा दुलही मिल्ने रगत छुट्टा छुट्टै जमेमा मेलमिलाप नहुने विश्वास गरिन्छ । साथै काटेको कुखुरालाई डोकोले छोपेर राख्दा एकैठाउँमा जोडिएर बसेमा दुलाहा दुलही पनि मिल्ने र छुट्टा छुट्टै बसेमा लामो समय सम्म मिल्न नसक्ने वा छुट्ने विश्वास गरिन्छ । उक्त कुखुराको मासु पकाउनका लागि दुलाहा पक्षबाट नै मसला तेल लैजाने र ज्वाइँ चेलाहरूले माइती पक्षको घरआँगनमा पकाई सवै जन्ती र माइतीलाई प्रसादका रूपमा बाड्ने चलन छ । आफ्नै ज्वाइँ नभएको अवस्थामा नजिकको नाता पर्ने ज्वाइँलाई जिम्मा दिने चलन छ । जन्ती र केटी पक्षका आफन्तहरूलाई खाना खुवाउने केटी पक्षको जिम्मेवारी हो । खाना खाइसकेपश्चात नाचगान गर्दछन । जन्ती फर्कने क्रममा माईतिले जन्ती पक्षलाई गर्धवा (दुलहीका लागि उपहार) जिम्मा लगाउने चलन छ ।

माइतिरिका नाताकुटुम्बबाट केटीको जल खुवाएर दिने चलन छैन । दुलहीलाई दुलाहाको घरमा ल्याएपश्चात मात्र सिन्दुर लगाईदिने चलन छ । जन्तीहरू रातभरि झाम्रे नाचेर रमाइलो गर्दछन् । केटी पक्षबाट फिर्ता भएको सगुनको जाँड जन्तीहरूले बाटोमा खाने गर्दछन् ।

जन्ती फर्केपश्चात ढोकामा तामाको गाग्रीमा पानी, फूल राखिन्छ । त्यसमा दुलाहा दुलही दुवैले दायाँतर्फ दुलाहाले पैसा राख्ने र बाँया तर्फ दुलहीले पैसा राख्ने चलन छ । पैसा राखेर भित्रिने चलन छ । यसरी राखिएको पैसा कन्या केटीलाई दुहाला दुलहीले भित्रिसकेपश्चात टीका लगाएर दिने चलन छ ।

दुलाहा दुहलीलाई बा, आमा, दाजुभाइ र आफन्तीले टिका लगाई भित्र्याउने चलन छ । दुलही भित्र्याउँदा बन्दुक पडकाउने चलन पनि थियो तर अहिले गीत बजाउने र नाँचगान गरी रमाईलो गर्ने चलन छ ।

त्यसैगरि केटा र केटीको स्वेच्छाले गरिने विवाहमा एक अर्काप्रति प्रेम भएर विवाह गरिन्छ भने त्यसलाई प्रेम विवाह भनिन्छ । घर परिवारको सरसल्लाहबिना केटा केटी दुबै जना भागेर विवाह गरेको हुन्छ । यस्तो खालको विवाह यस कुमाल समुदायमा निकै लोकप्रिय मानिन्छ । त्यस्तै चोरी विवाह कुमाल समुदायमा ज्यादै चर्चामा आएको

विवाह मध्ये एक हो । केटाले मन पराएपछि केटीको इच्छा विपरित जवरजस्ती उल्टो बोकेर घरमा भित्राउने गरिन्छ । यस्तो विवाहलाई सहर्षरूपमा स्वीकार गरेको पाइन्छ । यस्तो विवाहमा केटा पक्षबाट कोसेली लिएर ज्वाइँचेलाहरू केटी पक्षकोमा जान्छन् । त्यो कोसेली स्वीकारेपछि सामाजिक मान्यता दिने गरिन्छ ।

मृत्यु संस्कार

चिर्तुङधाराका कुमाल जातिमा कोही कसैको मृत्यु भएमा दाहसंस्कारका लागि राम्दी घाटमा लगिन्छ । शवलाई चिताको वरिपरि तिन पटक घुमाई दागबत्ती दिने काम छोराको हुन्छ । छोरा नभएमा जजिकको दाजुभाईबाट दाग बत्ती दिने गरिन्छ । दागबत्ती दिएसँगै सबै मलामीले चारैतिरबाट आगो सल्काई दिने गर्दछन् । साथै जलेर बाँकी भएको केही अस्तुलाई तामाको भाँडामा राखी उक्त भाँडो कुच्याई नदिमा बगाउने र मलामीहरूले चिता पखाल्ने चलन छ । त्यसपछि धार्मिक परम्परा अनुसार छोराहरूको ज्वाइँचेलाले टाउको खौरी दिने र पितृलाई चामल र बालुवा मुसी डल्लो बनाई पिण्ड दिने चलन छ ।

छोरा भए १३ दिन क्रिया बस्ने र नभए नजिकका दाजुभाइलाई १३ दिनसम्म नै क्रिया बसाउने गरिन्छ । तर आजभोलि कोही कोही ७ दिनमा पनि निस्कने चलन छ । ७ दिनमा निस्केकाहरूलाई समाजले हेर्ने दृष्टिकोण नकारात्मक नै छ । यसलाई समाजको मूल्य मान्यता विपरित मानिन्छ । मर्ने व्यक्तिको छोरा र बुहारी दुवै जना क्रिया बस्नु पर्दछ । श्रीमानको मृत्यु भएको खण्डमा निजको श्रीमती पनि क्रिया बस्नु पर्दछ तर श्रीमतीको मुत्यु भएको अवस्थामा श्रीमान् भने क्रिया बस्नु पर्दैन । क्रियापुत्रीले १३ दिन सम्म कुवा अथवा खोलाको किनारमा गएर एक छाक मात्रै खाना खाने गर्दछन् । तर आजभोलि नसक्नेहरूले साँझमा फलफूल खाने गर्दछन । हरेक दिन नुहाउने, पानी चढाउने, आफूले बनाएको खानेकुरा चढाउने, नतुरेको खाल्डोमा राखी पुरेर आउने गर्दछन । क्रिया बस्दा कसैसँग छोईन पाईन्न, छुट्टै बस्नु पर्दछ । भातसँग अदुवा, मुला, गाजर, काँक्रा चिनी घिउ आदी खाने गरिन्छ । भात नयाँ सिल्टीको भाँडामा पकाउने चलन छ । खाना पकाउदा दाजुभाइले छुट्टै एक ठाउँ र बुहारीहरूले १ ठाउँमा पकाउने गर्दछन । श्रीमतीले छुट्टै पकाउने चलन छ ।

परिवार तथा दाजुभाइ सबैले नुन बार्ने र एक छाक खाने गर्दछन् । क्रिया बसेको १३ दिनको दिन शुद्ध शान्ति गरी मलामी गएकाहरूलाई खाना खुवाउने चलन छ । १३ दिनको दिन ज्वाइँचेलाले गाईको गहुँत, दुवो पातीले छर्कने, ज्वाइँचेलाले छुट्टा

छुट्टै दुनामा नुन बेसार र तेल राखी छुवाउने चलन छ । छोएपछि शुद्ध हुने मानिन्छ । क्रियापुत्रीले १३ दिनको दिन माटो वा काठको मूर्ति बनाई पानीमा बगाउने र चोखिने चलन छ । १३ दिनको दिन ज्वाइँचेलाहरूले क्रिया बसेकाहरूलाई खुवाउने र आफूले खाएपश्चात क्रिया बसेकाहरूले ज्वाइँचेला र अन्य उपस्थित पाहुनाहरूलाई खुवाउने गर्दछन । साथै यस दिन मृत्यु भएका घरपरिवारका सदस्यहरूले चेलीबेटी, ज्वाइँचेलाहरू र खोलामा लगी भात खुवाउनेहरूलाई लगाउने कपडा तथा पैसा दिने चलन छ । नजिकका आफन्त पर्नेहरू र सहयोग गर्नेहरूलाई पनि पैसा दिने गर्दछन । उक्त दिन चेलीबेटीहरूले कपडा धुने र गोबरमाटोले घर लिपपोत गरी घर चोखाउने गर्दछन् । साथै चेलीबेटीलाई गाई दान गर्ने प्रचलन छ । तर गाई नभएका कारण आजभोलि पैसा दान गर्दछन् । त्यस दिन मलामी तथा आफन्तहरूलाई पितृप्रसाद खुवाइन्छ । त्यसैगरी यससमुदायका मानिसहरूमा ५, ७ र १३ दिन सम्म जुठो बार्ने जसमा तेल, नुन बेसार प्रयोग नगरी खाना खाने चलन छ । घर परिवार भित्रकाले १ वर्ष सम्म घोत नल्याएकाहरूको घरमा गई नखाने, पूजाआजा नजाने, प्रसाद नखाने, दशैं तिहारको टिका नलगाउने चलन छ । १ वर्षमा मलामी बोलाउने, खुवाउने, चेलीबेटीहरूले आफन्तलाई बोलाएर खुवाउने र उम्कने चलन छ । तर आजभोलि पण्डित बोलाएर नारन पूजा गर्ने, लाख बत्ती बाल्ने चलन पनि चलेको छ ।

- सदस्य नेपाल पत्रकार महासंघ, पाल्पा

भगवान भण्डारी

दर्लममहाकाली र ऐतिहासिक रथयात्रा

दर्लम महाकाली भगवती माताको दर्शन गर्न आन्तरिक तथा बाह्य धार्मिक पर्यटकको घुइँचो नै लाग्ने गर्दछ । श्रीकृष्णगण्डकीको पवित्र स्थल रामनदीधाम राम्दीघाटबाट करिब ५ किलोमिटर दक्षिण पश्चिम तथा पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट करिब १२ किलोमिटर उत्तर पूर्व दर्लमडाँडामा दर्लम महाकाली भगवती मन्दिर अवस्थित छ । दर्लमडाँडा निवासी स्व. पदमपाणी गैरेका पूर्वज कुलानन्द, तारापतिहरुले बि.सं.१८३० देखि सोही ठाउँमा महाकाली भगवतीको नित्य पूजा गर्दै आएका थिए । स्वर्गीय पदम्पाणी गैरेले बि.सं. १९९० देखि श्री दर्लममहाकाली भगवतीको सानो मन्दिर निर्माण गरी माटोको मूर्ति बनाई पूजा सुरु गरेका थिए । हाल यो मन्दिर मनकामना मन्दिरको शैलीमा निर्माण गरिएको छ । यो मन्दिर तामाको छानो र गजुरसहित प्यागोडा शैलीमा रहेको छ । मन्दिरको दक्षिणतर्फ सुनझाँक्री र चण्डी माईको थान साथै पूर्वतर्फ महाकालीको उत्पति स्थल रहेका छन् ।

दर्लममहाकालीको किंवदन्ती

यहाँको ऐतिहासिक किवंदन्तीका कारण पनि यहाँ धार्मिक पर्यटकहरु बढी आकर्षित हुने गरेका छन् । किवंदन्ती अनुसार वि.सं. २०१० साल कार्तिक शुक्ल त्रयोदशीको दिन राति सपनामा दर्लमका पद्मपाणि गैरे र छिमेकी गाउँ मलेङका

ज्यो. हुमकान्त बस्याललाई महाकालीले आकाशवाणीको रुपमा मैले यस ठाउँमा, यस समयमा (बिहान ब्रम्हमुहूर्तको समयमा) शिलाको रुपमा दर्शन दिनेछु र म सोही शिलामा विराजमान हुनेछु । अब उप्रान्त माटोको मूर्तिमा पूजा नगरी सोही शिला ल्याई नित्य पूजा अर्चना गर्नू भनि आकाशवाणीको रुपमा दीक्षा दिइन् । सोही दिनलाई प्रत्येक बर्ष उत्सवको रूपमा रथयात्रा गर्ने गरिन्छ ।

दुवै जनाले एउटै समयमा पाएको दीक्षामा महाकालीको विराट मूर्तिको दर्शन पाएकोले हालको मन्दिर भन्दा २ सय मिटर पूर्वको सपाङ्गदी भन्ने स्थानबाट सपनामा बताए अनुसार दुबै जनालाई मैले शिलाको रुपमा दर्शन दिनेछु भनी बिहान ब्रह्म मुहूर्तमा यस ठाउँमा जानु भने अनुसार पद्मपाणि गैरेले पूजाको सामाग्री थालीमा लिई सोही ठाउँमा पानीको कुवा नजिकै उभिएर बसेका थिए ।

जब ब्रह्ममुहूर्तको समय नजिकै आएको रहेछ र उनको मनमा आखिर सपना हो भन्ने भ्रम भएछ जब पानी घडीको आधारमा ब्रह्ममुहुर्तको समय भएको थाहा भयो तत्काल जमिनको एक हिस्सा भत्किएर उत्तर तर्फको पानीको कुवामा माटो झऱ्यो र माता महाकालीको मूर्ति शिलाको रुपमा प्रादुर्भाव भयो र सबै गाउँलेहरु मिलेर पालै पालो शिलाको दर्शन गरि त्यस स्थानबाट शिलारुपी माता महाकालीलाई उठाई कुवाको डिलमा सुताई धोई पखाली गर्दा गर्दै अर्का भक्त खानीछाप मलेङ् निवासी ज्योतिष हुमकान्त बस्याल पनि सोही ठाउँमा आइपुगे ।

बस्यालले पनि आफ्नो सपनाबारे सुनाए । महाकालीको दीक्षा अनुसार आफू त्यहाँ आइपुगेको बताएपछि दुबै जनालाई सपनीमा एउटै दीक्षा मिलेको प्रमाणित भयो । यसरी भेटिएको मूर्ति पखाल्ने क्रममा मूर्तिमा राखिएको पानी तत्कालै सुक्यो । यो क्रम केही बेरसम्म चल्यो । त्यसैक्रममा स्थानीय एक जना भट्टराई थरका पण्डितले यसरी पानी खन्याइरहँदा माताको अपमान हुने हुँदा पानी नखन्याउन सल्लाह दिए । सोही क्रममा मूर्तिको पुजाआजा गर्दै पहिलो पटक दर्शन पाउने पद्मपाणिकै नेतृत्वमा माताजीलाई खाटमा राखेर अबिर सिन्दुर चढाउँदै सानो पुरानो मन्दिरमा भित्र्याइएको थियो । जस अनुसार नित्य पञ्चायन पूजा, रुद्राभिषेक, हवन र महाकालीको पूजाअर्चना निरन्तर चलिरहेको छ ।

माता महाकालीको साक्षात्कारको अवस्था

माता महाकालीले २०४८ साल कार्तिक २२ गते राती २ बजे देखि बिहान ५ बजे सम्म बुटवल उप नगरपालिका अर्न्तगत भाडामा कोठा लिई बसेको अवस्थामा

पद्मपाणि गैरेका छोरा ठूल्कान्छा भनेर चिनिने ङणराज गैरेलाई प्रत्यक्षरुपमा माता महाकालीले बिराट रुपको दर्शन दिइन् ।

महाकालीले दीक्षा दिइन्, "तँ मनकामना भन्ने ठाउँमा गएको छैनस् - त्यहाँ जा । त्यहाँ पनि मै हुँ । म त्यहाँ सानो रुपमा छु । म यहाँ विराट रुपमा छु । मनकामना भन्ने ठाउँको मन्दिर मलाई ज्यादै मन परेको छ र यहाँ पनि सोही अनुरुपको मन्दिर बना । मन्दिर निर्माणका लगि तिमीहरुको ७६ जना सदस्यहरु बस्ने गरेको मुल घरलाई भत्काएर जमिन ठिक ठाक पारेर पुरानो मन्दिर समेत समेटिने गरी मन्दिर निर्माणको काम गर्नू" भनी अह्राए अनुसार मनकामना मन्दिरकै आकारमा प्यागोडा शैलीमा मन्दिर निर्माण गरि तामाको छाना राखिएको छ । माताले मन्दिर बनाउँदा मूलद्धार पूर्वतर्फ र सहायक द्धार दक्षिणतर्फ राख्नू भनि दीक्षा दिएकी थिइन् । भने मन्दिरको उचाईको २/३ उचाई भएको त्रिशुल पूर्वतर्फ राख्न अह्राएकी थिइन् । मूल ढोका र दक्षिण ढोकाको अगाडि दायाँ बायाँ ठूला ठूला घण्ट राख्न र भक्तजनले चढाएका साना घण्टहरु मिलाएर राख्न माताले अह्राएको ङणराज गैरेले बताए । पञ्च पञ्चायन तथा गौरीशंकर शिव पाञ्चायन लाई भुवनेश्वरी मन्दिर तथा भजन कीर्तन सत्तल निर्माण गरी स्थापना गरिएको छ ।

दर्लम महाकाली भगवती मन्दिरको महत्वलाई हृदयंगम गरी त्यतिबेलाको मन्दिर क्षेत्रलाई बिस्तार गरी गोरखा मनकामना भगवती मन्दिरको आकारमा बि. सं. २०५३ साल आश्विन महिनाको महानवमीको पुण्य तिथिको अवसरमा ५८ वर्षसम्म माता महाकालीको पूजा गर्दै आएका पुजारी पुरुषोत्तम गैरेको करकमलबाट शिलन्यासको काम गरिएको थियो । त्यसै गरी २०७३/०७४ सालमा निजकै छोरा थर्कराज गैरेको बारीको बीच भागबाट मन्दिरदेखि माताको शिला उत्पत्ति स्थल सपांगदीसम्म पक्की बाटो निर्माण गरिएको छ ।

हाल महाकाली भगवतीको मन्दिर ३ तलाको बनेको छ । एक तलाको बरण्डा माथी पक्की ढलान छ भने २ तलाका छाना प्यागोडा शैलीमा तामाको छानाले छाइएको छ । मन्दिर परिसरमा गुरुयोजना अनुरुप भुवनेश्वरी मन्दिर, भजन किर्तन सत्तलसहितको शिवालय र होमकुण्ड र पुरानो मन्दिरको जीर्णोद्धार पुरातत्व विभागको सल्लाह अनुसार गरिएको छ । मूल मन्दिरको पूर्वतर्फ २ तले नौ कोठे भवन निर्माण कार्य निर्माणाधीन अवस्थामा छ भने मन्दिर परिसरको गेट बनिसकेको र झाँक्रीस्थानको चौपारीनिर मूल प्रवेश द्धार बिशेष रुपमा बनेको छ । मन्दिर सहितको परिसरको जग्गा पद्मपाणिका ८ भाई छोराहरुले अंशबन्डा गर्नु अघि उक्त सबै जग्गा माताको नाममा छुट्याएका थिए ।

मूल मन्दिरको पूर्व तर्फको ९ कोठे भवनको माथिल्लो तलामा रेलिङ सहितको भवन निर्माण गर्ने, सामुदायिक भवन, वेद विद्यालय, मन्दिर परिसरमा ढुङ्गा छाप्ने, पानी टंकी र भ्यू टावर निर्माण, गणेश र लक्ष्मी नारायणको मन्दिर साथै धर्मशाला निर्माणका काम क्रमशः अगाडि बढाउने गुरुयोजना रहेको छ ।

मन्दिरमा गरिने नित्य वार्षिक कार्यक्रमहरू

यस दर्लम महाकाली भगवती मन्दिरमा दैनिक पूजा, पाठ पारायणका साथै बार्षिकरुपमा मन्दिरमा थप धार्मिक कार्यहरु हुँदै आएको छ । जसअनुसार प्रत्येक बर्ष माता महाकालीको उत्पत्ति भएको दिन हरेक वर्ष कार्तिक शुक्ल त्रयोदशीका दिन बाजा गाजा, भजन कीर्तनसहित माता महाकालीको रथ यात्रा गराउने प्रचलन रही आएको छ । यो दिन यस क्षेत्रका लागि महत्वपूर्ण दिनको रूपमा समेत रहेको छ । रथयात्रामा स्थानीय समुदायका साथै विद्यालयका बिद्यार्थी, आमा समूह, युवा समूह सबैको भव्य सहभागिता रहन्छ । जिल्लाबाट समेत नेपाली सेना तथा सुरक्षा निकायका प्रमुख प्रतिनिधिहरू, पालिका र वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरूसमेत पुग्ने र आर्शिवाद लिने गरिन्छ ।

शिवरात्रीमा रुद्राभिषेकसहित भजन कीर्तन, चैते दशैंमा नित्य नवदुर्गा पूजा, परम्परागत सप्तशती चण्डीको विधान अनुसार र माता महाकालीको सत्तप्रमोधको विधान अनुसारको पूजा गर्ने गरिन्छ । यस्तै गरी श्रीकृष्ण जन्माष्टमीमा श्रीकृष्ण जन्मोत्सव, श्रावण महीनामा बोलबमको जल चढाउने कार्यक्रमका साथै नव दुर्गामा बडादशैं पूजा गर्ने गरिन्छ । यी समयमा अरु बेला भन्दा यहाँ दशनार्थीहरुको भीड लाग्ने गर्दछ । कुनै शुभकार्यका लागि महाकालीसँग भाकल गर्ने र भाकल पूरा भएपछि रोट, बलि वा पञ्चबलि लैजाने प्रचलन समेत रहेको छ ।

महाकाली मन्दिरको गुरु योजना अनुसार हाल मुल मन्दिरको निर्माण कार्य सम्पन्न भइसकेको छ भने भुवनेश्वरी मन्दिर, होम कुण्ड, मूल गेटको निर्माणधीन चरणमै रहेको छ । भगवती माताको आर्शिवादले आफ्ना मनोकांक्षा पूरा भएको भक्तजनहरुको अनुभव छ । आन्तरिक र बाह्य पर्यटनको क्षेत्रमा यस वडाले बलियो पहिचान बनाएको छ । यस वडालाई उत्तरी पाल्पाकै धार्मिक सांस्कृतिक धरोहरको रुपमा पनि लिन सकिन्छ ।

दर्लमडाँडाका अन्य गन्तव्य

दर्लमडाँडामा दर्लम महाकाली मन्दिरसहित राम्दी सुनगुफा, शिव मन्दिर, नौ देवी मन्दिर, झाँक्री थान, भयरथान रहेका छन् । यस्तै साविक वडा नं. २ मा सुन शिद्धगुफा, रामजानकी मन्दिर, भगवती मन्दिर, जगन्नाथ मन्दिर, बालखराम गुफा, रामानुज आश्रम, वेङ्कटेश्वर मन्दिर छन् । साविक वडा नं ३, ४ र ५ मा बराजु मन्दिरहरुका साथै शहिद पार्क रहेको छ । यस्तै वडा नं. ६ को कालिका मन्दिर, वडा नं ७ गरनडाँडाको चेचीकोट, शिवालय र चण्डी मन्दिरका साथै वडा नं. ८ को गेभाठाँटी र भयरझाँक्री मन्दिर, टाकुराकै शिवालय मन्दिरले यस वडालाई ऐतिहासिक, धार्मिक र सांस्कृतिक रुपमा परिचित गराएको छ । बगनासकाली ५ दर्लमडाँडाका वडाध्यक्ष ओमप्रकाश गैरेले दर्लमडाँडा आफैमा पनि धार्मिक पर्यटनका हिसावले जिल्लामै महत्वपूर्ण वडाको रूपमा रहेकोले यसको प्रचार प्रसार तथा प्रवर्धनका लागि स्थानीय सरकारको तर्फबाट महत्वपूर्ण सहयोग रहने बताउनुभयो ।

- पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ, पाल्पा

भोजराज तिमिल्सिना

५२ वर्षदेखि अखण्ड हरेकीर्तन

पाल्पा जिल्लाको बगनासकाली गाउँपालिका धार्मिक हिसाबले अग्रस्थानमा रहेको यहाँ सञ्चालित धार्मिक गतिविधिहरूबाट प्रष्ट हुन्छ । बगनासकाली गाउँपालिका भित्रको धार्मिक एवम् साँस्कृतिक गतिविधिहरू विभिन्न समयमा समय अनुकूल सञ्चालन हुने गर्दछन् । वडा नं. ९ चापपानीभित्र वार्षिक रूपमै फरक फरक ठाउँमा विभिन्न धार्मिक कार्यहरू रहने गरेका छन् । पशुचौपायामा र मानिसहरूमा फरक-फरक खालका रोगहरू लागि ज्यानै समेत लिने अवस्थाको सिर्जना भएको हुँदा यस्तो अवस्थाबाट पार पाउनका लागि विभिन्न धार्मिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको जानकारहरू बताउँछन् ।

सिखरेमा ५२ वर्षदेखि हरे कीर्तन

ओल्लो पल्लो बस्तीका पशु चौपायामा खोरेत जस्तो डरलाग्दो रोग लागि महामारीकै रूप लिएपछि गाउँमा भैसीहरू मर्न थाले । यस्तो पीडालाई बिसाउने चौतारीको अभावमा साविक चापपानी गाविस वडा नं. ६ सिखरेका बासिन्दाहरू थप त्रसित हुन पुगे । खोजीकै क्रममा यहीँ बेला गाउँकै बीचमा तिल बहादुर शाही ठकुरीकोसमेत लैना भैसी एक्कासी मरेपछि स्थानीयहरूलाई डरको सीमै रहेन । अव के गर्ने, के नगर्ने भगवान भन्दै भगवानको नाम लिने भन्दा अर्को दोस्रो विकल्प नै रहेन ।

त्यही बेला त्रासमा परिरहेका यहाँका ७ धुरीका घरमुलीहरू एकै ठाउँमा जम्मा भई सरसल्लाह गरि सिखरेको माथिल्लो पिपलको फेदमुनि पशुधन र पारिवारिक सुरक्षाकी देवी भगवती माताको २०२७ साल कार्तिक महिनाको पहिलो शनिवार स्थापना गरि २४ घण्टे अखण्ड हरे कीर्तनको सुरूवात गरिएको हो । मोतिलाल तिमिल्सिना, रघुनाथ तिमिल्सिना, भुपाल तिमिल्सिना, टोपलाल तिमिल्सिना, यमलाल तिमिल्सिना, ठानेश्वर बस्याल र तिल बहादुर शाहीको संलग्नतामा २४ घण्टे अखण्ड हरिकीर्तन सुरू गरिएको ८१ वर्षीय टोपलाल तिमिल्सनाले बताउनुभयो । ७ घरपरिवारले पुजाको ब्यवस्थापन गरि यम्घा ३ गुँगाका पण्डित दण्डपाणि न्यौपानेद्वारा विधिवत पुजाआजा गराई अखण्ड हरे कीर्तनको सुरूवात गरिएको हो । दण्डपाणि पछि यम्घाकै मीनप्रसाद पाण्डे, वेदराज बस्याल र हरिहर पाण्डेले पण्डितको भूमिका निर्वाह गर्नुभएको छ ।

कीर्तनमा हरेराम हरेराम राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे । भन्दै २४ घण्टासम्म कीर्तन गाउने गरिन्छ । २०२८ साल कार्तिक महिनाको पहिलो शनिवार सिखरेकै तल्लो पिपलको फेँदमा खुला आकाशमुनि कीर्तन गर्ने स्थल सारिएको थियो । त्यही पिपलको फेँदमा लगातार ६ वर्षसम्म हरेक वर्ष कार्तिकको पहिलो शनिवार अखण्ड कीर्तन गरिएको थियो । यो सामूहिक यज्ञलाई धेरैलाई मन पराए । एक्लैले विधि पुऱ्याई गर्न कठिन हुने र सबैको सामूहिक सहभागितामा यज्ञ सञ्चालन गर्दा सहज भएपछि गाउँका अरू घरहरू पनि क्रमशः थपिदै जान थाले । यसरी कीर्तन गर्न थालिएपछि पशुचौपायामा देखिएको महामारी पनि हराएर गएको र गाउँमा सामूहिक कार्यले पनि निरन्तरता पाएको तिमिल्सिनाले बताउनुभयो ।

२०३४ सालमा मन्दिरको आवश्यकता महसुस गरि भगवती माताको मन्दिर बनाउने कार्यको सुरूवात भयो । ढुंगा र माटोबाट बनाइएको मन्दिर छाउनका लागि गाउँगाउँबाट कनेस्टर टिन उठाई/मागी छाउने कार्य सम्पन्न गरिएको थियो । यसरी बनाइएको मन्दिरको आकार पुजा गर्ने भाइहरूमा बृद्धि हुँदै जाँदा मन्दिरको आकार साघुरो भएको महसुस गरि त्यसको १५ मिटर पूर्वतिर अर्को जस्तापाताले छाएको मन्दिर निर्माण कार्य भयो । पुजा गर्ने भक्तजनहरूको संख्यामा वर्षेनी वृद्धि हुँदै जाँदा उक्त मन्दिर पनि साँघुरो भई हाल प्यागोडा शैलीको ३ छाना रहेको पक्की मन्दिरको निर्माण गरिएको छ । मन्दिर निर्माणका लागि ब्यक्ति ब्यक्ति, गाउँ विकास समिति र पछि गाउँपालिकाको समेत सहयोग रहेको मन्दिर निर्माण समितिका संयोजक ज्ञानराज तिमिल्सिनाले बताउनुभयो ।

मन्दिर परिसरलाई चिटिक्क बनाइएको छ । २०२७ सालदेखिको अखण्ड कीर्तन अहिले २२ घरपरिवारका सदस्यहरूको ब्यवस्थापनमा हुँदै आएको छ । सुरूवात

देखि अहिलेसम्म हरेक वर्ष कीर्तन हुँदै आएको छ । कीर्तनमा आउने पाहुनाहरूका लागि प्रसादस्वरूप सुरूवातको अवस्थामा मनभोग दिने गरिएकोमा पछि यसलाई न्यवस्थित गर्दै जाँदा खिर, ढकनी बनाउने गरिएको छ । यहाँ गरिने कीर्तन यस क्षेत्रकै पर्वको रूपमा विकसित भएको छ । स्वयम् कर्ताहरू, छिमेकी, तानसेन, सुनादी, यम्घा, दर्लमडाँडा दरुङ्गा, रम्भाको हुँगी, गल्याङको दिमिकका समेत श्रद्धालु भक्तजनहरू यहाँ आई हरि कीर्तन गाउने र नचाउने गर्दछन् ।

आयोजकहरूले पुजाको न्यवस्थापन गरि आएका पाहुँनाहरूलाई चिया पानी भोजन २ दिनसम्म गराउने गर्दछन् । त्यति मात्र होइन कीर्तनमा सहभागी पाहुँनाहरूलाई यथासक्य दक्षिणा समेत दिई बिदा गर्ने चलन रहेको छ ।

अहिले नगद ५ सय, ४ माना चामल, ५ मुठी घिउ, तरकारी फलफूल उठाई कार्तिक महिनाको पहिलो शनिवार २४ घण्टे हरेकीर्तन निरन्तर रूपमा गरिराखिएको छ । पुजा न्यवस्थापनका लागि जो कोही पनि यहाँ सदस्य हुन खुला छ । भेटी लगायत अन्य जिन्सी सामानहरू चढाउनका लागि पनि रोक बन्देज छैन । कीर्तन थालिएको ५० वर्ष पुगेको अवसरमा भजनकीर्तन सहित भगवतीको रथयात्रा समेत गरिएको थियो ।

२ वर्ष अघिदेखि श्रीनगर डेरी तानसेनले सौजन्यको रूपमा पुजा न्यवस्थापनका लागि आफ्ना पितृहरूको सम्झनामा ५० लिटर दूध निःशुल्क दिँदै आएको छ । कीर्तनको साङ्यताको दिन खहरेखोलाका किसानहरूले नयाँ बाली ल्याई भगवानलाई अर्पण गरि न्वागी खाने पनि चलन छ । यो भगवती मन्दिरमा पशु बलि चढ्दैन ।

छिमेकी गाउँमा पनि अखण्ड कीर्तन

यो सामूहिक धार्मिक कार्यले आपसी सम्बन्ध बढाउने, भाइभाइको सम्बन्ध अझै सुमधुर हुने भन्दै विक्रम संवत २०३३ सालमा चापपानी साविक २ खहरेखोलाका २६ घर परिवारले आफ्नै खर्चमा पँधेरामाथि भगवती माताको मन्दिर स्थापना गरि सिखरेकै शैलीमा नगद २ सय, ३ माना चामल र ५ मुठी घिउ घरघरबाट उठाई फागुन महिनाको पहिलो शनिवार २४ घण्टे अखण्ड कीर्तन गर्न थालेको ८४ वर्षीय टिकाराम तिमिल्सिनाले बताउनुभयो । यो मन्दिरमा सुनादी, नायर, दर्लम, दरूंगा लगायत बिभिन्न ठाउँका स्थानीय भक्तजनहरू बोलाई कीर्तन गरिदै आएको छ । २०३३ सालबाट २०६८ साल ३६ वर्षसम्म २४ घण्टे अखण्ड हरिकीर्तन गरिँदै आएकोमा २०६९ साल फागुनको पहिलो शनिवारबाट १२ घण्टा गर्न थालिएको उहाँले बताउनुभयो । बसाइसराइ, जनशक्ति अभावका कारण २४ घण्टे कीर्तन गर्न नसकी १२/१२ वर्षमा ३ वटा साङयता गरि पुनः १२ घण्टे गर्न थालिएको तेजलाल तिमिल्सिनाले बताउनुभयो ।

सिखरे र पँधेरामाथि भएको कीर्तनलाई हेरी ठूली उकालीको आडैमा त्यहाँका २३ घरपरिवारका सदस्यहरूले जस्ताले छाएको मन्दिरको निर्माण गरि भगवती माताको स्थापना गरि २०५२ सालको माघ महिनाको पहिलो शनिवारबाटै २४ घण्टे नै अखण्ड हरेकीर्तन गर्न सुरू गरिएको ६८ वर्षीय मुक्तिराम तिमिल्सिनाले बताउनुभयो । नगद ५० रूपैयाँ, १ पाथी चामल र ५ मुठी घिउ उठाई नपुग भएका सामाग्री खरिद गरि पुजाको ब्यवस्थापन गरिएको उहाँले बताउनुभयो । स्थानीय भक्तजन, नायरनमतलेसको पाखन्दी, सुनादी, दर्लमडाँडा लगायतका भक्तजनहरू मन्दिरमा उपस्थित भई कीर्तन गर्ने गर्दछन् । यो मन्दिरमा १२ वर्षसम्म २४ घण्टे अखण्ड हरेकीर्तन गरि १२ वर्षपछि पुनः १२ घण्टे कीर्तन गरिदै आएको छ ।

कीर्तन गर्न थालिएपछि संयोग हो वा धार्मिक प्रभाव हो थाहा भएन । २०२७ बाट यता त्यस्ता महामारीहरू भोग्न नपरेको स्थानीहरूको भनाइ रहेको छ । यस क्षेत्रमा अन्य धेरै मठमन्दिर तथा धार्मिक गन्तब्यहरू रहेका छन् । जसका आ-आफ्नै पहिचान रहेका छन् । २०५३ सालमा ठानेश्वर तिमिल्सिना र पूर्णकुमारी खाँणको बिशेष पहलमा स्थानीयहरूको सहयोगमा दप्सेमा जस्तापाताले आएको शिव मन्दिरको निर्माण गरि शिवरात्रीको दिन विधिवत पुजाआजा गरि पञ्चेबाजा सहित भजनकीर्तन गरि श्रद्धालु भक्तजनहरूलाई धर्मसँगसँगै मनोरञ्जन समेत प्रदान गरिएको र निर्माण कार्यमा शिवालय आमा समूहको समेत महत्वपूर्ण सहयोग रहेको आमा समूहकी अध्यक्ष समिता मल्लले बताउनुभयो । जस्ता पाताले छाएको मन्दिर जीर्ण अवस्थामा पुगेपछि स्थानीयहरूले पक्की मन्दिरको आवश्यकता महसुस गरि आर्थिक वर्ष २०७८/०७९ मा धार्मिक तथा पर्यटन विकास कार्यक्रम अन्तर्गत बगनासकाली गाउँपालिका वडा नं. ९ चापपानीबाट १ लाख, बगनासकाली गाउँपालिकाबाट ३० हजार, शिवालय आमा समूहबाट २ लाख, एकता युवा क्लवबाट ५० हजार र स्थानीयको जनश्रमदान र चन्दा संकलन गरि ५ लाखको लगानीमा गारो र दुई ढलाई मात्र गरिएको निर्माण समितिका अध्यक्ष युवराज खाँणले बताउनुभयो । मन्दिर निर्माण कार्य अगाडि बढाइएको र मन्दिर अधुरै अवस्थामा रहेको आमा समूहकी अध्यक्ष मल्लको भनाइ रहेको छ ।

मन्दिरको प्लाष्टर, रङ्रोगन, चारैतिर पेटी बनाउन बाँकी नै रहेको सँगै भक्तजनहरूको विश्रामका लागि पौवा आवश्यक रहेको र उक्त कार्यका लागि अझै पनि करिव १० लाख रूपैयाँ आवश्यक रहेको एकता युवा क्लबका अध्यक्ष भेषराज तिमिल्सिनाले बताउनुभयो । यसका लागि सहयोगी सरकारी तथा गैरसरकारी संस्था चन्दादाताहरूसँग समन्वय भइरहेको उहाँले बताउनुभयो ।

- उपाध्यक्ष बगनासकाली पत्रकार समूह

भोजराज भट्टराई

बगनासकालीमा ग्रामीण पर्यटन : सम्भावना र चुनौती

१. विषय प्रवेश

अहिले मुलुक नयाँ परिवेशमा पुगेको छ । स्थानीय तह, प्रदेश र संघले जनप्रतिनीधी पाएको छ । शहर बजार गाउँघर, टोल छिमेक जहाँ भएपनि विकासका कुरा उठने बित्तिकै पर्यटनका कुराहरु उठने गर्दछन् । पर्यटनको विकास गर्नु पर्दछ । पर्यटनको विकासले नै आर्थिक विकास हुन्छ । विकासको महत्त्वपूर्ण आधारनै पर्यटन हो । पर्यटनको बहुआयामिक रुपले विकासमा टेवा पुऱ्याउँछ । पर्यटनले प्रत्यक्ष आर्थिक आर्जन गराउँछ, रोजगारी सृजना गराउँछ र गाउँघरमा उत्पादन भएको वस्तुहरुको खपत हुन्छ भन्ने, गाउँमा होमस्टे सन्चालनमा ल्याएर पर्यटकहरुलाई सेवा दिनु पर्दछ भन्ने कुराहरु सुन्ने गरिन्छ । यो विकासको लागि नयाँ सोच मान्नु पर्दछ ।

अहिले होमस्टेको शब्दनै बोल्ने क्रममा चल्तीमा आए पनि होमस्टे अंग्रेजी शब्द हो । नेपालीमा यसलाई घरबास भनिन्छ । होमस्टेले यात्राका क्रममा ग्रामीण भेगका घरबासमा बस्ने भन्ने अर्थ दिन्छ । चाहे जुन शब्द प्रयोग भए पनि होमस्टेले ग्रामीण क्षेत्रमा भ्रमणमा जाने पर्यटकहरुका लागि घरघरमा खाने, बस्ने ब्यवस्थालाई जनाउँछ । यसलाई हाम्रो परम्परागत संस्कृतिको आधुनिक रुप पनि मान्न सकिन्छ । पहिले पहिले अध्ययनका लागि परदेश हिंडेका ब्यक्ति, नुन तेल लिन जाने आउनेहरुले रात परेपछि

बाटैमा बास बस्नुपर्ने अवस्था थियो । त्यतिबेला अहिलेका जस्ता होटल थिएनन् । यसरी बास बस्ने पाहुनालाई घरधनीले केही रुपिया लिएर भाँडाकुँडा, दाउरा, पानी, नुन, तेल दिने प्रचलन थियो । ग्रामीण भेगका कतिपय ठाउँमा बेलुकाको समयमा बास बस्न आएका पाहुनाहरुलाई आफ्नो भान्सा चुलोमा जे पाकेको छ त्यही खान दिने प्रचलन थियो । त्यसबापत न्यूनतम रकम मात्र लिने चलन थियो । त्यही चलनको आधुनिक रुप अहिले हामीले फलाक्दै आएको होमस्टे हो । हिजोआज यसलाई ग्रामीण पर्यटनको रुपमा समेत ब्याख्या गर्ने गरिएको छ ।

२. पृष्ठभूमि

होमस्टेको इतिहास अध्ययन गर्दा सन् १९७८ मा मलेसिया सरकारले विकासको औजारका रुपमा प्रयोग गरेको देखिन्छ । यो अन्यन्तै प्रभावकारी भएको पनि विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । यसको माध्यमबाट बहुआयामिक क्षेत्रको विकास गर्न सकिन्छ । होमस्टेको वास्तविक उद्देश्य पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा हो । यसको उद्देश्य होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने हो । अर्कोतर्फ होमस्टे संचालन गरी ग्रामिण क्षेत्रका जनताहरुलाई पर्यटनको सेवामा सहभागी गराउने पनि हो । जुन कारणले गर्दा ग्रामीण समुदायको आयश्रोत बढदै जान्छ र जीवनस्तरमा सुधार आउँछ । स्थानीय तहमा स्वास्थ्य, शिक्षा, सामाजिक परिवेश, वातावरण संरक्षण, कला संस्कृतिको विकास आदिमा समेत घरबास कार्यक्रमको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ ।

नेपालको सन्दर्भमा स्याङ्जाको सिरुबारीबाट २०५४ सालमा सुरु भएको होमस्टे पर्यटन अहिले देशभर फैलिएको छ । स्याङ्जाको सिरुबारीबाट नेपालमा होमस्टे पर्यटनको आरम्भ भएको मानिन्छ । सिरुबारीपछि भने होमस्टे पर्यटन लमजुङको घलेगाउँ, घनपोखरा, भुजुङ, पसगाउँ, सिउरुङ आदि गाउँहरु र रसुवाको बृद्धिम तथा इलामको श्रीअन्तुतिर विस्तार भएको हो । त्यस लगत्तै क्रमश तराई र पहाड अनि हिमाली जिल्लाहरुमासमेत होमस्टे खोल्ने क्रम सुरु भएको देखिन्छ । आ.व.२०७८।०७९ को तथ्याङ्क केलाउँदा नेपालभरि करिब ४५ जिल्लाका बिभिन्न गाउँमा होमस्टे सञ्चालनमा आएका छन् । हाल देशभर करिब १ हजार ८ सय घरले होमस्टे सञ्चालनगरेका छन् । यो बर्ष मात्र धेरै स्थानीय तहहरुले होमस्टे सन्चालनका लागि गाउँमा तालिम समेत दिने गरेका छन् । होमस्टे पर्यटनप्रति धेरै गाउँठाउका बासिन्दाहरु आकर्षित हुन थालेका छन् ।

होमस्टेमा न्यानो आतिथ्यताका माध्यमबाट गाउँघरका परम्परागत संस्कृति, रहनसहन तथा मौलिक उत्पादन तथा सेवाले पर्यटकलाई होमस्टेले आकर्षित गरेको छ । होमस्टे सञ्चालन भएका गाउँमा यातायातको सुविधा भएपछि पर्यटक सिधै होमस्टेमा पुग्ने गरेका छन् । प्रायः व्यस्त दैनिकीका व्यक्तिहरु फुर्सदको समयलाई नयाँ नयाँ क्षेत्रमा खुलेका होमस्टेहरुमा पुगेर आन्तरिक पर्यटनलाई टेवा दिइरहेका छन् ।

नेपालमा वि.सं. २०६७ सम्म होमस्टेको स्पष्ट परिभाषा थिएन, कसरी सञ्चालन गर्ने भन्ने कार्यविधि र दिशानिर्देश पनि थिएन तर अहिले समय धेरै बदलिएको छ । नेपालमा अहिले होमस्टे कार्यविधि २०६७ ले निर्देश गरेअनुरूप नै सञ्चालनमा छन् । सो अनुसार होमस्टे सञ्चालनमा मूलतः दुईवटा उद्देश्य छन् । पहिलो, पर्यटकलाई ग्रामीण क्षेत्रको वास्तविक अनुभूति गराउने हो । दोस्रो, उद्देश्य पर्यटनको माध्यमबाट दूरदराजका मानिसको आयआर्जन तथा रोजगारीको अवस्थालाई दिगो विकास विकाससँग जोडी पर्यटनमैत्री वातावरण बनाउने हो । केही समय बजार क्षेत्रमा समेत घरबास कार्यक्रम सञ्चालन हुँदा त्यस्ता क्षेत्रमा अध्ययन अनुसन्धानका लागि बस्ने मानिसहरु रहेको भेटिन्छ । आन्तरिक तथा बाह्य पर्यटकको चासो बढ्ने र अन्तर्राष्ट्रिय उडान सहजताका कारण पछिल्लो समय नेपालको पर्यटन विकासमा होमस्टे एक अभिन्न अङ्ग भएर अगाडि बढेको छ । 'अतिथि देवो भवः' भन्ने नेपाली सनातन मुल मान्यतालाई नेपालको होमस्टे पर्यटनले यथार्थमा टेवा प्रदान गरेको छ । नेपाल सरकारले वि.सं. २०६७ मा होमस्टे सञ्चालन कार्यविधि ल्याएको छ । होमस्टे भनेको के हो, कस्तो हुनुपर्छ, कहाँ खोल्न पाइन्छ, खोल्दा के-के प्रक्रिया अपनाएपछि सरकारी मान्यता पाइन्छ, व्यक्तिले खोल्ने हो कि समूहले, एउटा घरमा कतिवटा कोठासम्म होमस्टे राख्न सकिन्छ, सरकारलाई कर तिर्नुपर्छ कि पर्दैन, पर्यटकलाई सुताउने कोठा र खाट कस्तो हुनुपर्छ, भान्सा कस्तो हुनुपर्छ, खानाका परिकार के-के हुन सक्छन, पर्यटकले पालना गर्नुपर्ने नियम र घरमालिक अर्थात होमस्टे सञ्चालकले पालन गर्नुपर्ने नियम कस्ता-कस्ता हुन सक्छन, जस्ता कुरा होमस्टे सञ्चालन कार्यविधिले दिएको छ ।

होमस्टे पर्यटनका लागि नेपाल सरकारले केही कुरा नियमन गर्न खोजे पनि सकेसम्म रणनीतिगत रुपमा यसलाई खुकुलो र सहज बनाउने प्रयासमा रहेको देखिन्छ । दर्ता गर्दा पनि पाँच घर मिलेर 'सामुदायिक होमस्टेको रुपमा कुनै पनि गाउँमा होमस्टेमा आधारित पर्यटन शुरु गर्न सकिने प्रावधान राखिएको छ । शुरुको अवस्थामा पर्यटन विभाग, पर्यटन कार्यालय वा स्थानीय तहमा दर्ता गर्दा के-के कागजात पूरा भएको हुनुपर्छ

र होमस्टे चलाउने घरमा कुन-कुन पूर्वाधार तथा सुविधा पुगेको हुनुपर्छ भन्ने कुराको स्पष्ट जाँचसूची होमस्टे कार्यविधिको अनुसूचीमा उल्लेख गरिएको छ । कम्तीमा साढे छ फिट लम्बाइ भएको र तीन फिट चौडाइ भएको खाट हुनुपर्ने, एउटा कोठामा दुई वटासम्म खाट राख्न सकिने, त्यसमा नरम ओछ्यान, सेतो तन्ना र सुकिलो एवं न्यानो सिरक हुनुपर्ने, ठिक्कको आनन्ददायी सिरानी हुनुपर्ने, एउटा तौलिया, एउटा चिया-टेबल, दुई वटा कुर्सी, एउटा ऐना, चप्पल, डस्टबिन, डोरम्याट, भित्तामा आकर्षक पर्यटकीय नक्सा, पोस्टर वा फोटो, उज्यालोका लागि बिजुली वा मैनबत्ती वा लालटिनको न्यवस्था हुनुपर्ने नियम उक्त कार्यविधिमा उल्लेख छ । साथै, सकेसम्म एट्याच ट्वाइलेट तथा बाथरुम हुनुपर्ने, यदि त्यस्तो नभएमा पर्यटकले प्रयोग गर्न कठिनाइ नहुने गरी सुत्ने कोठाको नजिकै बाहिर सफा ट्वाइलेट तथा बाथरुम हुनुपर्ने प्रावधान पनि त्यस कार्यविधिमा छ ।

होमस्टेमा सकेसम्म आफ्नै खेतबारीमा उत्पादन भएका वा स्थानीयस्तरमा नै उत्पादन भएका अर्गानिक वस्तु खुवाउनु, स्थानीय सांस्कृतिक रहनसहन र नाचगानमा रमाउने वातावरण बनाउनु र पाहुना हिँड्ने बेलामा घर वा गाउँमै बनेका स्थानीय हस्तकलाका सामग्रीहरु वा अन्य घरेलु उपजका कोसेली लाने न्यवस्था पर्यटकलाई मिलाइदिनु पर्दछ । तर अहिले कतिपय ठाउँका होमस्टेका सन्चालकहरुमा पर्यटक भनेका राती बास बस्न आउने र विहानै उठेर जाने मानिस हुन भन्ने खालका साँघुरो सोच रहेको छ । अधिकांश होमस्टे सञ्चालनमा आएका गाउँहरुमा पर्यटकले खाने वस्तुहरु पनि बाहिरबाटै ल्याइएको पाइन्छ ।

ग्रामीण एवं बाह्य पर्यटकहरुको आगमन गराउन हरेक गाउँ र बस्तीमा होमस्टे सन्चालनमा ल्याउनु पर्दछ । गाउँघरको सरसफाई, निर्माण भएका सडकको मर्मत संभार र अन्य ग्रामीण बस्तीहरुमा सडक सञ्जालको विकास गर्न जरुरी छ । गाउँमा नयाँ मानिसहरु पुग्दा खाने बस्ने सुबिधा र सुरक्षाको ग्यारेन्टी हुनु पर्दछ । ग्रामीण पर्यटनको विकास गर्न स्थानीय तहहरुले यी विषयमा चासो राख्नु पर्दछ । अनि मात्र ग्रामीण पर्यटनको विकास हुन सक्दछ । अधिकांश हामी नेपालीहरुमा भ्रमण गर्ने बानी छैन र भ्रमण गर्नु फजुल खर्च गर्नु सिवाय केही होइन भन्ने सोचाइ धेरैमा पाइन्छ । भ्रमण एक अध्ययन, अवलोकनको महान् शिक्षा हो । किताबी ज्ञान, ज्ञानमा मात्र सीमित हुन्छ । तर भ्रमण अवलोकनबाट प्राप्त ज्ञान न्यवहार परिवर्तनमुखी हुने गर्छ । अर्कोतर्फ भ्रमणले मान्छेका नराम्रा संस्कार र संस्कृतिको तुलनात्मक विश्लेषण गराई संस्कार र संस्कृतिको विकास र परिमार्जन गराउने माध्यम पनि बन्दछ ।

३. बगनासकालीमा (होमस्टे) घरबास अवसर

देशभरका गाउँमा अहिले अधिकारसम्पन्न स्थानीय सरकार छन् । बजेट पनि सबैको राम्रै छ । पर्यटन विकासको आशा गर्ने हो र साँच्चैको पर्यटकीय सम्भावना भएको गाउँठाउँ छ भने पर्यटन प्रवर्द्धनको विकास होमस्टेबाटै गर्नु राम्रो हुन्छ । देशका ७५३ स्थानीय तहमध्ये बगनासकालीको सन्दर्भमा यहाँको कुमाल, माझी, मगर, नेवार, ब्राह्मण लगायतका कला, संस्कृति, संस्कार, रीतिरिवाज, परम्परा, खानपान, संस्कार र सभ्यता आफैंमा महत्त्वपूर्ण छन् । त्यसको स्वाद भिन्न क्षेत्रबाट आउने पर्यटकलाई दिन सके यहाँको आर्थिक मात्र होइन सांस्कृतिक संरक्षण पनि हुन सक्छ । होमस्टेमा आउने पाहुनालेले केही न केही रकम खर्च गर्दछन् । सामान्य आय स्तर भएका मानिसका लागि यो आर्थिक अवसर पनि हो । जब पाहुनाहरु होमस्टेमा आउँछन् उनीहरुले देख्ने दृश्य, वातावरण, संस्कृति र मानिसले गर्ने सेवाको समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मूल्य तिरीरहेका हुन्छन् । यसबाट हाम्रा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसले समेत पर्यटनको माध्यमबाट केही न केही आय आर्जन गर्न सक्छन् ।

होमस्टेले पर्यटकलाई आवास प्रदान गर्ने काममा मात्र होइन, सांस्कृतिक पर्यटन प्रवर्द्धनमा पनि ठूलो भूमिका निभाएको छ । तर होमस्टे सञ्चालन गर्न चाहनेहरुका लागि यथेष्ट ज्ञान र सीपको अभाव रहेको छ । अहिलेसम्म सन्चालनमा आएका होमस्टेहरुमा भ्रमण गर्दा त्यहाँका अधिकांश सञ्चालकहरुसँग होमस्टेका आधारभूत ज्ञान पनि नभएको पाइयो । होमस्टे सञ्चालनका लागि जुन स्थानीय संस्थाले सहजीकरण गरेका छन् ती संस्था र व्यक्तिहरुमा नै होमस्टे पर्यटन विकासका लागि अति आवश्यक पर्ने कुरामा सामान्य ज्ञान पनि नभएको पाइयो ।

बगनासकाली गाउँपालिका धार्मिक पर्यटकीय सम्भावना बोकेको पालिका हो । उत्तरमा कालीनदी रानीमहलदेखि राम्दी र्‍याफ्टिङ्गका लागि, सुनगुफा क्षेत्रमा रहेको रक क्लाइम्बिङ्गको सम्भ्याव्यता क्षेत्र, दर्लममहाकाली, शिवासन, सिद्धगुफा, लगायत यहाँका धार्मिक सम्पदा, सांस्कृतिक पक्ष र पर्यटकीयस्थलबारे प्रचारप्रचार गर्नु जरूरी छ । खानीछाप, दर्लमको अर्गानिक उत्पादन, मगरी समुदायको हस्तकला, स्थानीय क्षेत्रका विभिन्न लोभलाग्दा सम्पदा यहाँका महत्त्वपूर्ण पक्ष हुन । पालिका भित्रका सबै वार्ड सडक मार्गले छोएका कारण यहाँ धार्मिक पर्यटनको विशेष सम्भावना रहेको छ । वडा नं. १,२,३ ले छोएको माडीदृश्य देखिने क्षेत्र, वार्ड नं. ३ र ४ को हिमदृश्य देखिने खानीछाप, घार्मिक क्षेत्रको धरोहर वार्ड नं. ५ को दर्लममहाकाली क्षेत्र, रामनदीधाम, राम्दी सिद्धगुफा,

वार्ड नं. ६ को यम्घा, लाम्दी, कोलडाँडा, दाङ्सिङ्गा दर्पुकको चुट्का, भजन, माझी संस्कृति, काली नदी क्षेत्रमा पाइने विभिन्न ताजा माछा, मथुरा मैदानको सम्भावित सांस्कृतिक होमस्टे, श्रीकृष्ण मन्दिर, देवीस्थान, शिवमन्दिर, धारापानी सिद्धगुफा, दैलातुङ्को २०० वर्ष पुरानो अन्नपूणेश्वर मन्दिर, दैलातुंग फाटँको अर्गानिक उत्पादन र माझी संस्कृति लगायत अन्य थुप्रै कला संस्कृति प्रचार प्रचारको कमीले गर्दा वर्तमानमा ओझेलमा परेका छन् ।

वातस्तमा पर्यटक भनेको घुम्ने र नयाँ अनुभव प्राप्त गर्ने व्यक्ति हो । यही सन्दर्भमा बगनासकाली-३ का स्थानीय एवम् बगनासकाली गाउँपालिकाका आलेप शाखा प्रमुख यादव न्यौपानेले ग्रामीण पर्यटन विस्तारको लागि नयाँपन दिनु पर्ने बताउनुहुन्छ । न्यौपानेका अनुसार विभिन्न स्थानमा जानु, बस्नु नयाँ अनुभूतिको अनुभव गर्दै आनन्दको महसुस गर्ने पर्यटकको लक्ष्य हुन्छ । सामान्यतया अत्यधिक पर्यटकले धेरै होटेल, मोटेल, रिर्सोट, कटेज, गेस्टहाउस आदिको अनुभव सजिलै प्राप्त गर्न सक्छन् । यस्ता क्षेत्रबाट पाइने अनुभवको आदान प्रदान गर्न सकिने एउटै मात्र सजिलो माध्यम होमस्टे नै भएको न्यौपानेको ठम्याई छ ।

बगनासकाली-९ चापानीका स्थानीय एवम् पत्रकार महासंघ सचिव यज्ञमूर्ति तिमिल्सिना बगनासकालीमा वार्ड नं. ७ खानीगाउँ क्षेत्रको कमेरे गाउँ, रानीमहल क्षेत्रको आँगनमा होमस्टे क्षेत्रको सम्भाव्यता भएका ठाउँ भएको बताउनुहुन्छ । सामान्य गाउँको सिकाइ, स्थानीय कठिनाई, शिक्षाको अवस्था, सुरक्षाको स्थिति, आदिको प्रत्यक्ष अनुभूतिसमेत होमस्टेको माध्यमबाट गर्न सकिने तिमिल्सिना बनाउनुहुन्छ । पर्यटकले परिकल्पना गरेको भन्दा भिन्न प्रकारको ज्ञान र अनुभव होमस्टेको माध्यमबाट प्राप्त गर्नको लागि वार्ड नं. ८ को बराङ्दी शिवासन क्षेत्र, सिध्दबाबा मन्दिर क्षेत्र, वार्ड नं. ९ मा रहेको चापपानी क्षेत्रबाट देखिने हिमदृश्य, मगर समुदायको झाम्रे, रोइला, चुट्का, भजन पनि यस क्षेत्रका प्रख्यात सांस्कृतिक पक्षलाई होमस्टेसँग जोडेर पर्यापर्यटन र स्थानीय तहको पर्यटन विस्तारमा सहयोग पुग्ने देखिन्छ ।

४. चुनौती

ग्रामीण पर्यटन र होमस्टेको अर्को महत्त्वपूर्ण पक्ष भनेको स्थानीय भाषाको संरक्षण र सिकाइ पनि हो । ग्रामीण पर्यटकहरु होमस्टे बसाइमा आउँदा स्थानीय भाषा सिक्ने, बोल्ने अवसर प्राप्त गर्न सक्छन् । होमस्टेले सबै प्रकारका पाहुनाहरुलाई बस्नको लागि वैकल्पिक र किफायती ठाउँ प्रदान गर्दछ । जहाँ प्रकृति र संस्कृतिको भरपुर आनन्द लिन सकिन्छ । बगनासकालीको वार्ड नं. ४, ५ र ६ यस पालिका क्षेत्रका केही विकासमा पछि

र भूगोलमा केही टाढा रहेका क्षेत्र हुन् । यी क्षेत्रमा वर्षायाममा सडक नियमित सुचारू गर्न समस्या छ । अन्य वार्डहरु पक्की सडकसँग जोडिए पनि वार्ड ४, ५ र ६ का सडकहरुमा ग्रावेलसम्म गरिएको छैन । गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकले ग्रामीण पर्यटन विस्तारको सन्दर्भलाई पालिकाभित्रका बाटाहरु हिलो र धुलोमुक्त बनाउनेगरी सिङ्गो गाउँपालिका लागेको बताउनुहुन्छ । यी क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, सडक पूर्वाधारलाई सहज बनाउन नसक्दा पर्यटकीय सम्भावना बोकेको भए तापनि घरबास कार्यक्रम र यहाँका उत्पादनले उचित बजार पाउन नसक्नु मुख्य चुनौती हो ।

विविधता भित्रको एकता जोडिएको जनजातिको बाहुल्यता रहेको बगनासकाली आफैंमा संस्कृतिको अनुपम उपहार भएको गाउँपालिका अध्यक्ष सरस्वती चिदी दर्लामी बताउनुहुन्छ । पाल्पाको महत्वपूर्ण पर्यटकीय क्षेत्र रानीमहल क्षेत्र बगनासकालीको आगँनमा पर्ने, यहाँ आदिवासी जनजातिको बाहुल्यता भएको कारण यस क्षेत्रमा धार्मिक पर्यटनको सम्भान्यता रहेकोले यसको सम्भान्यता अध्ययनसहित आवश्यक विकासका लागि पालिकाले पहल गर्ने अध्यक्ष सरस्वती चिदी बताउनुहुन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसको संख्या अत्यन्तै धेरै रहेपनि पछिल्लो समय बसाइ सराइ बगनासकालीको समस्याको रुपमा रहेको छ । रोजगारी र आर्थिक विकासको लागि घर बास कार्यक्रमलाई जोड्न सकिएमा यसलाई केही कम गर्न सकिन्छ । यसको क्रमशः सुधार गर्दै समग्र गाउँपालिकाको विकासका लागि स्थानीय तहले उचित बजेट विनियोजन सहित घरबास कार्यक्रम सम्भान्यता अध्ययन गर्ने र सोही अनुसार स्थानीय समुदायसँग सहकार्य, समन्वय गरी घरबास कार्यक्रमलाई अगाडि बढाउन सकेमा यहाँको धार्मिक, पर्यटन र सांस्कृतिक सम्पदा र भूगोलको न्याय हुने देखिन्छ ।

५. निष्कर्ष :

सानो सानो अपेक्षा लिने तर धेरै आनन्द महसुस गर्ने समुह ग्रामीण भेगमा पाइन्छ । जुन ठूला सहरमा बसोबास गर्ने मानिसको सोच र ब्यवहारभन्दा फरक पाइन्छ । यस्ता विषयवस्तुको सिकाइको लागि पनि ग्रामीण पर्यटन वा होमस्टेको बसाइ आवश्यक छ । स्थानीय तहले आफ्नो क्षेत्रका मानिसको यथार्थ अवस्था, आर्थिक, रोजगारी, तथा क्षमताको विकास हेर्न स्थानीय मानिससँग सहकार्य गर्नु आवश्यक हुन्छ । यस्ता सहकार्यका माध्यमबाट पर्यटकले अनेकन विषयवस्तुको भोगाइ, सिकाइ, आदिको अवसर प्राप्त हुन्छ । बगनासकालीको पर्यटनको सम्भान्यता र आकर्षण भनेको प्रकृति र संस्कृति नै प्रमुख हुन् । यसका लागि निजी क्षेत्रको लगानी र

न्यवस्थापन, स्थानीय तहबाट निगरानी र अभिभावकत्व ग्रहण गर्नु आवश्यक देखिन्छ । स्थानीय पदमार्ग, अवस्था र आवश्यकता बारेमा स्थानीयले चासो लिने र स्थानीय सरकारले त्यस्ता पदमार्गको स्तरउन्नति गर्नु आवश्यक देखिन्छ । स्थानीय धार्मिक पहिचान बोकेका क्षेत्रका पदमार्गबाट पर्यटकले त्यस क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक महत्वका विषय बुझ्न सक्छन् । यहाँ धार्मिक पर्यटकीय सम्पदा र सभ्यतालाई बचाउने र संरक्षण गर्ने कार्य होमस्टेबाट मात्र सम्भव हुन्न भन्ने विश्वास बढाउनु आवश्यक छ ।

सन्दर्भ सामग्री

आचार्य, बलराम (२०७३), नेपालमा समाज र संस्कृति, : नेशनल बुक सेन्टर, काठमाडौं ।

कानुन सङ्ग्रह (२०७८), ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डहरुको संगालो, बगनासकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा ।

प्रसाई डा. आलोक (२०७८), होमस्टे : ग्रामीण विकासको औजार, काठमाडौं : डिस्कवरी न्युज नेटवर्क ।

बगनासकाली आवाज, पूर्णाङ्क १४, बगनासकाली गाउँकार्यपालिकाको कार्यालय, चिर्तुङ्धारा, पाल्पा ।

- सदस्य नेपाल पत्रकार महासंघ, पाल्पा

मन गहिरे

बगनासकालीमा साहित्य

विषय प्रवेश

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्छ, समाजका हरेक घटना, परिवेश, आरोह, अवरोहमा मानिस प्रत्यक्ष-अप्रत्यक्ष रुपबाट सरिक हुन्छ । जब अनुभव, विचार र भावनाबाट प्रेरित हुन्छ तब सिर्जनात्मकताको विकास हुन्छ । साहित्य यसैको उपज हो भन्ने मलाई लाग्छ । घटना र परिवेशको साक्षात्कार गर्दागर्दै जीवन र जगत् का अनुभूतिहरुकै प्रतिक्रिया साहित्य हो जसले सामाजिक रुपान्तरणमा समेत महत्वपूर्ण भूमिका खेल्दछ । साहित्यका विविध विधाहरु हुन्छन् । विधागत रुपबाट हेर्दा, कविता, कथा, उपन्यास, गीत, गजल, निबन्ध, नियात्रा, नाटक, मुक्तक, हाइकु, लघुकाब्यहरु लगायतका विधा, उपविधामा रहेर सर्जकले आफ्ना सिर्जनाको प्रस्फुटन गरेको पाइन्छ ।

साहित्यको उर्वर भूमि पाल्पा जिल्ला हो । त्यसमा पनि बगनासकाली गाउँपालिका भित्रका साहित्यिक स्रष्टाहरुको योगदान महत्वपूर्ण रहेको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय जगत् मा समेत बगनासकाली पाल्पाका स्रष्टाको कृति चर्चामा आएको देखिन्छ । बगनासकाली गाउँपालिकामा जन्मिएर हाल देशभित्र वा परदेशमा रहनुभएका स्रष्टाका सिर्जनाले नेपाली भाषा, कला, साहित्यमा अमूल्य योगदान दिएका छन् । यहाँ बगनासकाली गाउँपालिकाकै स्रष्टा र कृतिहरुको बारेमा उल्लेख गरिएको छ ।

बगनासकाली पोखराथोकका यादवनाथ कोइराला, उनको कृति - गण्डकी सोपान स्तवकाब्य (२०५४), कालचरित्र खण्डकाब्य (२०६८), कालीदर्शन खण्डकाब्य (२०७१)

प्रकाशित छन् । पोखराथोककै कृष्णप्रसाद कोइरालाका कृति विचिमाला कविता सङ्ग्रह (२०६३), सुस्केरा शतक मुक्तक काव्य (२०६७), भूकम्प खण्डकाव्य (२०७८), जिन्दगीका मोडहरु उपन्यास (२०७१) प्रकाशित छन् । पोखराथोकका गंगानाथ कोइरालाका कृति हिमाल र छहरा कविता सङ्ग्रह (२०६३), आसाको किरण कविता सङ्ग्रह (२०७७) प्रकाशित छन् ।

बगनासकाली पोखराथोककी मोहन लक्ष्मी नेपाल उनको कृति कलौ नास्ति कविता सङ्ग्रह (२०६२) प्रकाशित छ । पोखराथोककै अनिल कोइरालाको कृति भ्याउ भो कविता सङ्ग्रह (२०५९), दिक्क लागेर त हो नि कविता सङ्ग्रह (२०६२), चड्कन च्यूरा निबन्ध सङ्ग्रह (२०६४), फुरौला निबन्ध सङ्ग्रह (२०६७) प्रकाशित छन् ।

पोखराथोक अमराईका कृष्ण पहारीका कृतिहरुमा बारुदका धूँवाहरु गजल सङ्ग्रह (२०६२), परिवेशभित्रका पीडाहरु मुक्तक सङ्ग्रह, मान्छे हराएको देश कविता सङ्ग्रह प्रकाशित छन् ।

बगनासकाली पोखराथोकका सुनिल कोइरालाका सुनिल गीत सङ्ग्रह (२०७७), संयुक्त लघुकथा, ममला कविता, संयुक्त कृति (२०५९) प्रकाशित छन् । पोखराथोकका युवराज शर्मा खनालको कृति युवराजका कविता (२०७७) प्रकाशित छ । पोखराथोकका रामबहादुर पहारीका कृति गीत गजल सङ्ग्रह (२०५८), घाउ रैछ जिन्दगी यो गजल सङ्ग्रह । सूर्य पहारीका गजलहरु (२०६५) प्रकाशित छन् । पोखराथोकका विनोद नेपालका कृति हल्लै हल्लाको देश कविता सङ्ग्रह (२०७८) प्रकाशित छ । बगनासकाली पोखराथोकका सरोज काफ्लेको कृति अधरामृत गजल सङ्ग्रह भाग १ (२०६२), अधरामृत गजल सङ्ग्रह भाग २ (२०६५) रहेका छन् ।

पोखराथोक २ की मन गहिरेको प्रकाशित कृति मनका कथाहरु कथा सङ्ग्रह (२०७०), परिभाषित समय कविता सङ्ग्रह (२०७३) छन् भने संयुक्त मुक्तक, संयुक्त गजल, संयुक्त हाइकु प्रकाशित छन् । पोखराथोकका गोविन्द खनालको कृति अनुभूतिका प्रहर कविता सङ्ग्रह (२०७५) प्रकाशित छ । पोखराथोककै जानका नेपालको कृति संयुक्त आँकुरा गजल सङ्ग्रह (२०७६) प्रकाशित छ । पोखराथोक २ का सुरेन्द्र गहिरेको कृति The hidden destination अंग्रेजी उपन्यास (२०६९) प्रकाशित छ ।

बगनासकाली खानीगाउँका डा. शंकर गैरेका कृतिहरुमा विमर्शका स्पर्शहरु (संयुक्त) कविता सङ्ग्रह (२०६७), रस सिद्धान्त र प्रतिनिधि नेपाली कथा समालोचना (२०७४), कला, सिद्धान्त र प्रतिनिधि नेपाली कथा समालोचना (२०७४), उज्यालोतिर

उपन्यास (२०७४), मधुमास गजल सङ्ग्रह (२०७६), कृष्ण उपन्यास (२०७८) प्रकाशित छन् । हालै गैरेको कृष्ण उपन्यास निकै चर्चामा रहेको छ ।

बगनासकाली खानीगाउँका धातानन्द शर्मा गैरेका कृतिहरुमा वनसुमन हाइकु सङ्ग्रह (२०७७), पाल्पाली साइनो संयुक्त सङ्ग्रह (२०७७), पाल्पाली साइनो सङ्ग्रह भाग २ (२०७८) प्रकाशित छन् ।

बगनासकाली खानीगाउँका खगेन्द्र बस्यालका कृतिहरुमा दैलातुङ फाँटबाट शुरु भएको यात्रा गजल सङ्ग्रह (२०४९), खडेरीका फूलहरु संयुक्त हाइकु सङ्ग्रह (२०७४), पञ्चरत्न बाछिटा सङ्ग्रह (२०७७) प्रकाशित छन् ।

बगनासकाली ढाबखोलाका कृष्ण प्रसाद बस्यालका कृतिहरुमा सुस्केरा कविता सङ्ग्रह (२०३४) र परिणति खण्डकाव्य (२०४३) प्रकाशित छन् । बगनासकाली बराङ्दीका श्रीराम स्वरुपको कृति खरानी गजल सङ्ग्रह (२०७६) प्रकाशित छ । बगनासकाली बराङ्दीका हरिप्रसाद घिमिरेको कृति Classroom language and methodology प्रकाशित छ । बगनासकाली चापपानीका गणेश नेपालीका कृतिहरु छाती चर्किएपछि गजल सङ्ग्रह (२०६०), अछूत लघुकथा सङ्ग्रह (२०७६) प्रकाशित छ । बगनासकाली दैलातुङ्का गोपाल बस्यालका Our OK Baji, Journey to Japan, Disgraceful city र Prometheus चार कृति अनुवादित छन् भने Teaching English to Beginners र ELT Hand Book अंग्रेजी भाषा शिक्षण सम्बन्धी सन्दर्भसामग्री प्रकाशित छन् । बगनासकाली-९, चापपानीकी शारदा ढकालका कृतिहरु आँशुको दहमा पौडिएको कलम शोककाव्य (२०७६), आँशु शीत काव्य (२०७९) प्रकाशित छन् । बगनासकाली भुटुकेका झपेन्द्र खनालका कृति घाइते मनहरु र गुराँस कविता सङ्ग्रह (२०१२) प्रकाशित छ ।

बगनासकाली-७, कल्लाबारीका गोम विक्रमका कृतिहरूमा हातेमालो स्फुरण संयुक्त मुक्तक सङ्ग्रह (२०७४), सुस्केरा संयुक्त मुक्तक सङ्ग्रह (२०७५) सम्पादन, माधुर्य संयुक्त मुक्तक सङ्ग्रह (२०७६), लघुकथाको सुगन्ध बाल विषयक संयुक्त लघुकथा सङ्ग्रह (२०७७) र २०७८), हाम्रो लघुकथा पाठशाला २ (२०७८), सौन्दर्यमा आमा संयुक्त लघुकथा सङ्ग्रह (२०७८), मरुभूमिको विष्फोट लघुकथा सङ्ग्रह (२०७८), पाठ्यपुस्तकमा लेखनमा माथागढी गा.पा., भीरकोट गा.पा. र कालीगण्डकी गा.पा. आदि प्रकाशित छन् ।

बगनासकाली-६, यम्घा, दर्पुकका भोजराज भट्टराइका कृतिहरुमा यात्रा

नरोकिएको जिन्दगी गजल सङ्ग्रह (२०६८), स्रष्टा सिर्जना पाल्पा संयुक्त गजल सङ्ग्रह (२०७५), हैसियत ५ संयुक्त गजल सङ्ग्रह, हैसियत ६ संयुक्त गजल सङ्ग्रह (२०७७), उडान संयुक्त गजल सङ्ग्रह प्रकाशित छन् ।

बगनासकाली खानीछापका शिवभक्त शर्माका कृतिहरु जलाइएका पानाहरु उपन्यास, पछिल्ला दिनका बसाइहरु, जीवनका लहरहरु उपन्यास, तोशी उपन्यास, विक्षिप्त उपन्यास, इला उपन्यास, रुपा उपन्यास, भवानी उपन्यास, धारादी उपन्यास, लुम्बिनी काब्य (२०३८), आदेश उपदेश र वास्तविकता मुक्तक सङ्ग्रह (२०४२), उकुसमुकुस कविता सङ्ग्रह (२०४४), स्वरसङ्गम गीत सङ्ग्रह (२०४६), विसङ्गति मुक्तक सङ्ग्रह, कालीगण्डकीको सेरोफेरो कविता सङ्ग्रह (२०५०), फलाक्ने कविता कविता सङ्ग्रह (२०५१), अर्को पक्ष कथा सङ्ग्रह प्रकाशित छन् ।

बगनासकाली चापपानीका तिलक बहादुर नेपालीको कृति माया आफै बाँडिदै जान्छ उपन्यास प्रकाशित गरेका छन् । बगनासकाली चिर्तुङधारा सन्ढापका गोविन्द भट्टराईका कृतिहरुमा भाग्यले लुटेको जिन्दगी लघुकथा सङ्ग्रह (२०५९), आत्म पहिचान र जीवन उपयोगी सीपमा आधारित नाटक सङ्ग्रह (२०६५), प्रकाशित छन् । बगनासकाली चिर्तुङधाराका निर्मल ढुङ्गानाका कृतिहरुमा बतासा कथा सङ्ग्रह (२०७३), दिन हराएको दिन गजल सङ्ग्रह (२०६१), नओइलिने फूलहरु गजल सङ्ग्रह (२०६५), मिठास संयुक्त मुक्तक सङ्ग्रह (२०७२) प्रकाशित छन् । बगनासकाली चिर्तुङधाराका तुल बहादुर गाहा (थापा) को कृति सोभ्रो मगर लघुकथा सङ्ग्रह (२०७२) प्रकाशित छ । बगनासकाली चिर्तुङधाराका हरि प्रसाद उपाध्याय खनालका कृतिहरुमा खण्डकाब्य (२०४६), पञ्चकाब्य कविता सङ्ग्रह (२०४८), अद्भूत तपसी खण्डकाब्य (२०५८) प्रकाशित छन् ।

बगनासकाली दर्लमडाँडाका देव राना जिज्ञासुको कृति सिद्ध सुनगुफाको रहस्य (२०६७) प्रकाशित छ । बगनासकाली दर्लमडाँडामा जन्मेका जयदेव गौतमका कृति लक्ष्मण रेखाका दासहरु निबन्ध सङ्ग्रह, सम्झनाहरुमा इश्वरादेवी जीवनी सम्पादन भएका छन् । बगनासकाली बराङ्दीका भिमलाल बस्यालका कृतिमा पाल्पाली साइनो संयुक्त (२०७७), पाल्पाली साइनो भाग २ संयुक्त (२०७८) प्रकाशित छन् । बगनासकाली दर्लमडाँडाका सागर गैरेका कृतिहरुमा लकडाउन निबन्ध सङ्ग्रह (२०७७), बलैगाउँ देखि बाकुसम्म निबन्ध सङ्ग्रह (२०७८) प्रकाशित छन् । बगनासकाली-१, बर्भाका विष्णु प्रसाद खनालको कृति गोरखनाथकाली चरित्र (२०६१) प्रकाशित छ ।

बगनासकाली यम्घा दर्पुकका सागर विभोर पाल्पालीका कृतिहरुमा हैसियत ३

गजल सङ्ग्रह संयुक्त, हातेमालो साहित्य संगम सहकार्य संयुक्त गजल सङ्ग्रह (२०७३), मुक्तक दर्पण, मुक्तक माधुर्य, मुक्तक मञ्जुषा, परिवर्तन संयुक्त मुक्तक सङ्ग्रह प्रकाशित छन् । बगनासकाली यम्घाका शिव बस्यालको कृति विस्मिता उपन्यास प्रकाशित छ । बगनासकाली नायरनम्तलेसका ज्ञानु न्यौपानेको संयुक्त गजल सङ्ग्रह प्रकाशित छ । बगनासकाली नायरतम्तलेसका कमल न्यौपानेको कृति मृगतृष्णा कविता सङ्ग्रह प्रकाशित छ । बगनासकाली ३ का के.एन. एलिएन (केवली) न्यौपानेको कृति युनिभर्सल साइन्स (२०७४) प्रकाशित छ । बगनासकाली राम्दीका कालुमान अमात्यको कृति हृदय माला, कालु भजन प्रकाशित छन् । बगनासकालीका नारायण न्यौपाने निर्दोषको सारथी संयुक्त गजल सङ्ग्रह (२०७७) प्रकाशित छ । बगनासकालीकै गोपीकृष्ण न्यौपानेको सारथी संयुक्त गजल सङ्ग्रह (२०७७) प्रकाशित छ ।

बगनासकालीमा यसरी पुस्तक प्रकाशन नगरी फुटकर सिर्जनाहरु विभिन्न पत्रपत्रिकामा निरन्तर छापिरहने र साहित्यिक कार्यक्रममा सक्रियतापूर्वक लाग्ने धेरै सर्जकहरु छन् । विश्वनाथ गैरे, हरि भट्टराई, सीता गौतम, फडिन्द्र बस्याल, राधेश्याम बस्याल, गीता रेग्मी, विष्णु पहारी, दुर्गाप्रसाद अर्याल, परशुराम ढकाल, उपेन्द्र रेग्मी लगायतले कविता, कथा, गजल, मुक्तकमा कलम चलाएको पाइन्छ । त्यसैगरी गायन क्षेत्रमा समेत बगनासकालीमा विशेष योग्यता गरेका सर्जकहरु पाइन्छन् ।

यसरी बगनासकालीमा सरसर्ती हेर्दा र जानकारीमा भएसम्मका माथि उल्लेखित सम्पूर्ण स्रष्टाहरुले आ-आफ्नो क्षेत्रबाट नेपाली भाषा साहित्यको विकासमा अग्रणी भूमिका खेलेको पाइन्छ । बगनासकालीमा साहित्यिक संस्थाहरुमध्ये पोखराथोक साहित्य संगम नै हो । २०५७ सालमा पोखराथोक साहित्य संगमको शुरुवात गरी २०६० सालमा जि.प्र.का. मा दर्ता गरी यसको स्थापना भयो । बगनासकाली पोखराथोक २ बाट नै साहित्य संगमले आफ्ना गतिविधिहरु, कार्यक्रमहरु अघि बढाउँदै आएको छ । यो संस्थाको मुख्य देन भनेको 'बाटिका' साहित्यिक संगालोको नियमित प्रकाशन गर्नु चानचुने कुरा होइन । पाल्पा जिल्लामै यो कसैले पनि यसरी साहित्यिक संस्थाको पुस्तकलाई निरन्तरता दिएको पाइँदैन । स्रष्टाका रचनाहरु विविध विधाका सिर्जनाहरु समेटेर 'बाटिका' प्रकाशित हुने गर्छ । यो अनुकरणीय कार्य हो । त्यसै गरी विभिन्न कोषहरु खडा गरी स्रष्टा सम्मान, पुरस्कारको कार्यक्रमलाई पनि निरन्तरता दिएको पाइन्छ । समय समयमा कृति प्रकाशन पनि हुँदै आएको छ । त्यसै गरी पछिल्लो समय २०७५ सालमा स्थापना गरिएको बगनासकाली साहित्य परिषद् हो ।

बगनासकालीमा साहित्य क्षेत्रमा गर्न सकिने केही सम्भाव्यताहरू

प्रत्येक विद्यालय तथा वडाहरुमा बाल क्लब, युवा क्लबहरुलाई क्रियाशील बनाई साहित्यिक गतिविधिमा संलग्न गराउने, वडामा कम्तिमा महिनामा १ पटक सिर्जना वाचन, प्रतिभा पहिचानका कार्यक्रम राख्नु आवश्यक छ । प्रत्येक वडामा एउटा पुस्तकालयको स्थापना गरी पठन संस्कृतिको विकास गर्नु, बगनासकालीभित्रका झोलामै सीमित साहित्यिक संघसंस्थालाई भवन निर्माणमा सहयोग पुऱ्याउने, साहित्यकर्मी स्रष्टाहरुमा मान्छे हेरेर भन्दा पनि साहित्यिक योगदानको कदर गर्दै सम्मान तथा पुरस्कृत गर्ने, प्रत्येक विद्यालयमा साहित्यिक जागरण ल्याउन विशेष समिति बनाई वार्षिक कार्यक्रमको योजना बनाई कार्यक्रमहरु गर्दै जाने, बगनासकालीभित्रका स्रष्टाहरुको कृति प्रकाशनमा पालिकाले सहयोग प्रदान गर्ने हो भने जसले लगानी गर्न नसकेर थन्किएका पाण्डुलिपि छन् तिनीहरुको पनि प्रकाशनको ढोका खुल्ने थियो । यी विषयमा स्थानीय निकाय, सरोकारवालाहरुको ध्यान जान जरुरी देखिन्छ ।

निष्कर्ष

बगनासकाली गाउँपालिकाभित्रका स्रष्टाहरुले प्रकाशित गरेका पुस्तकहरुमा गजल, कविता, उपन्यास, संस्मरण, मुक्तक, कथा, लघुकथा, गीत, सुसेली, सुस्केरा, हाइकु लगायतका धेरै प्रकाशित कृतिहरुमध्ये राष्ट्रिय स्तरमै चर्चा परिचर्चा कमाएका बगनासकालीका स्रष्टाका कृतिले समेत प्रसिद्धि पाएका छन् । तसर्थ अब सर्जकहरुले साहित्य क्षेत्रमा देखिएका विकृति, विसङ्गतिहरुलाई हटाउँदै नयाँ ढङ्गबाट समाज रुपान्तरणका सिर्जनाहरुको कृति प्रकाशित हुँदै जाउन् । संख्यात्मक भन्दा पनि गुणात्मक कृतिका लागि सम्पूर्ण बगनासकालीका स्रष्टाहरुमा शुभकामना ।

सन्दर्भ सामग्री

वाटिका, २०७४

बगनासकाली फिचर संग्रह २०७५

- सल्लाहकार बगनासकाली पत्रकार समूह

यज्ञमूर्ति तिमिल्सिना

दर्पुक र दैलातुङका बोटे जाति: जन्मदेखि मृत्यु संस्कारसम्म

पाल्पा सदरमुकाम तानसेनबाट झण्डै १५ किलोमिटर उत्तरमा पर्छ बगनासकाली गाउँपालिका । यही गाउँपालिकाको वडा नं. ७ स्थित खानीगाउँको दैलातुङ् र वडा नं. ६ स्थित यम्घाको दर्पुकमा बस्छन् सीमान्तकृत बोटे समुदाय । यी दुवै गाउँ कालीगण्डकीको किनारमै छन् । दैलातुङ्मा बोटे समुदायका १७ घर छन् । त्यस्तै दर्पुकमा ८५ घर बोटे समुदाय छन् । अहिले दैलातुङ्मा बोटे समुदायको जनसंख्या १२० छ भने दर्पुकमा यो समुदायको जनसंख्या ३ सय ५० हाराहारी छ । हुन त यी दुवै गाउँमा ब्राह्मण, मगर समुदायको पनि बसोबास छ तर बोटे समुदायको रहनसहन र सांस्कृतिक पहिचान भने बेग्लै छ । यहाँमात्रै हैन, पाल्पाको तानसेन नगरपालिकाको बौघागुम्हा, रामपुर नगरपालिकाको रामपुर र दर्छा तथा रम्भा गाउँपालिकाको हुँगीमा पनि बोटे समुदायको बसोबास छ । यी सबै बस्ती कालीगण्डकी किनारमै पर्छन् ।

२०६८ सालको जनगणनाअनुसार देशभर बोटे जातिको जनसंख्या १० हजार छ । पाल्पामा भने यो जातिको जनसङ्ख्या ८ सय ३ छ । जसमा महिलाको सङ्ख्या ४ सय ३८ छ भने पुरूषको सङ्ख्या ३ सय ६४ छ । पाल्पाको कुल जनसङ्ख्या २ लाख ६१ हजार १ सय ८० रहेकामा जिल्लामा बोटे समुदायको जनसङ्ख्या भने ०.३१ प्रतिशत हुन आउँछ । त्यस्तै ६७१ बोटेले मातृभाषा बोल्छन् । कुल जनसङ्ख्याका आधारमा मातृभाषा बोल्नेको प्रतिशत ०.२६ छ । पाल्पाबाहेक चितवन, उदयपुर, मकवानपुर, तनहुँलगायतका जिल्लामा समेत बोटे जातिको बसोबास रहेको पाइन्छ ।

यो जातिको मुख्य पेशा कालीगण्डकीमा डुङ्गा चलाउने, माछा मार्ने भए पनि १० वर्षअघि कालीगण्डकी नदीमा झोलुङ्गे पुल बनेपछि डुङ्गा चलाउने पेशा बिस्थापित भएको स्थानीय बोटे अगुवा ८२ वर्षीय गजवीर बोटेले बताउनुभयो । अन्यत्रका बोटे जस्तो यहाँका बोटेले गण्डकी किनारमा सुन खोज्ने काम गर्दैनन् । यहाँका अधिकांश युवा वैदेशिक रोजगारीका लागि खाडी मुलुक तथा भारत गएका छन् । छिमेकमा रहेका ब्राह्मण, मगर समुदायका ब्यक्तिका घर र बोटेका घर त्यसै पनि फरक छन् ।

अन्य समुदायका घरमा टिनको छानो लगाइएको छ भने बोटेहरुका धेरैजसो घर झुपडी र टिनको छाप्रोयुक्त छन् । वैदेशिक रोजगारीका अलावा पुरूषहरु सिकर्मी/डकर्मी काम गर्ने, वल्लोपल्लो घरमा ज्याला मजदूरीमा काम गर्न जाने गर्छन् भने महिलाहरु छिमेकीका घरको कामधन्दासँगै उनीहरुका खेतबारीको काम पनि गर्छन् । यहाँका बोटे समुदायसँग उनीहरुलाई गरिखान पुग्ने जग्गा जमिन कमैसँग मात्र छ । त्यसैले उनीहरुले आफ्नो उत्पादनले नपुगेको समयावधिभर किनेर खानुपर्ने अवस्था छ ।

कमाउन सक्ने जति कोही भारत गए, कोही नेपालकै विभिन्न ठाउँमा पुगेका छन् । आर्थिक उन्नतिको अवसरका लागि बोटे समुदायका मानिस पनि यहाँबाट अन्त बसाइ सर्ने क्रम बढेको छ । कालीगण्डकी नदीमा डुङ्गा तार्ने र माछा मार्ने पेशा संकटमा परेपछि यहाँका बोटे समुदायका मानिस हातमुख जोर्नका लागि गाउँ छाड्दै गएको दैलातुङ्का ८२ वर्षीय गजबीर बोटेले बताउनुभयो ।

जन्म संस्कार

बोटे जातिका अगुवा गजबीर बोटेका अनुसार बोटे जातिका बालबालिकाको न्वारन पनि अन्य जातिको जस्तै ११ दिनमै हुन्छ । तर विधि भने फरक छ । न्वारनको दिन बोटे जातिका कुटुम्ब अर्थात् (भाञ्जा भाञ्जी ज्वाइँ) ले घरमा पुजा गर्छन् । न्वारनको दिन अघि नै पुरोहितकोमा गई बालक वा बालिकाको नाम जुराई राखिएको हुन्छ र न्वारनको दिन सबैलाई नाम सुनाउने प्रचलन छ । न्वारनको दिन आफन्त छरछिमेकी भेला भई मादल, डम्फु बजाएर झ्याउरे गाउने, नाच्ने प्रचलन रहेको छ । यो दिन निम्तारीहरूलाई मिठो मसिनो खुवाउने प्रचलन रहेको छ ।

भात खुवाई

बोटे जातिमा ५ महिनामा छोरीको र ६ महिनामा छोराको भात खुवाइ गर्ने प्रचलन छ । खासगरि छोरी भएमा भात खुवाइ मात्र हुन्छ भने छोरा भएमा छोराको भात

खुवाइ अलि बिशेष हुने गर्दछ । छोराको भात खुवाइमा आफन्त बोलाउने भोज खुवाउने र नाचगान गर्ने गरिन्छ । यो दिन चेलीबेटी र कुटुम्बहरूलाई गक्ष अनुसार दान दक्षिणा गर्ने पनि गरिन्छ । भात खुवाइको दिन राति इष्टमित्र, आफन्त सबै जुटेर अर्को दिन बिहानसम्म झ्याउरे गाउँने र नाच्ने गरिन्छ । अर्को दिन बिहान रातो टिका लगाई गक्ष अनुसार दक्षिणा दिई गाउने नाच्ने व्यक्तिहरूलाई बिदाई गर्ने प्रचलन रहेको छ ।

छेवार

बोटे जातिमा छोरा जन्मेको ६ वर्ष पुरा भएपछि छेवार गर्ने प्रचलन रहेको छ । यो दिन मामाले बालकको कपाल खौरेर टोपी लगाईदिने चलन छ । यो दिन आफन्त तथा इष्टमित्रलाई समेत निम्तो गरि गक्ष अनुसार दान दक्षिणा दिने र निम्तारीहरूलाई भोज खुवाउने प्रचलन छ ।

विवाह संस्कार

बोटे जातिको विवाह संस्कार पनि बेग्लै छ । पहिल्यैदेखि नै यो जातिमा मामाको छोरी आफ्नै भाञ्जालाई बिहे गरि दिने चलन छ । कोहीले भगाएर ल्याउने र पछि दुवै पक्षको सहमति अनुसार मिति तय गरि ढोगभेट गर्ने प्रचलन रहेको छ । भगाएर नल्याउनेहरूका लागि आफन्ती र गन्नेमान्ने मानिसहरू केटीको घरमा केटी माग्न जाने र दुवै पक्षबीच मञ्जुरी भएपछि बिहेको मिति तोक्ने गरिन्छ । बिहे अर्थात् ढोगभेटको दिन केटा पक्षले सगुनको रूपमा खानेकुराहरू पनि लैजान्छन् । बिहेको दिन पनि केटा पक्ष र केटी पक्ष मादल डम्फु बजाएर झ्याउरे नाच्ने गर्दछन् । बिहेका जन्ती बिदा हुने बेला सबै जन्तीहरूलाई केटी पक्षले टिका लगाई गक्ष अनुसार दक्षिणा दिने चलन पनि रहेको छ । त्यस्तै ८४ पुजा भने अन्य जातिहरूले जस्तै गर्ने प्रचलन रहेको छ ।

मृत्यु संस्कार:

बोटे जातिको मृत्यु संस्कार भने अन्य जातिको तुलनामा बेग्लै छ । यस क्षेत्रका दैलातुङ्, दर्पुक र छेर्लुङ्का बोटेहरूको मृत्यु संस्कार एउटै रहेको गजबीरले बताउनुभयो । यो जातिको घरमा जसको मत्यु हुन्छ त्यो घरका किरियापुत्रीहरु किरिया समयभरि आफ्नो जाति बाहेक अन्य जातिसँग बोल्दैनन् । संस्कार अनुसार शवको दाहसंस्कार स्थानीय कालीगण्डकी किनारमा गरिन्छ र सो दिन मलामीहरूलाई खाना खुवाइन्छ ।

मृत्यु परेको ४ दिनको दिन नाता कुटुम्बहरूले असुराको स्याउलामा सकेसम्म मालभोग र नभए मुंग्रे केरा ४ वटा पोको पारेर डोकोमा राख्ने चलन छ । असुराको

स्याउलामा केरा बेर्ने क्रममा कुटुम्बहरूले मालभोगै केरा पकाउन हालेर असुराको पातैमा लगायतका शब्द समेटिएको अर्गो गाउँने गर्दछन् ।

११ औं दिनको दिन फेरि उनै कुटुम्बले नै अर्गो गाउँदै सोही केरा निकाल्ने प्रचलन छ । घरमा मन्दिर बनाइएको हुन्छ । मन्दिरमा फुलपाती राखिएको हुन्छ । यदि पुरूषको मृत्यु भएको हो भने भाले र महिलाको मृत्यु भएको हो भने पोथी कुखुरा काट्ने गरिन्छ । सो दिन नाता कुटुम्बले पकाएर किरियापुत्रीलाई खान दिने चलन छ ।

११ औं दिनको दिन नै घरभित्र पुजा गरेका पुजा सामाग्री पुनः घर बाहिर अर्को थान बनाई अर्गो गाउँदै बाहिर ल्याएर बाहिरको थानमा राखिन्छ । उक्त थानमा अस्थायी मूर्ति पनि बनाएर राखिएको हुन्छ । ११ औं दिनको दिन साँझदेखि अर्को दिन बिहानसम्म सबै आफन्तहरू तथा छरछिमेकी जुटेर अर्गो गाउने गरिन्छ ।

मृत्यु भएको १२ औं दिनको दिन बिहान अर्गो गाउँदै सबैजना यसअघि शवको दाहसंस्कार गरेकै ठाउँ कालीगण्डकी किनारमा पुग्ने गर्दछन् । किनारमा घोडा र स्याल जस्तै देखिने गरि मानिसलाई सिगार्ने गरिन्छ । कुभिन्डोलाई खोपेर जल राख्न मिल्ने बनाइन्छ । गण्डकीको जल कुटुम्बको सहयोगमा किरियापुत्रीले कुभिन्डोभित्र राख्छन् र सबै जना अर्गो गाउँदै घर फर्कन्छन् ।

घर फर्केपछि अघिल्लो दिन घर छेउमा बनाइएको थानमा रहेको मूर्तिमा जल चढाउँछन् । उता यसअघि सिँगारिएका स्याल जस्तै जस्तै मानिसहरू घरको ढिकमुनि रहेका हुन्छन् । सबैले जल चढाएर सकिएपछि चे, चे भनेर स्याल जस्तै गरि सिँगारिएका मानिसहरूलाई बोलाइन्छ । सोही बीचमा जल सकिएको कुभिन्डोलाई सानो खाल्डो खनेर खाल्डो भित्र राखिएको हुन्छ स्यालरूपी मान्छे आएर उक्त कुभिन्डो घरमुनि फालिदिन्छन् र उक्त कुभिन्डोलाई फेरि कुटुम्बहरूले नै बट्याएर ल्याई थानमा नै राख्ने गर्दछन् । त्यसदिन सहभागी सबैलाई खानपिन गराइन्छ ।

दृश्यः १

१२ दिनको दिन राति ११ बजे घरबाट बाघरूपी मान्छे निकालिन्छ । सँगै ३ वटा ढेडु बाँदर रूपी मान्छे पनि बनाइन्छ र थानमा लगेर घुमाउने नचाउने गरिन्छ । बाघले बाँदरलाई टोक्न खोज्छ, बाँदरले उल्टै बाघलाई जिस्क्याउँछन् । ती तीन वटा बाँदर रूखमा चढ्छन् । पछि बाघले बाँदरलाई मारेको दृश्य देखाइन्छ । त्यसपछि सिंगारिएको बाघ सहित बाँदर र सबै जना घर भित्र जान्छन् ।

दृश्यः २

त्यसपछि मृग निकालिन्छ । सँगै एक जना शिकारी र एक जना लामा पनि हुन्छन् । लामाले सुपो ठटाउँदै बसिरहेका हुन्छन् । सोही क्रममा शिकारीले लामासँग मेरो कुकुरलाई के भएको होला भनेर सोध्छन् । लामाले तिम्रो कुकुरले खान नपाएर यस्तो भएको हो भन्ने जवाफ दिन्छन् । त्यसपछि कुकुरलाई थोरै जाँड रक्सी दिइन्छ त्यसपछि कुकुर भुभु गर्दै हिँड्छ । मान्छेले नै कुकुर जस्तै गरि अभिनय गर्छन् । शिकारीले खरानी पुत्ताउँदै दुर्गुछ । त्यसपछि शिकारीले धनुषले हानेर मृगलाई मार्छ । मृगलाई ल्याएर शिकारीले थानमा राख्छ । त्यहाँ लामाले पनि हेरिरहेको हुन्छ । त्यसपछि सबै जना अर्गो गाउँदै घरभित्र पस्छन् ।

दृश्यः३

१२ दिनको दिन राति नै लाटी निकालिन्छ । थाङ्ना र भुल्ला कपडा राखेर डोको बोकेकी लाटी घरबाहिर निस्किन्छिन् । लाटी बाहिर निस्केपछि केटाहरूले लाटीलाई मैले लैजान्छु भन्दै दुई तिरबाट तानातान गर्छन् । लाटीले म बोल्न सक्दिन म कसैसँग पनि जान्न भनेर इशारा गर्छिन् । त्यही मध्ये एउटाले तँलाई मोहनी लगाएर भए पनि लैजान्छु भने पछि मात्र लाटीले हुन्छ भनेर इशाराले स्वीकृति दिन्छिन् । त्यसपछि कुसुन्डा निकालिन्छ । सो कुसुन्डालाई पनि थानमा ल्याएर नचाइन्छ ।

१३ औं दिनको दिन बिहान कुटुम्बले उखु ल्याउँछन् । उखुको मूर्ति बनाएर कपडाले ढाकिन्छ । काँचो केरा वा कुभिण्डोको पाडो पनि बनाइन्छ । यो बनाउँदा पनि अर्गो गाइन्छ । बनाएर राखिएको पाडोलाई महिलाले मेरो पाडो दिन्न भन्छिन् तर पुरूषले तेरो पाडो दुब्लो रैछ ५ रूपैयाँमा लैजान्छु भन्छन्, उता महिलाले गीतकै सुरमा दिन्न भन्छिन् । अन्तिममा ४/५ सय रूपैयाँमा दिने गरि कुरा मिल्छ । पाडो काटिन्छ ।

त्यसपछि धुप गरिन्छ । थान भित्रका सबै सामाग्री उठाएर अर्गो गाउँदै गण्डकीमा लगिन्छ । गण्डकीमा जाँदा मूर्ति कुटुम्बले बोक्छन् भने अरू पछिपछि अर्गो गाउँदै पछि पछि जान्छन् । किरियापुत्री पनि पछिपछि जान्छन् । अर्गो सबै सकिएपछि सबै जना हर हर भन्दै गण्डकीमा डुबुल्की मार्छन् । त्यसपछि किनारमै सबैले सालैजो गाउँछन् । कपडा फेरेपछि सबै जना किनारमै गोलो घेरामा बस्छन् । कुटुम्ब मध्ये १ ले बाँसुरी बजाउँछन् । अर्कोले भाँडोमा जल लिएर सात फेर घुम्छन् । त्यसपछि जल र अक्षताले सबैलाई चोख्याउँछन् । किरियापुत्रीलाई पनि कपडा फेराइन्छ र बगरमै टिकापाती हुन्छ । त्यसपछि किरियापुत्रीलाई बीचमा राखेर सालैजो गाउँदै घरमा आइन्छ ।

यता घरमा रहेको थान चेलीबेटीहरूले भत्काइसकेका हुन्छन् । कुखुरा, बाख्रा र पाडो काटेर साप्रो र टाउको थानमा चढाउने गरिन्छ । चेलीबेटीले घरमा खानेकुरा पकाएर राखेका हुन्छन् । गण्डकी किनारबाट फर्केका सबैलाई चेलीबेटीहरूले नै सुनपानी र गहुँतले छ्यापेर चोख्याउँछन् । पाहुँना र किरियापुत्री सबैलाई खाना खुवाइन्छ । १३ दिनको संस्कार सकिएपछि कुटुम्बहरूलाई दान दक्षिणा गरिन्छ । टाढाका आफन्तहरू बिदा हुन्छन् नजिकका इष्टमित्र र आफन्तहरू डम्फु र मादल लिएर भ्र्याउरे गाउन थाल्छन् । १३ दिनको दिन राति कुटुम्बले दुई वटा स-साना बास फुटाल्छन् । त्यसपछि जुठो उम्किएको बुझिने दर्पुकका ३० वर्षीय युवा दल बहादुर बोटेले बताउनुभयो ।

- सचिव नेपाल पत्रकार महासंघ, पाल्पा

रन बहादुर कुमाल

पोखराथोकका कुमाल जातिः जन्मदेखि मृत्यु संस्कारसम्म

बगनासकाली गाउँपालिका वडा नं. २ पोखराथोकमा बसोबास गर्ने आदिवासी जनजाति मध्ये कुमाल जाति एक सिमान्तकृत जाति हो । यो जाति साताँ आठौँ शताब्दी देखी नेपालको कपिलवस्तु र लुम्बिनी क्षेत्रमा बसोवास गर्दै आएको भेटिन्छ । यो जाति माटोका भाँडा र कलात्मक मूर्तिहरू बनाउँदै आफ्नो पेशालाई पुर्ख्यौलीदेखि नै अपनाउँदै आएको पाइन्छ । कुमाल जातिको उत्पतिलाई हेर्दा कुमाल भन्ने शब्द अपभ्रंश भई कुम्हार, कुम्हाल, कुम्हाले र कुमाल बनेको हो । कुमाल जातिको इतिहास पल्टाएर हेर्दा कुमालहरूले कृषि पेशा गरी नवपाषण काल देखी नै पेशागत रूपमा आफ्नो अस्तित्व समाजमा स्थापित गर्दै आएको भेटिन्छ ।

कुमालहरूले विभिन्न प्रयोजनको लागि माटोका भाँडा बनाउँदै पेशाको रूपमा विकास गरी समाजमा माटोका भाँडा बनाउने दक्ष जातिको छुट्टै समुदायको पहिचान कायम गरे जसलाई कुम्भकार (संस्कृत) भनिएको हो (रिमाल २०५६) । यी जातिहरू थारू र मंगोलियन अनुहारसंग मेल खाएको पाइन्छ । उनीहरू समाज र राज्यको पहुँचमा पुग्न नसेकेको भेटिन्छ ।

कुमालहरू समथर भु-भाग प्रायः खोलाको किनारमा बसोबास गर्ने र माटोका विभिन्न सामग्री बनाई उपयोगमा ल्याएको पाइन्छ । उनीहरूलाई भाषागत रूपबाट हेर्दा भोटबर्मेली अर्थात तिब्बतेली समुहको हो भनी छुट्याउन सकिने जातिको रूपमा पहिचान गरिएको पाइन्छ । पाल्पा जिल्लामा यो जातिको जनसंख्या (२०६८) अनुसार ६७०८ रहेको छ । कुमाल जातिले आफ्नो इतिहास वर्तमानको अवस्थासम्म आईपुग्दा विभिन्न प्रयोजनका लागि दैनिक जीवनमा आवश्यक पर्ने माटाका भाँडा बनाउँदै सीपको विकासलाई निरन्तरता दिँदै अगाडि बढेको र धर्म संस्कृति मूल्यमान्यतालाई जोड दिएको कुमाल जाति हो ।

संस्कारले मानिसलाई संस्कारित र परिस्कृत बनाउँकछ । सामाजिक मूल्य मान्यता प्रति आस्थावान बनाउँछ । समाजप्रति विश्वासको विकास गरि समाजलाई असल बनाउँछ । मानिसलाई समामाजिक प्राणी बनाउन संस्कारले ठूलो भूमिका खेलेको हुन्छ । समाजमा बसोवास गर्ने विभिन्न जातजातिहरूको आ-आफ्नै खालको संस्कार छन् । त्यही संस्कार पुस्तान्तरण हुँदै आएको पाइन्छ । विभिन्न जातजातिहरू मध्य कुमालहरूको पनि संस्कारहरू छन् । पोखराथोकमा कुमाल जातिका घर १६० हाराहारी रहेका छन् भने कुमाल जातिको जनसंख्या ६८५ रहेको छ । आज मैले यहाँ बगनासकाली गाउँपालिका २ पोखराथोकका कुमाल जातिको जन्मदेखि मृत्यु संस्कारलाई प्रस्तुत गरेको छु ।

जन्म संस्कार

बगनासकाली गाउँपालिका वार्ड नं.२ पोखराथोकका कुमाल जातिले परिवारमा नयाँ शिशुको आगमनलाई एक सुखद अवसरका रूपमा लिँदै आएका छन् । यो जातिमा छोरा जन्मिए छैठौं दिनमा छैंठी नाच्ने प्रचलन रहेको छ । छैंठीको दिन इष्टमित्र आफन्तजन बोलाई मिठामिठा परिकार खुवाउने, माछा मासु खुवाउने र रातभरी झाम्रे नाच्ने चलन रहेको छ । बच्चा जन्मेको ८ दिनको दिन न्वारन गरिने, आफनो बच्चाको नाम फुपुले राखिदिने चलन रहेकोमा आजकाल ब्राह्मणको घरमा चामल र भेटी लगी बच्चाको नाम जुराउने गरेको बगनासकाली २ पर्नाथोकका ८० बर्षीय कुन्ती कुमालले बताउनुभयो ।

भात खुवाइ

यो जातिमा पनि अन्य जातिमा जस्तै छोरी जन्मिए ५ महिनामा र छोरा जन्मिए ६ महिनामा भात खुवाई गर्ने चलन छ । बच्चाहरूलाई चराको ठुँडले भात खुवाइ गर्ने हो भने छिट्टो बोल्ने विश्वास रही आएको छ । छोरा जन्मिएको ५, वा ७ वा

९ बर्षमामुन्डल (व्रतबन्ध) गर्ने प्रचलन रही आएको छ । मुन्डल (व्रतबन्ध) बच्चाको जेठो वा कान्छो मामाले बाबा आमाले नदख्ने ठाउँमा लगि टाउको खौरी नयाँ कपडाको सेट लगाई मुन्डल गर्ने र बोका काटने प्रचलन छ । साथै परिवार आफन्तजन तथा इष्टमित्रहरूसँग खुसी साटासाट गर्ने र खानपिन गरि रमाइलो गर्ने चलन छ ।

विवाह संस्कार

मानव समुदायमा विवाह अत्यन्त महत्वपूर्ण संस्कार हो । यो सामाजिक बन्धन हो । वंशको निरन्तरता हो । विवाह एक धार्मिक संस्कार पनि हो । हिन्दूहरू विवाहलाई एउटा पवित्र ईस्वरद्धारा रचित महत्वपूर्ण संस्कारको रूपमा लिन्छन् । समाजमा विवाहको विकास विभिन्न किसिमले हुँदै गएको पाइन्छ ।

कुमाल जातिको पनि विवाहको आफनै किसिमको संस्कार रहेको पाइन्छ । बगनासकाली २ पोखर थोकका कुमाल जातिमा आफ्नै मामाको छोरीमाथि हक लाग्ने पुराना चलन छ । यो जातिमा आफ्नै जातमा मात्रै विवाह हुनुर्पछ भन्ने मान्यता छ । कुमालहरू प्रायः जसो प्रेम विवाह, मागी विवाह, चोरी विवाह प्रचलनमा रहेको समाजसेवी हरिबहादुर कुमालले बताउनुभयो ।

अर्का समाजसेवी खुम बहादुर कुमालले आफू विवाह संस्कारमा धेरै काम गरेको अनुभव सुनाउनुहुन्छ । मागेर गरिने विवाहमा केटा, केटी र अभिभावक बीचको मञ्जुरीमा गरिदिने विवाहलाई मागी विवाह भनिन्छ । यस्तो खालको विवाहमा केटा पक्षबाट केटीको घरमा विवाहको प्रस्ताव राख्न जान्छन् । त्यसपछि केटीको घरको पारिवारिक निर्णय अनुसार छिनोफानो गर्दछन् । केटी दिने छिनो फानो भएपछि विवाहको कार्य अगाडि बढ्छ । केटा तर्फबाट ठेकी लाउन केटाको बाउ र ज्वाइँचेला केटी पक्षकोमा दहीको ठेकीमा हरियो साग (सुभ साहितको संकेत) बाँधेर विवाहको तिथिमिति तोक्ने चलन छ । त्यसपछि केटी पक्षले केटा पक्षसंग खसीको मासु, बंगुरको मासु, बटुक, चामल र रक्सी जाँड माग गरिन्छ । निर्धारित मिति अनुसार केटीलाई जन्ती लिन जान्छन् । कुमालका अनुसार लोकन्दी, भत्कुरी र जन्तीहरू रमाईलो गर्दै दुलही लिन जाने चलन छ ।

परम्परा अनुसार केटीको घरको ढोकामा ज्वाइँचेलाले (पुरोहित) कुखुराको भाले र पोथी काटने् गरिन्छ । त्यस पछि भित्र चुलोमा कुशपानी तर्काइन्छ (माइतीको कुलबाट केटा पक्षको कुलमा भएको भनि कुशपानी तर्काउनु) । माइतितिरका नाताकुटुम्ब बाट केटीको जल खुवाएर दिने गरिन्छ । जन्तीहरू रातभरी झाम्रे नाचेर रमाइलो गर्दछन् । केटी पक्षबाट फिर्ता भएको सगुनको जाँड जन्तीहरूले बाटोमा खाने गर्दछन् । केटा पक्षकोमा धार्मिक परम्परा अनुसार नै घरको ढोकामा ज्वाइँचेलाले भाले र पोथी कुखुरा काटेर दुलही भित्र्याइ सिंदुर हाल्ने गरिन्छ । दुलही भित्र्याउँदा बन्दुक पड्काउने चलन पनि छ । त्यसपछि दोस्रो दिन दुलहीको माइतिघरमा ढोगभेट गर्ने प्रचलन छ । यसरी कुमालको मागी विवाह सम्पन्न हुन्छ, कुमाल भन्नु हुन्छ ।

त्यसैगरि केटा र केटीको स्वेच्छाले गरिने विवाहमा एक अर्काप्रति प्रेम भएर विवाह गरिन्छ भने त्यसलाई प्रेम विवाह भनिन्छ । घर परिवारको सरसल्लाह बिना केटाले केटी दुबै जना भागेर विवाह गरेको हुन्छ । यस्तो खालको विवाह यस कुमाल समुदायमा निकै लोक प्रिय मानिन्छ । त्यस्तै चोरी विवाह कुमाल समुदायमा ज्यादै चर्चामा आएको विवाह मध्ये एक हो । केटाले मन पराएपछि केटीको इच्छा विपरित जबरजस्ती उल्टो बोकेर घरमा भित्र्याउने गरिन्छ । यस्तो विवाहलाई सहर्षरूपमा स्वीकार गरेको पाइन्छ । केटा पक्षबाट कोशेली लिएर ज्वाइँचेलाहरू केटी पक्षकोमा जान्छन् । त्यो कोशेली स्वीकारेपछि सामाजिक मान्यता दिएको पाइन्छ ।

मृत्यु संस्कार

मानिसको जन्मपश्चात मृत्यु निश्चित छ । मानिसहरू आफ्नै परम्परा र धर्म अनुसार मृत्यु संस्कार गर्दै आएका छन् । त्यसैगरी कुमाल जातिका मानिसहरूले पनि मृत्यु संस्कारलाई सामाजिक संस्कारको रूपमा लिन्छन् ।

यहाँका कुमाल जातिमा कोही कसैको मृत्यु भएमा शवको दाहसंस्कार राम्दी घाटमा गरिन्छ । ८५ बर्षीय वसन्त बहादुर कुमालका अनुसार शवलाई चिताको वरि परि तीन पटक घुमाई दागबत्ती दिने काम छोरा मान्छेले गर्दछन् । संगसंगै सबै

मलामीले पनि चारैतिरबाट आगो सल्काई दिने गर्दछन् । साथै शव जलाएर चितामा रहेका बाँकी दाउरालाई खरानी पानीले बगाइन्छ । साथै तामाको अम्खरामा अस्तु राखी बगाउने चलन छ । त्यसपछि धार्मिक परम्परा अनुसार छोराहरूको ज्वाइँचेलाले कपाल खौरिदिने र पितृलाई माटो वा भातको पिण्ड दिने चलन छ ।

छोरा भए ११ दिन क्रिया बस्ने र नभए पाँच देखि वा नौ दिन देखि नजिकका आफन्त क्रिया बस्ने चलन छ । क्रियापुत्रीले ११ दिनसम्म कुवा अथवा खोलाको किनारमा गएर एक छाक मात्रै खाना खाने गर्दछन् । परिवार तथा दाजुभाइ सबैले नुन बार्ने र एक छाक खाने गर्दछन् । कुमालका अनुसार मृत्यु संस्कार क्रिया बसेको ११ दिनको दिन शुद्ध शान्ति गरी मलामी गएकाहरूलाई कट्टो खुवाउने चलन छ ।

उक्त दिन चेलीबेटीहरूले कपडा धुने र गोबरमाटोले घर लिपपोत गरी घर चोख्याउने गर्दछन् । साथै चेलीबेटीलाई गाई दान गर्ने प्रचलन छ । त्यसदिन मलामी तथा आफन्तहरूलाई पितृप्रसाद खुवाइन्छ । त्यसैगरी यस समुदायका मानिसहरूमा ५, ७ र १३ दिन सम्म जुठो बार्ने जसमा तेल नुन बेसार प्रयोग नगरी खाना खाने चलन छ ।

- सदस्य नेपाल पत्रकार महासंघ, पाल्पा

शिव बस्याल

यम्घाको धारापानी सिद्धगुफा र देउता निस्किएको ठाउँ

सदरमुकाम तानसेनबाट १५ किलोमिट उत्तरमा पर्ने चिलाङदी, चापपानी, दरूङगा हुदै गुंगा पुगेपछि दर्पुक जाने बाटोमा घनघोर जंगलको बीचमा कालीगण्डकीको कारवमा फेरो मारेको २०० मिटर माथिबाट खसेको पानीको छहरा छेउमा भएको ठाउँमा ऐतिहासिक गुफा छ । सायद माथिबाट छहरा खसेको कारणले होला यस गुफाको नाम पनि धारापानी सिद्ध गुफा रहेको छ । यस गुफा भित्र प्राकृतिक रूपमा गाईका थुन जस्तै देखिने आकृतिबाट पानी चुहिएको देख्न सकिन्छ । यसमा बिराटेश्वर महादेव शिवजीको आसन रहेको जनविश्वास छ ।

यस गुफामा दूध धार दिने, दूध चढाउने, भाकल गर्ने, पुजा लगाउने परापूर्व कालदेखिनै हुँदै आएको छ । यहाँ पुजाआजा गर्नाले मानिसहरू तथा घरमा रहेका जनावरहरूमा न्याधि नलाग्ने, जङ्गली जनावरबाट घरमा आक्रमण नहुने, गाई भैंसीमा बाँझोपन नहुने र घरमा गोरस खाली नहुने जनविश्वास रहेको छ । प्रकृतिको गर्भमा लुकेर बसेको यो धारापानी सिद्ध गुफाले ऐतिहासिक महत्त्व बोकेको छ । गुफाको पूर्वबाट आँख्लिगैरा दान्सिंगा तर्फबाट झरेको छहरा यस क्षेत्रकै उपहार हो ।

स्थानीय जानकारहरूका अनुसार वि.सं. १९४०/१९५० ताका गाउँमा जिम्माल मुखियाको चलन थियो । तत्कालीन जिम्माल टिकाराम अधिकारीले दर्पुकको माइचौर

भन्ने खेतमा सिँचाइ गर्न कुलो बनाएको, त्यति बेलासम्म सानो गुफामा बाहिरबाट दूध चढाउने गरि आएको र त्यसपछि सोही प्रचलन रहँदै आएको जिम्माल अधिकारीका ८६ वर्षीय छोरा डोलराज अधिकारीले बताउनुभयो ।

प्रत्येक वर्ष कुलो चलाउने बेलामा माथि गुफाभित्र बसेर धार दिने र तल बाटोमुनि झाँक्री र नाग देवतालाई धार दिएर मात्र कुलोको पानी चलाउने प्रचलन अहिलेपनि रहेको उहाँले बताउनुभयो । गुफाको माथिबाट गाईको थुन जस्तो आकृतिबाट झरेको पानी भित्र पालामा बालेको दियोमा पनि नपर्ने र यहाँ पुजा गरूञ्जेल दियो ननिभ्ने बिशेषता समेत रहेको उहाँले बताउनुभयो ।

राम्दीका सिद्धलाई दाजु र धारापानीका सिद्धलाई भाइको रूपमा यहाँका स्थानीयहरू बुझ्दै आएका छन् । किंवदन्ती अनुसार धारापानीबाट राम्दी गुफा र राम्दी गुफाबाट धारापानीसम्म दाजुभाइ आउने जाने गर्ने गरेको र एक जना महात्मा लाल्टिन बालेर धारापानीबाट राम्दी निस्केको भनाइ रहेको पाइन्छ । २०६९/२०७० साल तिर स्वः हिमलाल पाण्डे, शिक्षक जनार्दन अधिकारि गुंगा मा वि मा अध्यापन गराउन आउने जाने बाटोमा शिध्द गुफाको तल भक्तजनले चढाएको फूल पैसा धेरै थोरै जे भएपनि यहीँ गुफाको संरक्षणमा खर्च गर्नु पर्छ भनेर दैनिक रूपमा जम्मा गर्ने गरेको र यस क्षेत्रलाई संरक्षण गरेर गुफा तथा सिद्धको पहिचान बढाउन पटक पटक सन्त पण्डित महात्माहरू सित यस क्षेत्र विकासको लागि ज्ञान महायज्ञ लगाउने कुरामा छलफल चलिरहेको हो । भौतिक संरचनाको कमी, नजिकमा समुदायको बस्ती नहुनुले यज्ञ सम्पन्न गर्न असम्भव देखियो । हाल वर्षको एकचोटि सामूहिक रूद्री लगाउने काम हालको समितिले गर्दै आएको छ ।

कुबेर सामुदायिक वन क्षेत्रमा पर्ने उक्त गुफाबाट उत्तरमा कालीगण्डकी सुसाएको र १४४ मेगावाट बिद्युत उत्पादन क्षमताको पावर हाउस नजिकै देखिने साथै स्याङजामा जोडिने पक्की पुल निर्माण हुन लागेकोले पनि अव यसको थप महत्त्व हुने विश्वास बढेको छ । हालसम्म बनेका संरचनाहरू पूर्ण नभएका, भएका पनि जीर्ण हुनु, बस्तीबाट टाढा भएकोले पनि होला संरक्षण सम्बर्धनका लागि खास ध्यान जान सकेको छैन । सम्बन्धित निकाएको ध्यान उक्त क्षत्रमा पर्ने हो भने यसलाइ धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने राम्रो सम्भावना समेत रहेको छ ।

यस क्षेत्रलाई संरक्षण तथा संथागत रूपमा विकास गर्नका लागि गिरीराज न्यौपाने अध्यक्ष रहेको समितिले ०२/२०७१/५२५ बिधान तयार गरि विधिवत् रूपमा

दर्ता गरेर काम गरिरहेको छ । आमा समुहद्वारा गेट निर्माण, वडा तथा समुदायको तर्फबाट सिढी निर्माण, पहिरो रोकथामको लागि गेभिङ् वाल उठाइएको छ । गुफाको नजिकै व्यक्तिगत सहयोगमा ओतको लागि सानो पौवा निर्माण भएको छ । यसका कार्ययोजनामा यस शक्ति पीठमा जाने प्रस्तावित बाटो, कटानी फँडानी, बाटोको नक्साङ्कन, थप सिँढी निर्माण, १०८ शिवलिङ्ग, प्रवेश, गणेश शिव मन्दिर निर्माण, पौवा तथा सामुदायिक भवन चौपारी निर्माण, पिकनिक स्थल, ध्यान केन्द्र, पुष्प सोरूम, नित्य पुजा गर्ने पुजारीको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेकोले यसलाई कार्ययोजनामा राखिएको समितिले जनाएको छ ।

देवता निस्किएको ठाउँ

यसैगरि बगनासकाली गाउँपालिका वडा नं. ६ अर्न्तगत साविक वडा नं. ३ गुंगा माविदेखि उत्तर पश्चिममा गुरूगौंडा, ६ नं वडा कार्यालयको शिरको एक खरबारीमा २०४४ सालमा स्थानीय दलसिंह भन्ने स्थानीय व्यक्तिले घाँस काट्ने क्रममा खरबारीमा एकैचोटि धूँवाको मुस्लो निस्केको देखेपछि त्यहाँ के भयो बस्ती पनि छैन, कसैले आगो लगाएको पनि हैन, यस्तो के भयो अनौठो माने । घरबाट १५० मि. टाढा धूँवा निस्केको स्थान सबैलाइ देखाए । एउटा खोंचमा धूँवा निस्केको देखियो र प्वालबाट हेर्दा प्राकृतिक स्वरूपमा देखियो ।

शिवजीको स्वरूप गाईको थुन (हातका औंला) जस्ता देखिने ठाउँबाट पानी रसाइ रहेको देखिएकोले गुंगामा देवता उत्पत्ति भए भन्ने खबर यत्रतत्र फैलिएको थियो । त्यस्तै धेरै टाढाटाढाबाट समेत यहाँ भक्तजनहरू आउने क्रम बढेको थियो । यो ठाउँलाई देवता निस्किएको ठाउँको रूपमा यस क्षेत्रमा सबैले चिन्ने गर्दछन् । त्यहाँ शिवालयको मन्दिर छ । खासगरि यहाँ शिवरात्रीको दिन भजनकीर्तन सहित मेला नै लाग्ने गर्दछ ।

उक्त जग्गा कुनै व्यक्तिको नाममा भएपनि स्थानीय मिलेर सानो पौवा जस्तो बनाएर केही वर्ष पुजारीको व्यवस्था गरी नित्य पुजा चलिरह्यो । संरक्षण र प्रचारप्रसार को कमीले बिस्तारै बिस्तारै गाउँलेहरूले मात्र पूजा लगाउने कुल भेटी चढाउने गरिएको छ । चढाएको भेटी पनि बीचमा विद्यालयको कोषमा राखिएको थियो । धेरैपछि प्रकृति स्वरुप यस मन्दिर भएको ठाउँलाई संरक्षण तथा दिगोरूप दिनुपर्छ भन्ने लागेपछि समुदायबाट धेरैथोरै सहयोग उठाउने र संरक्षणको लागि समिति बनाउने काम भएको छ ।

पछिल्लो समय कृष्ण, गणेशका मूर्तिहरु पदस्थापना भएको छ र मन्दिर निर्माण गरिएको छ । संघीय संरचना अनुसार स्थानीय निर्वाचनपछि वडा नम्वर नं. ६ को वडा

कार्यालयबाट रू. ८० हजार रूपैयाँ, राष्ट्रिय करिडोर विद्युत प्रसारण लाइनबाट रू ६ लाख प्राप्त भएको छ । यसबाट भौतिक संरचना निर्माण गर्न आवश्यक काम भइरहेको न्यवस्थापन समितिका अध्यक्ष ऋषिकेशव अधिकारीले बताउनुभयो ।

मूर्ति प्राणप्रतिष्ठा गरेपछि पुजारी राखेर नित्यपूजा भइरहेको छ । त्यस्तैगरी परम्परागतरूपमा जनविश्वास रहेको समुदायका आफ्ना कुल मन्दिर तथा न्यक्तिगत मन्दिरहरुसँगै यम्घामा गुँगा झाँक्रीस्थान, सेन पोखरी मेउछाप थुम्काको झाँक्रीस्थान, लाम्दीमा हनुमान मन्दिर, दर्पुकको तल्ली देवीदेखी माथिल्ली देवी लगायतका मन्दिरहरुमा वैशाखको पूर्णिमा, रामनवमीमा कीर्तन विशेष पूजा, शिवरात्री लगायतका बिशेष दिनमा पुजाआजा, जातजाति परम्परा अनुसार पूजाआराधना गर्ने प्रचलन रहेको छ । हालै दर्पुककमा राधाकृष्ण मन्दिर बनाई त्यहाँ विधिपूर्वक मूर्ति स्थापना गरिएको छ । यस मन्दिरलाई धार्मिक पर्यटकीय गन्तब्य बनाउने गरि प्रयास भइरहेको छ । यम्घाभित्र रहेका धार्मिक तथा साँस्कृतिक बिषयलाई समयसापेक्ष प्रवर्धन गर्दै थप प्रचारप्रचार गर्ने विषयमा स्थानीय सरकार प्रतिबद्ध रहेको वडा नं. ६ का वडाध्यक्ष लक्ष्मीप्रसाद अधिकारीले बताउनुभयो । उहाँले वडाको बजेटले सम्भव नहुने योजनाहरूलाई पालिकालाई प्रदेशसम्म पठाएको पनि बताउनुभयो ।

यम्घा धार्मिक तथा साँस्कृतिक हिसावले महत्त्वपूर्ण वडाको रूपमा रहेको उल्लेख गर्दै वडाध्यक्ष अधिकारीले दर्पुकमा धार्मिक, होमस्टे संचालनका लागि पहल भएको बताउनुभयो । यहाँ कालीगण्डकी करिडोर संचालनमा आएपछि राम्दी आएका धार्मिक पर्यटकहरूलाई दर्पुकको होमस्टेमा राखी कालीगण्डकी किनारमा रहेका दर्पुक, दैलातुङ्, रानीमहल हुँदै रिडीसम्म पठाउन सकिने भएकोले पनि यहाँको धार्मिक होमस्टे महत्त्वपूर्ण हुने अध्यक्ष अधिकारीले बताउनुभयो ।

- सदस्य नेपाल पत्रकार महासंघ, पाल्पा

संगीता आचार्य

पर्यटकीय गन्तव्यःमालारानी

पाल्पा जिल्लाकै ऐतिहासिक, धामिक तथा पर्यटकीय महत्व बोकेको क्षेत्र हो बगनासकाली गाउँपालिका-६ मा रहेको मालारानी । चारैतिर हरियाली वनजंगल, मिलेका डाँडा, विविध खालका ढुङगाका आकृति, नजिकैको मालारानी मन्दिर, सिद्धबाबा मन्दिरसँगै रहेको गुफाले यस क्षेत्रलाई थप आकर्षित बनाएको छ ।

मालारानी मन्दिर पुग्ने जो कोहीलाई यहाँको प्राकृतिक सौन्दर्य र रमणीय वातावरणले मन लोभ्याउँछ । यहाँको मालारानी मन्दिर, सिद्धबाबा मन्दिर, मालारानी गुफा, हात्तीपाईले ढुङ्गा पर्यटकको मुख्य आर्कषणको केन्द्र बनेको छ । सदरमुकाम तानसेनदेखि झण्डै ५ किलोमिटरमा अवस्थित यस मालारानी क्षेत्रमा चिलाङ्दी चापपानी सडकबाट करिव ५० मिटर माथि सिद्धबाबा मन्दिर, त्यससँगै मालारानी गुफा, माथिपट्टी मालारानी मन्दिर र मन्दिरदेखि अलि पर पिकनिक स्थल पनि छ । जिल्लाका विभिन्न स्थानसहित जिल्ला बाहिरबाट समेत पर्यटकहरू यहाँ घुम्न आउने गर्दछन् ।

पूजाका लागि मात्र नभई घुम्नका लागि पनि भक्तजन तथा पर्यटकहरू यस क्षेत्रमा जाने गर्दछन् । पाँच देवीहरु मध्ये कन्या देवी, खाँड देवी, बगनासदेवी चादनी देवी (मालारानी) यहाँ रहेका छन् । एउटा देवीको भने अहिले सम्म पनि नाम खुलेको पाइएको छैन । यहाँ अवस्थित मालारानी मन्दिर, सिद्धबाबा मन्दिर, मालारानी गुफा र

हात्तीपाईले ढुङ्गाको आआफ्नै पहिचान र फरकफरक खालको ऐतिहासिक तथा धार्मिक महत्व रहेको छ । मालारानी मन्दिर परिसरबाट विभिन्न हिम श्रृङखलाहरू माछापुच्छे हिमाल, धौलागिरी हिमाल, श्रीनगरडाँडा, स्याङजा गुल्मी आदि अवलोकन गर्न सकिन्छ ।

मालारानी मन्दिर

यो मालारानी मन्दिरलाई हरियाली बनजंगल, डाँडा, हराभरा वातावरणले थप आकर्षक बनाएको छ । मालारानी मन्दिरको दर्शन गर्नाले मनोकांक्षा पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ । खासगरि पूर्णिमाका दिन भक्तजनहरू यहाँ पूजाआजाका लागि पुग्ने गर्दछन् ।

यहाँ धार्मिक इतिहास पुरानो छ । तर अहिलेको मन्दिर २०५७ सालमा निर्माण गरिएको हो । यस मालारानी मन्दिरमा चोखो मनले भाकल गरे आफूले मागेका कुरा पूरा हुने धार्मिक जनविश्वास छ । मन्दिर निकै कलात्मक शैलीमा निर्माण गरिएको छ । मालारानी मन्दिर फरक फरक खालको रङरोगनले सिंगारिएको छ । धार्मिक केन्द्रको रूपमा रहेको मालारानी मन्दिर आसपासका क्षेत्र धार्मिक हिसावले मात्र नभई सांस्कृतिक, जैविक विविधताको दृष्टिले समेत महत्वपूर्ण रहेको स्थानीय युवा तीर्थराज बस्यालले बताउनुभयो ।

धार्मिक किंवदन्तिहरूका अनुसार पाचँ देवीहरू मध्ये कन्या देवी, खाँड देवी बगनासदेवी, चाँदनी देवी (मालारानी) यहाँ रहेका छन् एउटा देवीको भने अहिले सम्म पनि नाम खुलेको पाएको छैन । यहाँ भगवान राम, सीता, लक्ष्मणको पूजा हुने गर्दछ । यस क्षेत्रमा रहेको ठूला-ठूला ढुङ्गाहरूमा बाघको पाइला, चराको पाइला, हात्तीको पाइला, विभिन्न चमत्कारी पत्थरहरू देख्न सकिन्छ । ढुगांमा हात्तीको पाइला भएकै कारण यस ठाउँको ठुलो ढुङ्गालाई हात्ती पाइले ढुङ्गा भनि नाम राखिएको हो ।

यस मन्दिरमा जेठ महिनाको पूर्णिमा र मंसिर महिनाको पूर्णिमामा ठूलो मेला लाग्ने गर्दछ । यतिबेला विशेष पूजाआजाका लागि भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । जिल्लाका विभिन्न स्थानहरूसहित जिल्ला बाहिरबाट पनि दर्शनार्थीहरू पूजा र मेला अवलोकनका लागि आउने गर्दछन् । दर्शनार्थी तथा भक्तजनहरूले दान, दक्षिणा गर्ने गर्दछन् । पूजा र मेला अवलोकनका लागि आएका भक्तजनहरूले गरेको दान मन्दिर संरक्षण समितिले मन्दिरको स्तरोन्नतिका लागि खर्च गर्दै आएको छ ।

सिद्धबाबा मन्दिर

सडकदेखि माथि पहाडको बीचमा सिद्धबाबा मन्दिर बनाइएको छ । सिद्धबाबा मन्दिरमा टाढाटाढा बाट पनि दर्शनार्थीहरू पूजाआजाका लागि पुग्ने गर्दछन् । सिद्धबाबा मन्दिरको कोखैबाट १ सय ६१ सिँढी पारगरेपछि मालारानी मन्दिर पुग्न सकिने भएकाले पनि सिद्धबाबा आउने भक्तजनहरू मालारानी नपुगी फर्किँदैनन् । सिद्धबाबा मन्दिरमा भक्तजनहरू आफ्नो भाकल लिएर भाकल गर्न पूजा आजाका लागि पुग्ने गर्दछन् । प्रत्येक महिनाको पूर्णिमाका दिन दूध, फलफूल चढाउने, परेवा उडाउने गरिन्छ । सिद्धबाबा मन्दिरमा गएर आफूले मागेको भाकल गरेको पुग्ने जनविश्वास छ । मालारानी, सिद्धबाबा मन्दिर, गुफा अवलोकनका लागि यस क्षेत्रमा पुग्ने पर्यटकहरूलाई सहजताका लागि सिँढीसँगै फलामे रेलिङ बनाइएको छ । यहाँको शान्त वातावरण, ऐतिहासिक तथा धार्मिक विविधताले यहाँ घुम्न आउने पर्यटकहरू दिनानुदिन बढ्दै गएका छन् ।

मालारानी गुफा

यहाँ अवस्थित मालारानी गुफाको पनि विशेषखालको महत्व रहेको छ । आन्तरिक तथा बाह्य पर्यटकहरू मालारानी गुफा अवलोकनका लागि यहाँ पुग्ने गर्दछन् । गुफा भित्र गाईको थुनहरू, ढुङ्गाको मूर्त्ति, चरा, नाग, वन्यजन्तु लगायतका आकृतिहरू, सिद्धबाबा आदि अवलोकन गर्न सकिन्छ । गुफाभित्र रहेको प्राकृतिक ढुङ्गाका आकृतिहरूले दर्शनार्थीहरूलाई चकित बनाउछ । गुफा अवलोकनका लागि समेत आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्दछन् । गुफाबाट सुरूङ्मार्ग हुँदै राम्दी निस्कन सकिन्छ भन्ने जनधारणा अहिले पनि कायमै छ ।

हात्तीपाइले ढुङ्गा

यसै क्षेत्रमा रहेको हात्ती पाईले ढुङ्गाको पनि विशेष महत्व छ । यहाँ घुम्न आउने पर्यटकहरूको आकर्षणको केन्द्र बनेको छ । ढुङ्गामा हात्तीका पाइला देख्न सकिने भएकाले यसलाई हात्ति पाइले ढुङ्गा भनिएको हो । तीन तला रहेको यो ढुङ्गा निकै आकर्षक छ । हात्ती पाइले ढुङ्गाले पर्यटकको मन लोभ्याउने गरेको छ । यो ढुङ्गामा विभिन्न खालका धार्मिक आकृतिहरू अवलोकन गर्न सकिन्छ । हात्ती पाईले ढुङ्गा नजिकै रहेको गुफाबाट सुरूङ्मार्ग हुँदै

राम्दी निस्किन सकिन्छ भन्ने बुढा पुरानाहरूको भनाइ रहेको छ । स्थानीय सरकारले पनि मालारानीलाई पर्यटकीय गन्तब्यको रूपमा विकास गर्नका लागि लागि परेपनि उचित न्यवस्थापन र भौतिक पूर्वाधारहरू अझै अपुग देखिन्छ । ऐतिहासिक महत्वको यस मालारानी क्षेत्रमा आवश्यक पूर्वाधारको विकाससँगै यसलाई प्रचार प्रसारमा ल्याउन सकिए यहाँ आउने पर्यटकको संख्यामा बृद्धि हुनुका साथै स्थानीयको आय आर्जन समेत बढाउन सकिन्छ । यो क्षेत्रलाई पर्यटकीय गन्तब्यको रूपमा विकास गर्दै आय आर्जनको बाटोमा जोड्दै लानु आवश्यक छ । ऐतिहासिक, धार्मिक, पर्यटकीय हिसाबले महत्वपूर्ण रहेको मालारानी मन्दिर क्षेत्रलाई विशेष ध्यानमा राखी आवश्यक पूर्वाधारको विकास गर्दै पर्यटकीय गन्तब्यको रूपमा विकसित गर्न सकिए स्वदेशी तथा विदेशी पाहुनाहरूलाई धेरै भन्दा धेरै भित्र्याउन सकिन्छ । यसले यस क्षेत्रकै सामाजिक साँस्कृतिक रूपमा विकास हुनुका साथै यहाँका स्थानीयहरूको आय आर्जनमा समेत बृद्धि गर्न मद्दत पुग्छ ।

-सदस्य बगनासकाली पत्रकार समूह

✍ सुमन गैरे

बगनासकालीले जन्माएका कलाकार

बगनासकाली गाउँपालिकामा जन्मेका धेरै कलाकारहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाएका छन् । नेपाली लोकसंस्कृतिको संरक्षण र सम्बर्धनका लागि उनीहरूको भूमिका महत्वपूर्ण छ । यतिमात्रै हैन बगनासकालीका धेरै चर्चित ठाउँहरूलाई समेटेर गीत पनि बनेका छन् । बगनासकालीमा जन्मिएर राष्ट्रिय स्तरमा चर्चा कमाउने कलाकारहरूमा विशेष त लोकगीतको क्षेत्रबाट बढी हुनुहुन्छ ।

लक्ष्मी न्यौपाने

गायिका लक्ष्मी न्यौपानेको जन्म बगनासकाली गाउँपालिकाको वडा नं. ६ दर्पुकमा भएको हो । वि.स. २०५१ सालमा पहिलो गीत रेकर्ड गराउनुभएकी उहाँले अहिलेसम्म ७ हजार बढी गीतमा स्वर दिइसक्नुभएको छ । त्यसमध्ये धेरै गीतहरू चर्चित छन् र अहिले पनि उस्तै रूपमा घन्किरहेका छन् । 'कालीपारे दाइ', 'लडाइँको लाहुरे', 'मौरी फूलमाथि', फूलमा भमरा', 'बनमा काँडा छ', 'सिमसिम पानी रइछौं बेइमानी', 'मिर्मिरको घाम', 'सारङगी रेटौंला मौका मिले फेरि भेटौंला', 'टलटल टलिकनलाई', 'तीज आयो राजै', 'झल्को माइतीको', 'रून्छ नि मन किन रूँदैन', 'चरी भए आउँथे उडेर', 'यो मायाको संसार विचित्र', 'मधु वनैमा' जस्ता गीतहरू उहाँका चर्चित गीतहरू हुन् । उहाँले यसक्षेत्रमा गरेको योगदानस्वरूप धेरै पुरस्कार तथा सम्मान पाइसक्नुभएको छ । लोकदोहोरी मात्र

नभएर, देउडा, तामाङ् सेलो, भोजपुरी, थारु तथा काठे गीतमा पनि उहाँको स्वर सुन्न पाइन्छ ।

सेमन्तमणि खराल

नेपाली लोक संस्कृतिको क्षेत्रमा अर्को चर्चित नाम हो सेमन्तमणि खराल । उहाँको जन्म बगनासकाली गाउँपालिका-७ खानीगाउँमा भएको हो । उहाँका १ दर्जन बढी एल्वम एवं ५ दर्जन बढी गीतहरू रेकर्ड भएका छन् ।

राष्ट्रिय स्तरको दोहोरी प्रतियोगितामा उत्कृष्ट हुँदै २०५५ सालमा पहिलो गीत रेकर्ड गराउनुभएको खरालका 'कपाल कोरेर', 'बानी यस्तै हो की, 'रातो स्याउदाना, 'पोते चुरामा', 'तानसेनको मिनिबस', 'स्वयम्वर', 'बल्लै पर्यो दाउ', 'उखानै छ' केही गीतहरू चर्चामा छन् । उहाँले आफू जन्मेको ठाउँ दैलातुङ्कै स्मरणमा जहाँ गएनी, यो मन सधै रहिरहने रमाइलो गाउँ दैलातुङ्गैमा बोलको गीत पनि गाउनुभएको छ । कानूनमा स्नातक गर्नुभएका खरालले थुप्रै पुरस्कार एवं सम्मान पाउनुभएको छ । विभिन्न संघसंस्थाको नेतृत्वदायी भूमिकामा समेत उहाँलाई पाइन्छ ।

शिरिष देवकोटा

रोइला गायकका रूपमा परिचित शिरिष देवकोटाको जन्म पनि बगनासकालीमै भएको हो । दर्लमडाँडा राइडाँडामा जन्मिनुभएका गायक देवकोटालाई 'रोइला किङ' को रूपमा पनि चिनिन्छ । देवकोटाले २०५८ सालदेखि सांगीतिक यात्रा थाल्नुभएको हो । हालसम्म ८ दर्जन नेपाली लोक दोहोरी गीत (लोक गीत/लोक दोहोरी गीत/जनवादी गीत) रेकर्ड गराइसक्नु भएको छ । उहाँका अधिकांश गीतका आफ्नै लय शब्द रहने गरेका छन् । उहाँका धेरै गीतहरू स्रोता दर्शकले रूचाएका छन् । 'म त आउने थिइन', 'करूवामा पानी', 'नजरैको भर', 'दुर्गा हौ कि भवानी','माया लाउन मिल्छ र ?' 'माफ गर है' 'चाँचर', 'छोरो अमेरिका छ', 'अन्तिम भेट', 'यो दाई फेरी आउदैन' 'शहिदको रगत', ' आयो है साईला दाई', 'बोलिदेउ आधार', 'प्याउली पलाई छ' ईत्यादी उहाँका चर्चित गीतहरू हुन् । लोपोन्मुख/मौलिक लोक गीत संगीतमा विशेष रूची राख्नुहुने गायक देवकोटा पूर्ण रूपमा गीत संगीतमा समर्पित हुनुहुन्छ । स्नातकोत्तर (बजारशास्त्र, ब्यवस्थापन संकाय) तह अध्ययन गर्नुभएका उहाँ संगीतसंग सम्बन्धित विभिन्न संघसंस्थामा पनि सक्रिय हुनुहुन्छ । उहाँले पनि कलासंस्कृति संरक्षणका लागि गरेको योगदानस्वरूप धेरै पुरस्कार तथा सम्मान पाउनुभएको छ । देवकोटाले देश विदेशका धेरै स्टेजहरूमा आफ्नो प्रस्तुति राखिसक्नुभएको छ

नवीन पौडेल

बगनासकालीको माटोमा जन्मिनुभएका अर्का चर्चित कलाकार नवीन पौडेलले पनि नेपाली लोकसंस्कृतिको क्षेत्रमा राम्रो पहिचान बनाउनुभएको छ । बगनासकाली गाउँपालिका ५ दर्लमडाँडामा जन्मिनुभएका पौडेलका पनि दर्जनौं गीत चर्चित छन् ।

'श्रीनगर बतासे डाँडैमा', 'रातोडोरी कपाल लर्केको', 'सत्य खान्छु कसम', 'मायालु तिम्रै म हुँ नि', 'यस्तै हुन्छ भन्ने भा', ए हजुर सुन्नु भाछ र', 'म परैं पाल्पाको', 'जान्न म त त्यो घर', 'हरेक जातजाति छौं नानाथरी', 'लेउ खुकुरी लेउ', 'नयाँ पार्टी खोल्छु', 'बुलाँकी झुम्काना', 'मन परेरै हो', 'हरहर बासना अगरबत्तिको', 'बोल्नु पर्छ ओइ' पौडेलका चर्चामा रहेका गीतहरू हुन् । संगीतसंग सम्बन्धित थुप्रै संघसंस्थामा सक्रिय रूपमा जोडिएर समेत काम गरिरहनुभएका पौडेलले देश बिदेशका धेरै स्टेजहरूमा आफ्नो प्रस्तुति राखिसक्नुभएको छ । उहाँले राष्ट्रियस्तरका थुप्रै सम्मान, पुरस्कार एवं अवार्डहरू पाउनुभएको छ ।

पुरूषोत्तम गैरे

बगनासकालीले जन्माएको अर्को कलाकारको नाम हो, पुरूषोत्तम गैरे । बगनासकाली गाउँपालिका -६ यम्घा लाम्दीमा जन्मिनुभएका गायक गैरे एक दशकभन्दा लामो समयदेखि गायन क्षेत्रमा सक्रिय हुनुहुन्छ । 'बादलमाथि घामकै छायाँ हो' बोलको गीतबाट गायन यात्रा थाल्नुभएका उहाँले एक सयभन्दा धेरै गीतमा स्वर दिईसक्नुभएको छ । 'बुटवल तनहुँ खैरेनी', 'जाले रूमाल बैना', 'पिंजडाको चरी'उहाँका केही हिट गीतहरू हुन् । नेपाली लोकसंगीतको क्षेत्रमा गैरेको पनि आफ्नै बेग्लै पहिचान छ ।

सुमित्रा कोइराला

गायिका सुमित्रा कोइराला पनि बगनासकाली गाउँपालिकाकी चेली हुनुहुन्छ । बगनासकाली ५ दर्लमडाँडामा जन्मिनुभएकी उहाँका 'झम्के बुलाकी', 'घन्किदे मादलु', 'तोरी फूल्यो पहेँलै', 'खायो बरै कलेजी' लगायतका गीतहरू हिट छन् । उहाँ आफैंमा राम्रो सर्जक पनि हुनुहुन्छ ।

बगनासकालीका अन्य कलाकार

चापपानी बाटुलीचौरमा जन्मिनुभएकी स्मृति तिमिल्सिनाले चर्चित नृत्य निर्देशकको रूपमा परिचय बनाउनुभएको छ । गुरूआमा फिल्मस्की निर्देशक तिमिल्सिनालाई गुरूआमाको रूपमा कलाकारिता क्षेत्रमा चिन्छन् । उहाँले हजारौं

गीतमा नृत्य निर्देशन गरिसक्नुभएको छ भने दर्जन बढी गीतमा स्वर पनि दिनुभएको छ । बगनासकाली ५ दर्लमडाँडाका लक्ष्मण पौडेलका तिमीलाई भुल्न सक्दिन, टुटेका सपना, नाचौ नाचौ लगायतका दर्जन बढी गीति सृजनाहरू छन् । पोखराथोकका जयप्रकाश उप्रेतीले पाल्पा चिनारी, पशुपतिनाथ, बालन लगायतका गीतमा स्वर दिनुभएको छ ।

नायरनमतलेस पाखन्दीका कमल भट्टराईले 'जे गरे नि चल्छ नेपालमा तीजको गुनासो, आमाको बिलौना, मेरी बुढी भन्छे, विकास मन्द मन्द लगायत दर्जन बढी गीत गाउनुभएको छ । लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाको सचिव समेत रहनुभएका भट्टराइले हास्य विधामा पनि राम्रो दख्खल राख्नुहुन्छ । त्यस्तै पोखराथोककी चेली ममता कोइरालाले पनि बिकास मन्द मन्द, निर जाले हो, जे गरेनी चल्छ नेपालमा, गुन्द्रुक मस्यौरी लगायतका दर्जन बढी गीतहरूमा स्वर दिनुभएको छ ।

राम्दी मलेङ्का गणेश न्यौपानेले घर मेरो राम्दीमाथि हो, तीनतले घर, फर्क पियारा लगायत दर्जन बढी एल्वम निकाल्नुभएको छ । पोखराथोककी रूपा नेपालीले मदानीमा नौनी, मेरी बुढीले बिगार्ने भई घर लगायतका गीतमा स्वर दिनुभएको छ । चापपानीकी चेली नैना परियारले कसले छेक्यो मेरो हुनमा लगायतका गीत गाउनुभएको छ । बराङ्दीकी चेली सिता घिमिरे नेपाल टेलिभिजनमा संचालित दोहोरी च्याम्पियनमा राम्रो प्रतिभा देखाउनुभएको थियो । उहाँले अन्तिम निर्णय लगायतका गीतमा स्वर दिनुभएको छ भने विभिन्न लाइभ दोहोरी प्रतियोगितामा आफ्नो प्रस्तुति राख्दै आउनुभएको छ ।

खानीगाउँ कल्लाबारीका सुमन गैरेले 'माहुरीको घारो, फुल भरेको लौरी, एकतर्फी माया' लगायतका गीतमा स्वर दिनुभएको छ । कल्लाबारीकै देव पचभैयाले पनि 'यानी माया' गीतमा स्वर दिनुभएको छ । दर्पुकका ध्रुव न्यौपानेले 'बजे पञ्चेबाजा, तिमी रून हुने, देव लक्ष्मी' लगायतका धेरै गीतमा स्वर दिनुभएको छ । दर्लमडाँडाकी सुनिता गैरेले 'जाउँला दर्लमकाली' बोलको भजन गीतमा स्वर दिनुभएको छ । चापपानी गोपाल्दीका हुम रानाले पनि सर्जकको रूपमा परिचय बनाउनुभएको छ ।

चापपानी खहरेखोलाका नारायण तिमिल्सिनाले जाम भो सानु नामको पञ्चेबाजा गीतमा स्वर दिनुभएको छ । यम्घा लाम्दीकी चेली पुनम बस्यालले पनि 'कुरा बुझिसके, चिया मिठो चिनी हालेको' लगायतका धेरै गीतमा स्वर दिनुभएको छ । मुस्लाङ्खोलाकी चेली तारा लामिछानेले पनि 'हामी एउटै साले, छोड नभन, मेरी बुढी भन्छे, नजरैको

गोलीले' लगायतका दर्जन बढी गीतमा स्वर दिनुभएको छ । बराङ्दी घिउसीबासका सुशील बस्यालले 'राष्ट्रप्रेमी' नामको गीत बजारमा ल्याउनुभएको छ । त्यस्तै चापपानी झिरञ्ज्याङ दिउनडाँडाका गणेश घिमिरेले 'फुलमा धार, दशै पनि रोएरै बित्यो' लगायतका धेरै गीतमा स्वर दिनुभएको छ । चापपानी ऐरमडाँडाका यमन सूर्यवंशीले पनि 'ऐसेलुको पात' गीत बजारमा ल्याउनुभएको छ । उहाँहरू दुवै जना अहिले रोजगारीको सिलसिलामा देशबाहिर हुनुहुन्छ । ऐरमडाँडाकै सुन्दर चिदीले बिभिन्न कन्सर्टहरूमा बगनासकालीकै प्रतिनिधित्व गर्दै आउनुभएको छ ।

बगनासकालीमा जन्मिएर नेपाली लोकसंगीत मार्फत धेरै स्थानीय कलाकारहरूले पनि राम्रो परिचय बनाएका छन् । विष्णु बस्याल, गणेश बस्याल, सित्तल लामिछाने, दिपेश परियार, विराट पहारी, बबिता खनाल पन्थी, निरूता गैरे, अमित परियार, विनोद विश्वकर्मा, लोकनाथ पाण्डे, प्रतिक्षा गैरे, संगीता दर्नाल, शंकर घिमिरे लगायतका कलाकारहरू पनि कलाकारिता क्षेत्रमा क्रियाशील हुनुहुन्छ ।

-सदस्य बगनासकाली पत्रकार समूह



सुसिल बस्याल

पर्यटकको गन्तव्य शिवासुन धाम र शिवालय मन्दिर

महामृत्युञ्जय शिवासन धाम ऐतिहासिक धार्मिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो । यो धाम बगनासकाली गाउँपालिका ८ बराङ्दीको मेहल्टुप्पामा रहेको छ । यो धाम नेपालको राजधानी काठमाडौंबाट ३ सय १५ किलोमिटर पश्चिम, गौतमबुद्धको जन्मस्थान लुम्बिनीबाट ७५ किलोमिटर र पाल्पाको तानसेनबाट ७ किलोमिटर उत्तर, रूरूक्षेत्रबाट पूर्व, पवित्रस्थल देवघाटबाट पश्चिम अनि मुक्तिनाथबाट दक्षिण ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक महत्व बोकेको उत्तरबाहिनी कालीगण्डकीको काखमा छ ।

यो धाम धार्मिक हिसावले मात्र नभई दृश्यावलोकनका हिसावले पनि महत्वपूर्ण छ । हिमालय धौलागिरी, अन्नपूर्ण, माछापुच्छे लगायतका हिमालहरूको परिदृश्य यहाँबाट प्रष्ट देख्न सकिन्छ । यो धाम विश्वकै नवीन तीर्थस्थलको रूपमा परिचित छ । महामृत्युञ्जय शिवासन धाम रहेको स्थानबाट देखिने प्राकृतिक मनोरम दृश्यले त्यस क्षेत्रको गरिमालाई थप उच्च बनाएको छ । बराङ्दी मेहलटुप्पामै जन्मिई कर्म क्षेत्र हाल बेलायत बनाउनुभएका भीम बस्यालले निरन्तर ७ बर्षसम्म महामृत्युञ्जय मन्त्र जप गर्दा

मन्त्रको प्रत्यक्ष प्रभावबाट आकर्षित भई यहाँ रहेको विराट शिवजीको मूर्ति निर्माणको लागि सम्पूर्ण लगानी गर्नुभएको हो । धामका लागि बस्यालका पिता झिल्लुप्रसाद बस्याल एवम् उहाँको परिवारले जग्गादान गर्नुभएको हो । यस क्षेत्रको प्रवर्द्धनका लागि केही वर्ष अघि यस धाममा महायज्ञ समेत गरिएको थियो ।

वि.सं.२०७० साल फागुन ७ गतेका दिन स्वामी श्री १००८ विवेकानन्द सरस्वती जी महाराजबाट एवम् १११ जना ब्राह्मणहरूद्वारा महामृत्युञ्जय मन्त्र जप गरी अनावरण एवम् प्राणप्रतिष्ठा गरिएको शिवजीको विराट मूर्ति र स्थलमा अखण्ड दीप, अखण्ड धुनी लाग्नुका साथै नियमित नित्य पुजा अर्चना अहिलेसम्म पनि निरन्तर हुँदै आएको मन्दिरको मुल पुजारी लालप्रसाद पन्थीले बताउनुभयो । हाल मन्दिरमा नियमित पुजा अर्चना गर्ने पुजारीको व्यवस्था गरिएको छ । यसरी पुजारीको नियमितता हुँदा यहाँ पुग्ने धार्मिक पर्यटकहरूको संख्या पनि बढ्दै गएको छ । यहाँ खासगरि शिवरात्रीको दिन विशेष मेला लाग्छ । श्री स्वस्थानी व्रत नेपाली महिलाहरुले गर्ने कठिन व्रतको पर्व हो । यो पर्व पुष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना चल्दछ । यो व्रतमा भगवान शिवको पूजा आराधना गरिन्छ । शिवासन धाममा प्रत्येक वर्ष स्वस्थानी व्रत कथा सुनाउने गरिन्छ । व्रत बस्नाले सुख, शान्ति, समृद्धि मिल्नुका साथै रोगब्याधि पनि हट्ने विश्वास गरिन्छ । व्रत कथामा शिवासन धाममा बाक्लो उपस्थिति रहन्छ । त्यस्तै कृष्ण जन्माष्टमीमा हिन्दूहरुले भगवान श्री कृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँछन् । शिवासन धाममा कृष्णको पुजा आराधना संगै जन्माष्टमीका दिन अस्थायी कृष्ण मन्दिर बनाएर पूजा-आराधना, भजन-कीर्तन गर्नुका साथै विशेषगरी महिलाहरु व्रत बसी रातभर जाग्राम बस्ने गर्छन । त्यसै दिन प्रत्येक बर्ष तीज गीत कार्यक्रम राखी रमाइलो गर्ने चलन छ । प्रतियोगितामा सहभागी भै हर्षोल्लासका साथ कृष्ण जन्माष्टमी मनाउने गर्छन् ।

महामृत्युञ्जय शिवजीको स्वरूप मूर्ति कारिताको लागि विश्व विख्यात पाटनको दक्ष कालीगढले १८ महिनाको परिश्रमबाट तयार पारेका हुन् । मूर्तिको पूर्ण अंग १२ फिट र ७० प्रतिशत तामा र ३० प्रतिशत पित्तल रहेको छ । १८ फिट उचाई र ३३ सय किलो तौल रहेको छ । पाल्पा जिल्लाको मात्र नभई समग्र राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यटकीय एवं हिन्दु धार्मिक तीर्थस्थलको रूपमा विकसित गराउने उद्देश्य सहित निर्माण गरिएको महामृत्युञ्जय शिवासन धामको वृहत् गुरूयोजना समेत बनेको छ । भगवान शिवको मूर्ति वरपर बन्ने धर्मशाला, बृद्धाश्रम, अनाथालय, अतिथिशाला, वैदिक

पाठशाला, अखण्ड शान्ति दीप, अखण्ड शान्ति धुनी तथा नेपाल मण्डप शैलीमा निर्माण हुने संरचनाहरूले धामको थप सौन्दर्य बढ्ने विश्वास गरिएको छ ।

यस थलोको छुट्टै पहिचान गराउने उद्देश्यले परिकल्पना गरिएको विशाल महादेवको काल्पनिक स्वरूप मात्रै नभई पुजा पद्धति पनि विभिन्न महाशक्तिपीठहरूको अध्ययन पश्चात् आफ्नै शैली अवलम्बन गरिएको छ । जसको आधा अंश शिवजीको आरतीको लागि भारतको उज्जैन स्थित महाकैलेश्वर मन्दिरमा गरिने विश्वविख्यात भष्मआरतीका केही अंश अनुसरण गरि त्यो भन्दा भिन्न पद्धतिको अवलम्बन गरिएको छ । संस्थाको प्रमुख उद्देश्य आन्तरिक ब्यापारबाट रोजगारीको अवसर सिर्जना गर्ने, अध्यात्मवादको माध्यमबाट राष्ट्रिय आय बढाउने, मानवीय सोंच सकारात्मक बनाउने र दीगो शान्तिको स्थापना गर्नु हो । शिवासनको पुण्य भूमिमा राखिने डमरू, कमण्डलु, बसाहा, घण्ट, त्रिशुल पनि विश्वकै ठूला हुने र यसै ठाँउमा एम्बुलेन्स सेवा समेत राखिने योजना समेत गुरूयोजना भित्र रहेको छ ।

महामृत्युञ्जय शिवासन मन्दिरको विकासका लागि गुरूयोजना निर्माण गरेर अगाडि बढेको ब्यवस्थापन समितिका अध्यक्ष केशव रायमाझीले बताउनुभयो । "प्रशस्त सम्भावना भएर पनि प्रचारप्रसारको अभावमा यो मन्दिर ओझेलमा पर्दै गएको छ । सरोकारवाला निकायको सहयोगमा यस ठाउँको विकास प्रचारप्रसारका लागि जुटेका छौं तर समुदायमा अझै पनि खुट्टा तान्ने प्रवृत्ति र सकारात्मक सौंच निर्माण नहुँदा यस क्षेत्रको विकास निर्माण ढीला भएको अनुभूति गरेका छौ तर निराश छैनौ काम गर्छौं" अध्यक्ष रायमाझीले भन्नुभयो ।

शिवरात्रीमा विशेष मेला

शिवरात्रि धुमधामसँग मनाइने राष्ट्रिय पर्व हो । प्रत्येक वर्ष फागुन कृष्णपक्ष चतुर्दशीका दिनमा शिवरात्री पर्व मनाइन्छ । शिवरात्री पर्व शिवासन धाममा विशेष महत्वका साथ मनाईन्छ । शिव भगवानलाई देवहरूको देव मानिने र शिवका धाममा पुजन गर्नाले ,जल खानाले रोग ब्याधि हराउने तथा दीर्घजीवन हुने धार्मिक विश्वास रहेको पाईन्छ त्यसैले शिवरात्रीका दिन यहाँ भक्तजनहरूको ठुलो भीड लाग्ने गर्दछ ।

शिवरात्रीको दिन शिवजीको विराट मूर्तिमा गाईको शुद्ध दूधले भक्तजनहरूद्वारा महास्नान गराईन्छ । बिद्वान पण्डितहरूको सहभागितामा भष्म आरती समेत सोही दिन गरिन्छ । शिवरात्रीका दिन केही वर्षहरूमा हेलिकप्टरबाट पुष्प वृष्टि समेत गरिन्छ ।

पर्यटकको पर्खाईमा ऐतिहासिक शिवालय मन्दिर

शिवासन धाम नजिकै माथि पर्यटकीय डाँडामा ऐतिहासिक शिवालय मन्दिर छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण धार्मिक एवम पर्यटकीय स्थल शिवालय मन्दिर क्षेत्रले पनि आन्तरिक तथा बाह्य पर्यटकलाई कुरिराखेको छ ।

यो मन्दिरको क्षेत्रको उचित प्रचार प्रसारको अभावमा मन्दिर ओझेलमा पर्न जाँदा उल्लेखनीय चहल-पहल हुन सकेको छैन । तर यो मन्दिर र यस क्षेत्रको ऐतिहासिक महत्व भने बेग्लै छ । बगनासकाली ८ बराङ्दी मिलनटोल स्थित रहेको शिवालय मन्दिरको प्राचीन र पुरातात्विक महत्व रहेको छ । उक्त मन्दिरमा उत्खननका क्रममा भेटिएको अवशेषहरूले पुरानो इतिहास झल्काएको छ । उत्खननको क्रममा १७१८ ताकाको चाँदीको सिक्का तथा हवन कुण्ड भेटिएको थियो ।

मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष मनिराम बस्यालका अनुसार पहिले त्यस मन्दिर परिसरमा एक पोखरी र पिपलको रूख रहेको थियो । पिपलको रूखमा पुजा गरिँदै आइरहेको करिव सय वर्ष पुरानो उक्त पिपलको रूख अत्यन्तै जीर्ण अवस्थामा पुगेको छ । अहिले मन्दिर मर्मत पश्चात् पुरानो पिपल सप्रिएर फेरि पलाएको र उक्त पिपलमा आध्यात्मिक शक्तिको प्रभाव परेको विश्वास रहेको बस्यालले बताउनुभयो ।

शिवलिङ्गकै आकारमा निर्माण भएको मन्दिर यस क्षेत्रकै नमुना मन्दिर हो । यस खालको मन्दिर अत्यन्तै दुर्लभ मानिन्छ । मन्दिर भित्र रहेको शिवलिङ्ग पत्थरबाट कुदेर बनाइएको कलात्मकताले सबैलाई मोहित पार्दछ । यस स्थानबाट अन्नपूर्ण, माछापुच्छे जस्ता हिमाल प्रष्ट देख्न सकिन्छ । श्रीनगर डाँडा चारैतिरको हरियाली वातावरणले त्यस क्षेत्रप्रतिको आकर्षण उच्च बनेको छ । यहाँ पनि शिवरात्रीको दिन विशेष पुजा अर्चना हुने गर्छ । मन्दिरमा शिवरात्री विशेष पुजा हुने भएकोले पनि भक्तजन बाक्लो रूपमा आउने गर्छन् ।

-सदस्य बगनासकाली पत्रकार समूह

ज्ञानु न्यौपाने

नायरनमतलेसुका मठमन्दिर तथा धार्मिक साँस्कृतिक महत्व

बगनासकाली गाउँपालिका वडा नं. ३ को सिमाना उत्तरमा दर्लमडाँडा, पश्चिममा यसैको वडा नं. १ र ९ र दक्षिण र पूर्वमा माथागढी गाउँपालिकासँग जोडिएको छ । यस वडाको वडा कार्यालय सिद्धार्थ राजमार्ग अर्न्तगतको आर्यभञ्ज्याङ बजारदेखि करिव २ सय मिटर उत्तरमा पर्छ । भौगोलिक दृष्टिले पहाडी भूभागको रूपमा रहेको यस वडामा अधिकांश मगर बस्ती रहेको छ भने नेवार, क्षेत्री, ब्राह्मण, दलित जातिको पनि बसोवास रहेको छ । आदिम कालदेखि विभिन्न जातजातिले मनाउँदै आएको साँस्कृतिक उत्सवहरू, मेला पर्व र रमाइलोहरू, पुजाआजा र तीर्थस्थलहरूले यहाँको सामाजिक संरचना निर्माण गरेको छ । विभिन्न समयमा विभिन्न प्रयोजनसँगै स्थापना गरिएका धार्मिक स्थलहरू आज प्रचार प्रसार र संरक्षणका अभावमा प्रायः ओझेलमा छन् । बगनासकाली गाउँपालिका वडा नं. ३ भित्र दुई दर्जन बढी धार्मिक स्थलहरू रहेका छन् । प्रारम्भमा विशेष महत्वका साथ स्थापित मन्दिरहरू आज प्रायः सम्पदाका रूपमा मात्र सीमित छन् ।

बगनासकाली ३ का मठमन्दिरहरू

१) कोटघर नायरः

सुन्दर प्राकृतिक दृश्य, परम्परागत हातहतियार, आधुनिक संरचना साथै कोटकी देवीको मूर्ति रहेको यस मन्दिर बगनासकाली गाउँपालिका वडा नं. ३ र ४ को साझा

मन्दिर मानिन्छ । परापूर्व कालदेखि नै पञ्चबलिका लागि प्रसिध्द यस मन्दिरको आफ्नो बेग्लै पहिचान रहेको छ । नायर हटिया भन्दा केही माथि डाँडामा रहेको यस मन्दिर परिसरबाट पाल्पा सहित विभिन्न जिल्लाहरूको दृश्यावलोकन गर्न सकिन्छ । यस मन्दिरमा कालरात्रीमा जाग्राम बस्ने साथै अष्टमीमा पञ्चबलि दिने गरिन्छ । साथै अन्य भाकल पूजाहरू पनि यहाँ हुने गर्दछ ।

२) शिवालय मन्दिर आर्यभञ्ज्याङः

तत्कालीन प्रधानपञ्च देवीप्रसाद प्रधान लगायत स्थानीयहरूको सक्रियतामा २०४० सालमा सिद्धार्थ राजमार्गको आर्यभञ्ज्याङ भन्दा करिव ३ सय मिटर माथि सल्लाघारीको बीचमा यस मन्दिरको निर्माण भएको थियो । प्रारम्भमा यस मन्दिरमा नित्य पुजा, विवाह, व्रतबन्ध लगायतका कार्यहरू हुने र शिवरात्रीमा धुमधाम रमाइलो र मेला नै लाग्थ्यो । हाल वडा कार्यालय निर्माण र बाटो विस्तारका क्रममा जोखिमयुक्त बनेको यस मन्दिरको पुनर्निमाण हुँदैछ । समाजसेवी केशव रायमाझीको अध्यक्षतामा बनेको समिति मार्फत प्यागोडा शैलीमा पुनर्निमाणको कार्य चल्दैछ । वडा कार्यालयको १० लाखको योजनामा निर्माणाधीन यो मन्दिर निकै आकर्षक छ । यहाँबाट माडी फाँट, आर्यभञ्ज्याङ बजार र छेउछाउको मनमोहक दृश्य देखिन्छ ।

३) नागेश्वरी मन्दिर पाखन्दीः

परापूर्व कालदेखि नै यस मन्दिर रहेको स्थानमा शिवजीको आकृति भएको शिला थियो । खडेरीमा पानी दिने भगवान भनि उक्त शिलामामा स्थानीय पुजा गर्थे । पछि २०५६ साल भाद्र १५ गते यामीसरा गाहाको सक्रियतामा उक्त स्थानमा मन्दिर निर्माण गरि उक्त शिलालाई मन्दिरमा अनावरण गरिएको थियो । हाल मन्दिरमा भाद्र १५ मा स्थापना दिवस र शिवरात्रीमा पुजाआजासहित अखण्ड कीर्तन गरिन्छ । यस मन्दिरमा पण्डित कपिलदेव अर्यालद्वारा बिहान ६ बजे नित्यपुजा हुने गरेको छ । यस मन्दिरमा विवाह, व्रतबन्ध लगायतका संस्कारहरू पनि हुने गरेका छन् । शिवरात्रीको अवसरमा छिमेकी गाउँहरूबाट पनि यहाँ मानिसहरू आउने गर्दछन् ।

४) जलेश्वरी रैनादेवी मन्दिर टुटुङः

भालेधुमबाट आएको एकजना गाहाको शरीरमा देवी उत्रिएको र पछि जान्ने बसाउँदा म रम्भापानीकी भदैनी जलेश्वरी हुँ भनी बकेको र सोही आधारमा परापूर्व कालमै उनै गाहाले जलेश्वरी देवीको स्थापना गरेको जनविश्वास रहेको छ । साथै यस मन्दिरसँगै रैनादेवीको मन्दिर समेत रहेको छ । परापूर्व कालमै रैनादेवीलाई गोखुंगाबाट ल्याइएको र बगनासकाली ३ चौपारीको बामरीकोटमा स्थापना गरिएको र कार्य सहजताका लागि टुटुंगका स्थानीय जनताले त्यहाँ स्थापित गरेको स्थानीय बयोबृद्ध टहलसिं कुवँरले बताउनुभयो । यहाँ विशेष गरि बैशाख र मंसिर पूर्णिमामा पूजा गरिन्छ । जलेश्वरीलाई हाँस, कुखुरा र बाख्राको पाठी बलि चढाइन्छ भने रैनादेवीलाई पञ्चबलि चढाइन्छ ।

५) कालिका मन्दिर हटियाः

नायर हटिया पारी कालिका मन्दिरको स्थापना २०५१ साल कार्तिक २ गते गरिएको हो । पछि बाटो विस्तारको क्रममा उक्त मन्दिर जोखिमयुक्त बनेपछि केही पर डाँडामा स्थानीय समाजसेवी तुल्सी श्रेष्ठको अध्यक्षतामा २०७३ साल माघमा प्यागोडा शैलीमा पुनर्निर्माण गरिएको हो । प्राकृतिक सुन्दरताले भरिपूर्ण यस ठाउँमा स्थानीय कै सहयोगमा पित्तलको कालिकाको सुन्दर मूर्ति स्थापना अनावरण गरिएको छ । यस मन्दिरमा कालरात्रीको साथै दशैंको पूर्णिमामा विशेष रमाइलो गरिन्छ । नायर, बञ्चरे, चौपारी, खानीछापका स्थानीयहरूले पूजासँगै पशुबलि दिने गरेको स्थानीय बताउँछन् । यस मन्दिरमा पार्क निर्माण गर्नको लागि गुरू योजना बनाइएको साथै प्रदेश सरकारबाट रू ५ लाख बजेट समेत परिसकेको मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष तुल्सी श्रेष्ठले बताउनुभयो ।

६. सतुङदेवी मन्दिर, झ्याकुर्दीः

करङ्गामा रहेको यस मन्दिर झ्याकुर्दी माथि डाँडामा रहेको छ । सतुङ्देवीको मूर्ति रहेको यस मन्दिर परिसरमा स्थानीयहरू भलिवल खेल्ने फिल्ड समेत रहेको छ । स्थानीय हिरा टंलामीको पहलमा २०३७ सालमा स्थापना भएको यस मन्दिरमा तीजको अवसरमा धुपध्वाँर गर्ने गरिन्छ भने चैते दशैंमा बोका बलि दिइन्छ ।

७. रैनादेवी थान, बामरीकोटः

बामरीकोटमा परापूर्व कालदेखि भुरे राजाहरूले राज्य गरि बसेकाले त्यहाँ दरबारका अवशेषहरू भेटिन्छ । त्यहाँको उचाइबाट पूर्व, पश्चिम, उत्तर, दक्षिणका विभिन्न

कोटहरू देख्न सकिन्छ । अहिले पनि ब्राह्मणहरूलाई मन्दिरभित्र पस्न नमिल्ने भन्ने भनाइ रहेकाले यहाँ मगर राज्य थियो भन्ने अनुमान गर्न सकिन्छ । चौपारीको बामरीकोट डाँडामा अवस्थित रैनादेवी थान स्थानीय मगर एवं नेवार जातिको आस्थाको केन्द्र हो । परापूर्व कालमै पश्चिम पाल्पाको गोखुङगाबाट रैनादेवीलाई ल्याई यस डाँडामा राखिएको भन्ने जनविश्वास रहेको पाइन्छ । यहाँ वरिपरि पर्खालले घेरिएको थान साथै बीचमा रैनादेवीको शिला अवस्थित छ । बैशाख पूर्णिमा र मंसिर पूर्णिमामा विशेष चहलपहल हुने यस थानमा पशुबलि दिइनुको साथै पञ्चबलि पूरा समेत गरिन्छ । यस थानमा पूजाका लागि बैशाख पूर्णिमामा एक मानाको अक्षता बनाउने प्रचलन समेत रहेको स्थानीय टुक बहादुर कँवरले बताउनुभयो । यसै दिन चौपारीको हात्ती ओढारमाथि रहेको कालिका थानमा पूजा समेत गर्ने गरिन्छ । मौवा, चिलाउने, स्वामी आदिको जङ्गलले सुसज्जित यस थानमा नायर वञ्चरे चौपारी तिखुम खानीछाप लगायतका स्थानीयहरु धूप, धजा, पशुबलि सहित धार्मिक अनुष्ठानका लागि आउने गर्दछन् ।

८. बराहदेवी मन्दिर पाखन्दीः



करिव २०१५ सालतिर एउटा घर बनाउन भनि लगिएको ढुङ्गा जग राखेपछि फर्किएर सोही ठाउँमा फिर्ता भएको र उक्त ढुङ्गा के हो भनी जान्ने बसाली पहिचान गरी थान बनाई पूजा अर्चना गरियो । पछि उक्त ढुङ्गाको आकारमा पनि बृद्धि भएको भन्ने जनविश्वास रहेको पाइन्छ । यहाँ मागेको आर्शिवाद पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ । २०४५ सालताका टीका बहादुर सोमै थापाले टिनको छानो भएको मन्दिर निर्माण गर्नुभएको थियो । यस मन्दिरमा प्रत्येक पूर्णिमामा पूजा गरिन्छ । यस मन्दिरको एकापट्टि पशुबलि दिइन्छ भने अर्को पट्टि रोट दिइन्छ । २०७० सालतिर पुर्ननिर्माण गरिएको यस मन्दिरको भित्र सोही शिला स्थापित गरिएको छ । यस मन्दिरमा बेलावखतमा पञ्चबलि पूजा हुन्छ । यस मन्दिरमा पूजा आजाका लागि आँफर, पाखन्दी र तिखुमका श्रद्धालुहरु आउने गर्छन् ।

९. झाँक्रीथान, सिङ्चास

आर्यभञ्ज्याङ बजारबाट २ सय मिटर पश्चिम तीनकन्या भीर मुनि रहेको सालको बगैंचा नै झाँक्री थान हो । यहाँ तल्लो खण्ड र माथिल्लो खण्डमा गरि २३ वटा थान रहेका छन् । माथिल्लो खण्डमा मयुर थान, सिद्ध थान, झाँक्रीथान, तीन कन्या थान, नागकन्या थान, देउराली थान, खड्कादेवी थान, कालिका देवी थान, रिहे झाँक्रीथान, भैरव थान, गोरखनाथ थान, डुलुवा झाँक्री थान, भूत थान रहेका छन् । त्यस्तै तल्लो खण्डमा ब्रह्मशिद्ध थान, हेमाइसिद्ध थान, हंशवीर थान, देउसाराम थान, मच्छेराम थान, घटेनी बज्यै थान, बनेसफण्डी थान, मण्डली झाँक्री थान, भोटेमरी थान र भूत थान रहेका छन् ।

वि.सं. १९०० सालतिर एक जना नुन बोकी आउने भोटेको हैजा लागेर सोही ठाउँमा निधन भएको र गाउँमा महामारी फैलिएको र महामारी शान्त पार्न सोही ठाउँमा धार दिन थालिएको भनाइ छ । धार दिन थालेपछि महामारी कम भएको भनी पूजा जगर्न थालिएको स्थानीय जानकार मोहन बहादुर बगालेले बताउनुभयो । यस थानमा बत्ती, लाभा सहितको दूधको धार दिने चलन छ । यस थानमा वर्षमा तीन पटक वैशाख, असार र मंसिर महिनाको पञ्चमी तिथी पारी सिङ्चास, रिठ्ठेखोला आर्यभञ्ज्याङ् र झ्याकुर्दीका ७० घर स्थानीयले धुप धार दिने चलन छ । यस थानमा कुखुराको चल्ला समेत चढाउने गरिन्छ । यस ठाउँमा थुप्रै सालका रूखहरू रहेको र सोही रूखहरूमा देवी, देवता, भूत, भगेरहरूको नाम टाँस गरि पूजा गर्ने गरिन्छ ।

१०. भीमसेन मन्दिर नायर

स्थानीय शङ्ख नारायण श्रेष्ठको पहलमा वि.सं. २०५७ सालमा यहाँका स्थानीय नेवार समुदायका मानिसहरूले यस मन्दिरको स्थापना गरेका हुन् । नायर हटिया नजिकै रहेको यस मन्दिरमा जात्राका बेला विशेष उत्सव हुने गर्दछ । यही मन्दिरबाट जात्रा निकाल्ने र यही मन्दिरमा लगि जात्रा विसर्जन गर्ने स्थानीय परम्परा रहेको छ । जात्राका बेला बाहेक पनि भाकल भए यस मन्दिरमा पूजाआजा गर्ने र बलि दिने गरिन्छ । गाइजात्रा, रोपाइँजात्राका दिनमा समेत यहाँ विशेष रमाइलो हुन्छ । भीमसेनको मूर्ति रहेको यस मन्दिरमा भगवती जात्राको दिन पञ्चबलि सहित पूजाआजा गर्ने प्रचलन रहिआएको छ ।

११. बुढा बराजु मन्दिर भ्र्याकुर्दी

बगनासकाली गाउँपालिका ३ भ्र्याकुर्दीमा रहेको यस मन्दिरमा कुनै मूर्ति छैन । यस मन्दिरमा वर्षमा २ पटक स्थानीयहरूले पूजा गर्ने गरेको स्थानीय डल्लीसिङ कँवरले बताउनुभयो । यहाँ वैशाख र मंसिर महिनामा पञ्चमी तिथि पारी पूजा गर्ने, पशुबलि दिने गरिन्छ ।

१२. माइस्थान मन्दिर आँफर

यो मन्दिर तल्लो आँफर गाउँमा रहेको छ । २०५५ सालमा स्थानीय समाजसेवी सन्त बहादुर बिकद्वारा यस मन्दिरको स्थापना गरिएको थियो । सो समयभन्दा पहिले नै महामारी रोग नलागोस् भनी उक्त ठाउँमा पूजा गर्ने गरेको स्थानीयहरू बताउँछन् । यस मन्दिरमा प्रत्येक वर्ष बलि पूाज गरि भेजा उठाएर चढाउने प्रचलन रहेको छ ।

१३. गणेश मन्दिर नायर

नायरमा रहेको गणेश मन्दिरको स्थापना २०५४ सालतिर भएको हो । शिवरात्रीको दिनमा विशेष उत्सव हुने यस मन्दिरमा एकादशीमा समेत पूजाआजा गर्ने गरिन्छ । नेवार समुदायका बालबालिकाहरूको भात खुवाइ गरिनुका साथै नेवार समुदायले बेल विवाह गर्दा समेत यसै मन्दिरमा चढाउने प्रचलन छ । शिवरात्री र एकादशीमा विशेष पूजा हुने भएतापनि स्थानीयहरूले बेला बेलामा मन्दिर खोल्ने सरसफाई गर्ने र पूजाआजा गर्ने गर्दछन् ।

१४. श्री बाल शिद्धबाबा पाखन्दी

२०२८ सालमा भएको भारी वर्षात्को कारण पहिरो खस्दा सो पहिरोमा शिवको आकृति बनेको स्थानीय जानकारहरू बताउँछन् । यहाँ मागेको वर पाइने महादेवलाई दूध चढाउने भन्दै तानसेन नगरपालिका र बगनासकाली गाउँपालिका लगायतका स्थानका श्रद्धालुहरू आउने गरेको पछि भूकम्पले सो ठाउँ पुरिएको र यातायात पहुँच पनि नभएकोले यो ठाउँ ओझेलमा परेको छ । यहाँ हालै मात्र यातायातको सुविधा भएको छ । यहाँ छिटै मन्दिर निर्माण गरि यहाँको ऐतिहासिक महत्वलाई उजागर गर्ने योजना रहेको स्थानीय युवा जनकराज अर्यालले बताउनुभयो ।

१५. चण्डीस्थान करङ्गा

परापूर्वकालदेखि नै पूजाआजा हुँदै आएको यस चण्डीस्थान थान करङगाको उच्च स्थानमा रहेको छ । यस थानमा पहिले बुद्धपूर्णिमाको दिन पूजा गर्ने गरिन्थ्यो भने

अहिले बुद्धपूर्णिमाको अघिल्लो दिन पूजा गर्ने गरिन्छ । यस थानमा धुप धजासँगै बङगुर कुखुराको बलि दिने प्रचलन रहिआएको छ । यसो गरेमा चण्डी प्रसन्न भई रोगब्याधि नलाग्ने, अनिकाल नपर्ने भन्ने जनविश्वास रहेको छ ।

१६. शिवालय मन्दिर मुस्लाङ्खोला

जनसेवा आमा समूहकी अध्यक्ष निर्मला न्यौपानेको पहलमा मुस्लाङ्खोलामा २०५४ सालमा यो मन्दिरको स्थापना गरिएको हो । स्थानीयको सहयोग तथा चन्दा संकलनबाट निर्मित यस मन्दिरमा स्थापना ताका नित्य पूजा पनि हुन्थ्यो । यसै मन्दिरबाट बैवाहिक संस्कार समेत सम्पन्न गरिन्थ्यो । वरिपरि फूल रोपी बगैंचा निर्माण गरिएको थियो । शिवरात्रीमा धुमधाम रमाइलो हुन्थ्यो । पछि त्यही मन्दिर अगाडि आमा समूहको भवन निर्माण भयो, मन्दिर छेकियो । यातायातको सुविधा पुग्न सकेन । साथै स्थानीयको पनि कम चासोका कारण हाल उक्त मन्दिर जीर्ण अवस्थामा छ । मन्दिर भित्रको शिवमूर्ति समेत स्थानीयको घरमा राखिएको छ ।

१७. बुढा बराजु थान सिङ्चासः

सिंचासमा अवस्थित यो थान २०७५ सालमा प्रेम बहादुर गाहाको अध्यक्षतामा वडाको बजेटबाट निर्माण गरिएको हो । गाउँमा जंगली जनावरको आतंक नहोस् भन्ने चाहनाले यहाँ सूर्य बराजु, मानसी बराजु, भारभरिया बराजु र भानिज भनिया बराजुको कुखुरा बङ्गुर बलिका साथ पूजा गरिन्छ । यहाँ वरिपरि कङ्क्रिट पर्खालका साथै बीचमा चार बराजुको शिला स्थापना गरिएको छ । यहाँ सिंचास, रिठेखोला, झ्याकुर्दीका ६८ घरका मगर क्षेत्री र ब्राह्मणले मंसिर र बैशाख पूर्णिमामा पूजा गर्ने स्थानीय जानकार मोहनबहादुर बगालेले बताउनुभयो । यहाँ बाघ बस्छ भन्ने जनविश्वास रहेकाले मगर समुदायले बलि पूजा साथै ब्राह्मण क्षेत्री समुदायले धुप धजाले पूजा गर्दछन् । यस थानमा चिलाउने र सालको सुन्दर जंगल समेत रहेको छ ।

१८. माइको थान मुस्लाङ्खोलाः

मुस्याङ्खोलाको बीचमा रहेको दबदबेको रूखको फेदलाई माइको थान मानी परापूर्व कालदेखि नै यस थानमा माइको पूजा गरिन्छ । यस पूजामा परापूर्व कालदेखि नै मुस्लाङ्खोला र आर्यभञ्ज्याङ सिंचासका स्थानीयहरूको संलग्नता हुने गर्दछ । पहिले दबदबेको फेदमा बोका बलि दिने र केही तल गैरामा पाठी बलि दिने गरिन्थ्यो तर अचेल बोकाको बलिका साथै रोट धूप धजाले पूजा गरिन्छ । यस ठाउँमा बलि दिइएको

बोकालाई सफाई गर्ने क्रममा पत्ति लगाउन नपाइने साथै पोल्नुपर्ने संस्कार रहेको छ । यो बाहेक नायरनमतलेस भित्र बसोवास गर्ने हरेक जाति र थरका समुदायले आ-आफ्नै कूल मन्दिर बनाई रीतिथिति अनुसार पूजाआजा गर्दै आएका छन् ।

निष्कर्ष

मन्दिरै मन्दिरको देश नेपाल, संस्कृति र सभ्यताका धनी हामी । हाम्रा पुर्खाका धरोहरका रूपमा रहेका साँस्कृतिक धार्मिक सम्पदाहरु अचेल सरोकारबिहीन प्रायः बन्दैछन् । विदेशी संस्कृतिको नक्कल बढ्नु, दक्ष जनशक्ति विदेश पलायन हुनु, आर्थिक अभाव साथै सुविधा मोहमा बजार पस्नु जस्ता कुराहरूले हाम्रो परम्परागत संस्कारमा विचलन आइरहेको छ । संस्कार र सभ्यताले नै समाजलाई जीवित तुल्याउँछ । पारस्परिक सहयोग बढाउँछ । यी कुराहरूलाई बेलैमा सोच्नु आवश्यक देखिन्छ ।

- लेखक तथा साहित्यकार

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा निर्वाचित जनप्रतिनिधिहरु

क्र. स.	नाम थर	पद	ठेगाना	सम्पर्क नम्बर
१	श्री सरस्वती दर्लामी (चिदी)	गा.पा. अध्यक्ष	बगनासकाली १	९८४७०४२२६६
२	श्री हरि प्रसाद पाठक	गा.पा. उपाध्यक्ष	बगनासकाली ७	९८५७०६८४७७
३	श्री टिका बहादुर थापा	प्रवक्ता/वडा अध्यक्ष	वडा नं.३, नायरनम्तलेस	९८४७०४५१७३
४	श्री शेर बहादुर चिदी	वडा अध्यक्ष	वडा नं.१, चिर्तुङ्गधारा	९८४७०४३१०६
५	श्री तीर्थ प्रसाद भट्टराई	वडा अध्यक्ष	वडा नं.२, पोखराथोक	९८५७०६०२४१
६	श्री जित बहादुर कनौजे	वडा अध्यक्ष	वडा नं.४, खानीछाप	९८४७३३०७९५
७	श्री ओम प्रकाश गैरे	वडा अध्यक्ष	वडा नं.५, दर्लमडाँडा	९८५७०६५५४२
८	श्री लक्ष्मी प्रसाद अधिकारी	वडा अध्यक्ष	वडा नं.६, यम्घा	९८५७०२७२८८
९	श्री गण बहादुर बुढाथोकी	वडा अध्यक्ष	वडा नं.७, खानीगाउँ	९८५७०६२९४०
१०	श्री मोतीलाल बस्याल	वडा अध्यक्ष	वडा नं.८, बराड्दी	९८४७११४०२४
११	श्री ठानेश्वर तिमिल्सिना	वडा अध्यक्ष	वडा नं.९, चापपानी	९८५७०६०११८
१२	श्री गीता रेग्मी	का.पा. सदस्य	वडा नं.२, पोखराथोक	९८४७११३१२०
१३	श्री बसन्ती थापा	का.पा. सदस्य	वडा नं.३, नायरनम्तलेस	९८६७८६३४८३
१४	श्री खुमादेवी भट्टराई	का.पा. सदस्य	वडा नं.५, दर्लमडाँडा	९८४७३४७५०७
१५	श्री उमकला अर्याल	का.पा. सदस्य	वडा नं.८, बराड्दी	९८४७०९८९७८
१६	श्री तेज प्रसाद रसाली	का.पा. सदस्य	वडा नं.३, नायरनम्तलेस	९८६९७८६१८३
१७	श्री बोमलाल सुनार	का.पा. सदस्य	वडा नं.६, यम्घा	९८४१६१०४२५
१८	श्री विष्णु माया चिदी	महिला सदस्य	वडा नं.१, चिर्तुङ्गधारा	९८४७५६४२१७
१९	श्री राधा सार्की	दलित महिला सदस्य	वडा नं.१, चिर्तुङ्गधारा	९८४७११२७९५
२०	श्री सुरेन्द्र बहादुर थापा	सदस्य	वडा नं.१, चिर्तुङ्गधारा	९८४७२२२३६८
२१	श्री मान बहादुर सोमै थापा	सदस्य	वडा नं.१, चिर्तुङ्गधारा	९८४७३०७९५५
२२	श्री श्रीमाया भित्रिया दमाई	दलित महिला सदस्य	वडा नं.२, पोखराथोक	९८४७११८०४५
२३	श्री प्रेम बहादुर कुमाल	सदस्य	वडा नं.२, पोखराथोक	९८४२१९३४५
२४	श्री मन कुमारी कुमाल	सदस्य	वडा नं.२, पोखराथोक	९८४७३३७१५८

२५	श्री संगीता बि.क.	दलित महिला सदस्य	वडा नं.३, नायरनम्तलेस	९८६७०४१८९८
२६	श्री बुद्दिवल कवर थापा	सदस्य	वडा नं.३, नायरनम्तलेस	९८४१६१७५९५
२७	श्री युवराज श्रेष्ठ	सदस्य	वडा नं.३, नायरनम्तलेस	९८४७०२८०८०
२८	श्री पविसरा दर्लामी	महिला सदस्य	वडा नं.४, खानीछाप	९८४७१७१७२७
२९	श्री मिना बि.क.	दलित महिला सदस्य	वडा नं.४, खानीछाप	९७४९८९३६८५
३०	श्री हरि प्रसाद न्यौपाने	सदस्य	वडा नं.४, खानीछाप	९८४७५०५०२७
३१	श्री खड्ग बहादुर गाहा	सदस्य	वडा नं.४, खानीछाप	९८६९७४४८८३
३२	श्री सीता विश्वकर्मा	दलित महिला सदस्य	वडा नं.५, दर्लमडाँडा	९८६७५४८३४२
३३	श्री जङ्ग बहादुर उचै	सदस्य	वडा नं.५, दर्लमडाँडा	९८४७११५१४०
३४	श्री प्रकाश न्यौपाने	सदस्य	वडा नं.५, दर्लमडाँडा	९८६९४५५७६८
३५	श्री गिनु कुमारी वराल	महिला सदस्य	वडा नं.६, यम्घा	९८४७१२७८१६
३६	श्री रम्भा वि.क.	दलित महिला सदस्य	वडा नं.६, यम्घा	९८४७१४१५३६
३७	श्री राजेन्द्र प्रसाद बस्याल	सदस्य	वडा नं.६, यम्घा	९८४७११४३२६
३८	श्री दिननाथ बस्याल	सदस्य	वडा नं.६, यम्घा	९८६७५५०७१३
३९	श्री जमुना क्षेत्री	महिला सदस्य	वडा नं.७, खानीगाउँ	९८४७५९६१४३
४०	श्री मिठु कामी	दलित महिला सदस्य	वडा नं.७, खानीगाउँ	९८४६६८८२४१
४१	श्री खुम बहादुर रेश्मी	सदस्य	वडा नं.७, खानीगाउँ	९८६६४७२८०५
४२	श्री केशव राज खराल	सदस्य	वडा नं.७, खानीगाउँ	९८५७०६२२९५
४३	श्री सुमित्रा वि.क.	दलित महिला सदस्य	वडा नं.८, बराड्दी	९८४७३९७०३१
४४	श्री मीना बस्याल	सदस्य	वडा नं.८, बराड्दी	९८४७३९७७५९
४५	श्री कृष्ण प्रसाद बस्याल	सदस्य	वडा नं.८, बराड्दी	९८६९४७५३९६
४६	श्री धनि हुन्चुङ्ग	महिला सदस्य	वडा नं.९, चापपानी	९८४७१३८६०१
४७	श्री शान्ता दर्नाल	दलित महिला सदस्य	वडा नं.९, चापपानी	९८४७३५०१६८
४८	श्री कृष्ण प्रसाद भुसाल	सदस्य	वडा नं.९, चापपानी	९८५७०६०६६५
४९	श्री यमलाल तिमिल्सिना	सदस्य	वडा नं.९, चापपानी	९८४७०९८७७२

गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरु

क्र. सं.	नाम, थर	पद	शाखा/जिम्मेवारी	सम्पर्क नम्बर
१	विष्णु घर्ती 'भनभनेली'	प्रमुख प्रशासकीय अधिकृत	गाउँपालिकाको कार्यालय	९८५७०६८८६८
२	गुनाराम खनाल	अधिकृतस्तर आठौं	शिक्षा, युवा तथा खेलकुद	९८५७०६५८८०
३	यादव प्रसाद न्यौपाने	अधिकृतस्तर सातौं	आ. ले. प./सहकारी	९८४७०२९२१४
४	कोशल राज पौडेल	अधिकृतस्तर सातौं	आर्थिक प्रशासन	९८५७०६८४६४
५	मणिराम अधिकारी	हे. अ. छैठौं	स्वास्थ्य	९८५७०६२१६८
६	भरतराज घिमिरे	अधिकृतस्तर छैठौं	योजना तथा अनुगमन	९८४७०२९४०४
७	धिरज पराजुली	वैद्य निरीक्षक छैठौं	आयुर्वेद	९८४७०९३७६०
८	सुजन घिमिरे	अधिकृतस्तर छैठौं	प्रशासन	९८५७०६५४४८
९	ध्रुव पराजुली	सूचना प्रविधि अधिकृत	सूचना प्रविधि/उद्यम विकास	९८५६०५१२४१
१०	सरिता पाण्डे	रोजगार संयोजक	प्र.म. रोजगार	९८४७५५०६४३
११	विशाल गौतम	कृषि अधिकृत छैठौं	कृषि विकास	९८४६१५०७५०
१२	प्रमोद कुवँर	इन्जिनियर छैठौं	पूर्वाधार विकास	९८६०७९८३५७
१३	कृष्ण वहादुर थापा	सहायकस्तर पाँचौ	प्रशासन/ राजस्व	९८६७५४४००८
१४	गणेश नेपाली	प.स्वा.प्रा. पाँचौं	पशुपंछी विकास	९८४६७२४७९९
१५	देवी प्रसाद अर्याल	लेखा सहायक पाँचौं	आर्थिक प्रशासन	९८६७२२८६४१
१६	सिता लम्तरी	सब इन्जिनियर पाँचौं	पूर्वाधार विकास	९८४७३३४६३९
१७	शर्मिला न्यौपाने	सब इन्जिनियर पाँचौं	पूर्वाधार विकास	९८४४७२०६०८
१८	कल्याण सिं पाण्डे	सब इन्जिनियर पाँचौं	पूर्वाधार विकास	९८४७०२८३३४
१९	हेमराज घिमिरे	कम्प्युटर अपरेटर	योजना तथा अनुगमन	९८४७४३७२३१
२०	भोजराज भट्टराई	एम.आई.एस. अपरेटर	पञ्जिकरण/सा.सु.	९८५७०५२४३३
२१	पुरुषोत्तम न्यौपाने	प्राविधिक सहायक पाँचौं	प्र. म. रोजगार	९८६३७७००३९
२२	सन्दीप के. सी.	सब इन्जिनियर पाँचौं	पूर्वाधार विकास	९८४७३८७७६०
२३	टिकाराम पौडेल	सहायकस्तर चौथो	भण्डार/मु. म. कार्यक्रम	९८४१७२६२०९
२४	उमा देवी भट्टराई	अ.हे.व. चौथो	स्वास्थ्य/बालमैत्री	९८४७५१६३२१
२५	धन कुमारी राना	स.म.वि.नि. चौथो	सामाजिक विकास	९८४७११३०६५
२६	अरुण श्रेष्ठ	अ. सव इन्जिनियर चौथो	पूर्वाधार विकास	९८४७१७०००३

२७	प्रेम वहादुर बगाले	फिल्ड सहायक	पञ्जिकरण/सा. सु.	९८४७१७६५९२
२८	बुद्ध नेपाली	अमिन चौथो	घरनक्सा/भवन निर्माण	९८४२८४४२२५
२९	चाँदनी राना	अ.हे.व.	स्वास्थ्य शाखा	९८६७२०२१०३
३०	शर्मिला वि. क.	उ. वि. स.	उद्यम विकास	९८४८१०६२३९
३१	राजन कार्की	उ. वि. स.	उद्यम विकास	९८४४९०९१३३
३२	गणेश कुवँर	सवारी चालक	प्रशासन	९८६१०६४४६८
३३	मेघराज तिमिल्सिना	का. स.	प्रशासन	९८४७१०२४२९
३४	शारदा कुमाल	का. स.	प्रशासन	९८४७१०११३०
३५	ओमकला बस्याल	का.स.	प्रशासन	९८४७१२४४३२

गाउँपालिका अर्न्तगतका वडासचिवहरू

क्र.सं.	वडा नं.	वडा सचिवको नाम	फोन नं.
१	१ नं. चिर्तुङ्गधारा	विराट गैरे	९८४७०६७९०२
२	२ नं. पोखराथोक र ३ नं. नायरनमतलेस	हरिहर गैरे	९८५७०६०१३८
३	४ नं. खानीछाप	माधव भण्डारी	९८६६१३०४९३
४	५ नं. दर्लमडाँडा	गोपाल प्रसाद न्यौपाने	९८५७०६५८८४
५	६ नं. यम्घा	युवराज पाण्डेय	९८५७०१२६००
६	७ नं. खानीगाऊँ	हरि प्रसाद बस्याल	९८४७११३९१६
७	८ नं. बराङ्दी	नारायण प्रसाद आचार्य	९८४७२३२३२०
८	९ नं. चापपानी	तिलक वहादुर वुचा	९८४७१२७८१९

स्वास्थ्य संस्थाका प्रमुखहरु

क्र. सं.	नाम, थर	पद	कार्यक्षेत्र	सम्पर्क नम्बर
१	नोद प्रसाद बस्याल	सि.अ.हे.व. छैठौ	चिर्तुङधारा स्वास्थ्य चौकी	९८५७०६२७१५
२	सरोज काफ्ले	ज. स्वा. नि. छैठौ	पोखराथोक स्वास्थ्य चौकी	९८४७०३६०८४
३	शशिकला रेष्मी	सि.अ.हे.व.पाँचौं	नायरनम्तलेस स्वास्थ्य चौकी	९८४७१८०६८३
४	केशव दर्नाल	सि.अ.हे.व.छैठौ	खानीछाप स्वास्थ्य चौकी	९८४७०४३७८१

५	रेष्मीराज न्यौपाने	सि.अ.हे.व.छैठौ	दर्लमडाँडा स्वास्थ्य चौकी	९८६७३९४९३५
६	राम प्रसाद न्यौपाने	अ.हे.व.चौथो	यम्घा स्वास्थ्य चौकी	९८४७३०७०८८
७	जिवलाल बस्याल	सि.अ.हे.व.छैठौ	खानीगाउँ स्वास्थ्य चौकी	९८४७११९१६७
८	गोम बहादुर क्षेत्री	सि.अ.हे.व.छैठौ	बराड्दी स्वास्थ्य चौकी	९८५७०६५७२२
९	श्रृजना चापागाई	हे.अ. पाँचौं	चापपानी स्वास्थ्य चौकी	ब९८४७२४४३२५
१०	सृजना के.सी.	कविराज निरीक्षक छैठौ	आयुर्वेद सेवा इकाई, बराड्दी	९८४७०८२५४०
११	नाओमी गौतम	अ.हे.व.चौथो	दर्पुक सामुदायिक स्वा. इ. यम्घा	९८४७५२५४११

कृषि सेवाका कर्मचारीहरु

क्र.सं.	नाम, थर	पद	कार्यक्षेत्र	सम्पर्क नम्बर
१	निशा मरासिनी	ना. प्रा. स. चौथो	वडा नं. १	९८५७०८३५७४
२	नारायण न्यौपाने	ना. प्रा. स. चौथो	वडा नं. २	९८६७१४११७७
३	महेश पाण्डेय	ना. प्रा. स. चौथो	वडा नं. ३	९८६५६८९३४१
४	खिमराज कोइराला	ना. प्रा. स. चौथो	वडा नं. ४ र ५	९८४४७१९१६४
५	सुमन बस्याल	ना. प्रा. स. चौथो	वडा नं. ६	९८६७२४४१०५
६	बिष्णु कुमारी पौडेल	ना. प्रा. स. चौथो	वडा नं. ७ र ८	९८४४७२१०३०
७	जन्जुका ज्ञवाली	ना. प्रा. स. चौथो	वडा नं. ९	९८६७१४२८८६

पशु सेवाका कर्मचारीहरु

क्र.सं.	नाम, थर	पद	कार्यक्षेत्र	सम्पर्क नम्बर
१	अमर बहादुर कार्की	ना.प.स्वा.प्रा. चौथो	वडा नं. ४	९८४७११२३८१
२	कमलादेवी खानाल	ना.प.स्वा.प्रा. चौथो	वडा नं. ३	९८६७२०२१२५
३	रेष्मीराज बस्याल	ना.प.स्वा.प्रा. चौथो	वडा नं. ५ र ६	९६१७९९१८१०
४	शुशिल आचार्य	ना.प.स्वा.प्रा. चौथो	वडा नं. ७ र ८	९८६००७८३४०
५	विमल पल्ली	ना.प.स्वा.प्रा. चौथो	वडा नं. २	९८६७४६६०३८
६	हिक्मत बहादुर मल्ल	ना.प.स्वा.प्रा. चौथो	वडा नं. ९	९८४७६९२०११
७	विष्णु ओली	ना.प.स्वा.प्रा. चौथो	वडा नं. १	९८६४७३०३८२
८	लिला बल्लभ भट्टराई	का.स.	वडा नं. ९	९८४७३३३३४४

वडा कार्यालयका कर्मचारीहरु

क्र.सं.	नाम, थर	पद	कार्यक्षेत्र	सम्पर्क नम्बर
१	नन्दा चिदी	स. क. अ.	वडा नं. १	९८४७११५८११
२	दिलु गाहा	का. सहयोगी		९८४०५७०६६५
३	सनु खड्का	स. क. अ.	वडा नं. २	९८६७११६७२६८
४	सिंह बहादुर कुमाल	का. सहयोगी		९८४७१६९१५५
५	गोविन्द प्रसाद न्यौपाने	स. क. अ.	वडा नं. ३	९८४७१२७८९७
६	हुमन बगाले	का. सहयोगी		९८४७०६९८३७
७	हिमराज न्यौपाने	स. क. अ.	वडा नं. ४	९८४७११८१५५
८	देउकी सुर्यवंशी	का. सहयोगी		९८६७२६१८६४
९	मदनलाल न्यौपाने	स. क. अ.	वडा नं. ५	९८४६८०८१०३
१०	यनलाल बस्याल	का. सहयोगी		९८४७१२६७६८
११	कोपिला खनाल	वास संयोजक/स.क.अ.	वडा नं. ६	९८४७१०३३७३
१२	बल बहादुर घर्ती	का. सहयोगी		९८४७१७४४३७
१३	गोपाल बहादुर सोमरे	स. क. अ.	वडा नं. ७	९८४७१७३८३१
१४	गोमता भट्टराई	का. सहयोगी		९८४७२२७७२६
१५	बुधमाया वि.क.	स. क. अ.	वडा नं. ८	९८६७४६८३७५
१६	यज्ञ प्रसाद पाण्डे	का. सहयोगी		९८६७७५०४६२
१७	विष्णु तिमिल्सिना	स. क. अ.	वडा नं. ९	९८६७३५४४७३
१८	विन्दु बस्याल	का. सहयोगी		९८०२६४३८१६

बगनासकाली गाउँपालिकामा क्रियाशील पत्रकार, सम्चद्ध संचारमाध्यम र फोन नम्बर

गोविन्द भट्टराई
९८४७३२६७६०
नेतृत्व त्रैमासिक

झपेन्द्र गाहिरे
९८५७०६००३३
पाल्पा टाइम्स

भगवान भण्डारी
९८५७०६०१६३
पाल्पा समाचारपत्र

गोपालप्रसाद बस्याल
९८४७०२९८८३
स्वतन्त्र पत्रकार

कमलराज तिमिल्सिना
९८४७०२८११९
श्रीनगर सामुदायिक टेलिभिजन

मन गाहिरे
९८४७०४३८७८
पाल्पा टाइम्स

देव पचभैया
९८४७१०३४३२
श्रीनगर एफएम उज्यालो नेटवर्क

दीपक ढुंगाना
९८५७०६०२४९
सामुदायिक रेडियो मदनपोखरा

यज्ञमूर्ति तिमिल्सिना
९८५७०६५८३९
पाल्पा समाचारपत्र पाल्पा समाचार डटकम

भोजराज भट्टराई
९८४७०५२४३३
परेवा पाक्षिक

भोजराज तिमिल्सिना
९८४७०९८८५१
सामुदायिक रेडियो मदनपोखरा

ठीकाराम बस्याल
९८५११४३७७४
पाल्पा समाचारपत्र

नेत्र गैरे
९८५७०६२५९७
मेचीकाली दैनिक सारेम

कमल अधिकारी
९८४७२१९००६
नेपाल टेलिभिजन

शिब बस्याल
९८४७५८०२४७
सामुदायिक रेडियो मदनपोखरा

पदम गैरे
९८५७०६०२०३
सामुदायिक रेडियो मदनपोखरा

दयाराज न्यौपाने
९८५७०६५९९३
सामुदायिक रेडियो मदनपोखरा

विष्णुप्रसाद घिमिरे
९८५७०६०७६१
पाल्पा पाटी रासस

रनबहादुर कुमाल
९८४७०६८८५७

तुलबहादुर गाहा
९८४७११३७४४

बगनासकाली गाउँपालिकामा क्रियाशील पत्रकार, सम्चद्ध संचारमाध्यम र फोन नम्बर

विष्णुप्रसाद पाण्डे
९८५७०६५७५०
श्रीनगर टिभि

घातानन्द शर्मा गैरे
९८४७०२९७८५
गाउँले देउराली

डेम बहादुर गाहा
९८४७०२९८२०
सामुदायिक रेडियो
मदनपोखरा

सुमन गैरे
९८५७०६५७०३

गोम क्षेत्री
९८५७०६५७७२
लेखक

हुमु राना
श्रीनगर एफ.एम.

सुशिल बस्याल
९८६६५७०५५८

संगीता आचार्य
९८४८४८३०२१
पाल्पा खोज खबर

मुक्ति गैरे
९८५७०६८७११
एकीकृत सम्प्रेषण

गणेश नेपाली
९८४७०२८२१२
लेखक

ज्ञानु न्यौपाने
९८४७०४३४७०
लेखक

कमलप्रसाद गैरे
९८४७३४६२२३

बगनासकाली पत्रकार समूह कार्यसमिति २०७९

दीपक ढुंगाना
अध्यक्ष



भोजराज तिमिल्सिना
उपाध्यक्ष

विष्णुप्रसाद घिमिरे
सचिव

नेत्रप्रसाद गैरे
सह-सचिव

कमल अधिकारी
कोषाध्यक्ष

दयाराज न्यौपाने
सदस्य

सुमन गैरे
सदस्य

रनबहादुर कुमाल
सदस्य

तुलबहादुर गाहा
सदस्य

किरण रसाइली
सदस्य

सल्लाहकार समिति

गोविन्द भट्टराई

झपेन्द्र गाहिरे

भगवान भण्डारी

कमलराज तिमिल्सेना

देव पचभैया

मन गाहिरे

यज्ञमूर्ति तिमिल्सिना